In an election of a municipality two candidates P and Q stood for the post of Mayor and 35,000 people were in the voter list. Voters were supposed to cast the vote for a single candidate. 22,000 people cast vote for P, 5500 people cast for Q and 1500 people cast vote even for both.
(i) कति जनाले भोट खसालेनन् ? पत्ता लगाउनुहोस् । (How many people didn't cast vote? Find it.)
(ii) कति जनाको भोट सदर भयो ? पत्ता लगाउनुहोस् । (How many votes were valid? Find it. **[SEE 2074 S]**

www.drmathnp.com

puspas.com.np

Model 8 *Problems based on word problems on finding n(A ∩ B) and n(A) or n(B).*

17A. कुनै परीक्षामा 40% विद्यार्थी गणितमा मात्र र 30% विज्ञानमा मात्र उत्तीर्ण थिए । यदि 10% विद्यार्थी दुवै विषयमा अनुत्तीर्ण थिए भने,
In an examination 40% of the students passed in mathematics only and 30% passed in science only. If 10% of the students were failed in both subjects, **[2061D1]**
(i) दुवै विषयमा कति प्रतिशत उत्तीर्ण थिए ? (What percent of students passed in both subjects?)
(ii) गणितमा कति प्रतिशत उत्तीर्ण थिए ? (What percent of students passed in Mathematics?)
(iii) प्राप्त नतिजालाई भेनचित्रमा प्रस्तुत गर्नुहोस् । (Represent all results in a Venn-diagram.)

17B. 200 जना विद्यार्थीको समूहमा 30 जनाले गीत गाउन र नाच्न दुवै नजान्ने, 60 जनाले गाउन मात्र जान्ने र 50 जनाले नाच्न मात्र जान्ने पाइयो भने:
In a survey of 200 students, 30 liked neither to sing a song nor to dance, 60 liked to sing a song only and 50 liked to dance only then: **[2065 S]**
(i) उक्त तथ्यलाई भेनचित्रमा देखाउनुहोस् । (Illustrate these information in a Venn-diagram.)
(ii) गीत गाउन जान्ने जम्मा विद्यार्थी कति होलान् ? (Find the total number of students who can sing a song.)

18A. 150 जना विद्यार्थीहरूलाई क्रिकेट अथवा बास्केटबल कुन मन पराउँछन् भनी सोधिएको प्रश्नमा 100 जनाले क्रिकेट तथा 52 जनाले दुवै मन पराए । यदि 12 जनाले यी दुवैमध्ये कुनै पनि खेल मन पराएनन् भने भेनचित्रको प्रयोग गरी पत्ता लगाउनुहोस्:
150 students were asked whether they like cricket or basketball, 100 liked cricket and 52 liked both. If 12 didnot like any of these two games. By using Venn-diagram, find **[2070 D]**
(i) बास्केटबल मन पराउनेको सङ्ख्या । (The number of students who liked basketball.)
(ii) एउटा मात्र खेल मन पराउनेको सङ्ख्या । (The number of students who liked only one game.)

18B. 100 जना मानिसलाई चिया अथवा दूध कुन मन पराउँछन् भनी सोधिएको प्रश्नमा 51 जनाले दूध र 41 जनाले दुवै मन पराए । यदि 15 जनाले दुवै मन पराएनन् भने भेनचित्र प्रयोग गरेर निकाल्नुहोस् ।
100 people were asked whether they like to drink tea or milk, 51 liked milk and 41 liked both. If 15 did not like both, by using a Venn-diagram, find: **[2060C1]**
(i) चिया मन पराउनेको सङ्ख्या । (Number of the persons who liked tea.)
(ii) कुनै एक मात्र मन पराउनेको सङ्ख्या । (Number of persons who liked any one only.)

19A. चिया र कफि पिउनेहरूको सर्वेक्षणमा एउटा मात्रै पेय पदार्थ पिउनेको सङ्ख्या 300 जना, कुनै पनि पेय पदार्थ नपिउनेको सङ्ख्या 50 जना र सर्वेक्षणमा भाग लिनेको जम्मा सङ्ख्या 400 जना थियो भने दुवै पेय पदार्थ पिउनेको सङ्ख्या निकाल्नुहोस् ।
In a survey of 400 people, 300 people drink only one drink out of tea and coffee and 50 people drink none of them. Find the number of people who drink both of the drinks. **[2071 A]**

19B. स्याउ र सुन्तला खानेहरूको सर्वेक्षणमा एउटा मात्रै फलफूल खानेको सङ्ख्या 350 जना, कुनै पनि फलफूल नखानेको सङ्ख्या 50 जना र सर्वेक्षणमा भाग लिनेको जम्मा सङ्ख्या 550 जना थियो भने दुवै फलफूल खानेको सङ्ख्या निकाल्नुहोस् ।
In a survey of 550 people, 350 people eat only one fruit out of apple and orange and 50 people eat none of them. Find the number of people who eat both of the fruits.

Model 9 *Word problems on finding n(U) and $n_o(A)$ or $n_o(B)$.*

20A. केही विद्यार्थीहरूको सर्वेक्षण गर्दा कविता सुन्न मन पराउने 60 जना, कथा सुन्न मन पराउने 45 जना, दुवै सुन्न मन पराउने 25 जना र दुवै सुन्न मन नपराउने 10 जना पाइए भने,
In a survey of a group of students, it was found that 60 liked to listen the poems, 45 liked to listen stories, 25 liked to listen both and 10 did not like to listen both. Then, **[2059 E2]**
(i) जम्मा कति विद्यार्थीहरूको सर्वेक्षण गरिएको थियो ? (How many students were surveyed?)
(ii) कथा मात्र सुन्न मन पराउने कति जना थिए ? (How many liked to listen the story only?)

20B. एउटा कलेजमा 65 जना विद्यार्थी गणित, 50 जना विद्यार्थी विज्ञान र 35 जना विद्यार्थी दुवै विषयमा अध्ययनरत छन् । यदि दुवै अध्ययन नगर्ने कोहि पनि छैनन् भने कति जना विद्यार्थीहरू,
In a college, 65 students are studying mathematics, 50 students are studying science and 35 students are studying both subjects. If none of the students study other subjects then, how many students **[2062 B2]**
(i) कलेजमा जम्मा अध्ययनरत छन् ? (are studying in the college ?)
(ii) गणितमा मात्र अध्ययनरत छन् ? (are studying mathematics only ?)
(iii) विज्ञानमा मात्र अध्ययनरत छन् ? (are studying science only ?)

20C. एउटा विद्यालयका सम्पूर्ण विद्यार्थीहरू भलिबल वा फुटबल वा दुवै खेल खेल्दछन् । 300 जना फुटबल, 250 जना भलिबल र 110 जना दुवै खेल खेल्दछन् भने भेनचित्र खिची निकाल्नुहोस्:
In a school all the students play either volleyball or football or both. 300 play football, 250 play volleyball and 110 play both the games. Draw a Venn-diagram to find:
(i) फुटबल मात्र खेल्ने विद्यार्थीहरूको सङ्ख्या । (The number of students playing football only.)
(ii) भलिबल मात्र खेल्ने विद्यार्थीहरूको सङ्ख्या । (The number of students playing volleyball only.)
(iii) जम्मा विद्यार्थीको सङ्ख्या । (The total number of students.) **[2058 D2]**

www.drmathnp.com

pusnas.com.np

20D. एउटा समूहमा गरिएको सर्वेक्षणमा 40% मानिसहरूले साहित्य मन पराएको, 65% ले सङ्गीत मन पराएको र 10% ले ती दुवैमध्ये कुनै पनि मन नपराएको पाइयो भने :
In a survey conducted among some people of a group, it was found that 40% of them liked literature, 65% of them liked music and 10% of them liked none : [2066 D]
(i) उक्त तथ्यलाई भेनचित्रमा देखाउनुहोस् । (Illustrate this information in a Venn-diagram.)
(ii) यदि त्यो समूहबाट 30 जनाले साहित्य र सङ्गीत दुवै मन पराउने पाइयो भने उक्त सर्वेक्षणमा कति जनाले भाग लिएका थिए ?
If there were 30 people who liked both of them, find the number of people participated in the survey.

Model 10 *On finding cardinality if the information are in percentage and number both.*

21A. मानिसहरूको एउटा समूहमा गरिएको सर्वेक्षणमा 70% मानिसले लोकगीत मन पराएको पाइयो, 60% मानिसले आधुनिक गीत मन पराएको र 4000 ले दुवै मन पराएको पाइयो । यदि 10% ले कुनै पनि गीतमा रूचि नभएको पाइयो भने,
In a survey of a group of people, it was found that 70% of the people liked folk songs, 60% liked modern songs and 4000 people liked both of them. If 10% liked none of them then, [SEE 2075 AP]
(i) माथिको तथ्यलाई भेनचित्रमा प्रस्तुत गर्नुहोस् । (draw a Venn-diagram to illustrate the above information.)
(ii) सर्वेक्षणमा भाग लिएका जम्मा मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् । (find the total number of people in the survey.)
(iii) लोकगीत मात्र मन पराउने मानिसको सङ्ख्या पत्ता लगाउनुहोस् । (find the number of people who like folk song only.)

21B. एउटा समुदायमा गरिएको सर्वेक्षणमा 65% ले लोकगीत मन पराउँछन्; 50% ले आधुनिक गीत मन पराउँछन्; 30% ले दुवै गीत मन पराउँछन् र 450 जनाले दुवै गीतहरू मन पराएनन् भने
In a survey of a community, it was found that 65% liked folk songs, 50% liked modern songs, 30% like both songs and 450 didn't like both the songs then, [SEE 2075 BP]
(i) माथिको तथ्यलाई भेन चित्रमा प्रस्तुत गर्नुहोस् । (draw a Venn-diagram to illustrate the above information.)
(ii) सर्वेक्षणमा सहभागी मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् । (find the total number of people participated in the survey.)
(iii) लोकगीत मात्र मन पराउने मानिसको सङ्ख्या पत्ता लगाउनुहोस् ।(find the number of people who like folk songs only.)

21C. एउटा समुदायका मानिसहरूमा गरिएको सर्वेक्षणमा 70% ले दही मन पराउँछन्, 60% ले दुध मन पराउँछन्, 20% ले दही र दुध दुवै मन पराउँदैनन् र 550 जनाले दही र दुध दुवै मन पराउँछन् भने
In a survey of people of a community, it was found that 70% liked curd, 60% liked milk, 20% don't like both curd and milk and 550 liked both curd and milk then, [SEE 2075 CP]
(i) माथिको तथ्यलाई भेन चित्रमा प्रस्तुत गर्नुहोस् । (draw a Venn-diagram to illustrate the above information.)
(ii) सर्वेक्षणमा सहभागी जम्मा मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
find the total number of people participated in the survey.
(iii) दही मात्र मन पराउने मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् । (find the number of people who like curd only.)

21D. मानिसहरूको एउटा समूहमा गरिएको सर्वेक्षणमा 60% मानिसले स्याउ मन पराएको पाइयो, 70% मानिसले सुन्तला मन पराएको र 400 ले दुवै मन पराएको पाइयो । यदि 10% मानिसहरूलाई कुनै पनि फलफूलमा रूचि नभएको पाइयो भने,
In a survey of a group of people, it was found that 60% of the people liked apple, 70% liked orange and 400 people liked both of them. If 10% people liked non of them, then [SEE 2075 DP]
(i) माथिको तथ्यलाई भेन चित्रमा प्रस्तुत गर्नुहोस् । (draw a Venn-diagram to illustrate the above information.)
(ii) सर्वेक्षणमा भाग लिएका मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् । (find the total number of people in the survey.)
(iii) स्याउ मात्र मन पराउने मानिसको सङ्ख्या पत्ता लगाउनुहोस् । (find the number of people who like apple only.)

21E. एउटा परीक्षामा सम्मिलित विद्यार्थीहरूमध्ये 75% अंग्रेजीमा उत्तीर्ण भए, 55% गणितमा उत्तीर्ण भए, 5% दुवै विषयमा अनुत्तीर्ण भए र 21 जना विद्यार्थीहरू दुवै विषयमा उत्तीर्ण भएको पाइयो भने,
Out of students appeared in an examination, 75% passed in English, 55% passed in Mathematics, 5% failed in both subjects and 21 students were passed in both the subjects then, [SEE 2075 EP]
(i) माथिको तथ्यलाई भेन चित्रमा प्रस्तुत गर्नुहोस् । (draw a Venn-diagram to illustrate the above information.)
(ii) परीक्षामा सम्मितिल विद्यार्थीहरूको सङ्ख्या पत्ता लगाउनुहोस् । (find the number of students appeared in the examination.)
(iii) गणितमा मात्र उत्तीर्ण विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् । (find the number of students who passed only in mathematics.)

21F. एउटा परीक्षामा सम्मिलित विद्यार्थीहरूमध्ये 80% सामाजिक अध्ययनमा उत्तीर्ण भए, 75% गणितमा उत्तीर्ण भए, 5% दुवै विषयमा अनुत्तीर्ण भए र 300 जना विद्यार्थीहरू दुवै विषयमा उत्तीर्ण भएको पाइयो भने,
Out of students appeared in an examination, 80% passed in Social Studies, 75% passed in Mathematics, 5% failed in both subjects and 300 students were passed in both the subjects then, [SEE 2075 FP]
(i) माथिको तथ्यलाई भेन चित्रमा प्रस्तुत गर्नुहोस् । (draw a Venn-diagram to illustrate the above information.)
(ii) परीक्षामा सम्मितिल विद्यार्थीहरूको सङ्ख्या पत्ता लगाउनुहोस् । (find the number of students appeared in the examination.)
(iii) गणितमा मात्र उत्तीर्ण विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् । (find the number of students who passed only in mathematics.)

21G. एउटा परीक्षामा सम्मिलित विद्यार्थीहरूमध्ये 80% नेपालीमा उत्तीर्ण भए, 75% विज्ञानमा उत्तीर्ण भए, 5% दुवै विषयमा अनुत्तीर्ण भए र 300 जना विद्यार्थीहरू दुवै विषयमा उत्तीर्ण भएको पाइयो भने,
Out of students appeared in an examination, 80% passed in Nepali, 75% passed in Science, 5% failed in both subjects and 300 of them were passed in both the subjects then, [SEE 2075 GP]
(i) माथिको तथ्यलाई भेन चित्रमा प्रस्तुत गर्नुहोस् । (draw a Venn-diagram to illustrate the above information.)
(ii) परीक्षामा सम्मिलित विद्यार्थीहरूको सङ्ख्या पत्ता लगाउनुहोस् । (find the number of students appeared in the examination.)
(iii) विज्ञानमा मात्र उत्तीर्ण विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् । (find the number of students who passed only in science.)

www.drmathnp.com

pusras.com.np

22A. एउटा परीक्षामा सम्मिलित केही विद्यार्थीहरूमध्ये 80% अङ्ग्रेजीमा उत्तीर्ण भए, 75% विज्ञानमा उत्तीर्ण भए र 5% दुवै विषयमा अनुत्तीर्ण भए । यदि 300 जना विद्यार्थीहरू दुवै विषयमा उत्तीर्ण भएका भए कति जना विद्यार्थीहरू परीक्षामा सम्मिलित थिए ? भेनचित्र प्रयोग गरेर पत्ता लगाउनुहोस् ।
Out of some students appeared in an examination, 80% passed in English, 75% passed in Science and 5% failed in both subjects. If 300 of them were passed in both subjects, how many students were appeared in the examination? Find it by using a Venn-diagram. **[2072 C]**

22B. विद्यार्थीको समूहमा गरिएको एउटा सर्वेक्षणमा 35% विद्यार्थीले गणित मन पराएको पाइयो, 30% ले लेखा, 3000 ले दुवै मन पराएको पाइयो र 50% ले कुनै पनि विषयमा रुचि नलिएको पाइयो भने
In a survey of a group of students, it was found that 35% of the students liked Maths, 30% liked Account, 3000 students liked both of them and 50% liked none of them, **[2067 S]**
(i) माथिको तथ्यलाई भेनचित्रमा प्रस्तुत गर्नुहोस् । (Draw a Venn-diagram to illustrate the above information.)
(ii) सर्वेक्षणमा भाग लिएका जम्मा विद्यार्थीहरूको सङ्ख्या निकाल्नुहोस् । (Find the total number of students in the survey.)

22C. एउटा समूहमा गरिएको सर्वेक्षणमा 70% विद्यार्थीहरूले बि.बि.ए. मा अध्ययन गरिएको पाइयो, 65% ले बि.बि.एस., 430 विद्यार्थीहरूले दुवै कोर्स गरिएको पाइयो र 8% ले कुनै पनि कोर्स नगरिएको पाइयो भने:
In a survey of the students, it was found that 70% of the students studied BBA courses, 65% of the students studied BBS courses, 430 students studied both the course and 8% did not study both courses then: **[2065 D]**
(i) माथिको तथ्यलाई भेनचित्रमा प्रस्तुत गर्नुहोस् । (Show the above information in a Venn-diagram.)
(ii) सर्वेक्षणमा भाग लिएका जम्मा विद्यार्थीहरूको सङ्ख्या निकाल्नुहोस् । (Find the total number of students in the survey.)

22D. केही विद्यार्थीहरूबिच लिइएको एउटा सर्वेक्षणमा वाणिज्य (Commerce) र विज्ञान (Science) विषय पढ्ने विद्यार्थीहरू क्रमश: 60% र 40% पाइयो । यदि 40 जना दुवै विषय पढ्ने र 10% कुनै पनि विषय नपढ्ने रहेछन् भने भेनचित्रको प्रयोग गरी :
In a survey of some students, it was found that 60% of the students studied Commerce and 40% studied Science. If 40 students studied both the subjects and 10% didn't study any of the subjects, by drawing a Venn-diagram, **[2067 A]**
(i) जम्मा विद्यार्थीहरूको सङ्ख्या पत्ता लगाउनुहोस् । (Find the total number of students.)
(ii) विज्ञान विषयमात्र पढ्नेको सङ्ख्या पत्ता लगाउनुहोस् । (Find the number of students who studied science only.)

22E. विद्यार्थीहरूको एउटा समूहमा 50% ले चिया मन पराए, 70% ले कफी मन पराए, 10% ले दुवै मन पराएनन् र 120 जनाले दुवै मन पराए भने भेनचित्रको प्रयोग गरी जम्मा विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a group of students, 50% like tea, 70% like coffee, 10% don't like both and 120 like both. By using Venn-diagram, find the total number of students. **[2069 B]**

22F. एउटा समुदायमा गरिएको सर्वेक्षणमा, 55% ले गर्मी मौसम, 20% ले जाडो मौसम मन पराएछन्, 40% ले दुवै मन पराएनन् र 750 ले दुवै मौसम मन पराएछन् भने भेनचित्रको प्रयोग गरी जाडोयाम मन पराउनेको सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a survey of a community, it was found that 55% like summer season, 20% like winter season, 40% don't like both seasons and 750 like both seasons. By using Venn-diagram, find the number of people who like winter season. **[2069 C]**

22G. एउटा परीक्षामा, 50% विद्यार्थी लेखामा पास भए, 30% विद्यार्थी अङ्ग्रेजीमा पास भए, 30% दुवैमा फेल भए र 25 जना विद्यार्थी दुवैमा पास भए भने, भेनचित्रको प्रयोग गरी लेखामा मात्र पास हुने विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a certain examination, 50% students passed in Account, 30% students passed in English, 30% failed in both and 25 students passed in both subjects. By drawing Venn-diagram, find the number of students who passed in Account only. **[2069 D]**

22H. एउटा सर्वेक्षणमा 80% मानिसहरूले सुन्तला, 85% ले आँप मन पराउने र 75% ले दुवै मन पराउने पाइयो । तर 45 जनाले दुवै फलफूल मन नपराउने पाइयो भने भेनचित्र बनाई सर्वेक्षण गरिएको मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् । **[2068 D]**
In a survey, it was found that 80% people liked oranges, 85% liked mangoes and 75% liked both. But 45 people liked none of them. By drawing a Venn-diagram, find the number of people who were in the survey.

22I. समुदायमा गरिएको एउटा सर्वेक्षणमा 35% ले लोक गीत मात्र मन पराएछन्, 20% ले आधुनिक गीत मात्र मन पराएछन्, 30% ले दुवै गीत मन पराएछन् र 450 जनाले दुवै मन पराएनन् भने भेनचित्रको प्रयोग गरी लोकगीत मन पराउनेको सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a survey of community, it was found that 35% liked folk songs only, 20% liked modern songs only, 30% liked both songs and 450 didn't like both songs. Find the number of people who liked folk songs by using Venn-diagram. **[2069 S]**

22J. एउटा परीक्षामा, 40% विद्यार्थी गणितमा मात्र पास भए, 30% विद्यार्थी विज्ञानमा मात्र पास भए र 10% विद्यार्थी दुवैमा फेल भए । यदि 200 जना विद्यार्थी विज्ञानमा पास भए भने, भेनचित्रको प्रयोग गरेर जम्मा विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् ।
In an examination, 40% of students passed in Maths only, 30% passed in Science only and 10% students failed in both subjects. If 200 students passed in science, find the total number of students by drawing Venn-diagram. **[2069 A]**

22K. एउटा परीक्षामा 45% विद्यार्थी विज्ञानमा मात्र उत्तीर्ण भए, 25% विद्यार्थी अङ्ग्रेजीमा मात्र उत्तीर्ण भए र 5% विद्यार्थी दुवै विषयमा फेल भए । यदि 200 जना विद्यार्थी अङ्ग्रेजीमा पास भए भने भेनचित्रको प्रयोग गरी जम्मा विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् ।
In an examination 45% students passed in Science only, 25% passed in English only and 5% students failed in both subjects. If 200 students passed in English then find the total number of students by using a Venn-diagram. **[2072 E]**

www.drmathnp.com

puspas.com.np

Model 11 *Word problems based on given ratio.*

23A. 80 जना मानिसहरूमा गरिएको सर्वेक्षणमा 60 जनाले सुन्तला मात्र मन पराएको र 10 जनाले सुन्तला र स्याउ दुवै मन पराएको पाइयो । सुन्तला मन पराउने मानिसको सङ्ख्या स्याउ मन पराउने मानिसको सङ्ख्याभन्दा 5 गुणा छ । भेनचित्र प्रयोग गरी स्याउ मात्र मन पराउने र दुवैमध्ये कुनै पनि फलफूल मन नपराउने मानिसको सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a survey of 80 people, it was found that 60 liked oranges only and 10 liked both oranges and apples. The number of people who liked oranges is five times the number of people who liked apples. By using a Venn-diagram, find the number of people who liked apples only and who didn't like any of these fruits. **[2072 W]**

23B. 65 जना खेलाडीहरूमध्ये 11 जना बास्केटबल मात्र खेल्छन् र 33 जना क्रिकेट मात्र खेल्छन् । यदि क्रिकेट खेल्ने खेलाडीको सङ्ख्या बास्केटबल खेल्ने खेलाडीको सङ्ख्याभन्दा दोब्बर छ भने भेनचित्र प्रयोग गरी दुवै खेल खेल्ने र कुनै पनि खेल नखेल्ने खेलाडीको सङ्ख्या पत्ता लगाउनुहोस् ।
Out of 65 players, 11 play basketball only and 33 play cricket only. If the number of players who play cricket is twice the number of players who play basketball, by using a Venn-diagram find the number of players who play both games and who do not play any of the games. **[2071 B]**

23C. 195 जना मानिसहरूमाझ गरिएको सर्वेक्षणमा 25 जनाले चिया मात्र र 125 जनाले कफी मात्र मन पराए । यदि कफी मन पराउनेको सङ्ख्या चिया मन पराउनेको सङ्ख्या भन्दा तेब्बर छ भने भेनचित्र प्रयोग गरी दुवै मन पराउने र कुनै पनि मन नपराउने मानिसहरूको सङ्ख्या निकाल्नुहोस् ।
In a survey among 195 people it was found that 25 liked tea only and 125 liked coffee only. If the number of people who liked coffee is three times the number of people who liked tea, by drawing a Venn-diagram, find the number of people who liked both and who liked none of them. **[2071 S]**

23D. 65 जना खेलाडीहरूमध्ये 11 जना बास्केटबल मात्र खेल्छन्, 11 जना बास्केटबल र क्रिकेट दुवै खेल्दछन् । क्रिकेट खेल्ने खेलाडीको सङ्ख्या बास्केटबल खेल्ने खेलाडीको सङ्ख्या भन्दा दोब्बर छ । भेनचित्र प्रयोग गरी क्रिकेट मात्र खेल्ने र दुवै खेल नखेल्ने खेलाडीको सङ्ख्या पत्ता लगाउनुहोस् ।
Out of 65 players, 11 play basketball only, 11 play both basketball and cricket. The number of players who play cricket is twice the number of players who play basketball. By using a Venn-diagram find the number of players who play cricket only and who don't play both the games. **[2071D]**

23E. 120 जना विद्यार्थीहरूमध्ये 32 जना गणितमा मात्र, 8 जना गणित र नेपाली दुवैमा उत्तीर्ण भएछन् । नेपालीमा उत्तीर्ण हुने विद्यार्थीको सङ्ख्या, गणितमा उत्तीर्ण हुने विद्यार्थीको सङ्ख्या भन्दा दोब्बर छ । भेनचित्र प्रयोग गरी नेपालीमा मात्र उत्तीर्ण हुने र दुवै विषयमा अनुत्तीर्ण हुने विद्यार्थीको सङ्ख्या पत्ता लगाउनुहोस् ।
Out of 120 students, 32 passed in Mathematics only, 8 passed in both Mathematics and Nepali. The number of students who passed in Nepali is twice the number of students who passed in Mathematics. Using a Venn-diagram, find the number of students who passed in Nepali only and who didn't pass in both subjects. **[2071 C]**

23F. 70 मानिसहरूमाझ गरिएको सर्वेक्षणमा 50 जनाले फुटबल मात्र मन पराए, 10 जनाले फुटबल र भलिबल दुवै मन पराए । फुटबल मन पराउने मानिसहरूको सङ्ख्या भलिबल मन पराउने मानिसहरूको सङ्ख्या को चार गुणा छ । भेनचित्र प्रयोग गरी भलिबल मात्र मन पराउने र दुवैमध्ये कुनै पनि खेल मन नपराउने मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a survey among 70 people, it was found that 50 liked football only and 10 liked both football and volleyball. The number of people who liked football is four times the number of people who liked volleyball. By using a Venn-diagram, find the number of people who liked volleyball only and who didn't like any of the games. **[2071 E]**

23G. परीक्षामा सम्मिलित भएका 120 विद्यार्थीहरूमध्ये, गणितमा मात्र उत्तीर्ण हुनेको सङ्ख्या विज्ञानमा मात्र उत्तीर्ण हुनेको सङ्ख्याभन्दा दोब्बर छ । यदि 50 विद्यार्थीहरू दुवै विषयमा उत्तीर्ण भए र 40 विद्यार्थी दुवै विषयमा अनुत्तीर्ण भए भने,
Out of 120 students appeared in an examination the number of students who passed in mathematics only is twice the number of the students who passed in science only. If 50 students passed in both subjects and 40 students failed in both subjects then : **[2066 B]**
(i) गणितमा उत्तीर्ण हुने विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् । (Find the no. of students who passed in Maths.)
(ii) विज्ञानमा उत्तीर्ण हुने विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् । (Find the no. of students who passed in Science.)
(iii) प्राप्त नतिजालाई भेनचित्रमा प्रस्तुत गर्नुहोस् । (Show the result in a Venn-diagram.)

Model 12 *Word problems based on given ratio and relation.*

24A. एउटा कक्षामा भएका 50 जना विद्यार्थीहरूलाई नेपाली, इतिहास वा दुवै विषय मन पर्दछन् । तीमध्ये 20 जनाले दुवै विषय मन पराउँदछन् । यदि नेपाली मन पर्ने विद्यार्थी सङ्ख्या र इतिहास मन पर्ने विद्यार्थी सङ्ख्याको अनुपात 3 : 2 छ भने भेनचित्र प्रयोग गरेर पत्ता लगाउनुहोस् कि:
50 students in a classroom like Nepali, History or both subjects. Out of them, 20 like both subjects. If the ratio of the number of students who like Nepali and History is 3 : 2, by using Venn-diagram, find:
(i) कतिजना विद्यार्थीहरूलाई नेपाली मन पर्छ ? (How many students like Nepali?)
(ii) कतिजनालाई इतिहास मात्र मन पर्छ ? (How many like History only?) **[2070 E]**

24B. एउटा विद्यालयका 32 जना शिक्षकहरु दुध, दही वा दुवै मन पराउँछन् । ती मध्ये 8 जना दुध र दही दुवै मन पराउँछन् । दुध मन पराउने शिक्षक र दही मन पराउने शिक्षकको अनुपात 3:2 छ भने:
In a school, 32 teachers like either milk or curd or both. The ratio of number of teacher who like milk to the number of teachers who like curd is 3:2 and 8 teachers like both milk and curd. Find:

www.drmathnp.com

puspas.com.np

(i) कति जना शिक्षकले दुध मन पराउँछन् ? (How many teachers like milk?)
(ii) कति जना शिक्षकले दही मात्र मन पराउँछन् ? (How many teachers like curd only?)

25A. 95 जना विद्यार्थी भएको एउटा समूहमा गणित र विज्ञान मन पराउने विद्यार्थीको अनुपात 4 : 5 छन् । यदि 10 जना विद्यार्थीले दुवै विषय मन पराउँछन् र 15 जनाले दुवैमध्ये कुनैपनि विषय मन पराउँदैनन् भने भेनचित्रको सहायताबाट (i) गणित विषय मात्र मनपर्ने र (ii) विज्ञान विषय मात्र मनपर्ने विद्यार्थीहरूको सङ्ख्या निकाल्नुहोस् ।
In a group of 95 students, the ratio of students who like mathematics and science is 4 :5. If 10 of them like both the subjects and 15 of them like non of the subjects then by drawing a Venn-diagram, find how many of them, (i) like only mathematics (ii) like only science. **[2065 C]**

25B. 100 जना विद्यार्थी भएको एउटा समूहमा भूगोल र समाजशास्त्र मन पराउने विद्यार्थीको अनुपात 3 : 5 छ । यदि 30 जना विद्यार्थीले दुवै विषय मन पराउँछन् र 10 जनाले दुवैमध्ये कुनै पनि विषय मन पराउँदैनन् भने भेनचित्रको सहायताबाट (i) भूगोलमात्र मन पराउने, (ii) समाजशास्त्रमात्र मन पराउने विद्यार्थीहरूको सङ्ख्या निकाल्नुहोस् ।
In a group of 100 students, the ratio of students who like Geography and Sociology is 3 : 5. If 30 of them like both the subjects and 10 of them like none of the subjects then by drawing a Venn-diagram, find how many students of them (i) like Geography only (ii) like Sociology only. **[2068 A]**

26A. एउटा सर्वेक्षणमा आधुनिक गीत र लोकगीत मन पराउने मानिसहरूको अनुपात 8 : 9 पाइयो जसमध्ये 50 जनाले दुवै गीत मन पराए, 40 जनाले लोक गीत मात्र मन पराए र 80 जनाले कुनै पनि गीत मन पराएनन भने :
In a survey, it was found that the ratio of the people who liked modern songs and folk songs is 8 : 9. Out of which, 50 people liked both songs, 40 liked folk songs only and 80 liked none of the songs: **[2067 C]**
(i) उक्त तथ्यलाई भेनचित्रमा देखाउनुहोस् । (Represent the above data in a Venn-diagram.)
(ii) सर्वेक्षणमा भाग लिने मानिसहरुको सङ्ख्या पत्ता लगाउनुहोस् । (Find the number of people who participated in the survey.)

26B. 54 जना मानिसहरूको समूहमा प्रत्येकले सङ्गीत वा नाच मन पराउँछन् । यदि सङ्गीत मात्र र नाच मात्र मन पराउनेहरूको अनुपात 5 : 4 र दुवै मन पराउनेको सङ्ख्या 18 भए, नाच मन पराउने मानिसहरूको सङ्ख्या भेन-चित्र प्रयोग गरी पत्ता लगाउनुहोस् ।
In a group of 54 people, each likes music or dance. If the ratio of people who like music only and dance only is 5 : 4 and the number who like both is 18, find the number of people who like dance by using a Venn-diagram. **[2070 A]**

26C. 50 जना विद्यार्थीहरूको समूहमा 15 जनाले नेपाली र अङ्ग्रेजी दुवै विषय मन पराउँछन् र 5 जनाले दुई विषयमध्ये कुनै पनि मन पराउँदैनन् । यदि नेपाली विषयमात्र मन पर्ने विद्यार्थीहरूको सङ्ख्या र अङ्ग्रेजीमात्र मन पराउने विद्यार्थीहरूको सङ्ख्या 2 : 1 को अनुपातमा छन् भने भेनचित्र प्रयोग गरेर अङ्ग्रेजी विषय मन नपराउने विद्यार्थीहरूको सङ्ख्या निकाल्नुहोस् ।
In a group of 50 students, 15 like both Nepali and English subject and 5 do not like any of the two subjects. If the number of students who like Nepali only and the number of students who like English only are in the ratio of 2 : 1, find the number of students who do not like English subject by using Venn-diagram. **[SEE 2074 OC]**

Model 13 *Word problems based on finding ratio.*

27A. 50 जना विद्यार्थीहरू भएको एउटा कक्षामा 10 जना विद्यार्थीले गणित विषय मन पराउँछन् तर विज्ञान विषय मन पराउँदैनन् र 15 जना विद्यार्थीले विज्ञान विषय मन पराउँछन् तर गणित विषय मन पराउँदैनन् । यदि 10 जना विद्यार्थीले दुई विषयमध्ये कुनै पनि विषय मन पराउँदैनन भने
Out of 50 students in a class, 10 students like Maths but not Science and 15 students like Science but not Maths. If 10 students like neither of both subjects, **[SEE 2073 PU]**
(i) माथिको तथ्यलाई भेनचित्रमा प्रस्तुत गर्नुहोस् । (Show the above information in a Venn-diagram.)
(ii) गणित विषय मन पराउने विद्यार्थी र विज्ञान विषय मन पराउने विद्यार्थीहरूको अनुपात पत्ता लगाउनुहोस् ।
Find the ratio of the students who like Maths to the students who like Science.

27B. 250 जना विद्यार्थीको समूहमा आँप अथवा स्याउ कुन मन पराउँछन् भनी सोधिएको प्रश्नमा 80 जनाले आँप मन पराउँछन् तर स्याउ मन पराउँदैनन् र 60 जनाले स्याउ मन पराउँछन् तर आँप मन पराउँदैनन् । यदि 50 जना विद्यार्थीले दुवै थरीका फलफुल मन पराउँदैनन् भने
250 students in a group were asked whether they like mango or apple. 80 students like mango but not apple and 60 students like apple but not mango. If 50 students do not like both of the fruits, then
(i) माथिको तथ्यलाई भेनचित्रमा प्रस्तुत गर्नुहोस् । (Represent above information in a Venn-diagram.)
(ii) आँप मन पराउने विद्यार्थी र स्याउ मन पराउने विद्यार्थीको अनुपात निकाल्नुहोस् ।
Find the ratio of the students who like mango to the students who like apple. **[SEE 2073 MA]**

27C. 200 जना मानिसको समूहमा गरिएको सर्वेक्षणमा 60 जनाले चियामात्र मन पराउँछन् र 20 जनाले कफीमात्र मन पराउँछन् । यदि 60 जना मानिसले दुवै पेय पदार्थ मन पराउँदैनन् भने
In a survey of a group of 200 people, 60 people like tea only and 20 people like coffee only. If 60 people do not like both the drinks then,
(i) माथिको तथ्यलाई भेनचित्रमा प्रस्तुत गर्नुहोस् । (Represent above information in a Venn-diagram.)
(ii) चिया मन पराउने मानिस र कफी मन पराउने मानिसको अनुपात पत्ता लगाउनुहोस् ।
Find the ratio of the people who like tea to the people who like coffee. **[SEE 2073 PA]**

www.drmathnp.com

pusparaj.com.np

27D. 85 जना विद्यार्थीको समूहमा 25 जनाले नेपाली उपन्यास मात्र पढ्न मन पराउँछन् र 15 जनाले अङ्ग्रेजी उपन्यास मात्र पढ्न मन पराउँछन् । यदि 35 जनाले दुवै भाषाको उपन्यास मध्ये कुनै पनि उपन्यास पढ्न मन पराउँदैनन् भने
In a group of 85 students, 25 students like to read Nepali Novel only and 15 students like to read English Novel only. If 35 students do not like to read any of the two novels, then **[SEE 2073 MP]**

(i) माथिको तथ्यलाई भेनचित्रमा प्रस्तुत गर्नुहोस् । (Represent above information in a Venn-diagram.)
(ii) नेपाली उपन्यास पढ्ने विद्यार्थीहरू र अङ्ग्रेजी उपन्यास पढ्ने विद्यार्थीहरूको अनुपात निकाल्नुहोस् ।
Find the ratio of the students who read Nepali Novel to the students who read English Novel.

27E. 58 जना मानिसको समूहमा 17 जनाले फुटबल मात्र खेल्छन् र 28 जनाले भलिबल मात्र खेल्छन् । यदि 8 जनाले दुवै खेलमध्ये कुनै पनि खेल खेल्दैनन् भने, In a group of 58 people, 17 play football only and 28 play volleyball only. If 8 play neither of the two games, then **[SEE 2073 SP]**

(i) माथिको तथ्यलाई भेनचित्रमा प्रस्तुत गर्नुहोस् । (Represent above information in a Venn-diagram.)
(ii) फुटबल खेल्ने मानिसहरू र भलिबल खेल्ने मानिसहरूको अनुपात निकाल्नुहोस् ।
Find the ratio of the people who play football to the people who play volleyball.

27F. 180 जना विद्यार्थीहरूको समूहमा सर्वेक्षण गर्दा 50 जनाले क्रिकेट खेलमात्र मन पराउँछु भने, 30 जनाले बास्केटबल खेलमात्र मन पराउँछु भने र 50 जनाले दुवै खेल मन पराउँदैनौं भन्यो भने,
In a survey of a group of 180 students, 50 students say to like cricket game only, 30 students say to like basketball game only and 50 students say do not like both games. **[SEE 2074 M2]**

(i) माथिको भनाइलाई भेन चित्रमा प्रस्तुत गर्नुहोस् । (Represent the above information in a Venn diagram.)
(ii) क्रिकेट खेल मन पराउने र बास्केटबल खेल मन पराउने विद्यार्थीहरूको अनुपात पत्ता लगाउनुहोस् ।
Find the ratio of the students who like cricket game and basketball game.

27G. 60 जना मानिसहरूमध्ये 25 जनाले गोरखापत्र दैनिक मात्र पढ्न मन पराउँछन् र 20 जनाले कान्तिपुर दैनिक मात्र पढ्न मन पराउँछन् । यदि 10 जनाले दुवै पत्रिकामध्ये कुनै पनि पत्रिका पढ्न मन पराउँदैनन् भने
Among 60 people, 25 people like to read The Gorkhapatra Daily only and 20 people like to read The Kantipur Daily only. If 10 people do not like to read any of the two newspaper, then **[SEE 2073 S]**

(i) माथिको भनाइलाई भेन चित्रमा प्रस्तुत गर्नुहोस् । (Represent the above information in a Venn diagram.)
(ii) गोरखापत्र दैनिक पढ्न मन पराउने मानिसहरू र कान्तिपुर दैनिक पढ्न मन पराउने मानिसहरूको अनुपात पत्ता लगाउनुहोस् ।
Find the ratio of people who like to read The Gorkhapatra Daily to the people who like to read The Kantipur Dialy.

Model 14 *Miscellaneous problems based on two sets.*

28A. एउटा सर्वेक्षणमा एक तिहाइ बालकहरूले आँप मात्र मन पराउँछन् र 22 जनाले आँप पटक्कै मन पराउँदैनन् । त्यस्तै $\frac{2}{5}$ बालकले सुन्तला मन पराएको पाइयो । तर 12 जनाले चाहिँ यी दुवै फलहरू मन नपराएको पाइयो ।
In a survey, one third children like only mango and 22 don't like mango at all. Also $\frac{2}{5}$ children like orange but 12 like none of them. **[2068 S]**

(i) माथिको आँकडालाई भेनचित्रमा देखाउनुहोस् । (Show the above data in a Venn-diagram.)
(ii) कति जनाले दुवैखाले फलहरू मन पराउँदा रहेछन् ? (How many children like both types of fruits?)

28B. एउटा सर्वेक्षणमा एक तिहाइ युवाहरूले आइफोन मात्र मन पराउँछन् र 80 जनाले आइफोन पटक्कै मन पराउँदैनन् । त्यस्तै 40% युवाले एन्ड्रोइडफोन मन पराएको पाइयो । तर 40 जनाले चाहिँ यी दुवै फोनहरू मन नपराएको पाइयो ।
In a survey, one third youth like only i-phone and 80 don't like i-phone at all. Also, 40% youth like android phone but 40 like none of them.

(i) माथिको आँकडालाई भेनचित्रमा देखाउनुहोस् । (Show the above data in a Venn-diagram.)
(ii) कति जनाले दुवैखाले फोनहरू मन पराउँदा रहेछन् ? (How many youth like both types of phones?)

ANSWERS

1A. 20	**1B.** 70	**2A.** 7	**2B.** 5	**3A.** 20, 20	**3B.** 25,40	**4A.** 10
4B. 50	**4C.** 10, 15	**5A.** 15%	**5B.** 20%	**5C.** 100, 50	**5D.** 20	**6A.** 40%
6B. 40%	**6C.** 10	**7A.** 120, 60	**7B.** 24, 12	**8A.** 68	**8B.** 20	**9A.** 4600
9B. 24,150	**10A.** 2	**10B.** 17	**11A.** 45	**11B.** 65	**11C.** 80%	**11D.** 50
12A. 80, 40	**12B.** 120, 130	**12C.** 30, 38	**12D.** 25, 95	**12E.** 325, 625	**12F.** 60, 225	
13A. 50%,35%	**13B.** 20%, 10%	**13C.** 40, 25	**14A.** 30	**14B.** 37	**15A.** 70	**15B.** 60, 80
15C. 5, 45	**15D.** 58	**15E.** 85	**15F.** 20, 55	**15G.** 45, 60	**16A.** 5000, 23000	
16B. 4000, 20000	**16C.** 5000, 28000	**16D.** 8000, 29000	**16E.** 9000, 24500	**17A.** 20%, 60%	**17B.** 120	**18A.** 90, 86
18B. 75, 44	**19A.** 50	**19B.** 150	**20A.** 90, 20	**20B.** 80, 30, 15	**20C.** 190,140,440	
20D. 200	**21A.** 10,000, 3000	**21B.** 3000, 1050	**21C.** 1100, 220	**21D.** 1000, 200	**21E.** 60, 12	**21F.** 500, 75
21G. 500, 75	**22A.** 500	**22B.** 20000	**22C.** 1000	**22D.** 400, 120	**22E.** 400	**22F.** 1000
22G. 100	**22H.** 450	**22I.** 1950	**22J.** 400	**22K.** 400	**23A.** 4, 6	**23B.** 11, 10
23C. 25, 20	**23D.** 33, 10	**23E.** 72, 8	**23F.** 5, 5	**23G.** 70, 60	**24A.** 42, 8	**24B.** 24, 8
25A. 30, 40	**25B.** 15,45	**26A.** 200	**26B.** 34	**26C.** 25	**27A.** 5 : 6	**27B.** 7 : 6
27C. 3 : 2	**27D.** 7 : 5	**27E.** 2 : 3	**27F.** 5 : 4	**27G.** 6 : 5	**28A.** 8	**28B.** 20

www.drmathnp.com

puspas.com.np

GENERAL EXERCISE 1A

LONG QUESTIONS [FOR GROUP C]

Model 1 *Word problems on finding $n(A \cap B)$ and $n_o(A)$ or $n_o(B)$.*

1A. एउटा समुदायको सर्वेक्षणमा यो थाहा भयो कि, 50% ले संसारिक ज्ञान र 45% ले आत्मज्ञान मन पराउँछन् । यदि 20% ले दुवै ज्ञान मन पराउँदैनन् र 150 जनाले दुवै ज्ञान मन पराउँछन् । भेनचित्रको प्रयोग गरी आत्मज्ञान मात्र र संसारिक ज्ञान मात्र मनपराउने मानिसहरूको सङ्ख्या तुलना गर्नुहोस् ।
In a survey of a community, it was found that 50% like worldly knowledge, 45% like spiritual knowledge. If 20% don't like both knowledge and 150 like both the knowledge. By using Venn-diagram, compare the number of people who like spiritual knowledge and worldly knowledge only.

1B. चितवन जिल्लाका 8000 विद्यार्थीमाझ गरिएको सर्वेक्षणमा 10% ले SLC परीक्षा सुरु हुनुभन्दा पहिले विभिन्न विषयमा ट्युसन पढ्दा रहेछन् । तीमध्ये 40% ले अङ्ग्रेजी मात्र, 20% ले गणित मात्र र 80 जनाले अन्य नै विषयमा ट्युसन लिँदा रहेछन् । दुवै विषयमा ट्युसन पढ्ने विद्यार्थी सङ्ख्या र जम्मा विद्यार्थी सङ्ख्या तुलना गर्नुहोस् ।
Out of 8000 students of Chitwan district 10% take tuition in various subjects before the SLC examination. Among them 40% take tuition in English only, 20% in Math only and 80 students in other subjects. Compare the number of students who take tuition on both subjects and the total number of students.

2A. 400 जना विद्यार्थीहरू भएको एउटा विद्यालयमा विद्यार्थीहरू हिन्दी, अङ्ग्रेजी, दुवै अथवा अरू कुनै अध्ययन गर्न सक्छन् । दुवैथरी अध्ययन गर्ने जति दुवैथरी अध्ययन नगर्ने छन् । अङ्ग्रेजी अध्ययन गर्नेको एक चौथाइले हिन्दी पनि अध्ययन गर्दछन् । हिन्दी अध्ययन गर्नेहरूको सङ्ख्या अङ्ग्रेजी मात्र अध्ययन गर्ने भन्दा 20 ले कम छ । हिन्दी मात्र कति जनाले अध्ययन गर्दछन् ?
In a certain school of 400 students, the students can study Hindi, English, both or neither. Just as many study both as study neither. One quarter of those who study English also study Hindi. The total number who study Hindi is 20 fewer than those who study English only. How many students study Hindi only?

2B. 600 जना विद्यार्थीहरू भएको एउटा विद्यालयमा विद्यार्थीहरू नेवारी, मैथली, दुवै अथवा अरू कुनै अध्ययन गर्न सक्छन् । दुवैथरी अध्ययन गर्ने जति दुवैथरी अध्ययन नगर्ने छन् । मैथली अध्ययन गर्नेको एक चौथाइले नेवारी पनि अध्ययन गर्दछन् । नेवारी अध्ययन गर्नेहरूको सङ्ख्या मैथली मात्र अध्ययन गर्ने भन्दा 30 ले कम छ । नेवारी मात्र कति जनाले अध्ययन गर्दछन् ?
In a certain school of 600 students, the students can study Newari, Maithali, both or neither. Just as many study both as study neither. One quarter of those who study Maithali also study Newari. The total number who study Newari is 30 fewer than those who study Maithali only. How many students study Newari only?

Model 2 *Word problems based on given ratio or relation.*

3A. टेलिभिजन दर्शकहरूको विचार बुझ्दा कुल दर्शकहरूको 48% ले समाचार हेर्न मन पराएनन् र 22% ले समाचार हेर्न मन पराए तर टेलिफिल्म हेर्न मन पराएनन् । यदि कुल दर्शकको एक चौथाइले दुवै हेर्न मन पराएनन् भने टेलिफिल्म हेर्न पटक्कै मन नपराउनेहरूको प्रतिशत पत्ता लगाउनुहोस् ।
An opinion poll among television viewers shows that 48% of the viewers dislike news, and 22% like news but dislike telefilms. A quarter of the viewers dislike both. Find the percentage of viewers who dislike telefilms.

3B. एउटा सर्वेक्षणमा 70 जनाले प्रेम विवाह राम्रो माने तर मागी विवाह राम्रो मानेनन् जब 16 ले मागी विवाह राम्रो माने तर प्रेम विवाह मन पराएनन् । यदि प्रेम विवाह राम्रो मान्नेहरूको सङ्ख्या मागी विवाह राम्रो मान्नेहरूको तीन गुणा भए दुवै राम्रो मान्नेहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a survey, 70 liked love marriage but not the arrange marriage when 16 liked arrange marriage but not the love marriage. If the number who like love marriage is three times the number who like arrange marriage, find the number of people who like both types of the marriages.

Model 3 *Problems based on percentage, ratio or relation.*

4A. 175 जना मानिसहरूको एउटा समूहमा 90 जनाले काफल मन पराउँछन् र 40% ले काफल मन पराउँछन् तर ऐंसेलु मन पराउँदैनन् । यदि प्रत्येकले कम्तीमा एउटा मन पराउने भए,
In a group of 175 people, 90 like strawberry and 40% like strawberry but not the raspberry. If every people likes at least one of them then,

(i) ऐंसेलु र काफल दुवै मनपराउने मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
Find the number of people who like both raspberry and strawberry.

(ii) ऐंसेलु मन पराउने तर काफल मन नपराउने मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
Find the number of people who like raspberry but not the strawberry.

www.drmathnp.com

puspas.com.np

4B. 150 जना मानिसहरूको एउटा समूहमा 85 जनाले अङ्गुर मन पराउँछन् र $43\frac{1}{3}\%$ ले अङ्गुर मन पराउँछन् तर ऐंसेलु मन पराउँदैनन् । यदि प्रत्येकले कम्तीमा एउटा मन पराउने भए,

In a group of 150 people, 85 liked grapes and $43\frac{1}{3}\%$ liked grapes but not the raspberry. If every people likes at least one of them,

(i) ऐंसेलु र अङ्गुर दुवै मनपराउने मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
Find the number of people who like both raspberry and grapes.

(ii) ऐंसेलु मन पराउने तर अङ्गुर मन नपराउने मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
Find the number of people who like raspberry but not the grapes.

5A. एउटा सर्वेक्षणमा अङ्कगणित र बीजगणित मन पराउने मानिसहरूको अनुपात 9 : 8 पाइयो । यदि 25% ले दुवै मन पराए , 80 जनाले कुनै पनि मन पराएनन् र 20% ले अङ्कगणित मात्र मन पराए भने सो सर्वेक्षणमा भाग लिने मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।

In a survey, it was found that the ratio of people who liked Arithmetic and Algebra is 9 : 8. If 25% liked the both, 80 liked none of these and 20% liked arithmetic only, find the total number of people participated in the survey.

5B. कुनै खेलाडीहरूको सर्वेक्षण गर्दा फुटबल र क्रिकेट खेल्ने खेलाडीहरूको अनुपात 8 : 9 देखियो । ती मध्ये 50 जना दुवै खेल खेल्ने, 40 जना क्रिकेट मात्र खेल्ने र 80 जना दुवै नखेल्ने पाइयो भने, फुटबल मात्र खेल्न रुचाउने र जम्मा खेलाडी सङ्ख्या निकाल्नुहोस् ।

In a survey of players, the ratio of the number of players who liked to play football and cricket was 8 : 9. If 50 liked to play both the games, 40 liked to play cricket only and 80 liked none of the games. Find the number of players who liked to play football only and the total number of players.

6A. 35 जनाको एउटा कक्षामा 17 जनाले गणित लिएका छन् र $28\frac{4}{7}\%$ ले गणित लिएका छन् तर अर्थशास्त्र लिएका छैनन् । यदि हरेक विद्यार्थीले कम्तीमा एउटा विषय लिएका छन् भने अर्थशास्त्र लिएका तर गणित नलिएका विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् ।

In a class of 35 students, 17 have taken *Mathematics*, $28\frac{4}{7}\%$ have taken *Mathematics* but not *Economics*.

If each student has taken at least one subject, find the number of students who have taken *Economics* but not *Mathematics*.

6B. 200 जना मानिसहरूको एउटा समूहमा 60 जनाले लोकगीत मन पराउँदछन्, 20% ले लोकगीत मन पराउँदछन् तर पपगीत मन पराउँदैनन् । यदि पपगीत मात्र मनपराउने र दुवै मन नपराउने 4 : 3 को अनुपातमा भए एउटा मात्र मन पराउने मानिसहरूको प्रतिशत पत्ता लगाउनुहोस् ।

In a group of 200 people, 60 like folk song, 20% like folk song but not pop song. If the ratio of people who like pop song only to who dislike both is 4 : 3, find the percentage of people who like only one.

6C. खेलप्रेमी मानिसहरूमा गरिएको एउटा सर्वेक्षणमा, भलिबल मन पराउने तर फुटबल मन नपराउने र फुटबल मन पराउने तर भलिबल मन नपराउने मानिसहरू 4 : 5 र दुवै मन पराउने र दुवै मन नपराउनेहरू 3 : 2 को अनुपातमा छन् । यदि भलिबल मन पराउने मानिसहरू 50% र एउटा मात्र मन पराउने 90 जना भए सो सर्वेक्षणमा भाग लिने मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।

In a survey of game lovers, the ratio of men who like volleyball but not football and who like football but not volleyball is 4 : 5 and the ratio who like both and dislike both is 3 : 2. If 50% like volleyball and 90 like only one of them then, find the number of men participated in the survey.

Model 4 Problems based on $n(U) = n(A) + n(\overline{A})$.

7A. एउटा परीक्षामा गणितमा उत्तीर्ण 80 जना, गणितमा अनुत्तीर्ण 70 जना, विज्ञानमा अनुत्तीर्ण 90 जना र दुवैमा अनुत्तीर्ण 20 जना भए,

In an exam, 80 students passed in Maths, 70 failed in Maths, 90 failed in Science and 20 failed in both,

(i) विज्ञानमा कति जना उत्तीर्ण भए होलान् ? (How many students were passed in Science ?)

(ii) गणित र विज्ञान दुवैमा कति जना उत्तीर्ण भए होलान् ? (How many students were passed in both Maths and Science?)

7B. केही मानिसहरूमा गरिएको सर्वेक्षणमा दूध पिउने 40 जना, दूध नपिउने 30 जना, दही पिउने 50 जना र दही पिउने तर दूध नपिउने 25 जना भए दुवै नपिउने कति जना होलान् ?

In a survey of people, 40 people drink milk, 30 do not drink milk and 50 drink curd. If 25 drink curd but not milk then how many do not drink both ?

7C. दैनिक पत्रिका कान्तिपुर र अन्नपूर्ण पोष्टका बारेमा एकदिन सर्वेक्षण गरियो । 100 जनाले कान्तिपुर किने, 30 जनाले कान्तिपुर किनेनन्, 44 जनाले अन्नपूर्ण पोष्ट किनेनन्, जसमध्ये 22 जनाले कान्तिपुरमात्र किनेभने, भेनचित्रद्वारा

A survey was done one day about daily newspapers Kantipur and Annapurna Post. 100 people bought Kantipur, 30 did not buy Kantipur, 44 did not buy Annapurna Post among them 22 bought Kantipur only, then using Venn-diagram find

(i) कति जनाले सर्वेक्षणमा भाग लिए, पत्ता लगाउनुहोस् । (How many took part in the survey?)

(ii) कति जनाले अन्नपूर्ण पोष्टमात्र किने, पत्ता लगाउनुहोस् । (How many bought Annapurna Post only?)

(iii) कति जनाले दुवै पत्रिका किने, पत्ता लगाउनुहोस् । (How many bought both the newspapers?)

www.drmathnp.com

pusras.com.np

7D. मोबाइल र टेलिफोनको सर्वेक्षणमा 200 जनासँग टेलिफोन भएको र 25 जनासँग दुवै भएको पाइयो । यदि टेलिफोन नभएका 135 जना र मोबाइल नभएका 300 जना थिए भने,
In a survey of mobile and telephone, it was found that, 200 people had telephone, 25 had both, 135 did not have telephone and 300 did not have mobile.
(i) कति जनाले सो सर्वेक्षणमा भाग लिए ? (How many people participated in the survey ?)
(ii) कति जनाले मोबाइल मात्र लिएका थिए ? (How many had mobile only ?)

Model 5 Problems on subsets and disjoint sets.

8A. कुनै नगरपालिकाको एउटा वडामा गरिएको सर्वेक्षणमा कुल वयस्क मानिसहरूमध्ये 30% ले रेडियो सुन्न मन पराउँदा रहेछन् । 90% ले टेलिभिजन हेर्न मन पराउँदा रहेछन् । यदि रेडियो सुन्न मन पराउने सबैले टेलिभिजन हेर्न पनि मन पराउँछन् र यी दुवै मननपराउनेको सङ्ख्या 240 जना भए,
In a survey in a ward of a municipality, 30% like to listen radio and 90% like to watch T.V. out of total adult people and all who like to listen radio like to watch T.V. too. If the number of persons who don't like both of these is 240.
(i) उक्त तथ्याङ्कलाई भेनचित्रमा प्रस्तुत गर्नुहोस् । (Represent the above data in a Venn-diagram.)
(ii) टेलिभिजन मात्र हेर्न मन पराउनेको सङ्ख्या पत्ता लगाउनुहोस् ।
Find the number of persons who like to watch TV only.

8B. एउटा ट्युसन सेन्टरमा भएका विद्यार्थीहरूमध्ये 70% ले गणित पढेका छन् र 30% ले अङ्ग्रेजी पढेका छन् । यदि अङ्ग्रेजी पढ्ने सबैले गणित पढेका छन् र 150 जनाले दुवै विषय पढेका छैनन भने गणित पढ्ने तर अङ्ग्रेजी नपढ्ने विद्यार्थीहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a tuition centre 70% students have studied Maths and 30% have studied English. If all the students who study English also study Maths and 150 did not study both the subjects, find the number of students who study Maths but not English.

8C. एउटा कलेजमा गरिएको एउटा सर्वेक्षणमा यो थाहा भयो कि, 240 जनासँग ल्यापटप र 60% सँग पामटप रहेछ । पामटप भएका सबैसँग ल्यापटप पनि भएको थाहा पाइयो । यदि 20% सँग दुवै नभएको पाइयो भने
In a survey done in a college it is found that, 240 have laptop and 60% have palmtop. Those who have palmtop also have laptop. If 20% do not have both then,
(i) सो सर्वेक्षणमा भागलिने मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् । (Find the number of men participated in the survey.)
(ii) ल्यापटप मात्र भएका मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् । (Find the number of men who have laptop only.)

8D. 99 जनामा गरिएको सर्वेक्षणमा हिन्दुवादी र मुस्लिम 4 : 3 को अनुपातमा पाइयो । यदि $50\frac{50}{99}$ % जना अन्य धर्मालम्वी भएको पाइयो भने भेनचित्रको प्रयोग गरी हिन्दुवादीहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a survey of 99 people, Hindus and Muslim are in the ratio of 4 : 3. If $50\frac{50}{99}$% follow other religion, by drawing a Venn-diagram, find the number of the Hindus.

9A. 35 जना विद्यार्थीहरू सङ्गीत कक्षामा छन् र 57 जना विद्यार्थीहरू नृत्य कक्षामा छन् । नृत्य कक्षामा अथवा सङ्गीत कक्षामा भएका विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् ।
(i) जब दुवै कक्षा फरक समयमा चल्छन् र 12 जना दुवै कक्षामा संलग्न छन् । (ii) जब दुवै कक्षा एउटै समयमा चल्छन् ।
There are 35 students in Music class and 57 students in Dance class. Find the number of students who are either in Music class or in Dance class.
(i) When two classes meet at different hours and 12 students are enrolled in both the classes.
(ii) When two classes meet at the same hour.

9B. 40 जना विद्यार्थीहरु गणित कक्षामा छन् र 50 जना विद्यार्थीहरू अङ्ग्रेजी कक्षामा छन् । गणित कक्षा अथवा अङ्ग्रेजी कक्षामा भएका विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् ।
(i) जब दुवै कक्षा फरक समयमा चल्छन् र 15 जना दुवै कक्षामा संलग्न छन् । (ii) जब दुवै कक्षा एउटै समयमा चल्छन् ।
There are 40 students in Maths class and 50 students in English class. Find the number of students who are either in Maths class or in English class.
(i) When two classes meet at different hours and 15 students are enrolled in both the classes.
(ii) When two classes meet at the same hour.

Model 6 Miscellaneous problems on sets.

10A. एउटा सर्वेक्षणमा एक चौथाइ युवतीहरूले अमिलो मात्र मन पराउँछन् र एक तिहाइले पिरो मन पराउँछन् । यदि 50 जनाले दुवै मन पराउँदैनन् भने जम्मा युवतीहरूको सङ्ख्या भेनचित्रको सहायताबाट पत्ता लगाउनुहोस् ।
In a survey, one-fourth young girl like sour-taste only and one-third like chilly-taste. If 50 of them do not like both the tastes, find the total number of young girls with the help of a Venn-diagram.

www.drmathnp.com

puspas.com.np

10B. एउटा सहरमा भएका केटाहरूमध्ये $\frac{3}{10}$ केटाहरूले कानमा मुन्द्रा लगाइएको तर ट्याटु नहानेको पाइयो । 60% केटाहरूले ट्याटु हानेको पाइयो । यदि 20 जनाले नत मुन्द्रा लगाइएको नत ट्याटु हानेको पाइयो भने भेनचित्रको सहायताबाट जम्मा केटाहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।

In a town, $\frac{3}{10}$ of the boys have ear-piercing but not tattoo. 60% of total boys have tattoo. If 20 have neither ear-piercing nor tattoo, find the total number of boys with the help of a Venn-diagram.

11A. एउटा समुदायमा भएका 120 जनामध्ये भात मात्र रुचाउने, ढिडो रुचाउने र दुवै नरुचाउने मानिसहरूको अनुपात 1 : 3 : 2 भए भेनचित्रको प्रयोग गरी दुवैमा रुची नहुने मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।

In a community of 120 people the ratio of people who like to eat rice only, dhido and neither rice nor dhido is 1 : 3 : 2. Using a Venn-diagram, find the number of people who don't like both of them.

11B. एउटा समुदायमा भएका 700 जनामध्ये सुन्तला मात्र रुचाउने, स्याउ रुचाउने र दुवै नरुचाउने मानिसहरूको अनुपात 1 : 5 : 1 भए भेनचित्रको प्रयोग गरी दुवैमा रुची नहुने मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।

In a community of 700 people the ratio of people who like to eat orange only, apple and neither orange nor apple is 1 : 5 : 1. Using a Venn-diagram, find the number of people who don't like both of them.

12A. एउटा सर्वेक्षणमा $\frac{3}{14}$ बालकहरूले गणित मात्र मन पराउँछन् । 70 जनाले गणित पटक्कै मन पराउँदैनन् । त्यस्तै $\frac{9}{14}$ जना बालकले विज्ञान मन पराएको पाइयो तर 20 जनाले चाहिँ यी दुवै विषयहरू मन नपराएको पाइयो भने

In a survey, $\frac{3}{14}$ children like only math and 70 don't like math at all. Also $\frac{9}{14}$ children like science but 20 like none of them,

(i) माथिको तथ्याङ्कलाई भेनचित्रमा देखाउनुहोस् । (Show the above data in a Venn-diagram.)

(ii) दुवै विषय कति जनाले मन पराए, पत्ता लगाउनुहोस् । (How many children like both types of subjects?)

12B. एउटा सर्वेक्षणमा 5 भागको एक भाग युवाले मोबाइल मात्र मन पराउँछन् । 16 जनाले मोबाइल पटक्कै मन पराउँदैनन् । त्यस्तै 60% ले क्यामरा मन पराएको पाइयो तर 8 जनाले यी दुवै मन नपराएको पाइयो भने

In a survey, one-fifth youth like cell phone only and 16 don't like cell phone at all. Also, 60% youth like camera but 8 like none of them.

(i) माथिको तथ्याङ्कलाई भेनचित्रमा देखाउनुहोस् । (Show that above information in a Venn-diagram.)

(ii) दुवै थरी कति जनाले मन पराए, पत्ता लगाउनुहोस् । (How many youth like both the things?)

13A. 100 जना मानिसहरूको एउटा सम्मेलनमा 29 जना नेपाली महिलाहरू र 23 जना नेपाली पुरुषहरू छन् । यी नेपालीहरू मध्ये 4 जना डाक्टरहरू र 24 जना पुरुषहरू अथवा डाक्टरहरू छन् । त्यहा कोही पनि विदेशी डाक्टरहरू छैनन् । सो सम्मेलनमा उपस्थित महिला डाक्टरहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।

At a certain conference of 100 people there are 29 Nepali women and 23 Nepali men. Out of these Nepali people 4 are doctors and 24 are either men or doctors. There are no foreign doctors. Find the number of women doctors attending the conference.

Hint: **Step 1:** *Let M and D represent the set of Nepali men and Doctors respectively.*

Step 2: *From the information given in the question, we have, $n(M) = 23$, $n(D) = 4$, $n(M \cup D) = 24$,*

Step 3: *By the formula, we have, $n(M \cup D) = n(M) + n(D) - n(M \cap D)$*

or, $24 = 23 + 4 - n(M \cap D)$

$\therefore$ $n(M \cap D) = 3$

So, n(Nepali Men and Doctors) = 3

Step 4: *So, out of the 4 Nepali doctors, there are 3 men. And the remaining 1 is Nepali women doctor.*

Hence, the number women doctors attending the conference is 1

The population of Namche bazar before 6 years was 50000 and the annual growth rate of this village was 4%. What was its population before 4 years ?

1B. कुनै शहरको जनसङ्ख्या प्रत्येक वर्ष 4% का दरले बढ्दै जान्छ । यदि त्यो शहरको 2 वर्ष पछिको जनसङ्ख्या 42500 हुन्छ भने 4 वर्ष पछिको जनसङ्ख्या कति होला ?
The population of a town increases 4% every year. If the population after 2 years is 42500, what will be the population of the town after 4 years ?

2A. इश्वी सम्वत 2013 को अन्त्यमा एउटा शहरको जनसङ्ख्या 30000 थियो । यदि वार्षिक जनसङ्ख्या वृद्धिदर 10% भए इश्वी सम्वत 2016 को सुरुमा उक्त शहरको जनसङ्ख्या कति पुग्ला ?
The population of a town at the end of 2013AD was 30000. What will be the population of the same town at the beginning of 2016 AD if the population growth rate is 10% p.a. ?

2B. इश्वी सम्वत 2014 को अन्त्यमा एउटा शहरको जनसङ्ख्या 20000 थियो । यदि वार्षिक जनसङ्ख्या वृद्धिदर 5% भए इश्वी सम्वत 2017 को सुरुमा उक्त शहरको जनसङ्ख्या कति पुग्ला ?
The population of a town at the end of 2014AD was 20000. What will be the population of the same town at the beginning of 2017 AD if the population growth rate is 5% p.a. ?

3A. एउटा विद्यालयको हालको विद्यार्थी सङ्ख्या 1000 छ । यदि हरेक 5 जना विद्यार्थीले 1 जना विद्यार्थी प्रत्येक वर्ष ल्याए भने 2 वर्षपछि बढ्ने विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् ।
The present number of students of a school is 1000. If per 5 students carry 1 student every year, find the number of students increased after 2 years.

3B. एउटा विद्यालयको हालको विद्यार्थी सङ्ख्या 2000 छ । यदि हरेक 4 जना विद्यार्थीले 1 जना विद्यार्थी हरेक वर्ष ल्याए भने 2 वर्षपछि बढ्ने विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् ।
The present number of students of a school is 2000. If per 4 students carry 1 student every year, find the number of students increased after 2 years.

www.drmathnp.com

puspas.com.np

Model 2 *Problems based on finding the population before certain years.*

4A. एउटा शहरको वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिहजारमा 50 जना छ । 2 वर्षपछि त्यहाँको जनसङ्ख्या 22050 हुनेछ भने हालको जनसङ्ख्या पत्ता लगाउनुहोस् ।
The annual population growth rate of a town is 50 in per thousands. The population of the town after 2 years will be 22050. Find the present population of the town.

4B. एउटा शहरको वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिहजारमा 40 जना छ । 2 वर्षपछि त्यहाँको जनसङ्ख्या 21632 हुनेछ भने हालको जनसङ्ख्या पत्ता लगाउनुहोस् ।
The annual population growth rate of a town is 40 in per thousands. The population of the town after 2 years will be 21632. Find the present population of the town.

4C. एउटा शहरको हालको जनसङ्ख्या 21216 छ । यदि यो पहिलो वर्ष 2% र अर्को वर्ष 4% ले बढेको भए 2 वर्ष अगाडिको जनसङ्ख्या कति थियो ?
The present population of a town is 21216. If it was increased by 2% at the first year and by 4% in the next year, what was the population of town before 2 years?

Model 3 *Problems based on finding the population growth rate.*

5A. रत्ननगरको जनसङ्ख्या 2 वर्षपहिले 40000 थियो तर अहिले बढेर 44100 पुगेको छ भने जनसङ्ख्या वृद्धिदर कति होला ?
The population of Ratnanagar was 40000 two years ago but the population at present is 44100, find the population growth rate.

5B. सल्यानटारको जनसङ्ख्या 2 वर्षपहिले 30000 थियो तर अहिले बढेर 33075 पुगेको छ भने जनसङ्ख्या वृद्धिदर कति होला ?
The population of Salyantar was 30000 two years ago but the population at present is 33075, find the population growth rate.

6A. यदि 2 वर्षमा कुनै गाउँको जनसङ्ख्या चार गुणा हुन्छ भने जनसङ्ख्या वृद्धिदर पत्ता लगाउनुहोस् ।
If the population of a village becomes four times in 2 years, find the population growth rate.

6B. यदि कुनै गाउँको जनसङ्ख्या 3 वर्षमा $\frac{125}{64}$ गुणा हुन्छ भने जनसङ्ख्या वृद्धिदर पत्ता लगाउनुहोस् ।
If the population of a village becomes its $\frac{125}{64}$ times in 3 years, find the population growth rate.

6C. यदि कुनै गाउँको जनसङ्ख्या 2 वर्षमा $\frac{25}{16}$ गुणा हुन्छ भने जनसङ्ख्या वृद्धिदर पत्ता लगाउनुहोस् ।
If the population of a village becomes its $\frac{25}{16}$ times in 2 years, find the population growth rate.

7A. कुनै शहरको दुई वर्षपहिलेको जनसङ्ख्या 254000 थियो र दुई वर्षमा त्यहाँको जनसङ्ख्या 42266 ले वृद्धि भएछ भने जनसङ्ख्या वृद्धिदर पत्ता लगाउनुहोस् ।
The population of the city 2 two years ago was 254000 and during two years it increases by 42266. Find the population growth rate.

7B. कुनै शहरको दुई वर्षपहिलेको जनसङ्ख्या 50000 थियो र दुई वर्षमा त्यहाँको जनसङ्ख्या 5125 ले वृद्धि भएछ भने जनसङ्ख्या वृद्धिदर पत्ता लगाउनुहोस् ।
The population of the city 2 two years ago was 50000 and during two years it increases by 5125. Find the population growth rate.

Model 4 *Problems based on finding the time.*

8A. कुनै शहरको जनसङ्ख्या 25% प्रतिवर्षको दरले बढ्दा कति वर्षमा $\frac{25}{16}$ गुणा हुन्छ ?
In how many years will the population of a town be $\frac{25}{16}$ times at the growth rate of 25% p.a.?

8B. कुनै शहरको जनसङ्ख्या 20% प्रतिवर्षको दरले बढ्दा कति वर्षमा $\frac{36}{25}$ गुणा हुन्छ ?
In how many years will the population of a town be $\frac{36}{25}$ times at the growth rate of 20% p.a.?

9A. इस्वी सम्बत 2014 को सुरुमा एउटा शहरको जनसङ्ख्या 80000 थियो । हरेक वर्ष 5% को दरले जनसङ्ख्या वृद्धि हुँदा सो शहरको जनसङ्ख्या कहिले 92610 पुग्ला ?
In the beginning of 2014 AD, the population of a town was 80000. When will the population of the town be 92610 at the population growth rate 5% every year ?

www.drmathnp.com

pusnas.com.np

9B. इस्वी सम्बत 2015 को सुरुमा एउटा शहरको जनसङ्ख्या 50000 थियो । हरेक वर्ष 4% को दरले जनसङ्ख्या वृद्धि हुँदा सो शहरको जनसङ्ख्या कहिले 54080 पुग्ला ?
In the beginning of 2015 AD, the population of a town was 50000. When will the population of the town be 54080 at the population growth rate 4% every year ?

Model 5 ***Problems based on finding birth number or death number or growth number.***

10A. 1 वर्ष अगाडि तुलसीपुर उपमहानगरपालिकाको जनसङ्ख्या 150000 थियो । यदि सो उपमहानगरपालिकामा वर्ष भरीमा प्रति हजार 40 जनाको मृत्यु भयो र कुल जनसङ्ख्या वृद्धिदर 4% छ भने 1 वर्षको अवधिमा जन्मेका नवजात शिशुहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
The population of Tulsipur sub metropolitan city 1 year ago was 150000. If 40 in 1000 people were dead in a year and growth rate was 4%, find the number of new born babies in 1 year.

10B. 1 वर्ष अगाडि धुलिखेल नगरपालिकाको जनसङ्ख्या 40000 थियो । यदि सो नगरपालिकामा वर्ष भरीमा प्रति हजार 30 जनाको मृत्यु भयो र कुल जनसङ्ख्या वृद्धिदर 2% छ भने 1 वर्षको अवधिमा जन्मेका नवजात शिशुहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
The population of Dhulikhel municipality 1 year ago was 40000. If 30 in 1000 people were dead in a year and growth rate was 2%, find the number of new born babies in 1 year.

11A. 1 वर्ष अगाडि भरतपुर महानगरपालिकाको जनसङ्ख्या 300000 थियो । यदि सो महानगरपालिकाको कोरा जन्मदर 10% र जनसङ्ख्या वृद्धिदर 6% भए 1 वर्षको अवधिमा मृत्यु भएका मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
1 years ago, the population of Bharatpur metropolitan city was 300000. If the crude birth rate of the metropolitan city was 10% and the growth rate was 6%, find the number of dead people in 1 year.

11B. 1 वर्ष अगाडि टिकापुर नगरपालिकाको जनसङ्ख्या 80000 थियो । यदि सो नगरपालिकाको कोरा जन्मदर 8% र जनसङ्ख्या वृद्धिदर 3% भए 1 वर्षको अवधिमा मृत्यु भएका मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
1 years ago, the population of Tikapur municipality was 80000. If the crude birth rate of the municipality was 8% and the growth rate was 3%, find the number of dead people in 1 year.

12A. 2 वर्ष अगाडि एउटा शहरको जनसङ्ख्या 40000 थियो र अहिले सो 44100 छ । यदि सो शहरको कोरा जन्मदर 8% भए 2 वर्षको अवधिमा मृत्यु भएका मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
Two years ago, the population of a town was 40000 and now it is 44100. If crude birth rate of the town is 8%, find the number of dead people in 2 years.

12B. 2 वर्ष अगाडि एउटा शहरको जनसङ्ख्या 50000 थियो र अहिले सो 60500 छ । यदि सो शहरको कोरा जन्मदर 15% भए 2 वर्षको अवधिमा मृत्यु भएको मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
Two years ago, the population of a town was 50000 and now it is 60500. If crude birth rate of the town is 15%. Find the number of dead people in 2 years.

B. LONG QUESTIONS [FOR GROUP 'C' OR 'D' IN SEE]

Model 1 ***On finding the population after T_1 years and before T_2 years.***

1A. धादिङबेँसीको जनसङ्ख्या प्रत्येक वर्ष 10% ले वृद्धि हुन्छ । यदि हालको जनसङ्ख्या 60,500 भए यसको 2 वर्षपछि र 2 वर्ष पहिलेको जनसङ्ख्या पत्ता लगाउनुहोस् ।
The population of Dhading Bensi increases 10% every year. If the present population is 60,500, find its population after 2 years and before two years.

1B. एउटा शहरको जनसङ्ख्या 1622400 छ । 2 वर्ष पहिले सो शहरको जनसङ्ख्या 1500000 थियो । सो शहरको 1 वर्ष पछिको जनसङ्ख्या सोही वृद्धिदर अनुसार पत्ता लगाउनुहोस् ।
The population of a town is 1622400. Two years ago, the population was 1500000. Find the population of the town 1 year hence at the same rate of growth.

Model 2 ***Finding the population after T years by calculating the population growth rate.***

2A. एउटा गाउँको जनसङ्ख्या वि.सं. 2062 र वि.सं. 2063 मा क्रमश: 121,000 र 133,100 थियो । यदि जनसङ्ख्या वृद्धिदर समान भए त्यो गाउँको जनसङ्ख्या वि.सं. 2060 मा कति थियो ?
The population of a village in 2062 BS and 2063 BS was 121,000 and 133,100 respectively. What was the population of the village in 2060 BS if the growth rate is the same?

2B. एउटा गाउँको जनसङ्ख्या वि.सं. 2062 र वि.सं. 2063 मा क्रमश: 220500 र 231525 थियो । यदि जनसङ्ख्या वृद्धिदर समान भए त्यो गाउँको जनसङ्ख्या वि.सं. 2060 मा कति थियो ?
The population of a village in 2062 BS and 2063 BS was 220500 and 231525 respectively. What was the population of the village in 2060 BS if the growth rate is same?

www.drmathnp.com

pushpas.com.np

3A. एउटा माध्यमिक विद्यालयमा 3 वर्ष अगाडि 1000 जना विद्यार्थी थिए । 3 वर्ष अगाडिदेखि नै "प्रत्येक 5 जना विद्यार्थीको एउटा सानो समूहले 1 जना नयाँ विद्यार्थी भर्ना गर्न ल्याउनै पर्ने" नीति लागू गरेर विद्यार्थी सङ्ख्या बढाउँदै लगियो । अब त्यस विद्यालयको विद्यार्थी सङ्ख्या कति होला ?
Three years ago, there were 1000 students in a secondary school. Since the past three years, the rule "a group of 5 students should bring one new student for enrollment" was imposed to increase the number of students. What is the number of students at present ?

3B. एउटा माध्यमिक विद्यालयमा 3 वर्ष अगाडि 2000 विद्यार्थी थिए । 3 वर्ष अगाडिदेखि नै "प्रत्येक 10 जना विद्यार्थीको एउटा सानो समूहले 1 जना नयाँ विद्यार्थी भर्ना गर्न ल्याउनै पर्ने" नीति लागू गरेर विद्यार्थी सङ्ख्या बढाउँदै लगियो । अब त्यस विद्यालयको विद्यार्थी सङ्ख्या कति होला ?
Three years ago, there were 2000 students in a secondary school. Since the past three years, the rule "a group of 10 students should bring one new student for enrollment" was imposed to increase the number of students. What is the number of students at present ?

Model 3 *On finding the population after T years when death rate & birth rate are given.*

4A. एउटा शहरको हालको जनसङ्ख्या 48000 छ । यदि वार्षिक जन्मदर 13% र वार्षिक मृत्युदर 8% भए सो शहरको 3 वर्ष पछिको जनसङ्ख्या पत्ता लगाउनुहोस् ।
The present population of a town is 48000. If the annual birth rate is 13% and the annual death rate is 8%, calculate the population of the town after 3 years.

4B. एउटा शहरको हालको जनसङ्ख्या 50000 छ । यदि वार्षिक जन्मदर 13.5% र वार्षिक मृत्युदर 3.5% भए सो शहरको 3 वर्ष पछिको जनसङ्ख्या पत्ता लगाउनुहोस् ।
The present population of a town is 50000. If the annual birth rate is 13.5% and the annual death rate is 3.5%, calculate the population of the town after 3 years.

Model 4 *Problems based on finding the population growth rate.*

5A. एउटा शहरको जनसङ्ख्या 2060 सालमा 80000 र 2063 सालमा 92610 थियो । त्यस शहरको जनसङ्ख्या वृद्धिदर पत्ता लगाउनुहोस् ।
The population of a town in 2060 was 80000 and in 2063 was 92610. Find the population growth rate of the town.

5B. एउटा गाउँको जनसङ्ख्या 2061 सालमा 24000 थियो । यदि सो गाउँको 2064 सालको जनसङ्ख्या 27783 भए जनसङ्ख्या वृद्धिदर पत्ता लगाउनुहोस् ।
The population of a village in 2061 was 24000. If the population of the village in the year 2064 was 27783 then find the population growth rate.

Model 5 *Problems based on finding the time.*

6A. एउटा गाउँको 2064 सालको जनसङ्ख्या 13310 थियो । यदि त्यस गाउँको वार्षिक जनसङ्ख्या वृद्धिदर 10% थियो भने कति सालको जनसङ्ख्या 10000 थियो होला ?
The population of a village in the year 2064 was 13310. If the population growth rate was 10%, in which year was it 10000 ?

6B. एउटा शहरको 2007 सालको जनसङ्ख्या 172800 थियो । यदि त्यस शहरको वार्षिक जनसङ्ख्या वृद्धिदर 20% थियो भने कति सालको जनसङ्ख्या 100000 थियो होला ?
The population of a town in the year 2007 was 172800. If the population growth rate was 20%, in which year was it 100000 ?

7A. प्रतिवर्ष प्रति हजारमा 75 को दरमा एउटा शहरको जनसङ्ख्या 80000 बाट बढेर 92450 पुगेको छ । समय अवधि पत्ता लगाउनुहोस् ।
The population of a town has increased from 80000 to 92450 at the rate of 75 per thousand per year. Find the time period.

7B. प्रतिवर्ष प्रति हजारमा 50 को दरमा एउटा गाउँको जनसङ्ख्या 20000 बाट बढेर 22050 पुगेको छ । समय अवधि पत्ता लगाउनुहोस् ।
The population of a village has increased from 20000 to 22050 at the rate of 50 per thousand per year. Find the time period.

ANSWERS

A. SHORT QUESTIONS

1A. 54080	**1B.** 45968	**2A.** 36300	**2B.** 22050	**3A.** 440	**3B.** 1125	**4A.** 20000
4B. 20000	**4C.** 20000	**5A.** 5%	**5B.** 5%	**6A.** 100%	**6B.** 25%	**6C.** 25%
7A. 8%	**7B.** 5%	**8A.** 2 years	**8B.** 2 years	**9A.** 3 years	**9B.** 2 years	**10A.** 12000
10B. 2000	**11A.** 12000	**11B.** 4000	**12A.** 2556	**12B.** 5625		

B. LONG QUESTIONS

1A. 73205, 50000	**1B.** 1687296	**2A.** 100000	**2B.** 200000	**3A.** 1728	**3B.** 2662	**4A.** 55566
4B. 66550	**5A.** 5%	**5B.** 5%	**6A.** 2061	**6B.** 2004	**7A.** 2 years	**7B.** 2 years

www.drmathnp.com

puspas.com.np

4.2 मिश्रह्रास (Compound Depreciation)

FORMULAE AND KEY POINTS

❑ यदि P_T = T वर्ष पछिको मूल्य (Price after T years), P = सुरुको मूल्य (Initial Price), R = ह्रासदर (Depreciation Rate), T = समय (Time)

1. T वर्ष पछिको मूल्य (Price after T years): $P_T = P\left(1-\frac{R}{100}\right)^T$
2. ह्रास भएको मूल्य (Depreciated price): $P_D = P - P_T$ or, $P_D = P - P\left(1-\frac{R}{100}\right)^T$
3. सुरुको मूल्य (Initial Price): $P = \frac{P_T}{\left(1-\frac{R}{100}\right)^T}$

❑ यदि पहिला तीन वर्षका मूल्य ह्रासदर क्रमश: R_1, R_2 र R_3% भए :
If the depreciation rates for the first three years be R_1, R_2 and R_3% respectively then:

(i) 3 वर्ष पछिको मूल्य (Price after 3 years) $P_T = P\left(1-\frac{R_1}{100}\right)\left(1-\frac{R_2}{100}\right)\left(1-\frac{R_3}{100}\right)$

(i) ह्रास भएको मूल्य (Depreciated price): $P_D = P - P\left(1-\frac{R_1}{100}\right)\left(1-\frac{R_2}{100}\right)\left(1-\frac{R_3}{100}\right)$

SEE / SLC REVIEW MESSAGE

[2 + 5 + 4 = 11] Models ↔ 3 Periods

A. VERY SHORT QUESTIONS

Models	SEE Examination History (2065 – 2075)	n(Q)
Model 1	SEE 2074 M3	1

B. SHORT QUESTIONS

Models	SEE Examination History (2065 – 2075)	n(Q)
Model 1	EO 2065 C, 2065 C, 2065 D, 2066 B, 2067 C, 2071 B, SEE 2074 OC	7
Model 2	2067 B, 2070 B, SEE 2073 PU, SEE 2073 MP	4
Model 3	SEE 2073 SP	1
Model 4	2065 B, 2069 D, 2070 A, 2072 E, 2072 MW, 2072 FW	6
Model 5	SEE 2074 M2, SEE 2074 OC, SEE 2075 AP, ...,GP	9

SEE EXERCISE 4B

A. VERY SHORT QUESTIONS [FOR GROUP 'A' IN SEE]

Model 1 Definitions or formulae Recall

1A. यदि कुनै सामानको शुरुको मूल्य रु. P र वार्षिक ह्रासदर R% छ भने T वर्ष पछिको मूल्य पत्ता लगाउने सूत्र लेख्नुहोस् ।
If the initial price of an article is Rs P and annual rate of depreciation is R%, then write the formula to find the price after T years. **[SEE 2074 M3]**

1B. यदि P_T = T वर्षपछिको मूल्य, P = सुरुको मूल्य, R = वार्षिक ह्रासदर र T = समय भए P, T, R र P_T को सम्बन्ध लेख्नुहोस् ।
If P_T = Price after T years, P = initial price, R = depreciation rate and T = time then write the relation among P, T, R and P_T.

1C. प्रचलित सङ्केत अनुसार $P - P\left(1-\frac{R}{100}\right)^T$ ले के जनाउँदछ ?
In usual notation, what does $P - P\left(1-\frac{R}{100}\right)^T$, stand for ?

2A. यदि पहिला तीन वर्षका मूल्य ह्रासदर क्रमश: R_1, R_2 र R_3% भए 3 वर्षपछिको मूल्य निकाल्ने सूत्र लेख्नुहोस् ।
If the depreciation rates for the first three years be R_1, R_2 and R_3% respectively then write the formula to calculate price after 3 years.

2B. यदि पहिला तीन वर्षका मूल्य ह्रासदर क्रमश: R_1, R_2 र R_3% भए 3 वर्षपछिको ह्रास रकम निकाल्ने सूत्र लेख्नुहोस् ।
If the depreciation rates for the first three years be R_1, R_2 and R_3% respectively then write the formula to calculate depreciated price after 3 years.

Model 2 Concept Recall

3A. रु. 1000 पर्ने एउटा टेलिफोन सेटको वार्षिक 10% का दरले मूल्य ह्रास हुन्छ । 1 वर्षमा हुने मूल्य ह्रास पत्ता लगाउनुहोस् ।
A telephone set costing Rs 1000 is depreciated at the rate of 10% p.a. Find the amount of price depreciation in 1 year.

www.drmathnp.com
puspas.com.np

3B. रु.45000 मा किनेको एउटा टाइपराइटर एक वर्षपछि 15% ह्रास कट्टागरी कतिमा बेच्नुपर्ला ? **[2058 E1]**
At what price should a type writer costing Rs 45000 be sold after one year at the rate of 15% price depreciation?

3C. रु.85,000 मा किनेको एउटा मोटरसाइकल एक वर्षपछि 5% ह्रास कट्टागरी कतिमा बेच्नुपर्ला ?
A motorcycle was purchased for Rs 85,000. At what price should it be sold after one year, if it is depreciated at the rate of 5%? **[2058 E2]**

3D. एउटा वस्तुको मूल्य प्रत्येक वर्ष 10% ह्रास कट्टा हुँदै जान्छ भने रु. 2400 पर्ने एउटा सामानको मूल्य एक वर्षपछि कति होला ?
The value of an article is depreciated every year by 10%. What will be the value of the article of Rs 2400 after one year ? **[2058 S]**

4A. रु.3500 पर्ने एउटा मेसिनको एक वर्षमा 10% ह्रास कट्टा भए, ह्रास रकम पत्ता लगाउनुहोस् । **[2058 D1]**
A machine costing Rs 3500 is depreciated in a year by 10%. What is the amount of depreciation ?

4B. रामले मूल्य रु. 5000 पर्ने एउटा घडी एक वर्षपछि 7 प्रतिशत ह्रास कट्टा गरी बेच्यो भने ह्रास रकम कति होला ?
Ram sold a watch costing Rs 5000 after one year at the rate of depreciation 7%. What will be the amount of depreciation ? **[2059 D1]**

4C. रु. 75000 मा किनिएको एउटा टाइपराइटर एक वर्षपछि 12.5% ह्रास कट्टा गरी बेचियो भने, ह्रास कट्टा गरिएको रकम कति थियो ?
A typewriter bought for Rs 75000 was sold after a year depreciating at the rate of 12.5% per year. What was the amount of depreciation ? **[2060 B1]**

5A. प्रतिवर्ष 5% ह्रास कट्टा गरी एउटा मोटरसाइकल एक वर्षपछि रु. 57,000 मा बेचियो भने उक्त मोटरसाइकल कतिमा किनिएको थियो ?
A motor cycle which is supposed to depreciate at the rate of 5 % per year was sold at Rs 57,000 after a year. At what price was it bought ? **[2059 A1]**

5B. प्रतिवर्ष 15 प्रतिशत ह्रास कट्टा गरी एउटा स्कुटर एक वर्षपछि रु. 72250 मा बेचियो भने उक्त स्कुटर कतिमा किनिएको थियो ?
A scooter which is supposed to depreciate at the rate of 15 % per year was sold at Rs 72250 after a year. At what price was it bought ? **[2059 A2]**

6A. एउटा मेसिनको मूल्य एक वर्षमा रु. 3200 बाट घटेर रु. 3040 कायम भएछ भने वार्षिक ह्रास प्रतिशत पत्ता लगाउनुहोस् । **[2057 A1]**
The value of a machine is depreciated from Rs 3200 to Rs 3040 in a year. Find the rate of depreciation in percent.

6B. रु.4,50,000 मा किनेको एउटा कार एक वर्षपछि रु.4,05,000 मा बेचियो भने कति प्रतिशत ह्रास कट्टा गरिएको थियो ? **[2057S]**
A car costing Rs 4,50,000 was sold for Rs 4,05,000 after a year. What was the depreciation rate in percent ?

6C. रु. 2,00,000 मा किनिएको एउटा टेम्पू एक वर्षपछि रु. 1,70,000 मा बेचिएको थियो भने कति प्रतिशत ह्रास कट्टा गरिएको थियो ?
A Tempo which was bought for Rs 2,00,000 was sold at Rs 1,70,000 after one year. At what percent was it depreciated ? **[2058 A1]**

6D. एउटा सामानको मूल्य रु. 1000 छ । यदि यसको मूल्य 1 वर्षमा रु. 200 द्वारा ह्रास भयो भने मूल्य ह्रासदर पत्ता लगाउनुहोस् ।
The value of an article is Rs 1000. If it is depreciated by Rs 200 per year, find the rate of depreciation.

6E. एउटा मोटरसाइकलको हरेक वर्षमा यसको मूल्यको दस भागको 1 भागले मूल्य ह्रास हुन्छ । सो मूल्य ह्रासदर पत्ता लगाउनुहोस् ।
The price of a motor bike is depreciated by one-tenth of its price every year. Find the rate of depreciation.

B. SHORT QUESTIONS [FOR GROUP 'B' IN SEE]

Model 1 *Problems based on finding the price after T years.*

1A. रु. 16800 पर्ने दराजको मूल्य वार्षिक 15% का दरले ह्रास कट्टि गर्दा 2 वर्षपछि सो दराजको मूल्य कति होला ? **[2071 B, 2067 C]**
A furniture costing Rs 16800 is depreciated at the rate of 15% p.a. What will be the cost of furniture after 2 years ?

1B. रु. 11600 पर्ने एउटा टेलिभिजनको मूल्यमा वार्षिक 15% का दरले ह्रास कट्टी गर्दा 2 वर्षपछि सो टेलिभिजनको मूल्य कति होला ?
A television costing Rs 11600 is depreciated at the rate of 15% per annum. What will be the cost of the television after 2 years ? **[2066 B]**

1C. रु. 40,000 मा किनिएको कम्प्युटरको मूल्यमा प्रतिवर्ष 10% को दरले मिश्रह्रास हुन्छ । 2 वर्षपछि सो कम्प्युटरको मूल्य कति हुन्छ ?
The value of a computer which was bought for Rs 40,000 depreciates at 10% annually. What will be the cost of the computer after 2 years ? **[2065 C]**

1D. एक जना किसानले रु. 400000 मा किनेको एउटा ट्याक्टरलाई 2 वर्षपछि 10% प्रतिवर्ष मिश्रह्रासका दरले बेचेछ । उक्त ट्याक्टरको 2 वर्षपछिको मूल्य कति हुन्छ ? पत्ता लगाउनुहोस् ।
A farmer bought a tractor for Rs 400000 and sold it after 2 years at 10% depreciation rate per year. What is the cost of tractor after 2 years? Find it. **[2074 M1]**

1E. रु. 12000 मूल्य पर्ने एउटा साइकलमा वार्षिक 10% ले मूल्य ह्रास हुन्छ । 2 वर्षपछि सो साइकलको मूल्य कति हुन्छ ? **[2065 D]**
A cycle costing Rs 12000 is depreciated annually by 10%. What will be the cost of cycle after 2 years ?

2A. एउटा मोबाइल सेट रु. 25000 मा किनियो । यदि वार्षिक ह्रासदर 5% छ भने 2 वर्षपछि सो मोबाइल सेटको विक्रयमूल्य कति होला ?
A mobile set is bought for Rs 25000. If the annual rate of depreciation is 5%, what will be the selling price of the mobile set after 2 years? **[2074 OC]**

2B. एउटा मेशिनको हालको मूल्य रु. 650000 छ । यदि प्रतिवर्ष 10% को दरले मूल्य ह्रास कट्टा हुन्छ भने 3 वर्षपछिको सो मेशिनको मूल्य कति हुन्छ ?
The current price of a machine is Rs 650000. If it is depreciated at the rate of 10% per year, what will be the value of the machine after 3 years ? **[EO 2065 C]**

www.drmathnp.com

puspas.com.np

Model 2 *Problems based on finding the initial price before T years.*

3A. प्रतिवर्ष 8% को दरले मूल्य ह्रास हुँदा एउटा मोटरसाइकलको मूल्य 2 वर्षपछि रु. 2,53,920 हुन्छ भने सो मोटरसाइकलको सुरुको मूल्य पत्ता लगाउनुहोस् ।
When the cost is depreciated at the rate of 8% per annum, the cost of a motorcycle after 2 years becomes Rs 2,53,920. Find the initial price of the motorcycle. **[SEE 2073 PU]**

3B. दुई वर्ष अगाडि किनिएको एउटा मेशिनको मूल्य 10% प्रतिवर्षका दरले ह्रास हुन्छ । यदि यसको वर्तमान मूल्य रु. 64800 भए उक्त मेशिन कति मूल्यमा किनिएको थियो ? पत्ता लगाउनुहोस् ।
The value of a machine bought 2 years ago depreciates 10% per annum. If its present value is Rs 64800, at what price was it bought? Find it. **[2070 B]**

3C. प्रतिवर्ष 10% का दरले मूल्य ह्रास हुँदा एउटा मोटर साइकलको मूल्य 3 वर्षपछि रु. 92583 हुन्छ भने सो मोटर साइकलको सुरुको मूल्य पत्ता लगाउनुहोस् ।
If the cost is depreciated at the rate of 10% per annum, the cost of a motorcycle after 3 years becomes Rs 92583. Calculate the initial price of the motorcycle. **[2063 D1, 2067 B]**

3D. एउटा विद्युतीय सामग्री उत्पादन उद्योगले आफ्नो बजार खस्कँदै गएका कारण प्रतिवर्ष 10% कामदार कटौती गर्दै लैजाने घोषणा गऱ्यो । त्यसै बमोजिम अहिले उक्त उद्योगमा जम्मा 40,000 कामदार कार्यरत छन् भने 3 वर्षअघि उक्त उद्योगमा कति कामदार कार्यरत थिए ? पत्ता लगाउनुहोस् ।
The electronic items production industry declared that to cut off its 10% workers every year due to the decreasing status of market. There are 40000 workers recently working in the company accordingly. How many workers were there in the industry before 3 years ? Find it.

4A. वार्षिक 5% का दरले 2 वर्ष लगातार अमेरिकी डलरको अवमूल्यन पछि अहिले अमेरिकी डलर ($) 1 = रु. 100 छ भने 2 वर्ष अगाडि अमेरिकी डलर ($)1 बराबर ने.रु. कति थियो होला ? पत्ता लगाउनुहोस् ।
After the continued devaluation of US dollar for 2 years at 5% per year, US dollar ($) 1 = Rs 100 at present, what was the US dollar ($)1 is equal to NRs before 2 years? Find it. **[SEE 2073 MP]**

4B. वार्षिक 5% का दरले 2 वर्ष लगातार यूरोको अवमूल्यनपछि यूरो (€) 1 = ने.रु. 108.30 भएछ भने 2 वर्ष अगाडि यूरो (€) 1 बराबर कति ने. रु. थियो होला ?
After the continued devaluation of Euro for 2 years at 5% per year, the present exchange rate is €1 = Rs 108.30. What was the exchange rate before 2 years ?

4C. वार्षिक 10% का दरले 2 वर्ष लगातार अष्ट्रेलियन डलरको अवमूल्यनपछि अष्ट्रेलियन डलर 1 = ने.रु. 72.90 भएछ भने 2 वर्ष अगाडि अष्ट्रेलियन डलर 1 बराबर कति ने. रु. थियो होला ?
After the continued devaluation of Australian dollar for 2 years at 10% per year, the present exchange rate is 1 Australian dollar = Rs 72.90. What was the exchange rate before 2 years ?

4D. औषधी प्रयोगका कारणले प्रतिदिन 20% ले घटिरहेको ब्याक्टेरियाको सङ्ख्या तीन दिनपछि जम्मा 2.56×10^7 भएछ भने 3 दिन अगाडि उक्त ब्याक्टेरियाको सङ्ख्या कति थियो होला ?
Due to the use of medicines, the number of bacteria is decreasing at the rate of 20% per day so that the number of bacteria after 3 days is 2.56×10^7, what was the number of bacteria before 3 days ?

4E. औषधी प्रयोगका कारणले प्रतिदिन 10% ले घटिरहेको ब्याक्टेरियाको सङ्ख्या तीन दिनपछि जम्मा 5.832×10^7 भएछ भने 3 दिन अगाडि उक्त ब्याक्टेरियाको सङ्ख्या कति थियो होला ?
Due to the use of medicines, the number of bacteria is decreasing at the rate of 10% per day so that the number of bacteria after 3 days is 5.832×10^7, what was the number of bacteria before 3 days ?

Model 3 *Problems based on finding the amount of depreciation.*

5A. रु. 6000 पर्ने एउटा मोबाइलको मूल्यमा 2 वर्षसम्मको प्रतिवर्ष 30% को दरले मूल्य ह्रासकट्टा हुन्छ भने ह्रासकट्टा रकम कति होला ?
A mobile costing Rs 6000 is depreciated in 2 years at the rate of 30% per annum. What is the amount of depreciation? **[SEE 2073 SP]**

5B. एउटा सामुदायिक जङ्गलमा लगभग 20,000 ठूला रुखहरू थिए । उर्जा सङ्कटका कारण वार्षिक रूपमा उपभोक्ताहरूले इन्धनका लागि 8% रुखहरू काट्ने गरेका भए 2 वर्षसम्म जम्मा कति ओटा रुख काटिएलान् ?
In a community Jungle, there are 20000 tall trees. Due to energy scarcity, the consumers use to cut 8% trees, how many trees are cut in 2 years ?

5C. एउटा कम्पनीले 3 वर्ष अगाडि रु. 2,80,000 मा 5 रोपनी जग्गा खरिद गऱ्यो । देशको राजनीतिक तरलताको स्थितिले गर्दा उक्त जग्गाको मूल्य घट्न गयो । यदि उक्त जग्गाको मूल्य 5% प्रतिवर्ष मिश्रह्रास दरमा घट्दै गएको भए सो जग्गाको मूल्य कतिले ह्रास भयो होला ?
3 years ago, a company bought 5 ropani of land at Rs 2,80,000. Due to the political instability in the country, the price of the land is depreciated. If the price of the land is depreciated at 5% p.a., what amount of the price is depreciated ?

5D. एउटा मेसिनको हालको मूल्य रु.50000 छ । प्रतिवर्ष 8% का दरले मूल्य ह्रास हुँदा 2 वर्षपछि हुने चक्रीय ह्रास रकम पत्ता लगाउनुहोस् ।
The present price of a machine is Rs 50000 and is depreciated at 8% p.a. Find the compound depreciation after 2 years.

www.drmathnp.com

puspas.com.np

Model 4 *Problems based on finding the rate of price depreciation.*

6A. एक जना मानिसले एउटा मोबाइल रु. 44,100 मा खरिद गरी 2 वर्ष प्रयोग पश्चात् रु. 40,000 मा बेच्दा हुने मिश्रित ह्रासदर पत्ता लगाउनुहोस् ।
A man bought a mobile for Rs 44,100 and sold it for Rs 40,000 after using for 2 years. Find the rate of compound depreciation. **[2072 E]**

6B. एउटा सामानको मूल्य दुई वर्षमा रु. 1600 बाट घटेर रु. 1024 कायम भएछ । ह्रासदर पत्ता लगाउनुहोस् । **[2070 A]**
The value of an article is depreciated from Rs 1600 to Rs 1024 in two years. Find the rate of depreciation.

6C. एउटा सामानको मूल्य दुई वर्षमा रु. 18000 बाट घटेर रु. 14580 कायम भएछ । ह्रासदर पत्ता लगाउनुहोस् । **[2063A1,2069 D]**
The value of an article depreciated from Rs 18000 to Rs 14580 in two years. Find the rate of depreciation.

6D. रु. 6000 पर्ने रेडियोको प्रतिवर्ष मूल्यह्रास कट्टा गर्दा 2 वर्षपछि रेडियोको मूल्य रु. 5415 भयो । ह्रासदर पत्ता लगाउनुहोस् ।
A radio costing Rs 6000 is depreciated per year and 2 years later, its price becomes Rs 5415. Find the rate of depreciation. **[2065 B]**

7A. एउटा सामानको मूल्य रु. 36,000 छ । यदि यो मूल्य 2 वर्षमा रु. 6840 ले ह्रास हुन्छ भने ह्रास दर पत्ता लगाउनुहोस् ।
The value of an article is Rs 36,000. If it is depreciated by Rs 6840 in 2 years, find the rate of depreciation. **[2072 MW]**

7B. एउटा कम्प्युटर रु. 40000 मा किनिएको थियो । यसको मूल्य 2 वर्षमा रु. 7600 मूल्य ह्रास भयो भने ह्रासदर पत्ता लगाउनुहोस् ।
A computer was bought for Rs 40000. Its value is reduced by Rs 7600 in 2 years, find the rate of depreciation.

8A. एउटा मोटरसाइकलको मूल्य वि.सं 2070 मा रु. 250,000 थियो र वि.सं. 2072 मा रु. 160,000 छ भने वार्षिक मिश्रह्रास दर पत्ता लगाउनुहोस् ।
The price of a motorcycle was Rs 250,000 in 2070 B.S. and in 2072 B.S., it is Rs 1,60,000. Find the annual rate of compound depreciation. **[2072 FW]**

8B. एक तोला सुनको मूल्य वि.सं 2071 मा रु. 60,000 थियो र वि.सं. 2073 मा रु. 54,150 छ भने वार्षिक मिश्रह्रास दर पत्ता लगाउनुहोस् ।
The price of one *tola* gold was Rs 60,000 in 2071 B.S. and in 2073 B.S., it is Rs 54,150. Find the annual rate of compound depreciation.

Model 5 *Problems based on finding the the time Interval.*

9A. एउटा टेलिभिजनको हालको मूल्य रु. 40,000 छ । यदि यसको मूल्य प्रतिवर्ष 10% ले घट्दै जान्छ भने कति वर्ष पछि यसको मूल्य रु. 29,160 हुन्छ ? पत्ता लगाउनुहोस् ।
The present price of a Television is Rs 40,000. If its price reduces every year by 10%, after how many years it's price will be Rs 29,160? Find it. **[SEE 2075 AP]**

9B. एउटा कारको हालको मूल्य रु. 10,00,000 छ । यदि यसको मूल्य प्रतिवर्ष 10% ले घट्दै जान्छ भने कति वर्ष पछि यसको मूल्य रु. 7,29,000 हुन्छ ? पत्ता लगाउनुहोस् ।
The recent price of a Car is Rs 10,00,000. If its price reduces by 10% yearly, after how many years it's price will be Rs 7,29,000? Find it. **[SEE 2075 BP]**

9C. एउटा कारको हालको मूल्य रु. 20,00,000 छ । यदि यसको मूल्य प्रतिवर्ष 10% ले घट्दै जान्छ भने कति वर्ष पछि यसको मूल्य रु. 14,58,000 हुन्छ ? पत्ता लगाउनुहोस् ।
The present price of a Car is Rs 20,00,000. If its price reduces by 10% annually, after how many years it's price will be Rs 14,58,000? Find it. **[SEE 2075 CP]**

9D. एउटा टेलिभिजनको हालको मूल्य रु. 35,000 पर्दछ । यदि यसको मूल्य प्रतिवर्ष 10% ले घट्दै जान्छ भने कति वर्ष पछि यसको मूल्य रु. 25,515 हुन्छ ? पत्ता लगाउनुहोस् ।
The present price of a Television is Rs 35,000. After how many years the price will be Rs 25,515 if its price reduces by 10% per annum? **[SEE 2075 DP]**

9E. एउटा कारको हालको मूल्य रु. 8,00,000 पर्दछ । यदि यसको मूल्य प्रतिवर्ष 10% ले घट्दै जान्छ भने कति वर्ष पछि यसको मूल्य रु. 5,83,200 हुन्छ ? पत्ता लगाउनुहोस् ।
The present price of a Car is Rs 8,00,000. If its price decreases by 10% yearly, after how many years it's price will be Rs 5,83,200? Find it. **[SEE 2075 EP]**

9F. एउटा बसको हालको मूल्य रु. 40,00,000 पर्दछ । यदि यसको मूल्य प्रतिवर्ष 10% ले घट्दै जान्छ भने कति वर्ष पछि यसको मूल्य रु. 29,16,000 हुन्छ ? पत्ता लगाउनुहोस् ।
The present price of a bus is Rs 40,00,000. After how many years the price will be Rs 29,16,000 if its price reduces 10% per annum? Find it. **[SEE 2075 FP]**

9G. एउटा घरको हालको मूल्य रु. 20,00,000 पर्दछ । यदि यसको मूल्य प्रतिवर्ष 10% ले घट्दै जान्छ भने कति वर्ष पछि यसको मूल्य रु. 14,58,000 हुन्छ ? पत्ता लगाउनुहोस् ।
The present price of a house is Rs 20,00,000. After how many years the price will be Rs 14,58,000 if its price reduces by 10% per annum? Find it. **[SEE 2075 GP]**

www.drmathnp.com

pustpas.com.np

9H. एउटा सामानको मूल्य रु. 30,000 छ । यदि प्रति वर्ष 3% ह्रास दरले मूल्य ह्रास हुन्छ भने कति वर्षमा सो सामानको मूल्य रु. 28,227 हुन्छ होला ? पत्ता लगाउनुहोस् ।
The value of an article is Rs 30,000. If the value is depreciated by the rate of depreciation 3% per year, in how many years its value will be Rs 28,227? Find it. **[SEE 2074 S - OC]**

10A. एउटा मोटरसाइकलको हालको मूल्य रु. 2,25,000 छ । यदि सो मूल्यमा प्रतिवर्ष 8% का दरले वार्षिक ह्रास हुन्छ भने, कति वर्षपछि मोटरसाइकलको मूल्य रु. 1,75,204.80 होला ? पत्ता लगाउनुहोस् ।
The present price of a motorcycle is Rs 2,25,000. If its price is depreciated per year by 8%, after how many years will the price of the motorcycle be Rs 1,75,204.80? Find it. **[SEE 2074 M2]**

10B. एउटा कारखाना केही वर्ष अगाडि रु. 400000 मा किनिएको थियो र अहिले यसको मूल्य रु. 196000 छ । यदि सो कारखानाको मूल्य प्रतिवर्ष 30% को दरले ह्रास भएको थियो भने सो कारखाना कहिले किनिएको थियो होला ?
A factory was bought for Rs 400000 some years ago and now its value is Rs 196000. If the value of the factory is depreciated at 30% p.a., when was the factory bought ? **[2063 S]**

10C. एउटा कारखाना केही वर्ष अगाडि रु. 300000 मा किनिएको थियो र अहिले यसको मूल्य रु. 243000 छ । यदि सो कारखानाको मूल्य प्रतिवर्ष 10% को दरले ह्रास भएको थियो भने सो कारखाना कहिले किनिएको थियो होला ?
A factory was bought for Rs 300000 some years ago and now its value is Rs 243000. If the value of the factory is depreciated at 10% p.a., when was the factory bought ? **[Purposed Model]**

11A. रु. 204800 तिरेर बनाइएको एउटा घरको मूल्य वार्षिक 12.5% का दरले ह्रास हुन्छ । कहिले सो घरको मूल्य रु. 156800 थियो होला ?
The value of a house constructed at a cost of Rs 204800 is depreciating at the rate of 12.5% per annum. When will the value be Rs 156800 ?

11B. रु. 50000 तिरेर किनिएको एउटा कम्प्युटरको मूल्य वार्षिक 10% का दरले ह्रास हुन्छ । कहिले सो कम्प्युटरको मूल्य रु. 40500 पुग्ला ?
The value of a computer bought for Rs 50000 is depreciating at the rate of 10% per annum. When will the value be Rs 40500 ?

C. LONG QUESTIONS [FOR GROUP 'C' OR 'D' IN SEE]

Model 1 *Problems based on finding the rate of price depreciation.*

1A. एक जना मानिसले रु. 44100 तिरेर किनेको एउटा कम्प्युटर 2 वर्षको प्रयोगपछि रु. 40000 मा बिक्री गऱ्यो भने उक्त कम्प्युटरको मिश्रह्रासदर पत्ता लगाउनुहोस् ।
A man bought a computer for Rs 44100 and after using it for 2 years, he sold it for Rs 40000. Find the rate of compound depreciation of the computer. **[2061 E1]**

1B. एक जना मानिसले रु. 96100 तिरेर किनेको एउटा मोटरसाइकल 2 वर्षको प्रयोगपछि रु. 90000 मा बिक्री गऱ्यो भने उक्त मोटरसाइकलको मिश्रह्रासदर पत्ता लगाउनुहोस् ।
A man bought a motorcycle for Rs 96100 and after using it for 2 years, he sold it for Rs 90000. Find the rate of compound depreciation of the motorcycle. **[2061 E2]**

Model 2 *Problems based on price depreciation and profit and loss.*

2A. फुर्बाले रु. 7,20,000 मा एउटा ट्याक्टर किने । उनले 3 वर्षमा रु. 2,20,000 आम्दानी गरे र 3 वर्षपछि 10% प्रतिवर्ष मिश्रह्रास दरले मूल्य निर्धारण गरी बिक्री गरे भने उनलाई कति नाफा वा नोक्सान भयो होला ? पत्ता लगाउनुहोस् ।
Furba bought a tractor at Rs 720000. He earned Rs 220000 in 3 years from this and sold it at a price which is depreciated rate of 10% p.a. What is his profit or loss ? Find it.

2B. सुमनले रु. 8,00,000 मा एउटा ट्याक्सी किने । उनले 3 वर्षमा रु. 2,50,000 आम्दानी गरे र 3 वर्षपछि 10% प्रतिवर्ष मिश्रह्रास दरले मूल्य निर्धारण गरी बिक्री गरे भने उनलाई कति नाफा वा नोक्सान भयो होला ? पत्ता लगाउनुहोस् ।
Suman bought a taxi at Rs 8,00,000. He earned Rs 250000 in 3 years from this and sold it at a price which is depreciated rate of 10% p.a. What is his profit or loss ? Find it.

2C. रु. 4 करोडमा स्थापना भएको एउटा कारखानाले 3 वर्षमा रु. 75 लाख नाफा कमायो । तर सो कारखानाको मूल्यमा भने 2.5% ह्रास आयो र यो बेचियो । सो अवधिमा नाफा वा घाटा के भयो, पत्ता लगाउनुहोस् ।
A factory which was established at the investment of Rs 4 crore, earns Rs 75 lakhs as a profit in 3 years. But its cost was depreciated by 2.5% p.a. for the period and it was sold. Find its loss or gain in the whole duration.

2D. रु. 12000000 खर्च गरी एउटा कम्पनी सुरु गरियो । स्थापना देखिको 3 वर्षमा कम्पनीले रु. 7500000 नाफा कमायो र कम्पनीको मूल्य वार्षिक 3% का दरले ह्रास भयो भने कम्पनीलाई के कति नाफा वा नोक्सान भयो होला ?
A company was established on Rs 12000000. It earned Rs 7500000 profit during 3 years and its value is depreciated at the rate of 3% per annum. What is the profit or loss of the company?

2E. रु. 3 लाखको लगानीमा 2 वर्ष अगाडि एउटा कुखुरा पालन व्यावसाय सुरु गरियो र यो अवधिमा जम्मा मुनाफा रु. 1 लाख 50 हजार भयो । बर्डफ्लुको कारण सो व्यावसायको मूल्यमा 10% ले ह्रास आयो र यो फर्म बेचियो भने सो अवधिमा भएको जम्मा नाफा वा नोक्सान पत्ता लगाउनुहोस् ।
A poultry farm was established 2 years ago at the investment of Rs 3 lakhs and in this time, the owner gained Rs 1 lakh 50 thousand. Due to bird flu disease, its cost was depreciated at the rate of 10% and was sold. Find the total gain or loss for the owner during the period.

www.drmathnp.com

puspas.com.np

Model 3 *Problems based on price depreciation when different rates are given.*

3A. एउटा मेसिनको हालको मूल्य रु. 5,00,000 छ । यदि उक्त मेसिनको मूल्य पहिलो वर्ष 15% र त्यसपछिका वर्षहरूमा क्रमशः 10% र 5% ले ह्रास हुँदै जान्छ भने 3 वर्षपछि उक्त मेसिनको मूल्य कति होला ?
The present price of a machine is Rs 500000. If the price of the machine depreciates first year by 15% and then 10% and 5% respectively in following years, what will be the price of the machine after 3 years ?

3B. एउटा मेसिनको हालको मूल्य रु. 8,00,000 छ । यदि उक्त मेसिनको मूल्य पहिलो वर्ष 10% र त्यसपछिका वर्षहरूमा क्रमशः 8 % र 5% ले ह्रास हुँदै जान्छ भने 3 वर्षपछि उक्त मेसिनको मूल्य कति होला ?
The present price of a machine is Rs 800000. If the price of the machine depreciates first year by 10% and then 8% and 5% respectively in following years, what will be the price of the machine after 3 years ?

Model 4 *Problems based on growth and depreciation.*

4A. 2013 को सुरुमा एउटा टेलिभिजनको मूल्य रु. 17,000 राखिएको थियो । 2014 को सुरुमा सो मूल्य 5% ले बढ्यो । बजारमा सोको मागमा कमी आई 2015 को सुरुमा 4% ले मूल्य घटाइयो भने 2015 मा सो टेलिभिजनको मूल्य कति थियो होला ?
The cost of a TV was quoted Rs 17,000 at the beginning of the year 2013. The price was hiked by 5% in the beginning of 2014. Because of decrease in demand in the beginning of 2014, the cost was reduced by 4% in the beginning of 2015. What was the cost of the TV in 2015 ?

4B. 2013 को सुरुमा एउटा ल्यापटपको मूल्य रु. 50,000 राखिएको थियो । 2014 को सुरुमा सो मूल्य 5% ले बढ्यो । बजारमा सोको मागमा कमी आई 2015 को सुरुमा 4% ले मूल्य घटाइयो भने 2015 मा सो ल्यापटपको मूल्य कति थियो होला ?
The cost of a laptop was quoted Rs 50,000 at the beginning of the year 2013. The price was hiked by 5% in the beginning of 2014. Because of decrease in demand in the beginning of 2014, the cost was reduced by 4% in the beginning of 2015. What was the cost of the laptop in 2015 ?

4C. रु. 50,00,000 को एउटा घर रु. 60,00,000 पर्ने एउटा जग्गामा बनाइएको छ । यदि घरको मूल्य प्रतिवर्ष 10% को दरले घट्छ र जग्गाको मूल्य प्रतिवर्ष 10% को दरले बढ्छ भने 3 वर्षपछि घरसहितको जग्गाको मूल्य कति होला ?
A building worth Rs 50,00,000 is constructed on a plot of land worth Rs 60,00,000. If the price of the house depreciates at the rate of 10% and the price of the land increases at the rate of 10% p.a, what will be the combined price of the house with land after 3 years ?

4D. रु. 40,00,000 को एउटा घर रु. 50,00,000 पर्ने एउटा जग्गामा बनाइएको छ । यदि घरको मूल्य प्रतिवर्ष 8% को दरले घट्छ र जग्गाको मूल्य प्रतिवर्ष 10% को दरले बढ्छ भने 3 वर्षपछि घरसहितको जग्गाको मूल्य कति होला ?
A building worth Rs 40,00,000 is constructed on a plot of land worth Rs 50,00,000. If the price of the house depreciates at the rate of 8% and the price of the land increases at the rate of 10% p.a, what will be the combined price of the house with land after 3 years ?

4E. रु. 30,00,000 को एउटा घर रु. 40,00,000 पर्ने एउटा जग्गामा बनाइएको छ । यदि घरको मूल्य प्रतिवर्ष 10% को दरले घट्छ र जग्गाको मूल्य प्रतिवर्ष 10% को दरले बढ्छ भने 3 वर्षपछि घरसहितको जग्गाको मूल्यमा कति नाफा होला ?
A building worth Rs 30,00,000 is constructed on a plot of land worth Rs 40,00,000. If the price of the house depreciates at the rate of 10% and the price of the land increases at the rate of 10% p.a, what will be the profit on the combined price of the house with land after 3 years ?

4F. रु. 45,00,000 को एउटा घर रु. 55,00,000 पर्ने एउटा जग्गामा बनाइएको छ । यदि घरको मूल्य प्रतिवर्ष 8% को दरले घट्छ र जग्गाको मूल्य प्रतिवर्ष 10% को दरले बढ्छ भने 3 वर्षपछि घरसहितको जग्गाको मूल्यमा कति नाफा होला ?
A building worth Rs 45,00,000 is constructed on a plot of land worth Rs 55,00,000. If the price of the house depreciates at the rate of 8% and the price of the land increases at the rate of 10% p.a, what will be the profit on the combined price of the house with land after 3 years ?

ANSWERS

A. VERY SHORT QUESTIONS

1. & 2. Show to yout teacher. **3A.** Rs 900 **3B.** Rs 38250 **3C.** Rs 80750 **3D.** Rs 2160
4A. Rs 350 **4B.** Rs 350 **4C.** Rs 9375 **5A.** Rs 60000 **5B.** Rs 85,000 **6A.** 5%
6B. 10% **6C.** 15% **6D.** 20% **6E.** 10%

B. SHORT QUESTIONS

1A. Rs 12138 **1B.** Rs 8381 **1C.** Rs 32400 **1D.** Rs 324000 **1E.** Rs 9720 **2A.** Rs 22562.50
2B. Rs 473850 **3A.** Rs 300000 **3B.** Rs 80,000 **3C.** Rs 127000 **3D.** 54870 **4A.** Rs 110.80
4B. Rs 120 **4C.** Rs 90 **4D.** 5×10^7 **4E.** 8×10^7 **5A.** Rs 3060 **5B.** 3072
5C. Rs 39,935 **5D.** Rs 7680 **6A.** $4\frac{16}{21}\%$ or 4.76% **6B.** 20% **6C.** 10% **6D.** 5%
7A. R = 10% **7B.** 10% **8A.** 20% **8B.** 5% **9.** Answer (A to G) : 3 years
9H. 2 years **10A.** 3 years **10B.** 2 years ago **10C.** 2 years ago **11A.** 2 years later **11B.** 2 years later

C. LONG QUESTIONS

1A. $4\frac{16}{21}\%$ **1B.** $3\frac{7}{31}\%$ **2A.** Rs 24880 **2B.** Rs 33,200 **2C.** Rs 4574375, P **2D.** Rs 6452076,P
2E. Rs 93000, P **3A.** Rs 363375 **3B.** Rs 629280 **4A.** Rs 17,136 **4B.** Rs 50,400 **4C.** Rs 1,16,31000
4D. Rs 97,69,752 **4E.** Rs 5,11,000 **4F.** Rs 8,24,596

www.drmathnp.com

puspas.com.np

GENERAL EXERCISE 4B

LONG QUESTIONS [FOR GROUP 'C' OR 'D' IN SEE]

Model 1 *Problems based on finding the time period.*

1A. केही वर्ष पहिले रु. 400000 मा किनेको छापाखाना राम्ररी सञ्चालन हुन नसक्दा वर्षेनी 30% मूल्यमा ह्रास आई हालको मूल्य रु. 137200 मात्र छ । उक्त छापाखाना कति समय पहिले किनिएको रहेछ ?
A press machine was bought for Rs 400000 some years ago. As it was unable to continue properly was depreciated at 30% annually and its present value is Rs 137200. At what time was it bought ?

1B. एउटा घरको हालको मूल्य रु. 204800 छ । यो मूल्य वार्षिक 12.5% का दरले चक्रीय ह्रास हुन्छ । कहिले सो घरको मूल्य रु. 137200 पुग्ला ? (The value of a house is Rs 204800. It depreciates at 12.5% compounded annually. When will the value be Rs 137200 ?)

Model 2 *Problems based on finding the number of bought shares.*

2A. एउटा फाइनान्स कम्पनीको सेयरको मूल्यमा लगातार 2 वर्षसम्म वार्षिक 10% मिश्रह्रासका दरले कमी आएपछि सो सेयर बिक्री गर्दा रु. 2430 प्राप्त भयो भने रु. 100 मूल्यका कति सेयर बिक्री गरिएका रहेछन् ?
A finance company's share price depreciates at 10% p.a. for 2 years. If Rs 2430 was received by selling the shares, how many shares of Rs 100 were sold ?

2B. एउटा फाइनान्स कम्पनीको सेयरको मूल्यमा लगातार 3 वर्षसम्म 10% मिश्रह्रासका दरले कमी आएपछि कोपिलाले केही सेयर रु. 2,18,700 मा बिक्री गरिन् भने उनले रु. 100 दरका कति ओटा सेयरहरू बिक्री गरिन् ? पत्ता लगाउनुहोस् ।
The share value of a finance company depreciates by 10% continually until 3 years so that Kopila sold some shares at Rs 2,18,700. How many shares of Rs 100 were sold by her ? Find it.

2C. एउटा निजी विद्यालयको सेयरको मूल्यमा लगातार 3 वर्षसम्म वार्षिक 10% मिश्रह्रासका दरले कमी आएपछि सो सेयर बिक्री गर्दा रु. 3645 प्राप्त भयो भने रु. 100 मूल्यका कति सेयर बिक्री गरिएका रहेछन् ?
A private school's share price depreciates at 10% p.a. for 3 years. If Rs 3645 was received by selling the shares, how many shares of Rs 100 were sold ?

Model 3 *On finding the price after T years when the different rates of depreciation are given.*

3A. रु. 100000 मा किनेको एउटा मेसिनरी सामान पहिलो 2 वर्षमा 10% र पछिल्लो 1 वर्षमा 5% का दरले मूल्यह्रास हुँदा 3 वर्षमा यसको मूल्य कति कायम होला ? (A machinery goods bought for Rs 100000 depreciates by 10% in first 2 years and then by 5% in next 1 year. What will be its price after 3 years ?)

3B. एउटा नयाँ पजेरोलाई 3600000 पर्छ । यसको मूल्य पहिलो 2 वर्ष प्रतिवर्ष 10% को दरले ह्रास हुन्छ र त्यसपछि प्रतिवर्ष 20% को दरले ह्रास हुन्छ । सो पजेरोको 3 वर्षपछिको मूल्य कति होला ?
A new Pajero costs Rs 3600000. Its price depreciates at the rate of 10% a year during the first two years and at the rate of 20% a year thereafter. What will be the price of the Pajero after 3 years ?

Model 4 *Miscellaneous Problems based on Price Depreciation.*

4A. 3 वर्षअघि एउटा मानिसले 2 रोपनी जग्गा रु. 1250000 मा किन्यो तर जग्गाको मूल्यमा ह्रास आई अहिले जम्मा रु. 320000 प्रति रोपनीमा बिक्री गऱ्यो भने ह्रास दर र यहि क्रममा घटेमा आगामी एक वर्षपछि हुने मूल्य निकाल्नुहोस् ।
3 years ago, a man bought a piece of 2 ropanies land at Rs 1250000. Due to depreciation, it was sold at Rs 320000 per ropani only. Find the rate of depreciation and also its price for next year with the same rate of depreciation.

4B. 3 वर्ष पहिले रु. 1250000 मा किनेको 4 रोपनी जग्गा अहिले बिक्री गर्दा प्रति रोपनी रु. 227812.50 मात्र प्राप्त गर्न सकिन्छ भने 1 वर्षपछि उक्त 4 रोपनी जग्गाको कति रकम प्राप्त गर्न सकिन्छ ?
4 Ropanies of land was bought for Rs 1250000 before 3 years. If one ropani of land be sold for Rs 227812.50 at present, what amount of money of 4 ropanies can be obtained after 1 year at the same rate?

4C. एउटा कम्पनीले 3 वर्ष अगाडि रु. 2,80,000 मा 5 रोपनी जग्गा खरिद गऱ्यो । देशको राजनीतिक तरलताको स्थितिले गर्दा उक्त जग्गाको मूल्य घट्न गयो । यदि उक्त जग्गाको मूल्य 5% प्रतिवर्ष मिश्रह्रास दरमा घट्दै गएको भए अहिले प्रतिरोपनी सो जग्गाको मूल्यमा कति रकम घट्छ होला ? (3 years ago, a company bought 5 ropani of land at Rs 280000. Due to the political instability of the country, the price of the land is depreciated. If the price of the land is depreciated at 5% p.a., what amount is depreciated in the price of the land per ropani ?)

4D. 3 वर्षअघि एउटा मानिसले 2 रोपनी जग्गा रु. 20,00,000 मा किन्यो तर जग्गाको मूल्यमा ह्रास आई अहिले जम्मा रु. 6,65,500 प्रति रोपनीमा बिक्री गऱ्यो भने ह्रास दर र यहि क्रममा घटेमा आगामी एक वर्षपछि हुने मूल्य निकाल्नुहोस् ।
3 years ago, a man bought a piece of 2 ropanies land at Rs 20,00,000. Due to depreciation, it was sold at Rs 6,65,500 per ropani only. Find the rate of depreciation & also its price for next year with the same rate.

4E. रु. 4000000 मा किनेको घरको मूल्य पहिलो 2 वर्षमा 5% र पछिल्लो 1 वर्षमा 10% का दरले मूल्यमा ह्रास हुँदा 3 वर्षमा यसको मूल्य कति कायम होला ? (A house bought for Rs 4000000 depreciates by 5% in first 2 years and then by 10% in next 1 year. What will be its value after 3 years?)

www.drmathnp.com

4F. एउटा कारको मूल्य रु. 1400000 पर्छ । यसको मूल्य पहिलो 2 वर्षमा वार्षिक 10% का दरले र पछिलो 2 वर्षमा 15% वार्षिक दरले ह्रास हुन्छ भने उक्त कारको 4 वर्षपछिको मूल्य कति हुन्छ ?
A car costs Rs 1400000. Its value depreciates at the rate of 10% per year during first 2 years and at the rate of 15% in next two years. What will be the price of the car after 4 years?

ANSWERS

LONG QUESTIONS

1A. 3 years ago **1B.** 3 years later **2A.** 30 **2B.** 3000 **2C.** 50 **3A.** Rs 76950
3B. Rs 2332800 **4A.** 20%, Rs 256000 **4B.** Rs 820125 **4C.** Rs 7987 **4D** 10%, Rs 14,64,100
4E Rs 3249000 **4F.** Rs 819315

ASSIGNMENT ON ARITHMETIC

Time : 40 Minutes FM = 24

GROUP A 3 × 1 = 3

1. एउटा पेनड्राइभको मूल्य रु. 200 छ । यदि भ्याट रकम रु. 20 भए भ्याटको दर पत्ता लगाउनुहोस् ।
The price of a flash drive is Rs 200. If amount of VAT is Rs 20 then find the rate of VAT.

2 यदि £1 = रु.155.63 भए पाउन्ड स्टर्लिङ £400 लाई नेपाली रुपैयाँमा रुपान्तरण गर्नुहोस् ।
If £1 = Rs 155.63 then convert pound sterling (£) 400 into Nepali Rupees.

3. कुनै धन P को पहिलो, दोस्रो र तेस्रो वर्षका ब्याजदरहरू क्रमशः $a\%$, $b\%$ र $c\%$ अनुसार चक्रीय मिश्रधन A हुन्छ भने P पत्ता लगाउने सूत्र लेख्नुहोस् ।
If A is the compound amount of a sum P at the different rates $a\%$, $b\%$ and $c\%$ in the first, second and third years respectively then write the formula to calculate P.

GROUP B 4 × 2 = 8

4. रु. 15,000 मा 15% भ्याट जोड्दा आउने मूल्य रु. 1,500 को कति गुणा हुन्छ ?
How many times of Rs 1,500 is the value including 15% VAT on Rs 15,000 ?

5. पढ्नको लागि अमेरिका जाने एक जना विद्यार्थीलाई $2500 चाहिन्छ । यदि $1 = रु. 100 र बैंकले सोको 2% कमिसन लिने भए उसलाई कति नेपाली रुपैयाँ चाहिएला ?
A student going to America for study needs $2500. How much Nepali rupees does he need if $1 = Rs 100 and the bank charges 2% commission?

6. एउटा शहरको हालको जनसङ्ख्या 100000 छ । यदि जन्मको कारणले 2% र अन्यत्रबाट बसाइँसराइ गरी यहाँ आएको कारणले 8% को दरले जनसङ्ख्या वृद्धि हुँदा 2 वर्षपछि उक्त शहरको जनसङ्ख्या पत्ता लगाउनुहोस् ।
The present population of a town is 100000. If the population increases 2% by birth and 8% by migration, find the population of the town after 2 years.

7. एउटा कम्प्युटरको मूल्य रु. 42000 पर्छ । प्रतिवर्ष 10% ले मूल्य ह्रास हुँदा दुई वर्षपछि यसको मूल्य पत्ता लगाउनुहोस् ।
A computer costs Rs 42000. If its value depreciates by 10% per year, find the value after two years.

GROUP C 2 × 4 = 8

8. एउटा सामानको अङ्कित मूल्य रु. 10000 छ । यदि छुटको दर र भ्याटको दर बराबर र भ्याटसहितको मूल्य रु. 9900 भए भ्याटको दर पत्ता लगाउनुहोस् ।
The marked price of an article is Rs 10000. If the discount rate and VAT rate are equal and the price with VAT is Rs 9900, find the VAT rate.

9. रु. 800000 को वार्षिक 8% ब्याजदरले 18 महिनामा हुने वार्षिकी चक्रीय ब्याज र अर्धवार्षिकी चक्रीय ब्याजको फरक निकाल्नुहोस् ।
Calculate the difference between yearly compound interest and half yearly compound interest of Rs 800000 for 18 months at the rate of interest 8% per annum.

GROUP D 1 × 5 = 5

10. कुनै रकमको वार्षिक चक्रीय ब्याज अनुसार एक वर्ष र दुई वर्षको चक्रीय ब्याज क्रमशः रु.5400 र रु.11448 हुन्छ भने चक्रीय ब्याजदर र मुलधन निकाल्नुहोस् । साथै 3 वर्षको चक्रीय ब्याज पनि पत्ता लगाउनुहोस् ।
The yearly compound interest on a sum of money in 1 and 2 years are Rs 5400 and Rs 11448 respectively. Calculate the rate of compound interest and the principal. Also, find the compound interest of 3 years.

How well did you do?

0	1-3	3-6	6-9	9-12	12-15	15-18	18-21	21-24
N	E	D	C	C^+	B	B^+	A	A^+

ANSWERS

1. to 3. Show to your teacher. **4.** 11.5 **5.** Rs 255000 **6.** 121000 **7.** Rs 34020
8. 10% **9.** Rs 1331.20 **10.** 12%, Rs 45000, Rs 18221.76

www.drmathnp.com

puspas.com.np

CHALLENGING EXERCISE ON ARITHMETIC

A. कर तथा मुद्रा विनिमय (TAXATION AND MONEY EXCHANGE)

यदि दुईजना व्यक्तिहरूको हालको उमेर x वर्ष र y वर्ष भए (If the present ages of two persons are x years and y years),

- 'a' वर्ष पछिको उमेर क्रमशः (x + a) वर्ष र (y + a) वर्ष हुन्छ ।
  Ages after /later/hence 'a' years will be (x + a) years and (y + a) years.
- 'a' वर्षको अघिको उमेर क्रमशः (x – a) वर्ष र (y – a) वर्ष हुन्छ ।
  Ages before/earlier/ago 'a' years were (x – a) years and (y – a) years.

5. वर्ग समीकरण (Quadratic Equation)

- एउटा वर्ग समीकरण $ax^2 + bx + c = 0$ मा (In a quadratic equation $ax^2 + bx + c = 0$): $x = \frac{-b \pm \sqrt{b^2 - 4ac}}{2a}$

12.1 युगपत रेखीय समीकरण (Simultaneous Linear Equation)

SEE / SLC REVIEW MESSAGE

[2 + 2 + 5 = 9]*Models* ↔ *5 Periods*

B. SHORT QUESTIONS

Models	SEE Examination History (2065 to 2075)	n(Q)
Model 1	SEE 2063S, 2065 C, 2065 E, 2067 A, 2068 A, D, 2071 B, 2072 E, 2072 C, 2072 W, 2072 MW, 2072 FW, SEE 2074 M1, M3, SEE 2074 S OC, SEE 2075 AP, BP, CP, DP, EP, FP, GP	21
Model 2	2067 C, 2068 E, 2070 E, 2071 A, 2071 E, SEE 2074 OC	6

C. LONG QUESTIONS

Models	SEE Examination History (2065 to 2075)	n(Q)
Model 1	2065 D, 2066 A, B, C, 2067 B, S, 2068 A, B, C, 2069 A, D, 2070 B, C, 2071 D, C, 2073 MP, 2073 MA, PU, SEE 2074 M2	19
Model 2	2065 A, B, 2065 S, 2066 S, 2067 D, 2068 S, 2069 C, E, S, 2070 S, 2071 A, 2071 S, 2072 S, SEE 2073 SP, 2074 AC, BC, CC,DC, SEE 2074 S	19
Model 3	SEE 2073 S	1
Model 4	2066 E, 2070 A, SEE 2073 PA	3
Model 5	2066 D, 2070 D	2

puspas.com.np

www.drmathnp.com
puspas.com.np

SEE EXERCISE 12A

A. VERY SHORT QUESTIONS [FOR GROUP A]

Model 1 *Definitions or formulae Recall*

1A. यदि एउटा प्राकृतिक सङ्ख्या *'m'* भए *'m'* भन्दा साना तीनओटा अनुवर्ती सङ्ख्याहरू के-के होलान् ?
If a natural number be *'m'* then what are the three consecutive numbers smaller than *'m'*?

1B. यदि एउटा प्राकृतिक सङ्ख्या *'e'* भए *'e'* भन्दा ठुला तीनओटा अनुवर्ती जोर सङ्ख्याहरू के-के होलान् ?
If a natural number be *'e'* then what are the three consecutive even numbers greater than *'e'*?

1C. यदि एउटा प्राकृतिक सङ्ख्या *'h'* भए *'h'* भन्दा ठुला तीनओटा अनुवर्ती बिजोर सङ्ख्याहरू के-के होलान् ?
If a natural number be *'h'* then what are the three consecutive odd numbers greater than *'h'*?

1D. यदि एउटा प्राकृतिक सङ्ख्या *'w'* भए *'w'* को व्युतक्रमानुपाती के हुन्छ ? (If a natural number be *'w'*,what is the reciprocal of *'w'* ?)

2A. *y* र *x* क्रमशः एक स्थान र दश स्थानमा भएको दुई अङ्कको सङ्ख्यालाई के ले जनाइन्छ र यसको विपरीत सङ्ख्या पनि लेख्नुहोस् ।
What is the two digit number having *y* and *x* as units and ten's digits respectively and also write the number obtained by reversing the order of the digits.

2B. *m* र *n* क्रमशः एक स्थान र दश स्थानमा भएको दुई अङ्कको सङ्ख्यालाई के ले जनाइन्छ र यसको विपरीत सङ्ख्या पनि लेख्नुहोस् ।
What is the two digit number having *m* and *n* as units and ten's digits respectively and also write the number obtained by reversing the order of the digits.

3A. यदि दुईजना व्यक्तिहरूको हालको उमेर *x* वर्ष र *y* वर्ष भए, *'a'* वर्ष पछिको तिनीहरूको उमेर कति होलान् ?
If the present ages of two persons are *x* years and *y* years then what are their ages after *'a'* years ?

3B. यदि दुईजना व्यक्तिहरूको हालको उमेर *'m'* वर्ष र *'w'* वर्ष भए, *'n'* वर्ष अघिको तिनीहरूको उमेर कति होलान् ?
If the present ages of two persons are *'m'* years and *'w'* years then what are their ages before *'n'* years ?

Model 2 *Concept Recall*

4A. तीन वर्ष अघि बाबु र उसको छोराको उमेरहरू क्रमशः 40 वर्ष र 10 वर्ष थिए । तीन वर्षपछिको बाबु र छोराको उमेर पत्ता लगाउनुहोस् ।
Three years ago, the the ages of father and his son were 40 years and 10 years respectively. Find the ages of the father and his son after 3 years.

4B. 4 वर्ष अघि बाबु र उसको छोराको उमेरहरू क्रमशः 60 वर्ष र 20 वर्ष थिए । तीन वर्षपछिको बाबु र छोराको उमेर पत्ता लगाउनुहोस् ।
Four years ago, the the ages of father and his son were 60 years and 20 years respectively. Find the ages of the father and his son after 3 years.

5A. दुईजना केटीहरूको उमेरको अनुपात 2 : 3 छ । यदि सानी केटी 12 वर्षकी भए ठुली केटीको उमेर पत्ता लगाउनुहोस् ।
The ratio of ages of two girls is 2 : 3. If the little girl is 12 years old, find the age of elder girl.

5B. दाजु र भाइको उमेरको अनुपात 5 : 4 छ । यदि दाजुको उमेर 25 वर्ष भए भाइको उमेर पत्ता लगाउनुहोस् ।
The ratio of ages of two brothers is 5 : 4. If the age of elder brother is 25 years, find the age of younger brother.

6A. बाबु र छोराको उमेरको योगफल 50 वर्ष छ । यदि छोराको उमेर 10 वर्ष भए बाबुको उमेर पत्ता लगाउनुहोस् ।
The sum of ages of father and son is 50 years. If age of son is 10 years, find the age of father.

6B. बाबु र छोराको उमेरको योगफल 70 वर्ष छ । यदि छोराको उमेर 20 वर्ष भए बाबुको उमेर पत्ता लगाउनुहोस् ।
The sum of ages of father and son is 70 years. If age of son is 20 years, find the age of father.

7A. यदि एकजना मानिसको 15 वर्षपछिको उमेर 50 वर्ष भए 5 वर्ष अघिको उसको उमेर कति थियो होला ?
If the age of a man after 15 years will be 50 years, what was his age before 5 years ?

7B. यदि एकजना मानिसको 10 वर्षपछिको उमेर 40 वर्ष भए 8 वर्ष अघिको उसको उमेर कति थियो होला ?
If the age of a man after 10 years will be 40 years, what was his age before 8 years ?

8A. एकजना मानिसको 5 वर्षअघि र 5 वर्षपछिको उमेरको योगफल 40 वर्ष भए उसको हालको उमेर पत्ता लगाउनुहोस् ।
The sum of ages of a man before 5 years and after 5 years is 40 years. Find his present age.

8B. एकजना मानिसको 10 वर्षअघि र 10 वर्षपछिको उमेरको योगफल 40 वर्ष भए उसको हालको उमेर पत्ता लगाउनुहोस् ।
The sum of ages of a man before 10 years and after 10 years is 40 years. Find his present age.

9A. एकाइ स्थानमा 2 र दसको स्थानमा 6 भएको दुई अङ्कको सङ्ख्याको विपरीत सङ्ख्या पत्ता लगाउनुहोस् ।
Find the reversed number of two digits whose digit in the unit place is 2 and the digit in the 10^{th} place is 6.

9B. एकाइ स्थानमा 3 र दसको स्थानमा 5 भएको दुई अङ्कको सङ्ख्याको विपरीत सङ्ख्या पत्ता लगाउनुहोस् ।
Find the reversed number of two digits whose digit in the unit place is 3 and the digit in the 10^{th} place is 5.

www.drmathnp.com

10A. एउटा भिन्नको दोब्बर 0.8 भए सो भिन्न पत्ता लगाउनुहोस् । (If the double of a fraction is 0.8 then find the fraction.)

10B. एउटा भिन्नको तेब्बर $\frac{6}{7}$ भए सो भिन्न पत्ता लगाउनुहोस् । (If the three times of a fraction is $\frac{6}{7}$ then find the fraction.)

11A. बाबु र छोराको हालको उमेरहरू क्रमशः 40 वर्ष र 5 वर्ष छन् । यदि दुवै बाँचीरहे छोराको उमेर बाबुको अहिलेको उमेर पुग्ने बेला बाबुको उमेर कति होला ?
The present ages of father and son are 40 years and 5 years respectively. If they both live till the son becomes as old as the father is now, what will be the age of father?

11B. बाबु र छोराको हालको उमेरहरू क्रमशः 45 वर्ष र 10 वर्ष छन् । यदि दुवै बाँचीरहे छोराको उमेर बाबुको अहिलेको उमेर पुग्ने बेला बाबुको उमेर कति होला ?
The present ages of father and son are 45 years and 10 years respectively. If they both live till the son becomes as old as the father is now, what will be the age of father?

B. SHORT QUESTIONS [FOR GROUP B]

Model 1 *Problems based on finding two numbers.*

1A. दुईओटा सङ्ख्याहरूको योगफल 21 छ । यदि एउटा सङ्ख्या अर्को सङ्ख्याको दोब्बर छ भने ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The sum of two numbers is 21. If a number is double of another number, find the numbers. **[2074S - OC]**

1B. कुनै एउटा सङ्ख्या अर्को सङ्ख्याको दोब्बर छ । यदि तिनीहरूको योग 30 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
A number is twice the other. If their sum is 30, find the numbers. **[2065 C]**

1C. दुईओटा धनात्मक सङ्ख्याहरूको योगफल 29 छ । यदि एउटा अर्को भन्दा 5 ले बढी छ भने ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The sum of two positive numbers is 29. If one of them is 5 more than that of the other, find the numbers. **[2068D]**

1D. दुई धनात्मक सङ्ख्याहरूको गुणनफल 108 छ । यदि एउटा सङ्ख्या अर्को सङ्ख्याको तेब्बर छ भने ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The product of two positive numbers is 108. If one number is treble of the other number, find those numbers. **[SEE 2073 S]**

2A. यदि दुई सङ्ख्याहरूको योग 10 र तिनीहरूको अन्तर 2 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If the sum of two numbers is 10 and their difference is 2, find the numbers. **[2072 MW]**

2B. यदि दुई सङ्ख्याहरूको योगफल 24 र तिनीहरूको अन्तर 4 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If the sum of two numbers is 24 and their difference is 4 then find the numbers. **[2072 C]**

2C. यदि दुई सङ्ख्याहरूको योग 17 र अन्तर 3 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If the sum of two numbers is 17 and their difference is 3, find the numbers. **[2065 E, 2072 W]**

2D. दुईओटा धनात्मक सङ्ख्याहरूको योगफल र अन्तर क्रमशः 15 र 5 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The sum and difference of two positive numbers are 15 and 5 respectively. Find the numbers. **[2068 A]**

2E. यदि दुईओटा सङ्ख्याहरूको योगफल 20 र तिनीहरूको अन्तर 4 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If the sum of two numbers is 20 and their difference is 4, find the numbers. **[2067 A]**

2F. दुईओटा धनात्मक सङ्ख्याहरूको योगफल 60 र फरक 12 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The sum of two positive numbers is 60 and their difference is 12. Find the numbers. **[2071 B]**

2G. दुईओटा धनात्मक सङ्ख्याहरूको योगफल 30 छ । यदि तिनीहरूको फरक 6 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् । **[2072 E]**
The sum of two positive numbers is 30. If the difference between these numbers is 6 then find the numbers.

2H. दुईओटा सङ्ख्याहरूको योगफल 128 र तिनिहरूको फरक 16 छ । ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The sum of two numbers is 128 and their difference is 16. Find the numbers. **[SEE 2074 M1]**

3A. यदि दुईओटा क्रमागत जोर सङ्ख्याहरूको योगफल 42 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If the sum of two consecutive even numbers is 42, find the numbers. **[SEE 2075 AP]**

3B. यदि दुईओटा क्रमागत जोर सङ्ख्याहरूको योगफल 26 भए, ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If the sum of two consecutive even numbers is 26, find the numbers. **[SEE 2075 BP, DP]**

3C. यदि दुईओटा क्रमागत जोर सङ्ख्याहरूको योगफल 34 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If the sum of two consecutive even numbers is 34, find the numbers. **[SEE 2075 CP]**

3D. यदि दुईओटा क्रमागत जोर सङ्ख्याहरूको योगफल 14 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If the sum of two consecutive even numbers is 14, find the numbers. **[SEE 2075 EP]**

3E. यदि दुईओटा क्रमागत बिजोर सङ्ख्याहरूको योगफल 12 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If the sum of two consecutive odd numbers is 12, find the numbers. **[SEE 2075 FP]**

3F. दुईओटा क्रमागत जोर सङ्ख्याहरूको योगफल 30 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
Find the two consecutive even numbers whose sum is 30. **[SEE 2075 GP]**

puspas.com.np

www.drmathnp.com

3G. यदि तीनओटा क्रमागत: सङ्ख्याहरूको योगफल 36 हुन्छ भने ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If the sum of three consecutive numbers is 36, find the numbers. **[2072 FW]**

3H. यदि तीनवटा क्रमागत: जोर सङ्ख्याहरूको योगफल 36 छ भने ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If the sum of three consecutive even numbers is 36, find the numbers. **[SEE 2074 M3]**

Model 2 *Problems based on finding ages.*

4A. एक जना मानिसको उमेरबाट उसको उमेरको पाँचखण्डको दुई खण्ड घटाउँदा 24 वर्ष हुन्छ भने उक्त मानिसको उमेर पत्ता लगाउनुहोस् ।
From the age of a person if two-fifth of his age is subtracted, the result becomes 24 years. Find the age of the person. **[2071 E]**

4B. एक जना मानिसको उमेरमा उसको उमेरको तीन चौथाइ जोड्दा 70 वर्ष हुन्छ भने उक्त मानिसको उमेर पत्ता लगाउनुहोस् ।
If the age of a person and three-fourth of his age are added, the result becomes 70 years. Find the age of the person.

4C. दुई दाजुभाईको उमेरको योगफल 31 वर्ष छ र तिनीहरूको उमेरको फरक 5 वर्ष छ भने तिनीहरूको अहिलेको उमेर पत्ता लगाउनुहोस् ।
The sum of the ages of two brothers is 31 years and the difference of their ages is 5 years. Find their present ages. **[2070 E]**

4D. दुईजना शिक्षकहरूको हालको उमेरको योगफल 54 वर्ष छ । यदि एकजना शिक्षकको उमेर अर्कोको भन्दा 4 वर्षले बढी छ भने उनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
The sum of the present ages of two teachers is 54 years. If the age of one teacher is 4 years more than the other, find their present ages. **[2068 E]**

4E. आमाको उमेरको 1/6 भाग छोरीको उमेर छ । यदि तिनीहरूको उमेरको अन्तर 35 वर्ष भए आमाको उमेर पत्ता लगाउनुहोस् ।
1/6 of the age of a mother is the age of her daughter. If the difference of their ages be 35 years, find the age of the mother. **[2067 C]**

4F. बाबुको उमेरको 1/5 भाग छोराको उमेर छ । यदि तिनीहरूको उमेरको योगफल 42 वर्ष भए बाबुको उमेर निर्धारण गर्नुहोस् । **[2071 A]**
1/5 of the age of a father is the age of his son. If the sum of their ages is 42 years, determine the age of the father.

5A. एउटा विद्यालयको पोसाकको कमिज पाइन्टभन्दा रु. 100 ले सस्तो छ । यदि पाइन्ट र कमिजको जम्मा मूल्य रु. 770 पर्दछ भने प्रत्येकको मूल्य निकाल्नुहोस् ।
The shirt of the uniform of a school is Rs 100 cheaper than the pant. If the total cost of the pant and shirt is Rs 770, find the cost of each. **[SEE 2074 OC]**

5B. एउटा क्याल्कुलेटर भन्दा एउटा ज्यामिति बक्स रु. 150 ले सस्तो छ । यदि सो क्याल्कुलेटर र ज्यामिति बक्सको जम्मा मूल्य रु. 850 पर्दछ भने प्रत्येकको मूल्य पत्ता लगाउनुहोस् ।
A geometry box is Rs 150 cheaper than a calculator. If the total cost of the geometry box and the calculator is Rs 850, find the cost of each.

C. LONG QUESTIONS [FOR GROUP C AND D]

Model 1 *Problems based on ages of two persons.*

1A. बाबु र छोराको हालको उमेरको योग 44 वर्ष छ । 8 वर्षपछि बाबुको उमेर छोराको उमेरको दुई गुणा हुनेछ भने तिनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
The sum of the ages of the father and son is 44 years. After 8 years, the age of the father will be twice as old as the age of the son. Find their present ages. **[2066 C]**

1B. पाँच वर्ष अघि बाबुको उमेर छोराको उमेरको 4 गुणा थियो । अहिले बाबु र छोराको उमेर जोड्दा 45 वर्ष छ भने बाबु र छोराको हालको उमेर पत्ता लगाउनुहोस् ।
Five years ago, father's age was 4 times his son's age. Now the sum of their ages is 45 years. Find their present ages. **[2057E1]**

2A. दुई जना केटीहरूको उमेरको अनुपात 2 : 3 छ । 6 वर्षपछि उनीहरूको उमेरको अनुपात 11 : 15 हुनेछ । उनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
The ages of two girls are in the ratio of 2 : 3. 6 years hence the ratio of their ages will be 11 : 15. Find their present ages **[2070 B]**

2B. तीन वर्ष पहिले A र B को उमेरको अनुपात 4 : 3 थियो । तीन वर्षपछि तिनीहरूको उमेरको अनुपात 11 : 9 भए A र B को हालको उमेर पत्ता लगाउनुहोस् ।
Three years ago, the ratio of the ages of A and B was 4 : 3. Three years hence, the ratio of their ages will be 11 : 9. Find the present ages of A and B. **[2069 A]**

2C. दुई जना केटीको उमेरको अनुपात 5 : 7 छ । आठ वर्षअघि उनीहरूको उमेरको अनुपात 7 : 13 थियो भने उनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
The ages of two girls are in the ratio of 5 : 7. Eight years ago their ages were in the ratio of 7 : 13. Find their present ages. **[2058A2]**

puspas.com.np

www.drmathnp.com

pusmas.com.np

2D. तीन वर्षअघि एक जना बाबु र उनको छोराको उमेरको योगफल 48 वर्ष थियो । अबको तीन वर्षपछि उसको बाबु र छोराको उमेरको अनुपात 3:1 हुन्छ । हालको बाबु र छोराको उमेर कति होला ? पत्ता लगाउनुहोस् ।
Three years ago, the sum of ages of father and his son was 48 years and three years hence, the ratio of age of father and son will be 3 : 1. What are the present ages of father and son ? Find it. **[SEE 2074 M2]**

3A. यदि छोराको उमेरको 2 गुणा बाबुको उमेरमा जम्मा गरिदिए उनीहरूको उमेरको जोड 70 वर्ष हुन्छ । यदि बाबुको उमेरको 2 गुणा छोराको उमेरमा जोडिदिए उनीहरूको उमेरको योग 95 वर्ष हुन्छ भने उनीहरूको अहिलेको उमेर वर्षमा पत्ता लगाउनुहोस् ।
If twice the son's age in years is added to the father's age, the sum is 70. But twice the father's age is added to the son's age, the sum is 95, find the present ages of father and the son. **[2058A1]**

3B. 6 वर्ष अघि एउटा मानिसको उमेर उसको छोराको उमेरको 6 गुणा बढी थियो । अबको 4 वर्षपछि उसको उमेरको तीनगुणा छोराको उमेरको 8 गुणासँग बराबर हुनेछ । उनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
6 years ago a man's age was six times the age of his son. 4 years hence, thrice of his age will be equal to eight times his son's age. Find their present ages. **[2058 S, 2057 C1, 2060 A1]**

3C. 5 वर्ष अघि एउटा मानिसको उमेर उसको छोरीको उमेरको 5 गुणा थियो । 3 वर्ष पछि उसको उमेरको 2 गुणा छोरीको उमेरको 6 गुणासँग बराबर हुनेछ । उनीहरूको हालको उमेर कति-कति होला ?
5 years ago, a man's age was 5 times the age of his daughter's. 3 years hence, twice his age will be equal to 6 times his daughter's age. Find their present ages. **[2065 D]**

3D. बाबुको हालको उमेर उसको छोरीको 5 वर्ष अघि हुने उमेरको तेब्बर छ । यदि 5 वर्ष पछि बाबुको उमेर छोरीको उमेरको दुई गुणा हुनेछ भने तिनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
The present age of father is thrice as old as the age of his daughter 5 years ago. If 5 years hence, the age of father will be twice the age of his daughter, find their present ages. **[SEE 2073 MP]**

4A. एक वर्ष पछि बाबुको उमेर उसको छोराको उमेरको 5 गुणा हुनेछ । दुई वर्ष अघि बाबुको उमेर छोराको अब 4 वर्षपछि हुने उमेरको तेब्बर थियो । उनीहरूको अहिलेको उमेर पत्ता लगाउनुहोस् ।
A year hence, a father will be 5 times as old as his son. Two years ago, the father was 3 times as old as his son will be 4 years hence. Find their present ages. **[2069 D, 2057 D1, D2, 2064 B1, 2067 S]**

4B. 3 वर्षपछि आमाको उमेर उनको छोराको उमेरको 4 गुणा हुनेछ । 3 वर्षअघि आमाको उमेर छोराको अब 8 वर्षपछि हुने उमेरको 2 गुणा थियो । उनीहरूको हालको उमेर कति-कति होला ? **[2066 A]**
3 years later, a mother will be 4 times as old as her son. 3 years ago, the mother's age was two times as old as her son's age will be 8 years hence. What are their present ages ?

4C. 14 वर्षअघि आमाको उमेर उनको छोरीको उमेरको 4 गुणा थियो । हालको आमाको उमेर छोरीको 4 वर्षपछि हुने उमेरको दुई गुणा छ भने आमा र छोरीको हालको उमेर कति-कति होला ? पत्ता लगाउनुहोस् ।
14 years ago, the age of the mother was 4 times the age of her daughter. The present age of the mother is 2 times the age of her daughter will be 4 years hence. What are their present ages ? Find it. **[2066 B]**

4D. दुई वर्षपछि बाबुको उमेर उसको छोराको उमेरको छ गुणा हुनेछ । तीन वर्ष पहिले बाबुको उमेर दुई वर्ष पछिको छोराको उमेरको पाँच गुणा थियो भने बाबु र छोराको अहिलेको उमेर पत्ता लगाउनुहोस् ।
Two years hence, a father will be six times as old as his son. Three years ago, the father was five times as old as his son will be two years hence, find the present ages of father and son. **[2071 D]**

4E. एक वर्षपछि बाबुको उमेर उसको छोराको उमेरको पाँच गुणा हुनेछ । चार वर्ष पहिले बाबुको उमेर, चार वर्षपछिको छोराको उमेरको तीन गुणा थियो भने बाबु र छोराको अहिलेको उमेर पत्ता लगाउनुहोस् ।
One year hence, a father will be five times as old as his son. Four years ago, the father was three times as old as his son will be four years hence. Find the present ages of the father and son. **[2071 C]**

5A. अहिले बाबुको उमेर छोराको उमेरको 3 गुणा छ । यदि 10 वर्ष पछिको छोराको उमेर र 20 वर्ष अघिको बाबुको उमेर बराबर भए बाबु र छोराको हालको उमेर निकाल्नुहोस् ।
The present age of the father is three times the age of his son. If the age of the son after 10 years is equal to the age of the father before 20 years. Find the present ages of the father and the son. **[2062 E1]**

5B. अहिले आमाको उमेर छोरीको उमेरको 4 गुणा छ । यदि 20 वर्ष पछिको छोरीको उमेर र 25 वर्ष अघिको आमाको उमेर बराबर भए आमा र छोरीको हालको उमेर निकाल्नुहोस् ।
The present age of the mother is four times the age of her daughter. If the age of the daughter after 20 years is equal to the age of the mother before 25 years, find the present ages of the mother and the daughter. **[2062 E2]**

6A. आमाले छोरीलाई "5 वर्ष अघि म तिमी भन्दा 5 गुणा जेठी थिए तर 10 वर्षपछि म तिमी भन्दा दुई गुणा मात्र जेठी हुनेछु" भन्नुभयो भने आमा र छोरीको हालको उमेर पत्ता लगाउनुहोस् ।
A mother says to her daughter "5 years ago I was 5 times as old as you were but 10 years hence I shall be only twice as old as you will." Find the present ages of mother and daughter. **[2067 B]**

6B. बाबुको हालको उमेर छोरीको 5 वर्षपछि हुने उमेरको तेब्बर छ । यदि 2 वर्षअघि बाबुको उमेर छोरीको 8 वर्षपछि हुने उमेरको दोब्बर थियो भने तिनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
The present age of the father is thrice as old as the age of the daughter 5 years hence. If 2 years ago, the age of the father was twice as old as the age of the daughter 8 years hence, find their present ages. **[2068 C]**

www.drmathnp.com
puspas.com.np

6C. बाबुको हालको उमेर छोराको 3 वर्षपछि हुने उमेरको दोब्बर छ । यदि 2 वर्ष पछि बाबुको उमेर छोराको 1 वर्ष अघिको उमेरको तेब्बर हुनेछ भने तिनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
The present age of the father is twice as old as the age of the son 3 years hence. If 2 years hence, the age of the father will be thrice as old as the age of the son 1 year ago. Find their present ages. **[2068A]**

6D. बाबुको हालको उमेर छोराको 4 वर्षपछि हुने उमेरको चारगुणा छ । यदि 3 वर्ष अघि बाबुको उमेर छोराको 7 वर्षपछि हुने उमेरको तीन गुणा थियो भने तिनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
The present age of the father is four times as old as the age of the son 4 years hence. If 3 years ago, the age of the father was three times as old as the age of the son 7 years hence, find their present ages. **[2068 B]**

6E. 3 वर्ष अघि बाबुको उमेर र उसको छोराको उमेरको योगफल 54 वर्ष थियो । 3 वर्ष पछि बाबुको उमेर छोराको 9 वर्ष पछिको उमेरको दोब्बर हुनेछ । बाबु र छोराको हालको उमेर पत्ता लगाउनुहोस् ।
Three years ago, the sum of the ages of the father and his son was 54 years. 3 years later, the father's age will be double of the son's age after 9 years. Find the present ages of the father and son. **[2070 C]**

6F. एक वर्ष पछिको बाबुको उमेर छोराको उमेरको 7 गुणा हुनेछ । 6 वर्षअघि बाबुको उमेर 3 वर्षपछि हुने छोराको उमेरको 4 गुणा थियो भने बाबु र छोराको अहिलेको उमेर पत्ता लगाउनुहोस् ।
One year hence, a father's age will be 7 times as old as his son. 6 years ago, the age of father was 4 times as old as his son's age will be three years hence. Find the present ages of the father and son. **[SEE 2073 MA]**

7A. बाबु र छोराको अहिलेको उमेरको योगफल 60 वर्ष छ । यदि दुवै जना जीवित रहेको समयमा अहिलेको बाबुको उमेर बराबर छोराको उमेर हुँदा दुवै जनाको उमेरको योगफल 120 वर्ष हुन्छ भने तिनीहरूको अहिलेको उमेर पत्ता लगाउनुहोस् ।
The sum of the present ages of a father and his son is 60 years. If both of them live until the son becomes as old as the father is now, the sum of their ages will be 120 years then find their present ages. **[SEE 2073 PU]**

7B. अलिनाले अलिसालाई भनिन् "मेरो उमेर तिम्रो उमेर जति भएको बेला मेरो उमेर तिम्रो उमेरको दोब्बर थियो"। यदि तिनीहरूको उमेरको योगफल 50 वर्ष भए तिनीहरूको हालको उमेरहरू पत्ता लगाउनुहोस् ।
Alina said to Alisha " I was twice as old as you were when I was as old as you are. " If the sum of their ages is 50 years, find their present ages.
Hint: Let their ages be x yrs. and y yrs. resp. then
Case I : $x-(x-y)=2[y-(x-y)]$.....(i) **Case II :** $x+y=50$.....(ii)

7C. रमाले रबिनालाई भनिन् "मेरो उमेर तिम्रो उमेर जत्ति भएको बेला मेरो उमेर तिम्रो उमेरको दोब्बर थियो ।" यदि तिनीहरूको उमेरको योगफल 30 वर्ष भए तिनीहरूको हालको उमेरहरू पत्ता लगाउनुहोस् ।
Rama said to Rabina " I was twice as old as you were when I was as old as you are now." If the sum of their ages is 30 years, find their present ages.

7D. राम र हरिको हालको उमेरको योगफल 75 वर्ष छ । रामले हरिलाई भन्यो 'मेरो उमेर अहिलेको तिम्रो उमेर जति भएको बेला तिम्रो उमेरको दोब्बर थियो । तिनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
The sum of present ages of Ram and Hari is 75 years. Ram said to Hari, I was twice as old as you were when I was as old as you are now '. Find their present ages.

Model 2 *Problems based on finding two digits numbers.*

8A. दुई अङ्कले बनेको एउटा सङ्ख्यामा अङ्कहरूको योगफल 5 छ । यदि सो सङ्ख्याबाट 27 घटाइयो भने अङ्कहरूको स्थान परिवर्तन हुन्छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
The sum of the digits in a two digits number is 5. If 27 is subtracted from the number then places of the digits are interchanged. Find the number. **[SEE 2074 AC]**

8B. दुई अङ्कले बनेको एउटा सङ्ख्यामा अङ्कहरूको योगफल 10 छ । यदि सो सङ्ख्याबाट 72 घटाइयो भने अङ्कहरूको स्थान परिवर्तन हुन्छ । सुरुको सङ्ख्या पत्ता लगाउनुहोस् ।
The sum of the digits in a two digits number is 10. If 72 is subtracted from the number, the places of the digits are interchanged. Find the initial number. **[SEE 2074 BC]**

8C. दुई अङ्कले बनेको एउटा सङ्ख्यामा अङ्कहरूको योगफल 6 छ । यदि सो सङ्ख्याबाट 36 घटाइयो भने अङ्कहरूको स्थान परिवर्तन हुन्छ । सुरुको सङ्ख्या पत्ता लगाउनुहोस् ।
The sum of the digits in a two digits number is 6. If 36 is subtracted from the number, the places of the digits are interchanged. Find the initial number. **[SEE 2074 CC]**

8D. दुई अङ्कले बनेको एउटा सङ्ख्यामा अङ्कहरूको योगफल 7 छ । यदि सो सङ्ख्याबाट 45 घटाइयो भने अङ्कहरूको स्थान परिवर्तन हुन्छ । सुरुको सङ्ख्या पत्ता लगाउनुहोस् ।
The sum of the digits in a two digits number is 7. If 45 is subtracted from the number, the places of the digits are interchanged. Find the initial number. **[SEE 2074 DC]**

8E. दुई अङ्कले बनेको एउटा सङ्ख्यामा अङ्कहरूको योग 10 छ । यदि उक्त सङ्ख्यामा 36 जोड्दा उक्त अङ्कहरूको स्थान बदलिन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
A number consists of two digits, the sum of the digits is 10. If 36 is added to the number, the place of the digits are interchanged. Find the number. **[2069 S, 2065 S]**

www.drmathnp.com

pusmas.com.np

8F. दुई अङ्कले बनेको एउटा सङ्ख्यामा अङ्कहरूको योगफल 9 छ । यदि सो सङ्ख्याबाट 45 घटाइयो भने अङ्कहरूको स्थान परिवर्तन हुन्छन् भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
The sum of the digits in a two digits number is 9. If 45 is subtracted from the number then places of the digits are interchanged. Find the number. **[2074 S]**

8G. 2 अङ्कको सङ्ख्यामा अङ्कहरूको योग 11 छ । उक्त सङ्ख्याको अङ्कलाई स्थानमान परिवर्तन गर्दा बन्ने सङ्ख्या सुरुको सङ्ख्या भन्दा 45 ले बढी हुन्छ भने सुरुको सङ्ख्या पत्ता लगाउनुहोस् ।
The sum of digits in a two digit number is 11. The number formed by interchanging the digits of that number will be 45 more than the original number. Find the original number. **[2057B1, 2068 S]**

8H. दुई अङ्कहरू मिली बनेको एउटा सङ्ख्या छ । ती अङ्कहरूको योगफल 16 हुन्छ । यदि त्यस सङ्ख्यामा 18 घटाउँदा अङ्कहरूको स्थान बदलिन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
A number consists of two digits. The sum of its digits is 16. If 18 is subtracted from the number, the digits interchange their places. Find the number. **[2065 A]**

8I. दुई अङ्कको एउटा सङ्ख्यामा अङ्कहरूको योग 12 छ । यदि सो सङ्ख्याबाट 36 घटायौँ भने सङ्ख्याको अङ्कहरूको स्थानमानमा परिवर्तन हुन्छ । सुरुको सङ्ख्या पत्ता लगाउनुहोस् ।
The sum of the digits of a two digit number is 12. If 36 is subtracted from the number, the number so formed is a number obtained by reversing its digits. Find the original number. **[2066 S]**

8J. दुई अङ्कको सङ्ख्यामा अङ्कहरूको योगफल 12 छ । यदि उक्त सङ्ख्याको अङ्कलाई स्थानमान परिवर्तन गर्दा बन्ने सङ्ख्या सुरुको सङ्ख्याभन्दा 18 ले कम हुन्छ भने सुरुको सङ्ख्या पत्ता लगाउनुहोस् ।
The sum of the digits in a two digit number is 12. If the number formed by interchanging the digits of that number will be 18 less than the original number, find the original number. **[2072 S]**

9A. दुई अङ्कको एउटा सङ्ख्या छ । यदि अङ्कहरूको स्थान बदल्दा बन्ने सङ्ख्या उक्त सङ्ख्यामा जोड्दा जोडफल 121 हुन्छ र सोही सङ्ख्या घटाउदा 27 बाँकी हुन्छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
A number consists of two digits. If the number formed by reversing its digits is added to it, the sum is 121 and if same number is subtracted from it, the remainder is 27. Find the number. **[2071 S]**

9B. दुई अङ्कको कुनै सङ्ख्या यसका अङ्कहरूको योगफलको चार गुणा भन्दा 3 ले बढी छ । त्यो सङ्ख्यामा 36 जोड्दा अङ्कहरूको स्थान बदलिन्छ भने त्यो सङ्ख्या पत्ता लगाउनुहोस् ।
A number of two digits exceeds four times the sum of its digits by 3. If 36 is added to the number, the digits are reversed. Find the numbers. **[2060 B1, B2, C]**

9C. दुईओटा अङ्क भएको एउटा सङ्ख्या अङ्कहरूको योगको 4 गुणा भन्दा 3 ले बढी छ । यदि उक्त सङ्ख्यामा 27 जोड्दा उक्त सङ्ख्याको अङ्कहरूको स्थान परिवर्तन हुन्छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
A number consisting of two digits exceeds 4 times the sum of the digits by 3. If 27 is added to the number, the places of the digits of the number are interchanged, find the number. **[2069 E]**

10A. 2 अङ्कको कुनै सङ्ख्या त्यसका अङ्कहरूको योगफलको तीनगुणा छ । यदि सो सङ्ख्यामा 45 जोड्ने हो भने अङ्कहरूको स्थान बदलिन्छ भने सुरुको सङ्ख्या पत्ता लगाउनुहोस् ।
A number consisting of two digits is three times the sum of its digits. If 45 be added to the number, the places of the digits will be interchanged, find the number. **[2057A2]**

10B. दुई अङ्कको एउटा सङ्ख्या त्यसका अङ्कहरूको योगको चारगुणा छ । यदि त्यो सङ्ख्यामा 18 जोड्यो भने त्यो सङ्ख्याको विपरीत सङ्ख्या बन्दछ, त्यो सङ्ख्या पत्ता लगाउनुहोस् । **[2061 A1]**
A number of two digits is equal to the four times the sum of its digits. If 18 is added to the number, the digits are reversed. Find the number.

10C. दुई अङ्कको कुनै सङ्ख्या यसका अङ्कहरूको योगफलको 7 गुणा छ । यदि उक्त सङ्ख्याबाट 18 घटायो भने अङ्कहरूको स्थान परिवर्तन हुन्छ । उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
A certain number of two digits is 7 times the sum of its digits. If 18 is subtracted from the number, the digits are reversed. Find the number. **[2070 S]**

10D. एउटा सङ्ख्या 10 र 100 को बिचमा पर्छ । सो सङ्ख्या त्यसका अङ्कहरूको योगको 8 गुणा छ र यदि त्यो सङ्ख्याबाट 45 घटायो भने त्यो सङ्ख्याको विपरीत सङ्ख्या बन्दछ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
There is a number between 10 and 100. The number is 8 times the sum of its digits. If 45 is subtracted from it, the result is the number formed by interchanging its digits. Find the number. **[2069 C]**

10E. 10 र 100 को बिचमा पर्ने सङ्ख्यामा अङ्कहरूको योगफल 9 छ । यदि सो सङ्ख्यालाई 7 ले गुणा गरियो भने अङ्कहरूको स्थान अदलबदल गर्दा बन्ने सङ्ख्याको चार गुणा हुन्छ । उक्त सङ्ख्याका अङ्कहरू तुलना गर्नुहोस् ।
The sum of the digits of a number lying between 10 and 100 is 9. If the number is multiplied by 7, it becomes four times the number obtained by writing the digits in reverse order. Compare the digits of the number.

11A. एउटा सङ्ख्या दुई अङ्कले बनेको छ जसको योगफल 9 हुन्छ । यदि सो सङ्ख्याको तीनगुणा उक्त सङ्ख्याको अङ्कहरूको स्थान बदल्दा बन्ने सङ्ख्याको आठ गुणासँग बराबर हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
A number consists of two digits whose sum is 9. If three times the number is equal to eight times the number formed by interchanging the digits, find the number. **[2065 B]**

www.drmathnp.com

11B. एउटा 2 अङ्कको सङ्ख्या यसका अङ्कहरूको योगको 3 गुणा छ । उक्त सङ्ख्याका अङ्कहरू उल्ट्याउँदा बन्ने सङ्ख्या र 9 को योगफल सुरुको उक्त सङ्ख्याको 3 गुणा हुन्छ । उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
A two digit number is 3 times the sum of its digits. The sum of the number formed by reversing its digits and 9 is equal to 3 times the original number. Find that number. **[2067 D]**

12A. यदि दुई अङ्कको एउटा सङ्ख्यालाई अङ्कहरूको योगफलले भाग गर्दा भागफल 6 हुन्छ र अङ्कहरूको स्थान बदलिँदा बन्ने सङ्ख्या सुरूको सङ्ख्या भन्दा 9 ले कमी हुन्छ भने त्यो सङ्ख्या पत्ता लगाउनुहोस् ।
If a number of two digits is divided by the sum of the digits, the quotient is 6 and the number is greater by 9 than the number formed by reversing the digits, find that number. **[2071 A]**

12B. यदि दुई अङ्कको एउटा सङ्ख्यालाई अङ्कहरूको योगफलले भाग गर्दा भागफल 8 हुन्छ र अङ्कहरूको स्थान बदलिँदा बन्ने सङ्ख्या सुरूको सङ्ख्या भन्दा 45 ले कमी हुन्छ भने त्यो दुई अङ्कको सङ्ख्याको नजिकको रूढ सङ्ख्या पत्ता लगाउनुहोस् ।
If a number of two digits is divided by the sum of the digits, the quotient is 8 and the number is greater by 45 than the number formed by reversing the digits, find the nearest prime number to the two digit number.

13A. दुई अङ्कको सङ्ख्यामा दशम स्थानको अङ्क र एकाइ स्थानको अङ्कको अनुपात 3 : 1 छ । यदि सङ्ख्याको अङ्कहरूको योगफलको तीन गुणामा 3 जोड्दा विपरीत सङ्ख्या बन्दछ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् । **[SEE 2073 SP]**
In a number of two digits, the ratio of digit in tenth place and the digit in unit place is 3 : 1. If 3 is added to the three times of the sum of the digits, then the opposite number is formed. Find the number.

13B. दुई अङ्कको सङ्ख्यामा दशम स्थानको अङ्क र एकाइ स्थानको अङ्कको अनुपात 2 : 1 छ । यदि सङ्ख्याको अङ्कहरूको योगफलको तीन गुणामा 6 जोड्दा विपरीत सङ्ख्या बन्दछ भने सो सङ्ख्याको अङ्कहरूको योगफल पत्ता लगाउनुहोस् ।
In a number of two digits, the ratio of digit in tenth place and the digit in unit place is 2 : 1. If 6 is added to the three times of the sum of the digits, then the opposite number is formed. Find the sum of digits of the number.

Model 3 *Problems based on finding two numbers.*

14A. दुई सङ्ख्याहरूमा सानोमा 7 जोड्दा ठुलोको दोब्बर र ठुलोमा 4 थप्दा सानोको तेब्बर हुन्छ भने ती सङ्ख्याहरू कति रहेछन् ?
Find the two numbers such that sum of the smaller to 7 is double of the larger and sum of larger to 4 is three times of smaller. **[SEE 2073 S]**

14B. दुईओटा सङ्ख्यामा पहिलो सङ्ख्या 36 मा जोड्यो भने योगफल दोस्रो सङ्ख्याको पाँच गुणा हुन्छ । यदि दोस्रो सङ्ख्या 36 बाट घटाइयो भने अन्तर पहिलो सङ्ख्याको एक चौथाइ हुन्छ । ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
When the first number of two numbers is added to 36, the sum is five times the second number. If second number is subtracted from 36, the difference is one-fourth of first number. Find those numbers.

14C. दुईओटा सङ्ख्याहरूको अनुपात 4 : 3 छ । यदि ठुलो सङ्ख्याबाट 4 घटाइयो र सानो सङ्ख्यामा 8 जोडियो भने तिनीहरू बराबर हुन्छन् । ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The ratio of two numbers is 4 : 3. If 4 is subtracted from the larger number and 8 is added to the smaller number, they become equal. Find the numbers.

14D. एउटा दुई अङ्कको सङ्ख्यामा अङ्कहरूको योगफल 9 छ । यदि अङ्कहरूको स्थान बदल्दा बन्ने सङ्ख्या सुरुको सङ्ख्या सँग 3 : 8 को अनुपातमा हुने भए सुरुको सङ्ख्या पत्ता लगाउनुहोस् ।
The sum of digits of a two-digit numbers is 9. If the digits are reversed, the numbers formed bears the ratio 3 : 8 to the original number. Find the original number.

Model 4 *Problems based on finding fraction.*

15A. यदि एउटा भिन्नको अंशमा 3 जोड्दा भिन्नको मान 1 हुन्छ । उक्त भिन्नको हरमा 3 जोड्दा भिन्नको मान $\frac{1}{4}$ हुन्छ । सो भिन्नको मान कति हुन्छ ? पत्ता लगाउनुहोस् । **[2070 A]**

If 3 is added to the numerator of a fraction, the value of the fraction becomes 1. When 3 is added to the denominator of the fraction, the value of the fraction becomes $\frac{1}{4}$. What is the value of the fraction? Find it.

15B. कुनै भिन्नको अंश हरभन्दा 1 ले कम छ । यदि उक्त भिन्नको अंशमा 1 र हरमा 5 जोड्यो भने नयाँ भिन्न $\frac{1}{2}$ बन्दछ भने वास्तविक भिन्न पत्ता लगाउनुहोस् ।
In a fraction, the numerator is 1 less than the denominator. If 1 is added to the numerator and 5 to the denominator, the fraction becomes $\frac{1}{2}$. Find the original fraction. **[2066 E]**

15C. एउटा भिन्नको अंशलाई 4 ले गुणा गरेर हरबाट 2 घटाइयो भने नतिजा 2 हुन्छ । यदि सो भिन्नको अंशमा 15 जोडी हरलाई दोब्बर गरी 2 घटाउँदा $\frac{9}{7}$ हुन्छ भने उक्त भिन्न पत्ता लगाउनुहोस् ।

If the numerator of a fraction is multiplied by 4 and the denominator is reduced by 2, the result is 2. If the numerator of the fraction is increased by 15 and 2 subtracted from the double of the denominator, the result is $\frac{9}{7}$. Find the fraction. **[2062 A1]**

www.drmathnp.com

pusnas.com.np

15D. एउटा भिन्नको अंशलाई 4 ले गुणा गरेर हरबाट 2 घटाइयो भने नतिजा 4 हुन्छ । यदि सो भिन्नको अंशमा 10 जोडी हरलाई दोब्बर गरी 2 घटाउँदा $\frac{5}{4}$ हुन्छ भने उक्त भिन्न पत्ता लगाउनुहोस् ।

If the numerator of a fraction is multiplied by 4 and the denominator is reduced by 2, the result is 4. If the numerator of the fraction is increased by 10 and 2 subtracted from the double of the denominator, the result is $\frac{5}{4}$. Find the fraction. **[2062 A2]**

15E. एउटा भिन्नको अंशमा 5 जोड्दा र हरबाट 3 घटाउँदा भिन्नको मान 2 हुन्छ । उक्त भिन्नको अंशको 9 गुणा र हरको 7 गुणा बराबर भए सो भिन्नको मान कति हुन्छ ? पत्ता लगाउनुहोस् ।

If 5 is added to the numerator and 3 is subtracted from the denominator of a fraction, the value of the fraction becomes 2. When 9 times of the numerator of the fraction is equal to seven times of its denominator, what is the value of the fraction? Find it. **[SEE 2073 PA]**

Model 5 *Miscellaneous problem on simultaneous equations.*

16A. रामसँग भएका गुच्चाहरूमध्ये एउटा गुच्चा सीतालाई दिँदा दुवै जनासँग बराबर सङ्ख्यामा गुच्चाहरू हुन्छन् । यदि सीतासँग भएका गुच्चाहरूमध्ये एउटा गुच्चा रामलाई दिँदा रामसँग सीताको भन्दा दोब्बर गुच्चाहरू हुन्छन् भने सुरुमा उनीहरूसँग भएको गुच्चाको सङ्ख्या पत्ता लगाउनुहोस् ।

If Ram gives one of the marbles from what he possesses to Sita then they will have equal number of marbles. If Sita gives one of the marbles from what she possesses to Ram, then Ram will have double of the marbles with what Sita is left with. Find the number of marbles possessed by each initially. **[2066 D]**

16B. पेम्बासँग भएका चक्लेटहरूमध्ये तीनओटा चक्लेट उजेलीलाई दिँदा दुवै जनासँग बराबर सङ्ख्यामा चक्लेटहरू हुन्छन् । यदि उजेलीसँग भएका चक्लेटहरूमध्ये दुइओटा चक्लेट पेम्बालाई दिँदा पेम्बासँग उजेलीको दोब्बर भन्दा 2 ले घेरै चक्लेटहरू हुन्छन् भने सुरुमा उनीहरूसँग भएको चक्लेटको सङ्ख्या पत्ता लगाउनुहोस् ।

If Pemba gives three of the chocolates from what he possesses to Ujeli then they will have equal number of chocolates. If Ujeli gives two of the chocolates from what she possesses to Pemba, then Pemba will have 2 more than the double of the chocolates with what Ujeli is left with. Find the number of chocolates possessed by each initially.

17A. 1 ओटा कलम र 3 ओटा कापिको संयुक्त मूल्य रु. 210 पर्छ । त्यस्तै खाले 3 ओटा कलम र 5 ओटा कापिको संयुक्त मूल्य रु. 430 पर्छ । 1 ओटा कलम र 1 ओटा कापिको संयुक्त मूल्य कति पर्दछ ? पत्ता लगाउनुहोस् ।

The combined price of 1 pen and 3 copies is Rs 210. The combined price of 3 pens and 5 copies of same quality is Rs 430. What is the combined price of 1 pen and 1 copy? Find it. **[2070 D]**

17B. 3 ओटा कलम र 5 ओटा कापीको मूल्य रु. 430 पर्छ । त्यस्तै 2 ओटा कलम र 1 ओटा कापीको मूल्य रु. 170 पर्छ । एउटा कलम र एउटा कापीको छुट्टा छुट्टै मूल्य कति हुन्छ ? पत्ता लगाउनुहोस् ।

The cost of 3 pens and 5 copies is Rs 430. Similarly the cost of 2 pens and 1 copy is Rs 170. What are the separate price of a pen and a copy?

18A. एउटा आयताकार चउरको परिमिति 54 मिटर छ । यसको आकार घटाउँदा नयाँ लम्बाइ र चौडाइ पहिलेको लम्बाइको $\frac{3}{5}$ र चौडाइको $\frac{3}{4}$ गुणासँग बराबर हुन्छ । यदि आयताकार चउरको नयाँ परिमिति 36 मिटर छ भने चउरको लम्बाइ र चौडाइ सुरुमा कति थियो ? पत्ता लगाउनुहोस् ।

The perimeter of a rectangular ground is 54 metre. When its side is reduced then new length and breadth are $\frac{3}{5}$ and $\frac{3}{4}$ times of the previous length and breadth. If the new perimeter of ground is 36 m, what was the length and breadth of the ground in the beginning? Find it.

18B. एउटा आयताकार चउरको परिमिति 100 मिटर छ । यसको आकार घटाउँदा नयाँ लम्बाइ र चौडाइ पहिलेको लम्बाइको $\frac{5}{6}$ र चौडाइको 75% सँग बराबर हुन्छ । यदि आयताकार चउरको नयाँ परिमिति 80 मिटर छ भने चउरको लम्बाइ र चौडाइ सुरुमा कति थियो ? पत्ता लगाउनुहोस् ।

The perimeter of a rectangular ground is 100 metre. When its side is reduced then new length and breadth are $\frac{5}{6}$ and 75% of the previous length and breadth. If the new perimeter of ground is 80 m, what was the length and breadth of the ground in the beginning? Find it.

19A. एउटा आयताकार खेतको परिमिति 240 मिटर छ । यदि चौडाइ भन्दा लम्बाइ 20 मिटरले बढी छ भने त्यस खेतको क्षेत्रफल कति हुन्छ ?

The perimeter of a rectangular field is 240 m. If the length is 20 m more than the breadth, what is the area of the field ?

19B. एउटा आयताकार खेतको परिमिति 100 मिटर छ । यदि चौडाइ भन्दा लम्बाइ 10 मिटरले बढी छ भने त्यस खेतको क्षेत्रफल कति हुन्छ ?

The perimeter of a rectangular field is 100 m. If the length is 10 m more than the breadth, what is the area of the field ?

www.drmathnp.com

puspas.com.np

ANSWERS

A. VERY SHORT QUESTIONS

4A. 46 yrs, 16 yrs **4B.** 67 yrs, 27 yrs **5A.** 18 yrs **5B.** 20 yrs **6A.** 40 yrs. **6B.** 50 yrs. **7A.** 30 yrs. **7B.** 22 yrs.
8A. 20 yrs **8B.** 20 yrs **9A.** 26 **9B.** 35 **10A.** $\frac{2}{5}$ **10B.** $\frac{2}{7}$ **11A.** 75 yrs **11B.** 80 yrs

B. SHORT QUESTIONS

1A. 7, 14 **1B.** 20, 10 **1C.** 12, 17 **1D.** 6, 18 **2A.** 6, 4 **2B.** 14, 10 **2C.** 10, 7 **2D.** 10, 5
2E. 12, 8 **2F.** 36, 24 **2G.** 18, 12 **2H.** 72, 56 **3A.** 20, 22 **3B.** 12, 14 **3C.** 16, 18 **3D.** 6, 8
3E. 5 and 7 **3F.** 14, 16 **3G.** 11, 12, 13 **3H.** 10, 12, 14 **4A.** 40 yrs. **4B.** 40 years **4C.** 18yrs., 13yrs.
4D. 25 yrs., 29 yrs. **4E.** 42 yrs. **4F.** 35 yrs. **5A.** Rs 435, Rs 335 **5B.** Rs 500 and Rs 350

C. LONG QUESTIONS

1A. 32 yrs, 12 yrs **1B.** 33 yrs, 12 yrs. **2A.** 16 yrs, 24 yrs **2B.** 19 yrs, 15 yrs **2C.** 15 yrs, 21 yrs.
2D. 42 yrs and 12 yrs **3A.** 40 yrs, 15 yrs **3B.** 36 yrs, 11 yrs. **3C.** 45 yrs, 13 yrs **3D.** 45 yrs, 20 yrs
4A. 29 yrs, 5 yrs. **4B.** 29 yrs, 5 yrs **4C.** 58 yrs., 25 yrs. **4D.** 28 yrs, 3 yrs **4E.** 34 yrs, 6 yrs
5A. 45 yrs, 15 yrs. **5B.** 60 yrs, 15 yrs. **6A.** 30 yrs, 10 yrs. **6B.** 24 yrs, 3 yrs **6C.** 28 yrs, 11 yrs
6D. 48 yrs, 8 yrs. **6E.** 45yrs, 15 yrs **6F.** 34 yrs, 4 yrs **7A.** 45 yrs, 15 yrs **7B.** 30 yrs, 20 yrs
7C. 18 yrs, 12 yrs **7D.** 45 yrs, 30 yrs **8A.** 41 **8B.** 91 **8C.** 51 **8D.** 61 **8E.** 37 **8F.** 72
8G. 38 **8H.** 97 **8I.** 84 **8J.** 75 **9A.** 74 **9B.** 59 **9C.** 47 **10A.** 27 **10B.** 24 **10C.** 42 **10D.** 72
10E. 1 : 2 **11A.** 72 **11B.** 27 **12A.** 54 **12B.** 71 or 73 **13A.** 93 **13B.** 6 **14A.** 5, 3 **14B.** 64, 20
14C. 48, 36 **14D.** 72 **15A.** $\frac{2}{5}$ **15B.** $\frac{4}{5}$ **15C.** $\frac{3}{8}$ **15D.** $\frac{5}{7}$ **15E.** $\frac{7}{9}$ **16A.** 7, 5 **16B.** 16, 10 **17A.** Rs 110
17B. Rs 60, Rs 50 **18A.** 15 m and 12 m **18B.** 30 m and 20 m **19A.** 3500 m^2 **19B.** 600 m^2

GENERAL EXERCISE 12A

A. SHORT QUESTIONS [FOR GROUP B]

Model 1 ***Problems based on finding a number by making a linear equation.***

1A. एउटा सङ्ख्याको 6 गुणामा 11 जोड्दा 65 हुन्छ भने त्यो सङ्ख्या पत्ता लगाउनुहोस् ।
Six times of a number increased by 11 is equal to 65. Find the number.

1B. एउटा सङ्ख्याको 2 गुणा भन्दा 3 धेरै सो सङ्ख्या भन्दा 8 ले कम भए उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
Three more than twice a number is equal to 8 less than the number. Find the number.

2A. एउटा सङ्ख्या पत्ता लगाउनुहोस् जब यसलाई 11 ले गुणा गरी 18 घटाउँदा 15 सँग बराबर हुन्छ ।
Find a number which when multiplied by 11 and then diminished by 18 is equal to 15.

2B. एउटा सङ्ख्या पत्ता लगाउनुहोस् जब यसलाई 5 ले गुणा गरी 10 घटाउँदा 5 सँग बराबर हुन्छ ।
Find a number which when multiplied by 5 and then subtracted by 10 is equal to 5.

Model 2 ***On finding numbers when their relation and sum or difference are given.***

3A. दाजुले भन्दा भाइले रु. 1 बढी पाउने गरी रु. 100 दाजुभाइमा बाँड्नुहोस् ।
Divide Rs 100 between two brothers as younger one gets rupee 1 more than elder one.

3B. दिदिले भन्दा बहिनीले रु. 10 बढी पाउने गरी रु. 450 दिदिबहिनीमा बाँड्नुहोस् ।
Divide Rs 450 between two sisters as younger one gets rupees 10 more than elder one.

4A. तीनओटा अनुवर्ती सङ्ख्याहरूको योगफल 54 भए ती पहिला दुई सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The sum of three consecutive numbers is 54 then find the first two numbers.

4B. सबैभन्दा सानो सङ्ख्याको 6 गुणा र बाँकी 2 सङ्ख्याको योगफलको दुई गुणा बराबर हुने तीनवटा क्रमागत सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
Find three consecutive numbers such that 6 times the smallest number is equal to double the sum of the other two.

5A. तीनओटा अनुवर्ती सङ्ख्याहरूमध्ये पहिलोको दोब्बर, दोस्रोको तेब्बर र तेस्रोको चारगुणाको योगफल 191 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
Find three consecutive numbers such that twice the first, three times the second and four times the third together make 191.

5B. तीनओटा अनुवर्ती सङ्ख्याहरूमध्ये पहिलोको दोब्बर, दोस्रोको तेब्बर र तेस्रोको चारगुणाको योगफल 29 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
Find three consecutive numbers such that twice the first, three times the second and four times the third together make 29.

6A. एउटा सङ्ख्या अर्को सङ्ख्याको तीनगुणा छ । ती सङ्ख्याहरूको योगफल 16 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
A number is three times the other number and the sum of the numbers is 16. Find the numbers.

6B. एउटा सङ्ख्या अर्को सङ्ख्याको पाँच गुणा छ । यदि ठुलो सङ्ख्याको तीन गुणामा सानो सङ्ख्या जोड्दा योगफल 96 हुन्छ भने उक्त सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
A number is five times the other. If three times the greater number is added to the smaller, the result becomes 96. Find the numbers.

www.drmathnp.com

puspas.com.np

Model 3 *Problems based on finding numbers.*

7A. दुईओटा सङ्ख्याहरू 3 : 5 को अनुपातमा छन् । यदि तिनीहरूको योगफल 40 भए ठुलो सङ्ख्या पत्ता लगाउनुहोस् ।
Two numbers are in the ratio of 3 : 5. If their sum is 40, find the greater number.

7B. दुईओटा सङ्ख्याहरू 3 : 2 को अनुपातमा छन् । यदि तिनीहरूको अन्तर 10 भए सानो सङ्ख्या पत्ता लगाउनुहोस् ।
Two numbers are in the ratio of 3 : 2. If their difference is 10, find the smaller number.

8A. दुई अङ्कको एउटा सङ्ख्यामा एक स्थानको अङ्क र दश स्थानको अङ्क बराबर छन् । यदि अङ्कहरूको योगफल 8 भए उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a two digits number, the digits at unit place and tenth place are equal. If the sum of digits is 8, find the number.

8B. दुई अङ्कको एउटा सङ्ख्यामा एक स्थानको अङ्कको दोब्बर दश स्थानको अङ्क छ । यदि अङ्कहरूको योगफल 9 भए एक स्थानको अङ्क पत्ता लगाउनुहोस् ।
In a two digits number, the digit at tenth place is twice the digit at unit place. If the sum of the digits is 9, find the digit of unit place.

8C. दुई अङ्कको एउटा सङ्ख्यामा एक स्थानको अङ्क र दश स्थानको अङ्कको अनुपात 1 : 2 छ । यदि अङ्कहरूको योगफल 12 भए सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a two digits number, the ratio of digits of unit place and tenth place is 1 : 2. If the sum of digits is 12 then find the number.

Model 4 *Problems based on finding ages.*

9A. बाबु र छोराको उमेरको अनुपात 5 : 2 छ र उनीहरूको उमेरको योग 56 वर्ष छ भने उनीहरूको उमेर पत्ता लगाउनुहोस् ।
The ratio of age of father and his son is 5 : 2 and sum of their ages is 56 years. Find the age of the father and the son.

9B. बाबु र छोराको उमेरको अनुपात 3 : 2 छ र उनीहरूको उमेरको अन्तर 20 वर्ष छ भने उनीहरूको उमेर पत्ता लगाउनुहोस् ।
The ratio of age of father and his son is 3 : 2 and difference of their ages is 20 years. Find the age of the father and the son.

Model 5 *Problems based on Price and commodity.*

10A. एउटा कलम र एउटा सिसाकलमलाई रु. 35 पर्छ । यदि एउटा कलमलाई एउटा सिसाकलमलाई भन्दा रु. 15 धेरै पर्छ भने हरेकको मूल्य पत्ता लगाउनुहोस् ।
The cost of a pen and a pencil is Rs 35. If a pen costs Rs 15 more than a pencil, find the cost of each.

10B. एउटा स्याउ र एउटा सुन्तलालाई रु. 35 पर्छ । यदि एउटा स्याउलाई एउटा सुन्तलालाई भन्दा रु. 5 धेरै पर्छ भने हरेकको मूल्य पत्ता लगाउनुहोस् ।
The cost of an apple and an orange is Rs 35. If an apple costs Rs 5 more than an orange, find the cost of each.

B. LONG QUESTIONS [FOR GROUP C AND D]

Model 1 *Problems based on ages of two persons.*

1A. 2032 र 2050 सालमा बाबुको उमेर उसको छोराको उमेरको क्रमशः 4 गुणा र 2 गुणा थियो । उसको छोराको जन्म साल पत्ता लगाउनुहोस् । साथै, 2068 सालमा तिनीहरूको उमेरको अनुपात पत्ता लगाउनुहोस् ।
A father's age was four times and two times of his son at 2032 and 2050 respectively, find birth year of the son. Also, find the ratio of their ages in 2068.

1B. 2055 सालमा सुधाको उमेर आफ्नो बहिनी सुनीको उमेरको $2\frac{1}{2}$ गुणा थियो र 2070 मा सुधाको उमेर सुनीको उमेरको दोब्बर भन्दा पनि 10 वर्षले कम हुनेछ भने सुनीको जन्म साल पत्ता लगाउनुहोस् । साथै, 2075 सालमा तिनीहरूको उमेरको अनुपात पत्ता लगाउनुहोस् ।
The age of Sudha was $2\frac{1}{2}$ times of her younger sister Suni in 2055 and the age of Sudha will be 10 years less than double as old as Suni in 2070. Find the birth year of Suni. Also, find the ratio of their ages in 2075.

2A. कृष्णको उमेरको एक तिहाइ र गणेशको उमेरको 1 चौथाइ जोड्दा कृष्णको उमेरको 2 तिहाइ हुन्छ । यदि तिनीहरूको उमेरको योग कृष्णको उमेरको 2 गुणा भन्दा पनि 7 वर्षले बढी हुन्छ भने तिनीहरूको हालको उमेरको योगफल पत्ता लगाउनुहोस् ।
One-third of Krishna's age added to one-fourth of Ganesh's age is equal to two-thirds of Krishna's age. If the sum of their ages is 7 years more than twice the age of Krishna, find the sum of their ages.

2B. A को उमेरको 1 तिहाइ र B को उमेरको 1 चौथाइ जोड्दा B को उमेरको आधा हुन्छ । यदि तिनीहरूको उमेरको योगफल B को उमेरको दोब्बर भन्दा 10 वर्षले कम हुन्छ भने A र B को उमेरको अन्तर लगाउनुहोस् ।
One third of A's age is added to one-fourth of B's age then it is one half of B's age. If the sum of their ages is 10 years less than the double of age of B, find the difference between the ages of A and B.

www.drmathnp.com

2C. पेम्बाको एउटा छोरा र एउटी छोरी छन् । छोरा छोरी भन्दा 4 वर्ष जेठो छ । पाँच वर्ष पहिले पेम्बाको उमेर छोरा र छोरीको उमेरको योगफल भन्दा 23 वर्ष धेरै थियो । अहिले देखि 18 वर्ष पछि पेम्बाको उमेर उसको छोराछोरीको उमेरको अन्तरको सत्र गुणा हुनेछ । छोरा जन्मदा पेम्बा कति वर्षको थियो ?
Pemba has a son and a daughter, the son being 4 years older than the daughter. Five years ago, the age of Pemba was 23 years more than the sum of the ages of his son and daughter. After 18 years from now, the age of Pemba will be seventeen times the difference of ages of his son and daughter. How old was Pemba when his son was born?

3A. 10 वर्ष अघि बाबुको उमेर र छोराको उमेरको अनुपात 11 : 3 थियो । 5 वर्षपछि बाबुको उमेर छोराको उमेरको 2 गुणा भन्दा 10 वर्ष बढी हुनेछ भने यदि दुवै जना जीवित रहे कति वर्षमा अहिलेको बाबुको उमेर बराबर छोराको उमेर हुनेछ ?
The ratio of ages of father and son before 10 years was 11 : 3. After 5 years, the age of father will be 10 years more than twice the age of the son. If both of them live, in how many years the son becomes as old as father is now?

3B. बाबुको 5 वर्ष अघिको उमेर र छोराको 5 वर्षपछिको उमेरको अनुपात 5 : 2 हुन्छ । हाल बाबुको उमेर छोराको उमेरको 4 गुणा भन्दा 5 वर्ष घटी छ भने यदि दुवै जना जीवित रहे कति वर्षमा अहिलेको बाबुको उमेर बराबर छोराको उमेर हनेछ ?
The ratio of age of father before 5 years and the age of son after 5 years is 5 : 2. The present age of father is 5 years less than four times the age of his son. If both of them live, in how many years the son becomes as old as father is now?

Model 2 *Problems based on finding two digits numbers.*

4A. एउटा दुई अङ्कको सङ्ख्या र त्यसका अङ्कहरूको स्थान बदल्दा बन्ने सङ्ख्याको अनुपात 7 : 4 छ । यदि अङ्कहरूको अन्तर 3 भए उक्त सङ्ख्याको अङ्कहरूको योगफल पत्ता लगाउनुहोस् ।
The ratio of a two digit number and the number obtained by interchanging the digits is 7 : 4. If the difference of the digits is 3, find the sum of the digits of the number.

4B. एउटा दुई अङ्कको सङ्ख्या र त्यसका अङ्कहरूको स्थान बदल्दा बन्ने सङ्ख्याको अनुपात 6 : 5 छ । यदि अङ्कहरूको अन्तर 1 भए उक्त सङ्ख्याको अङ्कहरूको योगफल पत्ता लगाउनुहोस् ।
The ratio of a two digit number and the number obtained by interchanging the digits is 6 : 5. If the difference of the digits is 1, find the sum of the digits of the number.

5A. एउटा दुई अङ्कको सङ्ख्या र त्यसका अङ्कहरूको स्थान बदल्दा बन्ने सङ्ख्याको भागफल 4.5 छ । यदि अङ्कहरूको अन्तर 7 भए उक्त सङ्ख्याको अङ्कहरूको गुणनफल पत्ता लगाउनुहोस् ।
The quotient of a two digit number and the number obtained by interchanging the digits is 4.5. If the difference of the digits is 7, find the product of digits of the number.

5B. एउटा दुई अङ्कको सङ्ख्या र त्यसका अङ्कहरूको स्थान बदल्दा बन्ने सङ्ख्याको भागफल $\frac{8}{3}$ छ । यदि अङ्कहरूको अन्तर 5 भए उक्त सङ्ख्याको अङ्कहरूको गुणनफल पत्ता लगाउनुहोस् ।
The qoutient of a two digit number and the number obtained by interchanging the digits is $\frac{8}{3}$. If the difference of the digits is 5, find the product of digits of the number.

6A. दुईओटा अङ्कले बनेको एउटा धनात्मक सङ्ख्यामा भएका अङ्कहरू मध्ये एक स्थानको अङ्कलाई दस स्थानको अङ्कले भाग गर्दा भागफल 2 आउछ । यो सङ्ख्यामा 27 जोड्ने हो भने त्यो सङ्ख्याको विपरीत सङ्ख्या बन्दछ भने त्यो सङ्ख्याको नजिकको घन सङ्ख्या पत्ता लगाउनुहोस् ।
A positive number consists of two digits. When digit in the unit place is divided by the digit in the tenth place then the quotient is 2. If 27 is added to the number then digits of the number are reversed. Find the nearest cube number to that number.

6B. दुईओटा अङ्कले बनेको एउटा धनात्मक सङ्ख्यामा भएका अङ्कहरू मध्ये एक स्थानको अङ्कलाई दस स्थानको अङ्कले भाग गर्दा भागफल 3 हुन्छ । यो सङ्ख्यामा 36 जोड्ने हो भने त्यो सङ्ख्याको विपरीत सङ्ख्या बन्दछ भने त्यो सङ्ख्याको नजिकको घन सङ्ख्या पत्ता लगाउनुहोस् ।
A positive number consists of two digits. When digit in the unit place is divided by the digit in the tenth place then the quotient is 3. If 36 is added to the number then digits of the number are reversed. Find the nearest cube number to that number.

7A. 2 अङ्कको एउटा सङ्ख्यामा एउटा अङ्क अर्को भन्दा 5 ले बढी छ । यदि अङ्कहरूको स्थान अदलबदल गरियो भने नयाँ सङ्ख्या पहिलेको सङ्ख्याको $\frac{3}{8}$ सँग बराबर हुन्छ भने सुरुको सङ्ख्याको अङ्कहरूको योगफल पत्ता लगाउनुहोस् ।
A number consists of two digits. One of the digits is greater than the other by 5. When the digits are reversed, the number becomes $\frac{3}{8}$ of the original number. Find the sum of digits of the number.

www.drmathnp.com

pusras.com.np

7B. दुई अङ्कको एक सङ्ख्यामा एक स्थानीय अङ्क दश स्थानीय अङ्कको तेब्बर र दुई अङ्कको योग 12 हुन्छ । उक्त सङ्ख्याको एक स्थानीय अङ्क र दस स्थानीय अङ्कको अन्तर पत्ता लगाउनुहोस् ।
In a two digits number, the sum of the digits is 12 and the digit in the unit place is three times the digit in tenth place. Find the difference between the digit in unit place and digit in tenth place of the number.

8A. दुई अङ्कले बनेको एउटा सङ्ख्या यसका अङ्कहरू उल्टाउँदा बन्ने सङ्ख्या भन्दा 36 ले कम हुन्छ । एकको स्थानमा भएको अङ्क दशको स्थानमा भएको अङ्कको दोब्बर भन्दा 1 ले बढी छ भने उक्त सङ्ख्याको अङ्कहरूको योगफल पत्ता लगाउनुहोस् ।
A number of two digits is 36 less than the number with the digits reversed. If the units digit exceeds twice the tens digit by 1, find the sum of digits of the number.

8B. कुनै एउटा दुई अङ्कले बनेको सङ्ख्या र उक्त सङ्ख्याको अङ्कहरू बदल्दा बन्ने सङ्ख्याको योगफल 121 छ । यदि उक्त सङ्ख्यामा 9 जोडियो भने उक्त सङ्ख्याका अङ्कहरूको योगफलको छ गुनाभन्दा 1 ले कम हुन्छ । उक्त सङ्ख्याको एक स्थानीय अङ्क र दस स्थानीय अङ्कको अन्तर पत्ता लगाउनुहोस् ।
The sum of a number of two digits and that of the number formed by interchanging its digits is 121. If 9 is added to the number, it becomes one less than six times the sum of its digits. Find the difference between the digit in unit place and digit in tenth place of the number.

9A. दुई अङ्कले बनेको एक सङ्ख्या त्यसका अङ्कहरूको योगफलको 6 गुणाभन्दा 4 ले बढी र अन्तरको 32 गुणा छ भने त्यो सङ्ख्याको नजिकको दुवै अङ्क बराबर हुने सङ्ख्या पत्ता लगाउनुहोस् ।
A two digit number is 4 more than 6 times the sum of digits and 32 times the difference of its digits. Find the nearest number to that number whose digits are equal.

9B. दुई अङ्कले बनेको एक सङ्ख्या त्यसका अङ्कहरूको योगफलको 7 गुणा र अन्तरको 22 गुणा भन्दा 2 ले कमी छ भने त्यो सङ्ख्याको नजिकको दुवै अङ्क बराबर हुने सङ्ख्या पत्ता लगाउनुहोस् ।
A two digit number is seven times the sum and two less than 22 times the difference of its digits. Find the nearest number to that number whose digits are equal.

Algebra

9C. एउटा दुई अङ्कको सङ्ख्याको चार गुणा यसका अङ्कहरू उल्ट्याउँदा बन्ने सङ्ख्याको सात गुणा हुन्छ । यदि अङ्कहरूको अन्तर 3 भए सुरूको सङ्ख्या पत्ता लगाउनुहोस् र ती सङ्ख्याहरूको अन्तर अङ्कहरूको अन्तरको 9 गुणा हुन्छ भनी देखाउनुहोस् ।
Four times a two digit number is equal to seven times the number formed by reversing the order of its digits. If the difference between the digit is 3, find the original number and then show that the difference between the numbers is nine times the difference between the digits.

10A. यदि दुई अङ्कको एउटा सङ्ख्यालाई अङ्कहरूको अन्तरले भाग गर्दा भागफल 21 हुन्छ र अङ्कहरूको स्थान बदलिँदा बन्ने सङ्ख्या सुरूको सङ्ख्या भन्दा 36 ले कमी हुन्छ भने त्यो दुई अङ्कको सङ्ख्याको नजिकको वर्ग सङ्ख्या पत्ता लगाउनुहोस् ।
If a number of two digits is divided by the difference of the digits, the quotient is 21 and the number is greater by 36 than the number formed by reversing the digits, find the nearest square number to the two digit number.

10B. यदि दुई अङ्कको एउटा सङ्ख्यालाई अङ्कहरूको अन्तरले भाग गर्दा भागफल 21 हुन्छ र अङ्कहरूको स्थान बदलिँदा बन्ने सङ्ख्या सुरूको सङ्ख्या भन्दा 18 ले कमी हुन्छ भने त्यो दुई अङ्कको सङ्ख्याको नजिकको वर्ग सङ्ख्या पत्ता लगाउनुहोस् ।
If a number of two digits is divided by the difference of the digits, the quotient is 21 and the number is greater by 18 than the number formed by reversing the digits, find the nearest square number to the two digit number.

11A. 1 देखि 9 सम्मका अङ्कहरू मिली बनेको 2 अङ्कको एउटा सङ्ख्यामा अङ्कहरूको योग 8 छ । यदि सो सङ्ख्यामा 9 जोडियो भने दुवै अङ्कहरू बराबर हुन्छन् । सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
The sum of digits in a two digit number formed by the two digits from 1 to 9 is 8. If 9 is added to the number then both the digits become equal. Find the number.

Hint: Let x and y be two digits of a number then the two digit number = 10x + y
First condition: x + y = 8 …….. (i) Second condition: 10x + y + 9 = 10(x + 1) + (y – 1) then, x + 1 = y – 1
∴ y – x = 2 ….. (ii) Solving (i) and (ii) then, x = 3, y = 5

11B. 2 देखि 9 सम्मका अङ्कहरू मिली बनेको 2 अङ्कको एउटा सङ्ख्यामा अङ्कहरूको योग 9 छ । यदि सो सङ्ख्यामा 8 जोडियो भने दुवै अङ्कहरू बराबर हुन्छन् । सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
The sum of digits in a two digit number formed by the two digits from 2 to 9 is 9. If 8 is added to the number then both the digits become equal. Find the number.

Model 3 Problems based on two digits number and age.

12A. एकजना हजुरबुबाको उमेर दुई अङ्कले बनेको उसको नातिको उमेर उल्टाउँदा बन्दछ । यदि तिनीहरूको उमेर जनाउने सङ्ख्यामा प्रयोग भएका अङ्कहरूको योगफल 7 छ र हजुरबुबाको उमेर नातिको उमेरको चारगुणा भन्दा 3 वर्ष कम छ भने नाती जन्मदा हजुरबुबा कति वर्षको हुनुहुन्थ्यो ?
The age of grandfather is obtained by reversing the age of his grandson formed by two digits. If the sum of digits used to form their ages is 7 and the age of grandfather is three years less than four times the age of his grandson, how old was grandfather when grandson was born?


www.drmathnp.com

12B. बाबुको उमेर दुई अङ्कले बनेको छोराको उमेर उल्टिएर बन्छ । यदि बाबु छोरा भन्दा 27 वर्ष जेठो छ र प्रयोग भएका अङ्कहरूको जोड 7 छ भने अङ्कहरूको अन्तर पत्ता लगाउनुहोस् ।
A father's age is formed by reversing the two digits of son's age. If the father is 27 years older than his son and sum of the digits used is 7, find the difference of digits.

Model 4 *Problems based on distance, time and velocity.*


13A. दुईओटा मोटरहरू 480 कि.मि. टाढा रहेका दुईओटा गाउँबाट आइरहेका थिए । एउटा मोटरको गति अर्कोको भन्दा 6 कि.मि. प्रतिघण्टा छिटो छ । 6 घण्टापछि दुईओटा मोटरहरूको भेट हुन्छ । दुईओटा मोटरहरू एकैसाथ चलेको अवस्थामा प्रत्येक मोटरको गति पत्ता लगाउनुहोस् ।
Two motors started toward each other from two villages which are 480 km apart. The speed of one motor is 6 km/hr faster than the other. Both motors meet each other after 6 hours, find their speed when both motors started at the same time.

Hint : Let, the speed of one motor be x km/hr and other be (x + 6) km/hr.
Distance travelled by one motor = 6x km
Distance travelled by other motor = 6(x + 6) km
Total distance = 480 km
So, $6x + 6(x + 6) = 480$ $\therefore$ $x = 37$
The speed of both the motors are 37 km/hr and 43 km/hr.



13B. लोकमार्गमा दुईओटा बिन्दुहरू A र B आपसमा 90 km दूरीमा छन् । एउटा कार बिन्दु A बाट र अर्को कार बिन्दु B बाट एकैचोटी गुड्छन् । यदि तिनीहरू एउटै दिशामा गुड्दा 9 घण्टामा भेट हुन्छ तर विपरित दिशामा गुड्दा $\frac{9}{7}$ घण्टामा भेट हुन्छ भने प्रत्येक कारको गति पत्ता लगाउनुहोस् ।
Points A and B are 90 km apart from each other on a highway. A car starts from A and another from B at the same time. If they go in the same direction, they meet in 9 hours and if they go in opposite direction, they meet in $\frac{9}{7}$ hours. Find the speed of each car.

Hint: Let, the speed of the cars are x km/hr and y km/hr. respectively.
Then, $9x - 9y = 90$ ➲ $x - y = 10$.....(i)
And, $\frac{9}{7}x + \frac{9}{7}y = 90$ ➲ $x + y = 70$.....(ii)
Solving (i) and (ii) then, $x = 40$ and $y = 30$.



14A. एउटा लोकमार्गमा 120 km दूरीमा रहेका दुई स्थानहरू A र B छन् । एउटा कार A बाट र अर्को कार B बाट एउटै समयमा गुड्न सुरु गर्छन् । ती कारहरू एकै दिशामा गुड्दा 6 घण्टामा भेट हुन्छ र विपरीत दिशामा गुड्दा 1 घण्टा 12 मिनेटमा भेट हुन्छ । हरेक कारको गति पत्ता लगाउनुहोस् ।
Two places A and B are 120 km apart from each other on a highway. A car starts from A and another from B at the same time. If they move in the same direction, they meet in 6 hours, and if they move in opposite directions, they meet in 1 hour 12 minutes. Find the speed of each car.

14B. 64 km दूरीमा रहेका दुई व्यक्तिहरू विपरीत दिशामा हिंड्दा 4 घण्टामा र एकै दिशामा हिँड्दा 16 घण्टामा भेट्छन् । तिनीहरूको छुट्टाछुट्टै गति पत्ता लगाउनुहोस् ।
Two persons are 64 km apart, if they walk in opposite direction then they will meet in 4 hours and in the same direction they will meet in 16 hours. Find their separate velocity.

14C. काठमाडौँबाट पोखराका लागि बेलुका 9 बजे छुटेको गाडीको गति 40 km/ hr थियो । एक घण्टापछि अर्को गाडी पनि पोखरातर्फ 60 km/ hr का दरले गुडाइयो भने कति बजे यी दुई गाडीहरूको भेट हुनेछ ?
A bus was started at 9 pm from Kathmandu to Pokhara at the speed of 40 km/hr. An hour later, another bus was also started at the speed of 60 km/hr to Pokhara. At what time will they meet ?

Hint: Let's consider, they will meet at x pm. The distance traveled by first bus in 1hr = 40 km.
$\therefore$ The distance traveled by same bus in $(x - 9)$ hr $= 40(x - 9)$ km
Similarly, the distance traveled by second bus in 1hr = 60 km.
$\therefore$ The distance traveled by same bus in $\{x - (9 + 1)\}$hrs $= 60(x - 10)$ km.
Since, The buses meet each other at x pm, they travel the same distance.
$\therefore$ $40(x - 9) = 60(x - 10)$ $\therefore$ $x = 12$ $\therefore$ They will meet at (x) = 12 o'clock.

14D. एउटा बस 600 कि. मि. दूरी x कि. मि. प्रति घण्टाको दरमा गुड्छ । यदि बसको गति (x + 20) कि. मि. प्रति घण्टा भएको भए सो दूरी पार गर्न 5 घण्टा कम लाग्थ्यो । सो बसको गति पत्ता लगाउनुहोस् ।
A bus covers a distance of 600 km at x km/hr. Had the speed been (x + 20) km/hr., the time taken to cover the distance would have been reduced by 5 hours. Find the speed of the bus.

Hint: First case: Time taken to cover 600 km $= \frac{600}{x}$ hrs. **Second case:** Time taken to cover 600 km $= \frac{600}{x + 20}$ hrs.

From question, $\frac{600}{x} - \frac{600}{x + 20} = 5$ $\therefore$ $x = 40$ Thus the speed of the bus = 40 km/hr.

14E. 240 km यात्रा गर्न एउटा छिटो कुद्ने बसलाई ढिलो कुद्ने बसलाई भन्दा 2 घण्टा कम समय लाग्छ । यदि ढिलो कुद्ने बसको गति छिटो कुद्ने बसको गतिभन्दा 10 km/hr कम छ भने दुवै बसको गति पत्ता लगाउनुहोस् ।
A fast bus takes 2 hours less than a slow bus for a journey of 240 km. If the speed of the slow bus is 10 km/hr less than the speed of the fast bus, find the speed of both the buses.

www.drmathnp.com

puspas.com.np

14F. एकजना मानिसले x km/hr को गतिमा गाडी चलाएर 200 km दूरी जाने गर्थ्यो । यदि उसले (x + 10) km/hr को गतिमा गाडी चलाएको भए 200 km जान उसलाई 1 घण्टा कम समय लाग्छ भने x को मान पत्ता लगाउनुहोस् ।
A motorist drives a vehicle for distance of 200 km at a uniform speed of x km/hr. Had he travelled at a uniform speed of (x + 10) km/hr, he would have taken 1 hour less. Find the value of x.

14G. एउटा डुङ्गा 6 घण्टामा बगीरहेको पानीको विपरीत दिशामा 16 km र पानीको दिशामा 24 km जान सक्छ । साथै, बगीरहेको पानीको विपरीत दिशामा 12 km र बगीरहेको पानीको दिशामा 36 km जानलाई पनि सोही समय लाग्छ । डुङ्गाको गति र बगीरहेको पानीको गति पत्ता लगाउनुहोस् ।
A boat goes 16 km upstream and 24 km downstream in 6 hours. Also, it covers 12 km upstream and 36 km downstream in the same time. Find the speed of the boat in still water and that of the stream.

Hint: Let the speed of the boat in still water be x km/hr and, the speed of the boat stream be y km/hr.
Then, the speed upstream = (x – y) km/hr and the speed downstream = (x + y) km/hr

Case I: The time taken = 6 hours So, $\frac{16}{x-y}+\frac{24}{x+y}=6$ ..... (i)

Case II: The time taken = 6 hours So, $\frac{12}{x-y}+\frac{36}{x+y}=6$ ..... (ii)

Solving (i) and (ii) then, x = 8 and y = 4. Thus, the speed of the boat in still water is 8 km/hr & in the stream is 4 km/hr.

14H. एउटा डुङ्गा 8 घण्टामा बगीरहेको पानीको विपरीत दिशामा 12 km र पानीको दिशामा 40 km जान सक्छ । साथै, बगीरहेको पानीको विपरीत दिशामा 16 km र बगीरहेको पानीको दिशामा 32 km जानलाई पनि सोही समय लाग्छ । डुङ्गाको गति र बगीरहेको पानीको गति पत्ता लगाउनुहोस् ।
A boat goes 12 km upstream and 40 km downstream in 8 hours. Also, it covers 16 km upstream and 32 km downstream in the same time. Find the speed of the boat in still water and that of the stream.

Model 5 Problems based on ratio.

15A. अदिति र दितिको मासिक आम्दानीको अनुपात 3 : 2 छ र तिनीहरूको खर्चको अनुपात 5 : 3 छ । यदि प्रत्येकले महिनामा रु. 10000 बचत गर्छन् भने तिनीहरूको मासिक आय कति कति होला ?
The monthly income of Adity and Dity are in the ratio of 3 : 2 and their expenses are in the ratio of 5 : 3. If each of them saves Rs 10000 in a month, find their monthly income.

15B. मुनु र बुनुको मासिक आम्दानीको अनुपात 8 : 7 छ र तिनीहरूको खर्चको अनुपात 2 : 1 छ । यदि प्रत्येकले महिनामा रु. 6000 बचत गर्छन् भने तिनीहरूको मासिक आय कति कति होला ?
The monthly income of Munu and Bunu are in the ratio of 8 : 7 and their expenses are in the ratio of 2 : 1. If each of them saves Rs 6000 in a month, find their monthly income.

15C. एउटा परीक्षामा 80% विद्यार्थीहरू पास भए । यदि 15 जना कम सम्मिलित भई 10 जना कम पास भएको भए पास हुने र फेल हुने विद्यार्थीहरूको अनुपात 5 : 1 हुने थियो । कति जना विद्यार्थीहरू पास भएछन् र कति जना विद्यार्थीहरू परीक्षामा सम्मिलित भएका रहेछन् ?
In an examination, 80% students passed. If 15 less have appeared and 10 less have passed, the ratio of passes to failures would have been 5 : 1. How many students passed and how many appeared in the examination?

Hint: If x students appeared and y students passed, $y=\frac{4}{5}x$ So, $\frac{y-10}{(x-15)-(y-10)}=\frac{5}{1}$

Model 6 Problems based on cost and quantity.

16A. 1 kg स्याउ र 1 kg सुन्तलाको मूल्य 3 : 2 को अनुपातमा छन् । यदि 5 kg स्याउ र 3 kg सुन्तलालाई रु. 840 पर्छ भने 1 kg स्याउ र 1 kg सुन्तलालाई कति पर्ला ?
The prices of one kg of apples and one kg of oranges are in the ratio of 3: 2. If 5 kg of apples and 3 kg of oranges cost Rs 840, how much of money one has to pay to buy 1 kg of apples and 1 kg of oranges?

16B. 5 ओटा सिसाकलम र 7 ओटा कलमको मूल्य रु. 200 छ जहाँ 7 ओटा सिसाकलम र 5 ओटा कलमको मूल्य रु. 184 छ । 1 ओटा सिसाकलम र 1 ओटा कलमको मूल्य पत्ता लगाऊ ।
5 pencils and 7 pens cost Rs 200, whereas 7 pencils and 5 pens together cost Rs 184. Find the cost of one pencil and the cost of a pen.

Model 7 Problems based on application of simultaneous equations.

17A. रामले श्यामलाई भन्यो, "तिमीले मलाई तिमीसित भएको दामको आधा दियौ भने म सित रु. 100 हुनेछ ।" श्यामले भन्यो, "तिमीले मलाई आफूसित भएको दामको एक-तिहाइ मात्र दियौ भने मसित रु. 100 हुनेछ ।" प्रत्येक सित कति-कति रहेछ ?
Ram said to Shyam, "If you give me half of your money, I shall have Rs 100 with me." Shyam replied, "I shall have Rs 100 with me if you give me only one-third of your money." How much did each possess ?

17B. परीक्षामा रामले श्यामले भन्दा 12 नम्बर कम पायो । यदि उसले जति पाएको थियो त्यसैको आधा अरु बढी पाएको भए श्यामलाई 11 नम्बरले जित्ने थियो । प्रत्येकले कति-कति नम्बर पाएछन् ?
In an examination, Ram obtained 12 marks less than Shyam. If he had obtained half as many marks again as he did, he would have beaten Shyam by 11 marks. Find the marks obtained by each.

www.drmathnp.com

17C. रामले रु. 90 मा केही कलमहरू किन्यो । यदि उसले प्रत्येकको रु. 1 घटी तिरेको भए 3 ओटा कलम बढी आउँथ्यो भने उसले कति ओटा कलम किनेछ ?
Ram bought some pens for Rs 90. If he had paid Re. 1 less for each, he would have 3 more pens. How many pens did he buy ?

17D. केही रकम केही केटाहरूलाई बराबर गरी बाँडियो । यदि 2 जना केटा बढी भएको भए प्रत्येकले रु.10 कम पाउँथे र यदि 2 केटाहरू कम भएको भए प्रत्येकले रु. 15 बढी पाउँथे भने केटाहरूको सङ्ख्या र प्रत्येकले पाएको रकम पत्ता लगाउनुहोस् ।
A sum of money was distributed among some boys equally. Had there been two boys more, each would have received Rs 10 less. Had there been two boys less, each would have received Rs 15 more. Find the number of boys and the sum received by each.

17E. अश्लेशा र पुनम प्रत्येकसँग केही गुच्चाहरू थिए । अश्लेशाले पुनमलाई भनिन् "यदि तिमीले तिम्रो 10 ओटा गुच्चाहरू दियौ भने तिमीसँग भएको गुच्चाको दोब्बर मसँग हुनेछ तर पुनमले यसरी जवाफ दिइन्, "यदि तिमीसँग भएको 10 ओटा गुच्चा मलाई दियौ भने मसँग तिमीसँग भएको गुच्चाको तेब्बर हुनेछ ।" प्रत्येकसँग कति थियो होला ?
Ashlesha and Poonam each had a number of marbles. Ashlesha said to Poonam "If you give me 10 of your marbles, I shall then just twice as many as you" but Poonam replied "If you give me 10 of yours, I shall then have three times as many as you". How many had each ?

17F. सान्वी र सलोनी प्रत्येकसँग केही चक्लेटहरू थिए । सान्वीले सलोनीलाई भनिन् "यदि तिमीले तिम्रो 10 ओटा चक्लेटहरू दियौ भने तिमीसँग भएको चक्लेटको चारगुणा मसँग हुनेछ तर सलोनीले यसरी जवाफ दिइन्, "यदि तिमीसँग भएको 10 ओटा चक्लेट मलाई दियौ भने मसँग तिमीसँग भएको तेब्बरको आधा हुनेछ ।" प्रत्येकसँग कति थियो होला ?
Saanvi and Saloni each had a number of chocolates. Saanvi said to Saloni "If you give me 10 of your chocolates, I shall then just four times as many as you" but Saloni replied "If you give me 10 of yours, I shall then have one half of three times as many as you". How many had each ?

ANSWERS

A. SHORT QUESTIONS

1A. 9	**1B.** −11	**2A.** 3	**2B.** 3	**3A.** Rs 49.50, Rs 50.50	**3B.** Rs 220, Rs 230		**4A.** 17, 18	
4B. 3, 4, 5	**5A.** 20, 21, 22	**5B.** 2, 3, 4	**6A.** 12, 4	**6B.** 6, 30	**7A.** 25	**7B.** 20	**8A.** 44	**8B.** 3
8C. 84	**9A.** 40, 16	**9B.** 60, 40	**10A.** Rs 25, Rs 10		**10B.** Rs 20, Rs 15			

B. LONG QUESTIONS

1A. 2023; 5 : 8	**1B.** 2045; 2 : 3	**2A.** 49 yrs	**2B.** 10 yrs	**2C.** 32 yrs	**3A.** 40 yrs.	**3B.** 40 yrs	
4A. 9	**4B.** 9	**5A.** 8	**5B.** 14	**6A.** 27	**6B.** 27	**7A.** 9	
7B. 6	**8A.** 10	**8B.** 1	**9A.** 66	**9B.** 44	**9C.** 63	**10A.** 81	
10B. 36	**11A.** 35	**11B.** 36	**12A.** 45 yrs	**12B.** 3 yrs	**13A.** 37, 43	**13B.** 40, 30 km/hr	
14A. 60, 40 km/hr	**14B.** 10, 6 km/hr	**14C.** 12 o' clock	**14D.** 40 km/hr	**14E.** 40, 30km/hr		**14F.** 40	
14G. 8, 4 km/hr	**14H.** 6, 2 km/hr	**15A.** Rs 60000, Rs 40000		**15B.** Rs 8000, Rs 7000		**15C.** 75, 60	
16A. Rs 200	**16B.** Rs 12, Rs 20	**17A.** 60,80	**17B.** 46,58	**17C.** 15	**17D.** 10, Rs 60	**17E.** 22, 26	
17F. 20, 30							

12.2 वर्ग समीकरण (Quadratic Equation)

SEE / SLC REVIEW MESSAGE

[2 + 2 + 9 = 13]Models ↔ 5 Periods

B. SHORT QUESTIONS

Models	SEE Examination History (2065 to 2075)	n(Q)
Model 1	2065 B, D, S, M, S', 2066 A - E, S, 2067 B, D, E, S, 2068 B, C, S, 2069 A - E, S, 2070 A - D, 2070 S, 2071 D, S, 2072 S, SEE 2073 PU, SEE 2073 MA, SEE 2073 MP, SEE 2074 M2	36
Model 2	2071 C, SEE 2073 PA, SEE 2073 SP	3

C. LONG QUESTIONS

Models	SEE Examination History (2065 to 2075)	n(Q)
Model 1	2065 C, 2065 D, 2070 E, 2071 B, SEE 2074 S - OC	5
Model 2	2065 A, 2071 E, 2072 E, 2072 C	4
Model 3	EO2065 E,	1
Model 4	EO2065 B, 2072 MW,	2
Model 5	2067 C	1
Model 6	2065 A, 2069 B, 2065 C, 2067 E, 2068 D, 2068 E, 2072 W, 2072 FW	6
Model 7	-	-
Model 8	2065 E, 2067 A, SEE 2074 M1, SEE 2074 OC, SEE 2075 AP, BP, CP, DP, EP, FP, GP	10

SEE EXERCISE 12B

A. VERY SHORT QUESTIONS [FOR GROUP A]

Model 1 *Definitions or formulae Recall*

1A. वर्ग समीकरण $px^2 + qx + r = 0$ मा x का मानहरू के के हुन् ? (What are the roots of quadratic equation $px^2 + qx + r = 0$?) **[2059 B1]**

1B. वर्ग समीकरण $\ell x^2 + mx + n = 0$ का मूलहरू लेख्नुहोस् । (Write down the roots of quadratic equation $\ell x^2 + mx + n = 0$.) **[2059 B2]**

pustas.com.np

www.drmathnp.com

2A. बाबु र छोराको अहिलेको उमेर क्रमशः 'y' वर्ष र 'x' वर्ष छन् । 'a' वर्ष पहिलेको उनीहरूको उमेर पत्ता लगाउनुहोस् ।
The present ages of a father and his son are 'y' years and 'x' years respectively. Find their ages before 'a' years.

2B. बाबु र छोराको अहिलेको उमेर क्रमशः 'm' वर्ष र 'n' वर्ष छन् । 'p' वर्ष पहिलेको उनीहरूको उमेर पत्ता लगाउनुहोस् ।
The present ages of a father and his son are 'm' years and 'n' years respectively. Find their ages before 'p' years.

Model 2 *Concept Recall*

3A. दुईओटा सङ्ख्याहरूको गुणनफल 40 छ । यदि एउटा सङ्ख्या 8 भए अर्को सङ्ख्या पत्ता लगाउनुहोस् ।
The product of two numbers is 40. If one number is 8, find the other number.

3B. दुईओटा सङ्ख्याहरूको गुणनफल 60 छ । यदि एउटा सङ्ख्या 12 भए अर्को सङ्ख्या पत्ता लगाउनुहोस् ।
The product of two numbers is 60. If one number is 12, find the other number.

4A. दाजु र भाइको उमेरको गुणनफल 150 छ । यदि दाजुको उमेर 15 वर्ष भए भाइको उमेर पत्ता लगाउनुहोस् ।
The product of ages of two brothers is 150. If the age of elder brother is 15 years then find the age of younger brother.

4B. दिदी र बहिनीको उमेरको गुणनफल 120 छ । यदि बहिनीको उमेर 10 वर्ष भए दिदीको उमेर पत्ता लगाउनुहोस् ।
The product of the present ages of elder and younger sisters is 120. If the age of younger sister is 10 years, find the age of elder sister.

5A. दुई अङ्कको एउटा सङ्ख्यामा अङ्कहरूको गुणनफल 20 छ । यदि एकाइ स्थानको अङ्क 5 भए उक्त दुई अङ्कको सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a two digits number, the product of digits is 20. If the digit in the unit place is 5 then find the two digit number.

5B. दुई अङ्कको एउटा सङ्ख्यामा अङ्कहरूको गुणनफल 30 छ । यदि एकाइ स्थानको अङ्क 6 भए उक्त दुई अङ्कको सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a two digits number, the product of digits is 30. If the digit in the unit place is 6 then find the two digit number.

6A. दुई अङ्कको एउटा सङ्ख्यामा अङ्कहरूको गुणनफल 54 छ । यदि दस स्थानको अङ्क 9 भए उक्त दुई अङ्कको सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a two digits number, the product of digits is 54. If the digit in the tenth place is 9 then find the two digit number.

6B. दुई अङ्कको एउटा सङ्ख्यामा अङ्कहरूको गुणनफल 32 छ । यदि दसौं स्थानको अङ्क 8 भए उक्त दुई अङ्कको सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a two digits number, the product of digits is 32. If the digit in the tenth place is 8 then find the two digit number.

Algebra

B. SHORT QUESTIONS [FOR GROUP B]

Model 1 *Problems based on finding unknown number.*

1A. यदि एउटा प्राकृतिक सङ्ख्याको वर्गबाट 17 घटाउँदा परिणाम 152 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 17 is subtracted from the square of a natural number, the result is 152. Find the number. **[2070 C]**

1B. यदि एउटा धनात्मक सङ्ख्याको वर्गबाट 9 घटाउँदा परिणाम 112 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 9 is subtracted from the square of a positive number, the result is 112. Find the number. **[2070 A]**

1C. यदि एउटा सङ्ख्याको वर्गबाट 100 घटाउँदा 21 बाँकी रहन्छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 100 is subtracted from the square of a number then the result is 21. Find the number. **[2066 A]**

1D. कुनै सङ्ख्याको वर्गबाट 4 घटाउँदा 21 हुन्छ भने सो सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If 4 is subtracted from the square of a number, the result is 21. Find the numbers. **[2066 D]**

1E. यदि एउटा धनात्मक सङ्ख्याको वर्गमा 39 घटाउँदा 130 बाँकी रहन्छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 39 is subtracted from the square of a number, the result is 130. Find the positive number. **[2067 B]**

1F. यदि एउटा सङ्ख्याको वर्गबाट 3 घटायो भने 6 बाँकी रहन्छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 3 is subtracted from the square of a number, the result is 6. Find the number. **[2065 M]**

1G. यदि एउटा सङ्ख्याको वर्गबाट 5 घटाउँदा 11 बाँकी रहन्छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 5 is subtracted from the square of a number, then the result is 11. Find the number. **[2065 S]**

2A. यदि एउटा पूर्ण सङ्ख्याको वर्गमा 5 जोड्दा योगफल 41 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 5 is added to the square of a whole number, the sum is 41. Find the number. **[2070 D]**

2B. यदि एउटा धनात्मक सङ्ख्याको वर्गमा 7 जोड्दा योगफल 71 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 7 is added to the square of a positive number, the sum is 71. Find the number. **[2069 A]**

2C. यदि एउटा सङ्ख्याको वर्गमा 6 जोड्दा परिणाम 31 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 6 is added to the square of a number, the result is 31. Find the number. **[2065 B, 2066 S]**

2D. यदि एउटा सङ्ख्याको वर्गमा 3 जोड्दा योगफल 28 हुन्छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 3 is added to the square of a number, the sum will be 28. Find the number. **[2065 D]**

pustaks.com.np

www.drmathnp.com

puspas.com.np

2E. यदि एउटा सङ्ख्याको वर्गमा 11 जोड्दा योगफल 75 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 11 is added to the square of a number then the sum is 75. Find the number. [2066 E]

2F. यदि कुनै सङ्ख्याको वर्गमा 5 जोड्दा योगफल 30 हुन्छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 5 is added to the square of a number, the sum will be 30. Find the number. [2067 E]

2G. कुनै धनात्मक सङ्ख्याको वर्गमा 5 जोड्दा योगफल 69 हुन्छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 5 is added to the square of a positive number, the sum is 69. Find the number. [SEE 2074 M2]

3A. यदि एउटा सङ्ख्याको वर्गलाई 5 ले गुणन गर्दा गुणनफल 80 हुन्छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
If the square of a number is multiplied by 5, the product is 80. Find the number. [2068 S]

3B. यदि एउटा धनात्मक सङ्ख्याको वर्गको 7 गुणामा 10 जोड्दा योगफल 353 हुन्छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् । [2069 E]
If 10 is added to the number that is 7 times of the square of a positive number, the result is 353. Find the number.

4A. यदि एउटा प्राकृतिक सङ्ख्याको वर्गको दोब्बरमा 7 जोड्दा योगफल 57 हुन्छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् । [2068 C]
If 7 is added to the two times the square of a natural number, the sum becomes 57. Find the number.

4B. यदि एउटा प्राकृतिक सङ्ख्याको वर्गको दोब्बरमा 5 जोड्दा योगफल 23 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 5 is added to twice the square of a natural number, the sum is 23. Find the number. [2069 B]

4C. यदि एउटा धनात्मक सङ्ख्याको वर्गको दोब्बरबाट 17 घटाउँदा परिणाम 111 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् । [2069D]
If 17 is subtracted from the twice of the square of a positive number, the result is 111. Find the number.

4D. यदि एउटा प्राकृतिक सङ्ख्याको वर्गको तेब्बरबाट 12 घटाउँदा परिणाम 36 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 12 is subtracted from the thrice of the square of a natural number, the result is 36. Find the number. [2069C]

4E. यदि एउटा प्राकृतिक सङ्ख्याको वर्गको दोब्बरमा 2 जोड्दा योगफल 34 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 2 is added to the twice of the square of a natural number, the sum is 34. Find the number. [2069S]

4F. कुनै धनात्मक सङ्ख्याको वर्गको तीन गुणाबाट 40 घटाउँदा परिणाम 68 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् । [2071 S]
When 40 is subtracted from three times the square of a positive number, the result is 68. Find the number.

5A. यदि एउटा प्राकृतिक सङ्ख्याको वर्गको एक तिहाईमा 3 जोड्दा योगफल 30 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 3 is added to one-third of the square of a natural number, the sum is 30. Find the number. [2070 B]

5B. यदि धनात्मक सङ्ख्याको वर्गको दुई तिहाईमा 7 जोड्दा योगफल 31 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 7 is added to two-third of the square of a positive number, the sum is 31, find the number. [2070 S]

5C. यदि धनात्मक सङ्ख्याको वर्गको आधाबाट 15 घटाउँदा परिणाम 35 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् । [2068 B]
If 15 is subtracted from the half of the square of a positive number, the result is 35. Find the number.

5D. यदि एउटा प्राकृतिक सङ्ख्याको वर्गको आधाबाट 4 घटाउँदा परिणाम 14 हुन्छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 4 is subtracted from the half of the square of a natural number, the result is 14. Find the number. [2066 B]

5E. कुनै प्राकृतिक सङ्ख्याको वर्गको एक तिहाइबाट 5 घटाउँदा परिणाम 7 हुन्छ भने सो सङ्ख्या कति होला ? [2072 S]
If 5 is subtracted from the one-third of the square of a natural number then the result is 7. What is the number ?

6A. 11 लाई दुई भागमा विभाजन गर्नुहोस् ताकि तिनीहरूको गुणनफल 24 होस् ।
Divide 11 into two parts so that their product will be 24. [2067 D]

6B. 20 लाई दुई भागमा विभाजन गर्नुहोस् ताकि तिनीहरूको गुणनफल 96 होस् ।
Divide 20 into two parts so that their product will be 96. [2065 S']

7A. यदि एउटा प्राकृतिक सङ्ख्याको दोब्बर सो सङ्ख्याको वर्गसँग बराबर छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
If the double of a natural number is equal to the square of the number, find the number. [2066 C]

7B. एउटा धनात्मक सङ्ख्या र उक्त सङ्ख्याको वर्गको योगफल 56 भए, सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
If the sum of a positive number and its square is equal to 56, find the number. [2067 S]

7C. दुईओटा सङ्ख्याहरूको योगफल 21 छ । यदि ती सङ्ख्याहरूको वर्गको योगफल 261 हुन्छ भने ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The sum of two numbers is 21. If the sum of the square of the numbers is 261, find the numbers. [2071 D]

8A. दुईओटा प्राकृतिक सङ्ख्याहरूमध्ये एउटा सङ्ख्या अर्को सङ्ख्याको दोब्बर छ । यदि तिनीहरूको गुणनफल 72 छ भने ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् । [SEE 2073 PU]
Out of two natural numbers, one number is double of the other number. If their product is 72, find those numbers.

8B. दुईओटा प्राकृतिक सङ्ख्याहरूमा एउटा सङ्ख्या अर्कोको तेब्बर छ । यदि तिनीहरूको गुणनफल 48 छ भने ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
In two natural numbers, one is treble of the other. If their product is 48, find the numbers. [SEE 2073 MA]

8C. दुईओटा धनात्मक सङ्ख्याहरूको गुणनफल 162 छ । यदि एउटा सङ्ख्या अर्को सङ्ख्याको दोब्बर छ भने ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The product of two positive numbers is 162. If one number is double of the other number, find these numbers. [SEE 2073 MP]

www.drmathnp.com

puspas.com.np

Model 2 *Problems based on finding ages.*

9A. एउटा मानिसको 20 वर्षअघि र 20 वर्षपछिको उमेरको गुणनफल 500 हुन्छ भने उसको हालको उमेर पत्ता लगाउनुहोस् । **[2071 C]**
The product of the ages of a man 20 years before and 20 years hence is 500. Find the present age of the man.

9B. एउटा मानिसको 10 वर्षअघि र 10 वर्षपछिको उमेरको गुणनफल 1500 हुन्छ भने उसको हालको उमेर पत्ता लगाउनुहोस् ।
The product of the ages of a man 10 years before and 10 years hence is 1500. Find the present age of the man.

10A. अहिलेको रामको उमेर श्यामको उमेरको दोब्बर छ । यदि तिनीहरूको उमेरको गुणनफल 98 वर्ष छ भने तिनीहरूको उमेर पत्ता लगाउनुहोस् । **[SEE 2073 PA]**
Now Ram's age is twice the age of Shyam. If the product of their ages is 98 years, find their ages.

10B. मोहनको उमेर सोहनको उमेरको तीन गुणा छ । यदि तिनीहरूको उमेरको गुणनफल 192 छ भने तिनीहरूको उमेर पत्तालगाउनुहोस् ।
Mohan's age is thrice the age of Sohan. If the product of their ages is 192, find their ages. **[SEE 2073 SP]**

C. LONG QUESTIONS [FOR GROUP C AND D]

Model 1 *On finding the time when present ages & the product after/before t years are given.*

1A. बाबु र छोराको अहिलेको उमेर क्रमश: 40 वर्ष र 8 वर्ष छ । कति वर्ष पहिले उनीहरूको उमेरको गुणनफल 105 थियो ?
The present ages of a father and his son are 40 years and 8 years respectively. How many years ago, the product of their ages was 105? **[2070 E]**

1B. अहिले बाबु र छोराको उमेर क्रमश: 37 वर्ष 8 वर्ष छ । कति वर्ष पहिले उनीहरूको उमेरको गुणनफल 96 थियो होला ? पत्ता लगाउनुहोस् ।
The present ages of the father and son are 37 years and 8 years respectively. How many years ago the product of their ages was 96? Find it. **[2074 S - OC]**

1C. हाल बाबु र छोराको उमेर क्रमश: 35 र 12 वर्ष छ । कति वर्ष अघि तिनीहरूको उमेरको गुणनफल 210 थियो ? पत्ता लगाउनुहोस् ।
The present ages of a father and his son are 35 years and 12 years respectively. Find, how many years ago the product of their ages was 210? **[2058B2, EO 2065 D]**

1D. अहिले बाबुको उमेर 45 वर्ष र छोराको उमेर 15 वर्ष छ । कति वर्ष पहिले उनीहरूको उमेरको गुणनफल 259 थियो ? पत्ता लगाउनुहोस् ।
The present age of father is 45 years and son's age is 15 years. Find, how many years ago the product of their ages was 259 ? **[2071 B]**

2A. दुईजना दाजुभाइको अहिलेको उमेर क्रमश: 15 वर्ष र 22 वर्ष छ । कति वर्षपछि तिनीहरूको उमेरको गुणनफल 408 वर्ष हुन्छ ?
The present ages of two brothers are respectively 15 years and 22 years. After how many years, the product of their ages will be 408 years? **[2065 C]**

2B. दाजु र भाइको हालको उमेर क्रमश: 13 वर्ष र 7 वर्ष छ । कति वर्षपछि तिनीहरूको उमेरको गुणनफल 280 हुन्छ ?
The present ages of elder and younger brothers are 13 years and 7 years respectively. After how many years will the product of their ages be 280 ? **[2058B1]**

Model 2 *On finding ages when the difference & the product are given.*

3A. दाजु र भाइको उमेरको अन्तर 4 वर्ष र गुणनफल 221 हुन्छ भने ती दुई भाइको उमेर पत्ता लगाउनुहोस् ।
The difference of the ages of two brothers is 4 years and the product of their ages is 221. Determine the ages of the two brothers. **[2060 D1, E1, 2065 A]**

3B. दुई दिदी-बहिनीको अहिलेको उमेरको फरक 5 वर्ष र तिनीहरूको उमेरको गुणनफल 84 छ । दिदी-बहिनीको हालको उमेर पत्ता लगाउनुहोस् ।
The difference of the ages of two sisters is 5 years and the product of their ages is 84. Find the present ages of the two sisters. **[2063 C1]**

4A. दुई दाजुभाइको हालको उमेरको गुणनफल 160 छ र 4 वर्षअघि दाजुको उमेर भाइको उमेरको दुईगुणा थियो भने तिनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
The product of the present ages of two brothers is 160 and 4 years ago elder brother was twice as old as his younger brother. Find their present ages. **[2072 E]**

4B. आमा र छोरीको हालको उमेरको योगफल 60 वर्ष छ । 10 वर्षपछि उनीहरूको उमेरको गुणनफल 1500 हुनेछ । उनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
The sum of the present ages of a mother and a daughter is 60 years. After 10 years, the product of their ages will be 1500. Find their present ages. **[2072 C]**

4C. दुईजना दाजुभाइहरूको उमेरको फरक 6 वर्ष छ । यदि दुई वर्ष पछिको उनीहरूको उमेरको गुणनफल 280 हुनेछ भने उनीहरूको अहिलेको उमेर पत्ता लगाउनुहोस् ।
The difference of the ages of two brothers is 6 years. If after two years, the product of their ages will be 280, find their present ages. **[2071 E]**

www.drmathnp.com

5A. दिदी र भाइको हालको उमेरको अन्तर 6 वर्ष छ । तिनीहरूको उमेरको गुणनको सङ्ख्यात्मक मान उमेरको योगफलको 4 गुणा हुन्छ भने दिदी र भाइको हालको उमेर पत्ता लगाउनुहोस् । [2064 D1]
The difference of the present ages of sister and her younger brother is 6 years. The product of ages of numerical value is equal to 4 times the sum of their ages. Find the present ages of the sister and her brother.

5B. दाजु र बहिनीको हालको उमेरको अन्तर 5 वर्ष छ । तिनीहरूको उमेरको गुणनको सङ्ख्यात्मक मान उमेरको योगफलको 6 गुणा हुन्छ भने दाजु र बहिनीको हालको उमेर पत्ता लगाउनुहोस् । [2064 D2]
The difference of the present ages of brother and his younger sister is 5 years. The product of ages of numerical value is equal to 6 times the sum of their ages. Find the present ages of the brother and his sister.

Model 3 *On finding ages when the sum & the product of ages are given.*

6A. दिदी र बहिनीको हालको उमेरको योगफल 28 वर्ष र उनीहरूको उमेरको गुणनफल 187 हुन्छ भने दिदी र बहिनीको हालको उमेर पत्ता लगाउनुहोस् ।
The sum of the present ages of elder and younger sisters is 28 years and the product of their ages is 187. Find their present ages. [2063 B2]

6B. दाजु र भाइको हालको उमेरको योगफल 46 वर्ष र उनीहरूको उमेरको गुणनफल 504 हुन्छ भने दाजु र भाइको हालको उमेर पत्ता लगाउनुहोस् ।
The sum of the present ages of elder and younger brothers is 46 years and the product of their ages is 504. Find their present ages. [EO 2065 E]

Model 4 *On finding ages when a relation between ages and the product are given.*

7A. 6 वर्ष अघि एउटा मानिसको उमेर उसको छोराको उमेरभन्दा 6 गुणा बढी थियो । हालको बाबु र छोराको उमेरको गुणनफल 396 छ भने उनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
6 years ago, a man's age was 6 times the age of his son. The product of the present ages of the father and his son is 396. What are their present ages ? [2063 A1]

7B. एक वर्ष पछि बाबुको उमेर छोराको उमेरको 5 गुणा हुनेछ । हाल बाबु र छोराको उमेरको गुणनफल 145 भए उनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
One year hence, a father's age will be 5 times as old as his son. The product of the present ages of the father and his son is 145. Find their present ages. [2063 A2]

7C. आमा र छोरीको हालको उमेरको गुणनफल 100 छ । दस वर्षपछि आमाको उमेर छोरीको उमेरको दुई गुणा हुनेछ भने उनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
At present, the product of the ages of a mother and her daughter is 100. Ten years later, mother's age will be twice that of her daughter. Find their present ages. [EO 2065 B]

8A. आमाको हालको उमेर छोरीको एकवर्ष पछिको उमेरको वर्गसँग बराबर छ । यदि छोरीको 10 वर्षपछिको उमेर आमाको 10 वर्ष पहिलेको उमेरभन्दा 1 वर्ष कम हुनेछ भने उनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् । [2072 MW]
The present age of mother is equal to the square of the age of her daughter after one year. If the age of daughter in 10 years hence will be 1 year less than the age of her mother in 10 years ago, find their present ages.

8B. 1 वर्ष अघि एउटा मानिसको उमेर उसको छोराको उमेरको 8 गुणा थियो । अहिले उसको उमेर उसको छोराको उमेरको वर्गसँग बराबर भए तिनीहरूको हालको उमेर पत्ता लगाउनुहोस् ।
One year ago, a man was 8 times as old as his son. Now his age is equal to the square of his son's age. Find their present ages.

Model 5 *Problems on finding unknown numbers.*

9A. कुनै दुईओटा क्रमागत जोर सङ्ख्याहरूको गुणनफल 168 छ भने ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The product of two consecutive even numbers is 168. Find the numbers. [2064 C1]

9B. दुई धनात्मक सङ्ख्याहरूको गुणनफल 56 छ । यदि तिनीहरूको अन्तर 10 भए, ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The product of two positive numbers is 56. If their difference is 10, find the numbers. [2067 C]

10A. दुईओटा सङ्ख्याहरूको योग 21 छ र ती सङ्ख्याहरूका वर्गहरूको योग 261 छ भने सङ्ख्याहरू निकाल्नुहोस् ।
The sum of two numbers is 21 and the sum of their squares is 261. Find the numbers. [2059 A1]

10B. दुईओटा सङ्ख्याहरूको योग 16 छ र ती सङ्ख्याहरूको वर्गहरूको योग 130 छ भने सङ्ख्याहरू निकाल्नुहोस् ।
The sum of two numbers is 16 and the sum of their squares is 130. Find the numbers. [2059 A2]

Model 6 *Problems on finding two digits numbers.*

11A. दुई अङ्कको सङ्ख्यामा अङ्कहरूको गुणनफल 18 र योगफल 9 छ भने त्यो सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a two digit number, the product of the digits is 18 and the sum is 9. Find the number. [2057 S]

11B. दुई अङ्कको सङ्ख्यामा अङ्कहरूको योगफल 7 र गुणनफल 12 छ भने ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The sum of digits of two digit number is 7 and their product is 12. Find the numbers. [2058D1]

pustakalaya.com.np

www.drmathnp.com

pustaks.com.np

12A. दुई अङ्कको सङ्ख्यामा अङ्कहरूको गुणनफल 18 छ । उक्त सङ्ख्याको अङ्कहरूलाई स्थानमान परिवर्तन गर्दा बन्ने सङ्ख्या सुरुको सङ्ख्याभन्दा 27 ले बढी हुन्छ भने सुरुको सङ्ख्या पत्ता लगाउनुहोस् ।
The product of digits in a two digit number is 18. The number formed by interchanging the digits of that numbers will be 27 more than the original number. Find the original number. **[2069 B, 2058D2, EO 2065 A]**

12B. दुई अङ्कको एउटा सङ्ख्यामा अङ्कहरूको गुणनफल 21 छ । उक्त सङ्ख्याबाट 36 घटाउँदा सो सङ्ख्याका अङ्कहरू बदलिन्छन् भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
A number consists of two digits whose product is 21. If 36 is subtracted from the number, the digits are interchanged. Find the number. **[2061 B2]**

12C. दुई अङ्कले बनेको एउटा प्राकृतिक सङ्ख्यामा एकको स्थानमा पर्ने अङ्क, दशको स्थानमा पर्ने अङ्क भन्दा 4 ले बढी छ । यदि ती दुई अङ्कहरूको गुणनफल 21 छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a two digits natural number, the digit at unit place is 4 more than that of the digit at ten's place. If the product of the digits is 21, find the number. **[2068 E]**

12D. दुई अङ्कहरूले बनेको एउटा सङ्ख्यामा अङ्कहरूको गुणनफल 15 छ । उक्त सङ्ख्याको स्थानमान बदल्दा बन्ने सङ्ख्या शुरुको सङ्ख्याभन्दा 18 ले बढी हुन्छ भने शुरुको सङ्ख्या पत्ता लगाउनुहोस् ।
The product of the digits in a two digits number is 15. The number formed by interchanging the place of digits is 18 more than the original number; find the original number. **[2072 FW]**

12E. दुई अङ्कको एउटा सङ्ख्यामा अङ्कहरूको गुणनफल 24 छ । यदि त्यो सङ्ख्यामा 45 जोड्दा सङ्ख्याको अङ्कहरूको स्थान परिवर्तन हुन्छ भने त्यो सङ्ख्या पत्ता लगाउनुहोस् ।
A two digit number is such that the product of the digits is 24. When 45 is added to the number, the digits interchange their places. Find the number. **[2059 C2]**

12F. दुई अङ्कको एउटा सङ्ख्याका अङ्कहरूको गुणनफल 8 छ । यदि त्यस सङ्ख्यामा 18 थप्दा सो सङ्ख्याका अङ्कहरूको स्थान बदलिन्छ भने त्यो सङ्ख्या पत्ता लगाउनुहोस् ।
A two digit number is such that the product of the digits is 8. When 18 is added to the number, the digits interchange their places. Find the number. **[2062 C1, EO 2065 C]**

12G. दुई अङ्कले बनेको एउटा धनात्मक सङ्ख्यामा दशको स्थानमा पर्ने अङ्क एकको स्थानमा पर्ने अङ्क भन्दा 5 ले बढी छ । यदि ती दुई अङ्कहरूको गुणनफल 36 छ भने सो सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a positive number of two digits, the ten's place digit exceeds the unit place digit by 5. If the product of the digits is 36, find the number. **[2068 D]**

13A. दुई अङ्कको एउटा सङ्ख्या त्यसका अङ्कहरूको योगको चारगुणा छ । यदि अङ्कहरूको गुणनफल 18 भए त्यो सङ्ख्या पत्ता लगाउनुहोस् ।
A number of two digits is equal to four times the sum of the digits. If the product of the digits is 18, find the number. **[2061 D1]**

13B. 10 र 100 को बिचमा पर्ने एउटा सङ्ख्या यसका अङ्कहरूको योगफलको चारगुणा छ । यदि दुई अङ्कहरूको गुणनफल 8 छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् । **[2061 D2, 2072 W]**
A number between 10 and 100 is four times the sum of its digits. If the product of two digits is 8, find the number.

14A. दुई अङ्कले बनेको एक सङ्ख्या त्यसका अङ्कहरूको योगफलको 4 गुणा र गुणनफलको 3 गुणा छ भने त्यो सङ्ख्या पत्ता लगाउनुहोस् ।
A two digit number is four times the sum and three times the product of its digits. Find the number. **[2067 E]**

14B. दुई अङ्कले बनेको एक सङ्ख्या त्यसका अङ्कहरूको योगफलको 4 गुणा र गुणनफलको 2 गुणा छ भने त्यो सङ्ख्या पत्ता लगाउनुहोस् ।
A two digit number is four times the sum and two times the product of its digits. Find the number.

Model 7 *Problems based on finding the sides of a right angled triangle.*

15A. एउटा समकोण त्रिभुजका समकोण बनाउने भुजाहरू त्यसको कर्णभन्दा 5 से.मि. र 10 से.मि. ले क्रमशः कम छन् भने त्रिभुजका भुजाहरूको लम्बाइ पत्ता लगाउनुहोस् ।
The sides of a right angled triangle containing the right angle are less than its hypotenuse by 5 cm and 10 cm respectively. Find the lengths of the sides of the triangle. **[2063 E1]**

15B. एउटा समकोण त्रिभुजका समकोण बनाउने भुजाहरू त्यसको कर्णभन्दा 2 से.मि. र 4 से.मि. ले क्रमशः कम छन् भने त्रिभुजका भुजाहरूको लम्बाइ पत्ता लगाउनुहोस् ।
The sides of a right angled triangle containing the right angle are less than its hypotenuse by 2 cm and 4 cm respectively. Find the lengths of the sides of the triangle. **[2063 E2]**

Model 8 *Problems based on mensuration and quadratic equation.*

16A. एउटा कोठाको लम्बाइ त्यस कोठाको चौडाइभन्दा 2 मि. लामो छ । यदि कोठाको क्षेत्रफल 63 वर्ग मि. छ भने कोठाको लम्बाइ र चौडाइ पत्ता लगाउनुहोस् ।
The length of a room is 2 m longer than its breadth. If the area of the room is 63 sq.m, calculate the length and breadth of the room. **[2059 C1]**

www.drmathnp.com

16B. एउटा आयताकार चउरको चौडाइ सो आयताकार चउरको लम्बाइ भन्दा 3 मि. कम छ । यदि सो चउरको क्षेत्रफल 88 वर्ग मि. छ भने सो चउरको चौघेरा पत्ता लगाउनुहोस् । [2062 D1]
The breadth of a rectangular field is 3 m less than its length. If the area of the field is 88 m^2, find its perimeter.

17A. एउटा आयताकार कोठाको क्षेत्रफल 45 वर्ग मि. छ । यदि कोठाको लम्बाइ 3 मिटर घटी र चौडाइ 1 मिटर बढी भएको भए कोठा वर्गाकार हुने थियो भने सो कोठाको लम्बाइ र चौडाइ पत्ता लगाउनुहोस् ।
The area of a rectangular room is 45 sq. m. If the length had been 3 m less and the breadth 1 m more, it would have been a square. Find the length and breadth of the room. [2065 E]

17B. एउटा आयताकार कोठाको क्षेत्रफल 28 वर्ग मि. छ । यदि कोठाको लम्बाइ 1 मि. घटाउने र चौडाइ 2 मि. बढाउने हो भने कोठा वर्गाकार हुने थियो । सो कोठाको लम्बाइ र चौडाइ पत्ता लगाउनुहोस् ।
The area of a room is 28 sq. m. If the length of the room was 1 m less and its breadth was 2 m more then it would be in the shape of a square. Find the length and breadth of the room.

18A. एउटा आयताकार बगैँचाको परिमिति 46 मि. र क्षेत्रफल 126 वर्ग मि. छन् भने उक्त बगैँचाको लम्बाइ र चौडाइ पत्ता लगाउनुहोस् ।
The perimeter of a rectangular garden is 46 m and the area is 126 sq. m. Find the length and breadth of the garden. [SEE 2074 OC]

18B. एउटा आयताकार चउरको क्षेत्रफल 28 वर्ग मि. र परिमिति 22 मिटर छ, लम्बाइ र चौडाइ पत्ता लगाउनुहोस् ।
A rectangular meadow has an area of 28 square meter and perimeter 22 m, find the length and breadth. [2059 D1, 2064 E1]

18C. एउटा आयताकार चोकको क्षेत्रफल 63 वर्ग मि. र परिमिति 32 मिटर छ, लम्बाइ र चौडाइ पत्ता लगाउनुहोस् ।
The area of rectangular courtyard is 63 square m and perimeter 32 m, find the length and breadth. [2059 D2, 2064 E2]

19A. एउटा आयताकार खेतको क्षेत्रफल 1440 वर्ग मिटर र परिमिति 152 मिटर छ । उक्त खेतलाई वर्गाकार बनाउन लम्बाइ अथवा चौडाइलाई के कति प्रतिशतले घटाउनु पर्छ र किन ? पत्ता लगाउनुहोस् ।
The area of a rectangular field is 1440 sq. metre and perimeter is 152 metre. Out of length or breadth, which one is to be decreased by what percentage to make it a square? Why? Find it. [2075 AP, DP]

19B. एउटा आयताकार जग्गाको क्षेत्रफल 720 वर्ग मिटर र परिमिति 108 मिटर छन् । उक्त जग्गालाई वर्गाकार बनाउन लम्बाइ अथवा चौडाइलाई के कति प्रतिशतले घटाउनु पर्छ र किन ? पत्ता लगाउनुहोस् ।
The area of a rectangular field is 720 sq. metre and perimeter is 108 metre. Out of length or breadth, which one is to be decreased by what percentage to make it a square? Why? Find it. [2075 BP]

19C. एउटा आयताकार जग्गाको क्षेत्रफल 3000 वर्ग मिटर र परिमिति 220 मिटर छन् । उक्त जग्गालाई वर्गाकार बनाउन लम्बाइ अथवा चौडाइलाई के कति प्रतिशतले घटाउनु पर्छ ? पत्ता लगाउनुहोस् ।
The area of a rectangular field is 3000 sq. metres and perimeter is 220 metre. Out of length or breadth, which one is to be decreased by what percentage to make it a square? Find it. [2075 CP]

19D. एउटा आयताकार जग्गाको क्षेत्रफल 2000 वर्ग मिटर र परिमिति 180 मिटर छ । उक्त जग्गालाई वर्गाकार बनाउन लम्बाइ अथवा चौडाइलाई के कति प्रतिशतले घटाउनु पर्छ र किन ? पत्ता लगाउनुहोस् ।
The area of a rectangular field is 2000 sq. metre and perimeter is 180 metre. Out of length or breadth, which one is to be decreased by what percentage to make it a square? Why? Find it. [2075 EP]

19E. एउटा आयताकार जग्गाको क्षेत्रफल 660 वर्ग मिटर र परिमिति 104 मिटर छ । उक्त जग्गालाई वर्गाकार बनाउन लम्बाइ अथवा चौडाइलाई के कति प्रतिशतले घटाउनु पर्छ र किन ? पत्ता लगाउनुहोस् ।
The area of a rectangular land is 660 sq. metre and perimeter is 104 metre. Out of length or breadth, which one is to be decreased by what percentage to make it a square? Why? Find it. [2075 FP]

19F. एउटा आयताकार जग्गाको क्षेत्रफल 500 वर्ग मिटर र परिमिति 90 मिटर छ । उक्त जग्गालाई वर्गाकार बनाउन लम्बाइ अथवा चौडाइलाई कति प्रतिशतले घटाउनु पर्छ र किन ? पत्ता लगाउनुहोस् ।
The area of a rectangular field is 500 sq. metre and perimeter is 90 metre. Out of length or breadth, which one is to be decreased by what percentage to make it a square? Why? Find it. [2075 GP]

20A. एउटा आयाताकार ट्याङ्कीको उचाइ 2 मि. छ र यसको लम्बाइ चौडाइभन्दा 3 मि. ले बढी छ । यदि उक्त ट्याङ्कीमा 80 घ.मि. पानी अटाउँछ भने उक्त ट्याङ्कीको लम्बाइ र चौडाइ पत्ता लगाउनुहोस् ।
The height of a tank is 2m and its length is 3m more than its breadth. If 80 cu. m of water can be stored in the tank, find the length and breadth of the tank. [2067 A]

20B. एउटा आयताकार ट्याङ्कीको उचाइ 2 मि. छ र यसको लम्बाइ चौडाइ भन्दा 2 मि. बढी छ । यदि यो ट्याङ्कीमा 160 घ.मि. पानी अटाउँछ भने उक्त ट्याङ्कीको लम्बाइ र चौडाइ निकाल्नुहोस् ।
The height of a rectangular tank is 2 m and the length is 2 m more than the breadth. If the tank contains 160 m^3 of water, calculate its length and breadth.

21A. एउटा आयाताकार खेत 16 m लामो र 10 m चौडा छ । उक्त खेतको चारैतिर 120 m^2 क्षेत्रफल र एकसमान चौडाइ भएको बाटो छ । बाटोको चौडाइ पत्ता लगाउनुहोस् ।
A rectangular field is 16 m. long and 10 m wide. There is a path of uniform width all around it having an area of 120 m^2. Find the width of the path. [SEE 2074 M1]

www.drmathnp.com

21B. एउटा आयाताकार खेत 20 m लामो र 15 m चौडा छ । उक्त खेतको चारैतिर 450 m^2 क्षेत्रफल र एकसमान चौडाइ भएको बाटो छ । बाटोको चौडाइ पत्ता लगाउनुहोस् ।
A rectangular field is 20 m long and 15 m wide. There is a path of uniform width all around it having an area of 450 m^2. Find the width of the path.

Model 9 *Miscellaneous problems based on quadratic equation.*

22A. रु.1000 केही मानिसहरूलाई बराबरी हुनेगरी बाँडियो । यदि 5 जना मानिसहरू बढी भएको भए प्रत्येकले रु.10 कम पाउने थिए भने कतिजना मानिसहरूलाई सो रकम बाँडिएको थियो ? पत्ता लगाउनुहोस् । [SEE 2074 M3]
Rs 1000 was distributed equally among a certain number of people. If there were 5 people more, each would have received Rs 10 less. Among how many people was the amount distributed? Find it.

22B. रु.4500 केही मानिसहरूलाई बराबरी हुनेगरी बाँडियो । यदि 25 जना मानिसहरू बढी भएको भए प्रत्येकले रु. 9 कम पाउने थिए भने कतिजना मानिसहरूलाई सो रकम बाँडिएको थियो ? पत्ता लगाउनुहोस् ।
Rs 4500 was distributed equally among a certain number of people. If there were 25 people more, each would have received Rs 9 less. Among how many people was the amount distributed? Find it.

ANSWERS

A. VERY SHORT QUESTIONS

3A. 5 **3B.** 5 **4A.** 10 yrs **4B.** 12 yrs **5A.** 45 **5B.** 56 **6A.** 96 **6B.** 84

B. SHORT QUESTIONS

Model 5 Problems based on area of parallelograms and triangles.

12A. दिइएको, □ABCD भित्र X कुनै एउटा बिन्दु छ भने ΔXCD र ΔXAB का क्षेत्रफलको योगफल □ABCD को क्षेत्रफलको आधा हुन्छ भनी प्रमाणित गर्नुहोस् ।

In given figure, ABCD is a parallelogram. X is any point within it. Prove that the sum of area of ΔXCD and ΔXAB is equal to half of the area of □ABCD. **[2066 A]**



12B. स.च. ABCD भित्र कुनै बिन्दु X छ । ΔXCD र ΔXAB का क्षेत्रफलको योग बराबर स.च. ABCD को क्षेत्रफलको आधा हुन्छ भनी सिद्ध गर्नुहोस् ।

ABCD is a parallelogram and X is any point within it. Prove that the sum of area of ΔXAB and ΔXCD is equal to half of the area of parallelogram. **[2057D1 and D2, 2058 S]**

12C. स.च. ABCD मा CD को कुनै बिन्दु X र AD को कुनै बिन्दु Y छ भने ΔAXB र ΔBYC को क्षेत्रफल बराबर हुन्छ भनी प्रमाणित गर्नुहोस् ।


ABCD is a parallelogram and X and Y are any point on CD and AD resp. Prove that ΔAXB and ΔBYC are equal in area. **[2057 C2, 2060 D2, 2062 B1]**

12D. समानान्तर चतुर्भुज ABCD मा DC को कुनै बिन्दु P र AD को कुनै बिन्दु Q छ भने ΔAPB र ΔBQC को क्षेत्रफल बराबर छन् भनी प्रमाणित गर्नुहोस् ।

ABCD is a parallelogram and P,Q are any points on DC and AD respectively. Prove that ΔAPB and ΔBQC are equal in area. **[2062 B2]**


12E. दिइएको चित्रमा ABCD एउटा समानान्तर चतुर्भुज हो । यदि M र N क्रमशः CD र DA का कुनै बिन्दुहरू भए ΔAMB = ΔCDN + ΔANB हुन्छ भनी साबित गर्नुहोस् ।

In the given figure, ABCD is a parallelogram. If M and N are any points on CD and DA respectively, prove that ΔAMB = ΔCDN + ΔANB. **[2065 B]**




13A. दिइएको चित्रमा VERY एउटा समानान्तर चतुर्भुज हो । यदि विकर्ण VR को कुनै बिन्दु M भए ΔVMY र ΔVME को क्षेत्रफल बराबर हुन्छ भनी प्रमाणित गर्नुहोस् ।

In the given figure, VERY is a parallelogram. If M is any point on diagonal VR then prove that ΔVMY and ΔVME are equal in area. **[2071 C]**




13B. दिइएको चित्रमा KUSH एउटा समानान्तर चतुर्भुज हो । यदि UH को कुनै बिन्दु R भए ΔKHR र ΔSHR को क्षेत्रफल बराबर हुन्छ भनी प्रमाणित गर्नुहोस् ।

In the given figure, KUSH is a parallelogram. R is any point on diagonal UH. Then prove that ΔKHR and ΔSHR are equal in area. **[2071 A]**




www.drmathnp.com


13C. दिइएको चित्रमा GHEF एउटा समानान्तर चतुर्भुज हो । यदि विकर्ण HF मा कुनै बिन्दु A छ भने ΔFAG र ΔFAE को क्षेत्रफल बराबर हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the given figure, GHEF is a parallelogram. If A is any point on a diagonal HF, prove that ΔFAG and ΔFAE are equal in area. **[2071 S]**




14A. चित्रमा KLMN एउटा समानान्तर चतुर्भुज हो । यदि विकर्ण LN लाई लम्ब्याएर O सम्म पुऱ्याइएको छ भने ΔKON र ΔMON को क्षेत्रफलहरू बराबर हुन्छन् भनी प्रमाणित गर्नुहोस् ।
In the given figure, KLMN is a parallelogram. Diagonal LN is produced to O. Then prove that ΔKON and ΔMON are equal in area. **[2071 E]**




14B. दिइएको चित्रमा BEST एउटा समानान्तर चतुर्भुज हो । विकर्ण BS लाई बिन्दु L सम्म लम्ब्याइएको छ । ΔLST र ΔLSE का क्षेत्रफल बराबर हुन्छन् भनी प्रमाणित गर्नुहोस् ।
In the given figure, BEST is a parallelogram. Diagonal BS is produced to point L. Prove that the ΔLST and ΔLSE are equal in area. **[2071 D]**




14C. दिइएको चित्रमा PREM एउटा समानान्तर चतुर्भुज हो । विकर्ण EP लाई बिन्दु K सम्म लम्ब्याइएको छ । ΔKPM र ΔKPR को क्षेत्रफल बराबर हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the given figure, PREM is a parallelogram. Diagonal EP is produced to point K. Prove that ΔKPM and ΔKPR are equal in area. **[2071 B]**




15A. दिइएको चित्रमा PQRS एउटा स.च. हो । PM र SR लाई N सम्म लम्ब्याइएको छ तथा Q र N जोडिएको छ । सिद्ध गर्नुहोस् : ΔSMR को क्षेत्रफल = ΔQMN को क्षेत्रफल ।
In the figure, PQRS is a parallelogram. PM and SR are produced to meet at N; Q and N are joined. Prove that: area of ΔSMR = area of Δ QMN. **[2057 A1, 2060 B1]**




15B. दिइएको चित्रमा ABCD एउटा समानान्तर चतुर्भुज हो । ΔAPQ को क्षेत्रफल = ΔPDC को क्षेत्रफल हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the given diagram, ABCD is a parallelogram. Prove that area of ΔAPQ = area of ΔPDC. **[2065 E]**




15C. चित्रमा स.च. PQRS को भुजा SR लाई T सम्म लम्ब्याइएको छ । भुजा QR को कुनै बिन्दु O बाट जाने गरी PO लाई पनि T सम्म लम्ब्याइएको छ । प्रमाणित गर्नुहोस् : ΔPOR = ΔQOT
In the given figure, the side SR of parallelogram PQRS is produced to T. PO is also extended through O of side QR. Prove that ΔPOR = ΔQOT.




16A. दिइएको चित्रमा ABCD र PQRD दुई समानान्तर चतुर्भुजहरू हुन् । प्रमाणित गर्नुहोस् : ▱ABCD = ▱PQRD
In the given diagram, ABCD and PQRD are two parallelograms. Prove that: ▱ABCD = ▱PQRD **[2066 D , 2067 D]**




16B. दिइएको चित्रमा AB // DC // EF त्यस्तै AD // BE र AF // DE भए स.च. DEFH = स.च. ABCD हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the given figure, if AB // DC // EF, AD // BE and AF // DE, prove that parallelogram DEFH = parallelogram ABCD. **[2067 A]**




16C. सँगैको चित्रमा PQRS र LQMN बराबर क्षेत्रफल भएका समानान्तर चतुर्भुजहरू हुन् । प्रमाणित गर्नुहोस् LR // SN छ ।
In the adjoining figure, PQRS and LQMN are two parallelograms equal in area. Prove that LR // SN. **[2069 D, 2068 A]**




17A. दिइएको चित्रमा QR // TS, QT // RP र RS // QP छन् भने प्रमाणित गर्नुहोस् : ΔPQT को क्षेत्रफल = ΔPRS को क्षेत्रफल
In the given figure, QR // TS, QT // RP and RS // QP.
Prove that: Area of ΔPQT = Area of ΔPRS **[SEE 2073 PU, MA]**



17B. दिइएको चित्रमा BC // ED, BE // CA र AB // DC छन् भने प्रमाणित गर्नुहोस् : ΔABE को क्षेत्रफल = ΔACD को क्षेत्रफल
In the given figure, BC // ED, BE // CA and AB // DC.
Prove that: Area of ΔABE = Area of ΔACD **[SEE 2073 PA, SEE 2073 MP, SP, S]**



17C. सँगैको चित्रमा AB//CP, CD//BP र BC//AD भए प्रमाणित गर्नुहोस्: ΔABP को क्षेत्रफल = ΔCPD को क्षेत्रफल
In the adjoining figure, AB//CP, CD//BP and BC//AD then prove that: area of ΔABP = area of ΔCPD.




puspas.com.np

www.drmathnp.com


puspas.com.np

Model 6 *Problems area of triangle based on same base and between the same parallels.*


18A. दिइएको चित्रमा PQRS एउटा समलम्ब चतुर्भुज हो, जसमा PQ // MN // SR छन् भने, सिद्ध गर्नुहोस्: ΔPSN को क्षेत्रफल = ΔQRM को क्षेत्रफल ।
In the given figure, PQRS is the trapezium where PQ // MN // SR. Prove that: area of ΔPSN = area of ΔQRM. **[2059 A1]**




18B. दिइएको चित्रमा PQRS एउटा चतुर्भुज हो । A, B, C र D क्रमशः PQ, PS, RS र QR का मध्यबिन्दुहरू हुन् । चतुर्भुज AQCS को क्षेत्रफल र QDSB को क्षेत्रफल आपसमा बराबर हुन्छन् भनी प्रमाणित गर्नुहोस् ।
In the given figure, PQRS is a quadrialteral. A, B, C and D are the mid-points of PQ, PS, RS and QR respectively. Prove that area of quadrilateral AQCS and area of quadrilateral QDSB are equal each other.



18C. चित्रमा AF//BE//CD भए सिद्ध गर्नुहोस्: ΔACE को क्षेत्रफल = चतुर्भुज BDEF को क्षेत्रफल ।
In the given figure, AF//BE//CD. Prove that: area of ΔACE = area of quadrilateral BDEF.




18D. चित्रमा ABCD एउटा समलम्ब चतुर्भुज हो जसमा विकर्णहरू AC र BD का बिन्दुहरू Y र X क्रमशः AD//XY//BC हुने गरी जोडिएका छन् । ΔAXC को क्षेत्रफल र ΔBYD को क्षेत्रफल बराबर हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, ABCD is a trapezium whose diagonals AC and BD have two points Y and X are joined such that AD // XY // BC. Prove that Ar. (ΔAXC) and Ar. (ΔBYD) are equal.




18E. ABCD एउटा स.ल.च. हो । M र N विकर्णहरू BD र AC का मध्यबिन्दुहरू हुन् । ΔANC को क्षेत्रफल = ΔBMD को क्षेत्रफल हुन्छ भनी प्रमाणित गर्नुहोस ।
In the trapezium ABCD, M and N are mid-points of diagonals BD and AC respectively. Prove that ΔANC = ΔBMD.




19A. सँगैको चित्रमा PQ//RS र ΔPRS को क्षेत्रफल = ΔQRT को क्षेत्रफल दिइएको छ । प्रमाणित गर्नुहोस् । RQ//ST.
In the adjoining figure, it is given that PQ//RS and area of ΔPRS = area of QRT. Prove that: RQ//ST. **[2062 D1]**



19B. सँगैको चित्रमा AD//BC र BD//CE दिइएका छन् । प्रमाणित गर्नुहोस्: ΔABC को क्षेत्रफल = ΔBDE को क्षेत्रफल ।
In the adjoining figure, it is given that AD//BC and BD//CE. Prove that: Area of ΔABC = Area of ΔBDE. **[2062 D2]**



19C. दिइएको चित्रमा AD // BC छन् । यदि ΔABE र ΔACF का क्षेत्रफलहरू बराबर छन् भने प्रमाणित गर्नुहोस् : EF // AC.
In the given figure, AD // BC. If the areas of ΔABE and ΔACF are equal then prove that: EF // AC. **[2069 E]**



ANSWERS

A. VERY SHORT QUESTIONS

6A. 5 cm **6B.** 24 cm² **6C.** 6 cm **7A.** 48 cm² **7B.** 50 cm² **7C.** 14 cm² **7D.** 64 cm²
8A. 88 cm² **8B.** 44 cm² **9A.** 14 cm² **9B.** 48 cm² **10A.** 12 cm² **10B.** 9 cm **10C.** 4 cm
11A. 30 cm² **11B.** 26 cm² **12A.** 77 cm² **12B.** 20 m² **13A.** 20 cm² **13B.** 15 cm² **14A.** 24 cm²
14B. 36 cm² **14C.** 70 cm² **14D.** 40 cm² **14E.** 40 cm² **14F.** 36 cm² **14G.** 60 cm² **14H.** 12 cm²
14I. 4 cm² **14J.** 9 cm² **14K.** 24 cm² **14L.** 40 cm² **14M.** 20 cm²

B. SHORT QUESTIONS

1A. 12 cm² **1B.** 24 cm² **1C.** 60 cm² **1D.** 12 cm² **1E.** 30 cm² **1F.** 60 cm² **2A.** 36 cm²
2B. 40 cm² **3A.** 54 cm² **3B.** 15 cm² **3C.** 15 cm² **4A.** 10 cm **4B.** 12 cm **5A.** 9 cm²
5B. 4 cm² **6A.** 30 cm², 15 cm² **6B.** 14 cm² **7A.** 96 cm² **7B.** 240 cm² **8A.** 18 cm² **8B.** 39 cm²
9A. $4\sqrt{3}$ cm **9B.** 8 cm **10A.** 2 cm² **10B.** 20 cm² **11A.** 48 cm² **11B.** 288 cm² **11C.** 210 cm²
11D. 276 cm² **11E.** 132 cm² **11F.** 36 cm² **11G.** 38 cm² **11H.** 55 cm² **12A.** 6 cm **12B.** 30 cm
13A. 10 cm **13B.** 12 cm **13C.** 8 cm **13D.** 6 cm **13E.** 7 cm **14A.** 18 cm² **14B.** 15 cm²
15A. 16 cm², 16 cm² **15B.** 50 cm² **15C.** 50 cm² **15D.** 28 cm² **15E.** 32 cm² **15F.** 18 cm² **16A.** 16 cm
16B. 6 cm **16C.** 6 cm **16D.** 20 cm² **16E.** 17.5 cm² **16F.** 24 cm² **16G.** 12 cm² **17A.** 60 cm²
17B. 48 cm² **17C.** 60 cm² **17D.** 10 cm **17E.** 9 cm **17F.** 8 cm **17G.** 10 cm **17H.** 6 cm
17I. 8 cm **17J.** 10 cm **18A.** 48cm² **18B.** 32 cm² **18C.** 15 cm² **18D.** 48 cm² **18E.** 50 cm²
19A. 96 cm² **19B.** 60 cm² **19C.** 120 cm **20A.** 6 cm **20B.** 12 cm **20C.** 9.6 cm **21A.** 55 cm²
21B. 64 cm² **22A.** 20 cm² **22B.** 40 cm² **23A.** 20 cm² **23B.** 140 cm² **23C.** 48 cm² **23D.** 22.5 cm²
23E. 10 cm **24A.** 25 cm² **24B.** 8 cm² **24C.** 9 cm² **24D.** 4.5 cm² **24E.** 9 cm² **24F.** 12 cm²
24G. 25 cm² **24H.** $4\sqrt{5}$ cm **24I.** 6 cm **24J.** 3 cm **24K.** 2 cm **25A.** 16 cm² **25B.** 16 cm²
25C. 25 cm² **26A.** 4 cm **26B.** 48 cm² **27A.** 40 cm² **27B.** 14 cm² **27C.** 24 cm² **28A.** 48 cm²
28B. 50 cm² **28C.** 75 cm² **28D.** 15 cm² **28E.** 35 cm² **29A.** 20 cm² **29B.** 32 cm², 32 cm²
29C. 15 cm², 30 cm² **29D.** 40 cm², 80 cm² **29E.** 24 cm², 24 cm², 48 cm² **29F.** 90 cm² **29G.** 864 cm² **29H.** 4 cm

www.drmathnp.com
puspas.com.np

GENERAL EXERCISE 13

A. SHORT QUESTIONS [FOR GROUP B]

Model 1 *Problems based on median and area of a triangle.*


1A. सँगैको चित्रमा भुजा AC को मध्यबिन्दु D छ । यदि 3DE = BC = 12 cm भए ΔABC को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the adjoining figure, D is the midpoint of side AC. If 3DE = BC = 12 cm then find the area of ΔABC.




1B. चित्रमा AB को मध्यबिन्दु D हो । यदि 3DE = BC = 24 cm भए ΔABC को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the figure D is midpoint of AB. If 3DE = BC = 24 cm then find the area of ΔABC.



2A. चित्रमा AB = AC र AP = PB छ । यदि AP = 10 cm र AQ = 8 cm भए ΔABC को क्षेत्रफल कति होला ?
In the figure AB = AC and AP = PB. If AP = 10 cm and AQ = 8 cm then what is the area of ΔABC ?




2B. सँगैको चित्रमा ∠B = ∠C र AP = BP छ । यदि AC = 20 cm र AQ = 6 cm भए ΔABC को क्षेत्रफल कति होला ?
In the adjoining figure, ∠B = ∠C and AP = BP. If AC = 20 cm and AQ = 6 cm, what is the area of ΔABC ?




Model 2 *Problems based on area of trapezium, parallelogram, square or rhombus.*

3A. एउटा स.ल.च.का समानान्तर भुजाहरू 4.3 cm र 5.7 cm छन् । यदि यसको क्षेत्रफल 40 cm^2 भए उचाइ पत्ता लगाउनुहोस् ।
The parallel sides of a trapezium are 4.3 cm and 5.7 cm. If its area is 40 cm^2, find its height.


3B. चित्रमा दिइएको जानकारीबाट चतुर्भुज BPQC को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
From the given information in the figure, find the area of quadrilateral BPQC.




3C. चित्रमा ABCD एउटा वर्ग हो । यदि ΔPQC को क्षेत्रफल 16 cm^2 भए समलम्ब चतुर्भुज BPQD को क्षेत्रफल कति होला ?
In the figure, ABCD is square. If area of ΔPQC is 16 cm^2, what is the area of trapezium BPQD?




3D. सँगैको चित्रमा ABCD एउटा समलम्ब चतुर्भुज हो । यदि AB = 40 cm, AC = 50 cm, CD = 20 cm र AB ⊥ BC भए समलम्ब चतुर्भुज ABCD को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the adjoining figure, ABCD is a trapezium. If AB = 40 cm, AC = 50 cm, CD = 20 cm and AB ⊥ BC then find the area of trapezium ABCD.




4A. चित्रमा TR = 22 cm, PQ = 16 cm र QR = 10 cm भए स.च. PQRS को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the figure, TR = 22 cm, PQ = 16 cm and QR = 10 cm. Find the area of parm. PQRS.



4B. चित्रमा TR = 16 cm, PQ = 10 cm र QR = 10 cm भए स.च. PQRS को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the figure, TR = 16 cm, PQ = 10 cm and QR = 10 cm, find the area of parm. PQRS.




4C. स.च. PQRS को क्षेत्रफल 80 cm^2 छ भने परिमिति पत्ता लगाउनुहोस् ।
In the figure, the area of a parm. PQRS is 80 cm^2. Find the perimeter.



4D. PQRS एउटा समानान्तर चतुर्भुज जसमा PQ मा खिचिएको उचाइ SM = 6 cm, QR मा खिचिएको उचाइ SN = 5 cm छ र क्षेत्रफल 45 cm^2 छ भने समानान्तर चतुर्भुजका भुजाहरू पत्ता लगाउनुहोस् ।
PQRS is a parallelogram in which the altitude SM on the side PQ is 6 cm, the altitude SN on the side QR is 5 cm. and its area is 45 sq.cm. Find the sides of the parallelogram.

4E. चित्रमा 8 AM = 9 CD = 144 cm भए समानान्तर चतुर्भुज ABCD को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the adjoining figure, 8 AM = 9 CD = 144 cm, find the area of parallelogram ABCD.



Model 3 *Problems based on area of rhombus.*

5A. एउटा समबाहु चतुर्भुजको परिमिति 100 cm र यसको एउटा विकर्ण 40 cm भए अर्को विकर्णको नाप पत्ता लगाउनुहोस् र क्षेत्रफल पनि पत्ता लगाउनुहोस् ।
The perimeter of a rhombus is 100 cm and one of its diagonals is 40 cm long. Find the length of the other diagonal. Find its area also.


5B. एउटा समबाहु चतुर्भुजको परिमिति 52 cm र यसको एउटा विकर्ण 24 cm भए अर्को विकर्णको नाप पत्ता लगाउनुहोस् र क्षेत्रफल पनि पत्ता लगाउनुहोस् ।
The perimeter of a rhombus is 52 cm and one of its diagonals is 24 cm long. Find the length of the other diagonal. Find its area also.

www.drmathnp.com


puspas.com.np

Model 4 *Problems based on area of triangles and parallelograms on the same base and between the same parallels.*


6A. संगैको चित्रमा ΔABD को क्षेत्रफल 24 वर्ग एकाइ छ । यदि AB = 8 एकाइ भए ΔABC को उचाइ निकाल्नुहोस्, जहाँ AB आधार हो ।
In the adjoining figure, area of ΔABD is 24 sq. units. If AB = 8 units, find the height of ΔABC where AB is a base.




6B. संगैको चित्रमा ΔMNO को क्षेत्रफल 36 वर्ग एकाइ छ । यदि MN = 12 एकाइ भए ΔMNP को उचाइ निकाल्नुहोस् जहाँ MN आधार हो ।
In the adjoining figure, area of ΔMNO is 36 sq. units. If MN = 12 units, find the height of ΔMNP where MN is a base.




7A. चित्रमा, AF = 8 cm, BE = 20 cm र DG = 16 cm भए AD को नाप पत्ता लगाउनुहोस् ।
In the figure, AF = 8 cm, BE = 20 cm and DG = 16 cm then find the measure of AD.




7B. चित्रमा, PF = 8 cm, CE = 6 cm र BD = 12 cm भए CP को नाप पत्ता लगाउनुहोस् ।
In the figure, PF = 8 cm, CE = 6 cm and BD = 12 cm then find the measure of CP.




8A. चित्रमा AD = 10 cm, CD = 6 cm र ∡ACD = 90° भए ΔABD को क्षेत्रफल कति होला ?
In the adjoining figure, AD = 10 cm, CD = 6 cm and ∡ACD = 90°. What is the area of ΔABD ?




8B. चित्रमा AB//DC, ∡ACB = 90°, AB = 15 cm र BC = 9 cm भए ΔABD को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the figure, AB//DC, ∡ACB = 90°, AB = 15 cm and BC = 9 cm. Find the area of ΔABD.




9A. दिइएको चित्रमा 2AD = BC छ । यदि चतुर्भुज ABCD को क्षेत्रफल 120 cm^2 र DM = 5 cm छ भने ΔADC को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the adjoining figure, 2AD = BC. If the area of ABCD is 120 cm^2 and height (DM) = 5 cm, find the area of ΔADC.




9B. ΔABC का भुजाहरू 13 cm, 20 cm र 21 cm छन् । समानान्तर चतुर्भुज ACDE को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
The sides of ΔABC are 13 cm, 20 cm and 21 cm. Estimate the area of parallelogram ACDE.




9C. संगैको चित्रमा WX = 5 cm, XY = 6 cm र WY = 7 cm भए ▱ZXYA को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the adjoining figure, WX = 5 cm, XY = 6 cm and WY = 7 cm, find the area of ▱ZXYA.



10A. चित्रमा EC ⊥ BC, CE = 6 cm र BE = 10 cm भए समानान्तर चतुर्भुज ABCD को क्षेत्रफल निकाल्नुहोस् ।
In the adjoining figure, EC ⊥ BC, CE = 6 cm and BE = 10 cm. Find the area of parallelogram ABCD.




10B. चित्रमा AB = 7 cm र BC = 25 cm भए समानान्तर चतुर्भुज DBCE को क्षेत्रफल निकाल्नुहोस् ।
In the adjoining figure, AB = 7 cm and BC = 25 cm. Find the area of parallelogram DBCE.




11A. दिइएको चित्रमा ABCD एउटा वर्ग हो जसमा विकर्ण BD = $6\sqrt{2}$ cm छ । ΔDFC को क्षेत्रफल निकाल्नुहोस् ।
In the figure, ABCD is a square where the diagonal BD = $6\sqrt{2}$ cm. Find the area of ΔDFC.



11B. दिइएको चित्रमा ABCD एउटा वर्ग हो जसको भुजाको लम्बाइ 8 cm छ । यदि AE = 8 cm भए BF को लम्बाइ पत्ता लगाउनुहोस् ।
In the given figure, ABCD is a square whose length of side is 8 cm. If AE = 8 cm, find the length of BF.




11C. दिइएको चित्रमा, ABCD आयत र DEFG समानान्तर चतुर्भुज हो । यदि समानान्तर चतुर्भुज DEFG को क्षेत्रफल 18 cm^2 र ΔFEC को क्षेत्रफल 4 cm^2 भए आयत ABCD को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the figure alongside, ABCD is a rectangle and DEFG is a //gm. If area of //gm DEFG = 18 cm^2 and area of ΔFEC = 4 cm^2, find the area of rectangle ABCD.




Geometry

www.drmathnp.com

12A. चित्रमा FB को मध्यबिन्दु G हो र BE ⊥ DE छ । यदि DC = 12 cm र BE = 10 cm भए ΔFGC को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the figure, G is the mid-point of FB and BE ⊥ DE. If DC = 12 cm and BE = 10 cm, find the area of ΔFGC.




12B. चित्रमा ABCD एउटा स.च. हो, EB को मध्यबिन्दु F हो र FG ⊥ EC छ । यदि EC = 10 cm र FG = 6 cm भए स.च. ABCD क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the figure, ABCD is a parallelogram, F is the mid-point of EB and FG ⊥ EC. If EC = 10 cm and FG = 6 cm, find the area of parallelogram ABCD.




12C. दिइएको चित्रमा ABCD समानान्तर चतुर्भुज, EC को मध्यबिन्दु P र PM ⊥ BC छ । यदि AD = 20 cm र PM = 5 cm भए समानान्तर चतुर्भुज ABCD को क्षेत्रफल निकाल्नुहोस् ।
In the figure, ABCD is a parallelogram, P is the mid-point of EC and PM ⊥ BC. If AD = 20 cm and PM = 5 cm, find the area of the parallelogram ABCD.




13A. चित्रमा ABCD एउटा समानान्तर चतुर्भुज हो र CD को मध्यबिन्दु P हो । यदि ΔDAP को क्षेत्रफल 15 cm^2 भए समलम्ब चतुर्भुज ABCP को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the figure, ABCD is a parallelogram and P is the mid-point of CD. If the area of ΔDAP is 15 cm^2, find the area of trapezium ABCP.




13B. समानान्तर चतुर्भुज ABCD मा CD को मध्यबिन्दु M हो र समानान्तर चतुर्भुज ABCD को क्षेत्रफल 40 cm^2 छ । समलम्ब चतुर्भुज ABCM को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In a parallelogram ABCD, M is the mid-point of CD and the area of parallelogram ABCD is 40 cm^2. Find the area of trapezium ABCM.




13C. सँगैको चित्रमा ABCD एउटा समानान्तर चतुर्भुज हो र BC को मध्यबिन्दु E हो । यदि ▱ABCD को क्षेत्रफल 24 cm^2 भए ΔDCE को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the adjoining figure, ABCD is a parallelogram and E is the mid-point of BC. If area of ▱ABCD is 24 cm^2, then find the area of ΔDCE.




13D. दिइएको चित्रमा ABCD एउटा समानान्तर चतुर्भुज हो र EF = FC छ । यदि ΔEBF को क्षेत्रफल = 24 cm^2 भए समानान्तर चतुर्भुज ABCD को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the given figure, ABCD is a parallelogram and EF = FC. If the area of ΔEBF = 24 cm^2, find the area of parallelogram ABCD.




13E. दिइएको चित्रमा ABCD एउटा समानान्तर चतुर्भुज हो, त्रिभुज DBC को क्षेत्रफल 32 cm^2 र AB = BE भए, त्रिभुज ACE को क्षेत्रफल निकाल्नुहोस् ।
In the given figure, ABCD is a parallelogram, area of ΔDBC is 32 cm^2 and AB = BE. Find the area of ΔACE.




14A. चित्रमा ABCD एउटा समानान्तर चतुर्भुज हो । यदि ΔABP र ΔDCP का क्षेत्रफलहरू क्रमश: 85 cm^2 र 25 cm^2 भए ΔBPC को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the figure, ABCD is a parallelogram. If the areas of ΔABP and ΔDCP are 85 cm^2 and 25 cm^2 respectively then find the area of ΔBPC.




14B. चित्रमा PQRS एउटा समानान्तर चतुर्भुज हो । यदि ΔTSR र ΔPQT का क्षेत्रफलहरू क्रमश: 60 cm^2 र 20 cm^2 भए ΔTQR को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the figure, PQRS is a parallelogram. If the areas of ΔTSR and ΔPQT are 60 cm^2 and 20 cm^2 respectively, find the area of ΔTQR.




14C. दिइएको चित्रमा BD // AO, ΔBOD को क्षेत्रफल 36 cm^2, ∠BCD = 90°, BC = 4 cm र CD = 12 cm छ । चतुर्भुज ABCD को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the figure, BD // AO, area of ΔBOD is 36 cm^2, ∠BCD = 90°, BC = 4 cm and CD = 12 cm. Find the area of the quad. ABCD.



14D. चित्रमा ABCD एउटा समानान्तर चतुर्भुज हो । AD लाई F सम्म बढाइएको छ । यदि DF = BE = EC र ΔABD को क्षेत्रफल 28 cm^2 भए ΔFEC को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the figure, ABCD is a parallelogram. AD is produced to F. If DF = BE = EC and area of ΔABD is 28 cm^2 then find the area of ΔFEC.




15A. दिइएको चित्रमा PQRS एउटा समानान्तर चतुर्भुज हो । यसको भित्र कुनै बिन्दु T छ । यदि ΔPST, ΔPQT र ΔQRT का क्षेत्रफलहरू क्रमश: 12 cm^2, 22 cm^2 र 18 cm^2 भए ΔSRT को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the given figure, PQRS is a parallelogram, T is any point inside it. If the areas of ΔPST, ΔPQT and ΔQRT are respectively 12 cm^2, 22 cm^2 and 18 cm^2, find the area of ΔSRT.



puspas.com.np


www.drmathnp.com

15B. चित्रमा ABCD एउटा समानान्तर चतुर्भुज हो । ΔAED को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the given figure, ABCD is a parallelogram. Find the area of ΔAED.




Model 5 *Problems based on same or equal base and between the same parallels.*


16A. स.च. ABCD मा ΔAED को क्षेत्रफल 16 cm^2 र ΔAEC = 10 cm^2 भए ΔAEB को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In a parallelogram ABCD, the area of ΔAED = 16 cm^2 and area of ΔAEC = 10 cm^2. Find the area of ΔAEB.



16B. चित्रमा ΔABE को क्षेत्रफल 25 cm^2 र ΔCED को क्षेत्रफल 30 cm^2 भए ΔBEC र स.च. ABCD का क्षेत्रफलहरू पत्ता लगाउनुहोस् ।
In the figure, area of ΔABE is 25 cm^2 and area of ΔCED is 30 cm^2. Find the areas of ΔBEC and parallelogram ABCD.




16C. दिइएको चित्रमा PM // QR, MN = PM = QR, MR ⊥ NP, MR = 3 से.मि. र MN = 5 से.मि. छ भने समानान्तर चतुर्भुज MPQR को क्षेत्रफल निकाल्नुहोस् ।
In the given figure, PM // QR, MN = PM = QR, MR ⊥ NP, MR = 3 cm and MN = 5 cm. Find the area of parallelogram MPQR.




16D. दिइएको चित्रमा BE = EC, EF ⊥ BC, BE = 10 cm र AD = 16 cm भए समानान्तर चतुर्भुज ABCD को क्षेत्रफल निकाल्नुहोस् ।
In the given figure, BE = EC, EF ⊥ BC, BE = 10 cm and AD = 16 cm. Find the area of parallelogram ABCD.



17A. चित्रमा ΔABC को उचाइ कति हुँदा ΔABC र स.च.PQRS को क्षेत्रफल बराबर होला ?
What height of ΔABC makes the area of ΔABC and parallelogram PQRS equal ?




17B. चित्रमा स.च. ABCD को उचाइ कति हुँदा ΔPQR को क्षेत्रफलको दोब्बर स.च. ABCD को क्षेत्रफल हुन्छ ?
In the figure, what height of parallelogram ABCD makes the area of parallelogram ABCD double of ΔPQR ?



Model 6 *Miscellaneous problems on area.*

18A. दिइएको चित्रमा AD // BC छ भने प्रमाणित गर्नुहोस्: ΔAOB = ΔCOD.
In the adjoining figure, AD//BC. Prove that: ΔAOB = ΔCOD.


18B. चतुर्भुज PQRS मा QS को मध्यबिन्दु O भए चतुर्भुज PORS = चतुर्भुज PORQ (क्षेत्रफलमा) हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
PQRS is a quadrilateral and O is the mid-point of QS. Prove that area of quadrilateral PORS = area of quadrilateral PORQ.




B. LONG QUESTIONS [FOR GROUP C AND D]

Model 1 *Problems based on area of triangles.*


1A. चित्रमा E, C र F क्रमश: AB, BD र ED का मध्यबिन्दुहरू भने 8 ΔCEF = ΔABD हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, E, C and F are the mid-points of AB, BD and ED respectively. Prove that: 8ΔCEF = ΔABD.




1B. ΔABC मा AB र AC का मध्यबिन्दुहरू P र Q, PQ को मध्यबिन्दु S र BC को कुनै बिन्दु R छ भने 8ΔSQR = ΔABC हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In ΔABC, P and Q are the mid-points of AB and AC, S is the mid-point of PQ and R is any point on BC. Prove that: 8ΔSQR = ΔABC.




1C. चित्रमा BC को मध्यबिन्दु P र AR = RQ = QC छ भने प्रमाणित गर्नुहोस् :
In the figure, P is the mid-point of BC, AR = RQ = QC, prove that:
(i)BR = 4SR (ii) ΔABC = 12ΔASR



2A. ΔABC मा BD = 2CD र AE = ED भए 6ΔACE = ΔABC हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In ΔABC, BD = 2CD and AE = ED then prove that: 6ΔACE = ΔABC.



2B. ΔABC मा AD मध्यिका हो र AP : PD = 1 : 2 हुनेगरी AD मा एउटा बिन्दु P छ । Ar.(6ΔABP) = Ar.(ΔABC) हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In ΔABC, AD is a median and P is a point in AD such that AP : PD = 1 : 2. Prove that: Ar.(6ΔABP) = Ar.(ΔABC).




pustaks.com.np

www.drmathnp.com
puspas.com.np


2C. सँगै दिइएको चित्रमा AODC एक समानान्तर चतुर्भुज हो र ΔABC को मध्यिका AO भए प्रमाणित गर्नुहोस् : ΔAOB = ΔCOD.
In the figure given alongside AODC is a parallelogram and AO is the median of ΔABC. Prove that: ΔAOB = ΔCOD




3A. दिइएको चित्रमा AP, BP र CP का मध्यबिन्दुहरू क्रमशः L, M र N हुन् भने ΔABC = 4ΔLMN हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the given figure, L, M and N are the mid-points of AP, BP and CP resp., prove that: ΔABC = 4ΔLMN.




3B. ΔABC मा D, E, F र G क्रमशः BC, AD, BE र CF का मध्यबिन्दुहरू हुन् भनी प्रमाणित गर्नुहोस्:ΔABC = 8ΔEFG
In ΔABC, D, E, F and G are the mid-points of BC, AD, BE and CF respectively. Prove that: ΔABC = 8ΔEFG



3C. ΔABC मा AB को मध्यबिन्दु D र BC को कुनै बिन्दु P छ । यदि CQ//DP भए 2 ΔBPQ = ΔABC हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In ΔABC, D is the mid-point of AB and P is any point on BC. If CQ//DP then prove that: 2 ΔBPQ = ΔABC.



4A. सँगैको चित्रमा BC को मध्यबिन्दु D हो । यदि AD लाई लम्ब्याइएको भागमा BH ⊥ AH र CK ⊥ AD भए BH = CK हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the adjoining figure, D is the mid-point of BC. If AD produced at H and BH ⊥ AH and CK ⊥ AD then prove that BH = CK.



4B. एउटा समद्विबाहु त्रिभुज ABC को आधारको भुजा BC को बिन्दु D बाट AB र AC मा क्रमशः लम्बहरू DN र DM खिचिएका छन् । यदि BP⊥AC भए BP = DN + DM हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
From any point D in the base BC of an isosceles ΔABC, perpendiculars DN and DM are drawn on AB and AC respectively. If BP⊥AC then prove that BP = DN + DM.

4C. चित्रमा AB = AC भए PQ + PS = BR हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the given figure, AB = AC. Prove that: PQ + PS = BR.



4D. चित्रमा PQ = QR = RP छ । बिन्दु 'O' बाट OX, OY र OZ लम्बहरू क्रमशः PQ, QR र RP भुजाहरूमा खिचिएका छन् र PA⊥QR भए PA = OX + OY + OZ हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, PQ = QR = RP. From O, perpendiculars OX, OY and OZ are drawn on PQ, QR and PR respectively and PA⊥QR. Prove that: PA = OX + OY + OZ.



5A. ΔABC को आधार BC मा कुनै बिन्दु P छ । AP को को मध्यबिन्दु Q भए 2 ΔQBC = ΔABC हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
P is any point on the base BC of a ΔABC. Q is the mid point of AP. Show that 2 ΔQBC = ΔABC.

5B. ABC एउटा त्रिभुज हो । BC सँग समानान्तर रेखा DE ले AB र AC लाई क्रमशः D र E मा काटेको छ । ΔABE = ΔACD हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
ABC is a triangle and a straight line DE parallel to BC cuts the sides AB and AC at D and E respectively. Show that ΔABE = ΔACD.

5C. ΔABC को मध्यिका AD मा कनै बिन्दु P छ । ΔABP = ΔACP हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
P is any point on the median AD of the ΔABC. Show that ΔABP = ΔACP.

5D. ABCD एउटा चतुर्भुज हो, जसका विकर्णहरू E मा प्रतिच्छेदन भएका छन् । AC लाई CF = AE हुनेगरी F सम्म लम्ब्याइएको छ । ΔFBD को क्षेत्रफल चतुर्भुज ABCD को क्षेत्रफलसँग बराबर हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
ABCD is a quad. whose diagonals intersect at E. AC is produced to F so that CF = AE. Prove that ΔFBD = the given quadrilateral ABCD.

5E. ABC एउटा त्रिभुज हो र D, E भुजाहरू क्रमशः AB र AC का मध्यबिन्दुहरू हुन् । 4ΔADE = ΔABC हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
ABC is a triangle and D, E are the mid-points of AB and AC respectively. Prove that 4ΔADE = ΔABC.


5F. चतुर्भुजका आसन्न भुजाहरूका मध्यबिन्दुहरू जोडेर बनाइएको समानान्तर चतुर्भुजको क्षेत्रफल सो चतुर्भुजको क्षेत्रफलको आधा हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
Prove that the area of the parallelogram formed by joining the middle points of the sides of a quadrilateral is half that of the quadrilateral.

5G. ΔABC को मध्यिका AD छ । AD सँग समानान्तर हुने रेखाहरू BE र CF ले बिन्दु A बाट BC सँग समानान्तर हुने गरी खिचिएको रेखालाई E र F मा भेट्दछ । चतुर्भुज BCEF = 2ΔABC हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
AD is the median of a ΔABC. BE and CF are drawn parallel to AD meeting a line parallel to BC and through A at E and F respectively. Prove that Quad. BCEF = 2ΔABC.

www.drmathnp.com

5H. ΔABC का मध्यिकाहरू BE र CF बिन्दु G मा काटिएका छन् । ΔAGB = ΔBGC = ΔAGC हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
The medians, BE and CF of ΔABC are intersected at a point G. Prove that ΔAGB = ΔBGC = ΔAGC.

5I. समलम्ब चतुर्भुज ABCD का विकर्णहरू बिन्दु E मा काटिएका छन् । यदि AE = EC भए प्रमाणित गर्नुहोस्: ΔABD = ΔCBD
ABCD is a trapezium whose diagonals intersect at E. If AE = EC, prove that: ΔABD = ΔCBD




Model 2 *Problems based on proving equal triangles in area.*

6A. सँगैको चित्रमा PQRS समानान्तर चतुर्भुज भए प्रमाणित गर्नुहोस् : ΔRQN = ΔMNS
In the adjoining figure, PQRS is a parallelogram. Prove that: ΔRQN = ΔMNS

6B. ABCD एउटा समानान्तर चतुर्भुज हो । BC को कुनै बिन्दु E बाट DEF रेखा खिचिएको छ र सो ले AB को लम्ब्याइएको भागलाई F मा भेटेको छ । ΔAEB = ΔCEF हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
ABCD is a parallelogram and through E, a point on BC, the straight line DEF is drawn meeting AB produced at F. Show that ΔAEB = ΔCEF.




6C. समानान्तर चतुर्भुज PQRS मा QL = PQ हुनेगरी PQ लाई L सम्म लम्ब्याइएको छ । SL रेखाले QR लाई O मा काट्छ भने प्रमाणित गर्नुहोस्: ΔPOS को क्षेत्रफल = ΔROL को क्षेत्रफलको दोब्बर ।
In the parallelogram PQRS, PQ is produced to L so that QL = PQ. The line SL cuts QR at O. Prove that: Area of ΔPOS = Twice area of ΔROL.




6D. ABCD समानान्तर चतुर्भुजमा AB को मध्यबिन्दु E छ । DF र CF बिन्दु F मा काटिएका छन् भने प्रमाणित गर्नुहोस् । (i) ΔADF = ΔCDE (ii) ΔBCE = ΔAEF
In the parallelogram ABCD, E is the mid-point of AB. DF and CF are intersected at F, prove that. (i) ΔADF = ΔCDE (ii) ΔBCE = ΔAEF

6E. ABCD समानान्तर चतुर्भुजमा AB को मध्यबिन्दु E छ । DF र CF बिन्दु F मा काटिएका छन् भने प्रमाणित गर्नुहोस् : 4 ΔAEF = ▱ABCD
In the parallelogram ABCD, E is the mid-point of AB. DF and CF are intersected at F, prove that: 4 ΔAEF = ▱ABCD




6F. ΔABC को भुजा BC र सीधा रेखा PQR आपसमा बराबर र समानान्तर भए ΔAQR = ΔPBQ हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
Side BC of ΔABC and straight lines PQR are equal and parallel then prove that ΔAQR = ΔPBQ. **Hint:** Join RC and use area property of Δ and ▱.




or, एउटा ΔABC को भुजा AB को एउटा बिन्दु P बाट BC सँग समानान्तर र बराबर हुने गरी एउटा सिधा रेखा PQR खिचिएको छ, जसले भुजा AC को Q मा भेटेको छ । ΔAQR = ΔBPQ हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
From a point P on the side AB of a ΔABC, a straight line PQR is drawn parallel and equal to BC, meeting the side AC at Q. Prove that ΔAQR = ΔBPQ.




6G. दिइएको चित्रमा BC = ED र BC // ED भए प्रमाणित गर्नुहोस् : ΔABF = ΔCDF
In the given figure, BC = ED and BC // ED. Prove that: ΔABF = ΔCDF




7A. चित्रमा ABCD र AEFG समानान्तर चतुर्भुजहरू हुन । ΔGPC को क्षेत्रफल = ΔBPF को क्षेत्रफल भए प्रमाणित गर्नुहोस् : ΔADG को क्षेत्रफल = ΔAEB को क्षेत्रफल
In the given figure, ABCD and AEFG are the parallelograms. If area of ΔGPC = area of ΔBPF then prove that: area of ΔADG = area of ΔAEB
Hint: Join BG and use area property of Δ and ▱.




7B. समानान्तर चतुर्भुज PQRS मा विकर्ण PR मा बिन्दु M छ भने प्रमाणित गर्नुहोस् : ΔQMRको क्षेत्रफल = ΔMSR को क्षेत्रफल
In parallelogram PQRS, point M is in the diagonal PR, prove that: area of ΔQMR = area of ΔMSR. **Hint:** Join QS and use the median and area property of Δ.



7C. चित्रमा, ABCD एउटा स. च. हो । P र Q क्रमशः BC र CD का कुनै बिन्दुहरू हुन् ताकि PQ//BD हुन्छ । प्रमाणित गर्नुहोस्: ΔABP को क्षेत्रफल = ΔAQD को क्षेत्रफल
In the figure, ABCD is a parallelogram. P and Q are any points on BC and CD respectively such that PQ//BD. Prove that area of ΔABP = area of ΔAQD.



7D. चित्रमा AX//BC र BX//CY भए ΔABC को क्षेत्रफल = ΔBXY को क्षेत्रफल हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, AX//BC and BX//CY. Prove that: Area of ΔABC = area of ΔBXY.
Hint: Join XC & use the area of Δs on the same base & between the same parallels are equal.



7E. चित्रमा AB // CD छ । यदि Ar. (ΔAXD) = Ar. (ΔACY) भए AC // XY हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure AB // CD. If Ar.(ΔAXD) = Ar. (ΔACY) then prove that AC // XY.

Geometry


pustaks.com.np

www.drmathnp.com


7F. चित्रमा AC // XY छ । यदि Ar. (ΔAXD) = Ar. (ΔACY) भए AB // CD हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, AC // XY. If Ar. (ΔAXD) = Ar. (ΔACY) then prove that AB // CD.




7G. ABCD एउटा स. च. र त्रिभुज BEC को भुजा EC को मध्यबिन्दु M छ भने प्रमाणित गर्नुहोस्: ΔEBM को क्षेत्रफल = ΔADC को क्षेत्रफल
ABCD is a parallelogram, M is the mid-point of the side EC of triangle BEC. Prove that area of ΔEBM = Area of ΔADC.




7H. चित्रमा त्रिभुज PQR को भुजा QR को मध्यबिन्दु M छ । यदि PX // RY र PR // XY भए 2ΔXYR = ΔPQR हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the adjoining figure, M be the mid point of the side QR of PQR. If PX//RY and PR//XY, prove that 2ΔXYR = ΔPQR




8A. चित्रमा ABCD एउटा समानान्तर चतुर्भुज हो । यदि विकर्ण BD मा पर्ने कुनै बिन्दु O भए प्रमाणित गर्नुहोस्: Ar (ΔOAB) = Ar (ΔOAD) + Ar (ΔOAC)
In the figure, ABCD is a parallelogram. If O be any point on BD then prove that: Ar (ΔOAB) = Ar (ΔOAD) + Ar (ΔOAC)




8B. ΔABC मा AD मध्यिका हो र AP : PD = 1 : 2 हुने गरी AD मा एउटा बिन्दु P छ । 6ΔABP को क्षेत्रफल = ΔABC को क्षेत्रफल हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the ΔABC, AD is a median and P is a point in AD such that AP : PD = 1 : 2. Prove that: area of 6ΔABP = area of ΔABC




8C. ΔABC को भुजाहरू AB र AC का मध्यबिन्दुहरू D र E हुन् । यदि F र G भुजा BC लाई बराबर तीन भागमा विभाजन गर्ने बिन्दुहरू भए 3ΔFGH = ΔABC हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
D, E are the mid-points of the sides AB and AC of a ΔABC. If F and G are the points of trisection of base BC, prove that: 3ΔFGH = ΔABC.




9A. ΔABE मा बिन्दुहरू R र D क्रमशः AB र BE का मध्यबिन्दुहरू छन् । यदि AT = TQ = EQ भए 2ΔRAT = ΔCAT हुन्छन् भनी प्रमाणित गर्नुहोस् ।
In ΔABC, R and D are the mid-points of AB and BE respectively. If AT = TQ = EQ then prove that 2ΔRAT = ΔCAT. **Hint:** Join BT & BQ.



9B. ΔMPN मा E र H क्रमशः MN र PN का मध्यबिन्दुहरू हुन् । D र W द्वारा MP लाई बराबर तीन भागमा विभक्त गरिएको छ । प्रमाणित गर्नुहोस्: 2ΔONE = ΔTWO
In ΔMPN, E and H are the mid-points of MN and PN respectively, MP is trisected by points O and W. Prove that: 2ΔONE = ΔTWO




9C. ΔTEM मा D र R क्रमशः EM र TD का मध्यबिन्दुहरू हुन् । प्रमाणित गर्नुहोस्: 2ΔRAT = ΔRAM
In ΔTEM, D and R are the mid-points of EM and TD respectively. Prove that: 2ΔRAT = ΔRAM




9D. ΔBEW मा A र T क्रमशः BW र EW का मध्यबिन्दुहरू हुन् । प्रमाणित गर्नुहोस्: 2ΔTEN = ΔTWO

In Δ BEW, A and T are the mid-points of BW and EW respectively. Prove that: 2ΔTEN = ΔTWO




9E. ΔBEC मा बिन्दु D रेखा BC को मध्यबिन्दु हो । प्रमाणित गर्नुहोस्: ΔBAE = ΔCAF
In Δ BEC, the point D is the mid-point of BC. Prove that: ΔBAE = ΔCAF




Model 3 *Problems based on the area of triangle and quadrilateral.*

10A. ABCD एउटा चतुर्भुज हो जसका विकर्णहरू E मा काटिएका छन् । यदि BE = DF भए ΔFAC = चतुर्भुज ABCD हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
ABCD is a quadrilateral whose diagonals intersect at E. If BE = DF then prove that ΔFAC = quadrilateral ABCD.




10B. चित्रमा ABCD समानान्तर चतुर्भुज हो । जहाँ भुजा BC को कुनै बिन्दु E छ भने प्रमाणित गर्नुहोस् : ΔADF = चतुर्भुज ABFC.
In the figure, ABCD is a parallelogram where E is any point on the side BC. AE and CD are produced to the point F. Prove that: ΔADF = quadrilateral ABFC.




puspas.com.np

www.drmathnp.com


10C. चित्रमा AB//ED र BF//DC र BF = DC भए 2ΔAFE = चतुर्भुज BFDC हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, AB//ED, BF//DC and BF = DC. Prove that: 2ΔAEF = quadrilateral BFDC.




10D. चित्रमा PQ//TS, QU//SR र UQ = SR भए 2ΔUPT = चतुर्भुज QRSU हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the given figure, PQ//TS, QU//SR, UQ = SR. Then prove that 2ΔUPT = quadrilateral QRSU.



11A. चित्रमा ABCD र AEFD दुई समानान्तर चतुर्भुजहरू हुन् भने ΔAEP = ΔFQD क्षेत्रफलमा बराबर हुन्छन् भनी प्रमाणित गर्नुहोस् ।
In the given figure, ABCD and AEFD are two parallelograms. Prove that ΔAEP = ΔFQD in area.




11B. सँगैको चित्रमा ABCD एउटा समानान्तर चतुर्भुज हो र BF = EF छ भने 4ΔEFG = ▱ABCD हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the adjoining figure, ABCD is a parallelogram and BF = EF. Prove that 4ΔEFG = ▱ABCD




Model 4 *Problems based on the area of parallelograms.*


12A. चित्रमा ABCD र ADEF दुई समानान्तर चतुर्भुजहरू भए समानान्तर चतुर्भुज ABCD = स. च. ADEF + स. च. BCEF हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the given figure, ABCD and ADEF are two parallelograms then prove that: parallelogram ABCD = parallelogram ADEF + parallelogram BCEF.




12B. ABCD एउटा समानान्तर चतुर्भुज हो । O कुनै एउटा बाहिरी बिन्दु हो । AB मा पर्ने एउटा कुनै बिन्दु P भए प्रमाणित गर्नुहोस् : ΔAOD + ΔBOC = ΔPDC
ABCD is a parallelogram and O is any external point and P is any point on AB. Prove that: ΔAOD + ΔBOC = ΔPDC.




12C. साझा आधार DC र एकै तिर समानान्तर चतुर्भुजहरू ABCD र DEFC छन् । ▱EDCF = ▱BAEF + ▱BADC हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
ABCD and DEFC are parallelograms on the common base DC and on the same side, prove that ▱EDCF = ▱BAEF + ▱BADC.




12D. चित्रमा ABCD स.च. हो जहाँ PQ//CD र RS//BC भए स.च. PTRD र स.च. SBQT हरू क्षेत्रफलमा बराबर हुन्छन् भनी प्रमाणित गर्नुहोस् ।
In the figure, ABCD is a parallelogram where PQ//CD and RS//BC. Prove that parallelogram PTRD and parallelogram SBQT are equal in area.



12E. चित्रमा AD // BC // PR, DC // AB // QR र AQ // CP भए ABCD को क्षेत्रफल = BQRP को क्षेत्रफल हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, AD // BC // PR, DC // AB // QR and AQ // CP then prove that: Area of ABCD = Area of BQRP




12F. चित्रमा AB // DC // EF, DE // AF र AD // BC भए ABCD को क्षेत्रफल = EDCF को क्षेत्रफल हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, AB // DC // EF, DE // AF and AD // BC then prove that: Area of ABCD = Area of EDCF




Hint: Use area property of ▱s on the same base & between the same parallels.


12G. चित्रमा AB // DC, AE // BC, BF // CE र CG // EF भए ABCD को क्षेत्रफल = CEFG को क्षेत्रफल हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, AB // DC, AE // BC, BF // CE and CG // EF then prove that: Area of ABCD = Area of CEFG.



12H. दिइएको चित्रमा AB // DC, AD // BE, DE // AH र DG // EH छन् । समानान्तर चतुर्भुज ABCD को क्षेत्रफल = समानान्तर चतुर्भुज DEHG को क्षेत्रफल हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the given figure, AB // DC, AD // BE, DE // AH and DG // EH. Prove that area of parallelogram ABCD= area of parallelogram DEHG.



12I. चित्रमा D, E र F क्रमशः BC, AB र AC का बिन्दुहरू हुन् र Δ ABD = ΔEBC । यदि DF र CE कुनै G भन्ने बिन्दुमा काटीएका छन् भने ΔEFG को क्षेत्रफल = ΔCDG को क्षेत्रफल हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, D, E and F are points on BC, AB and AC resp. such that Δ ABD = ΔEBC. If DF and CE intersect at G, prove that Δ EFG = Δ CDG.




Geometry

pustak.com.np

www.drmathnp.com

Model 5 *Problems based on diagonal of parallelogram / quadrilateral.*




13A. चित्रमा ABCD एउटा समानान्तर चतुर्भुज हो जसमा विकर्ण BD मा पर्ने कुनै बिन्दु X हो । प्रमाणित गर्नुहोस्: 2 ΔAXD = चतुर्भुज AXCD
In the figure, ABCD is a parallelogram in which X is any point on the diagonal BD. Prove that: 2ΔAXD = quadrilateral AXCD.


13B. ABCD एउटा चतुर्भुज हो जसको एउटा विकर्ण AC ले अर्को विकर्ण BD लाई समद्विभाजन गरेको छ । यदि स.च. हरू ACBE र ACDF बनाइयो भने तिनीहरू क्षेत्रफलमा बराबर हुन्छन् भनी प्रमाणित गर्नुहोस् ।
ABCD is a quadrilateral whose diagonal AC bisects its other diagonal BD. If the //^{gms} ACBE and ACDF are completed, prove that they are equivalent.

14A. यदि एउटा चतुर्भुजका प्रत्येक विकर्णले यसलाई बराबर क्षेत्रफल भएका 2 ओटा त्रिभुजहरूमा विभाजन गर्दछ भने सो चतुर्भुज समानान्तर चतुर्भुज हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
If each diagonal of a quadrilateral separates it into two triangles of equal area then show that the quadrilateral is a parallelogram.


14B. यदि एउटा चतुर्भुज ABCD का विकर्णहरू AC र BD बिन्दु O मा प्रतिच्छेदन हुन्छन् र चतुर्भुज ABCD लाई बराबर क्षेत्रफल भएका चारओटा त्रिभुजहरूमा छुट्याउँछ भने सो चतुर्भुज समानान्तर चतुर्भुज हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
If the diagonals AC and BD of a quadrilateral ABCD intersect at O and separate the quadrilateral ABCD into four triangles of equal area, show that the quadrilateral is a parallelogram. **Hint:** Draw CL ⊥ AB and DM ⊥ AB.




15A. चित्रमा OB = OD र AB = CD भए ABCD एउटा स.च. हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, OB = OD and AB = CD then prove that ABCD is a parallelogram. .




15B. दिइएको चित्रमा OB = OD र AB = CD भए Ar.(ΔAOD) = Ar.(ΔBOC) हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the given figure, OB = OD and AB = CD then prove that:
Ar.(ΔAOD) = Ar.(ΔBOC)
Hint: Draw DE ⊥ AC and BF ⊥ AC then by AAS fact, ΔDOE ≅ ΔBOF and DE = BF
Again, show ΔAED ≅ ΔCFB and add them.




15C. चित्रमा ΔABD को मध्यिका AO छ । यदि AB = CD भए Ar.(ΔABD) = Ar.(ΔABC) हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the adjoining figure, AO is the median of ΔABD. If AB = CD then prove that Ar. (ΔABD) = Ar.(ΔABC)
Hint: In 15B. add ΔAOB on both the sides then you will get the result.




15D. चित्रमा ΔABC र ΔDBC को क्षेत्रफल बराबर भए AO = OD हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, ΔABC and ΔDBC are equal in area then prove that: AO = OD.
Hint: Draw AE ⊥ BC & DF ⊥ BC, AE = DF & by AAS fact, ΔAEO ≅ ΔDFO ⇒ AO = DO




15E. चित्रमा स.ल.च. ABCD मा CD को मध्यबिन्दु P हो । यदि AB // XY भए स.ल.च.ABCD र स.च.ABYX को क्षेत्रफल बराबर हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, P is the midpoint of CD in a trapezium ABCD. If AB // XY then prove that trapezium ABCD and parallelogram ABYX are equal in area.




16A. चित्रमा ABCD एउटा समलम्ब चतुर्भुज हो । यदि BC को मध्यबिन्दु M भए ΔAMD को क्षेत्रफल समलम्ब चतुर्भुज ABCD को आधा हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, ABCD is a trapezium. If M is the mid-point of BC then prove that the area of ΔAMD is one half of the area of trapezium ABCD.




16B. चित्रमा AB // CD छ । यदि BC को मध्यबिन्दु P भए ΔADP को क्षेत्रफल = (ΔAPB + ΔDCP) को क्षेत्रफल हुन्छ भनी प्रमाणित गर्नुहोस् ।
In the figure, AB // CD. If P is the mid-point of BC then prove that area of ΔADP = Area of (ΔAPB + ΔDCP)



17A. चित्रमा ABCD वर्ग हो र BHGF आयत हो । यदि BE = BH भए वर्ग ABCD र आयत BHGF का क्षेत्रफल बराबर हुन्छन् भनी प्रमाणित गर्नुहोस् ।
In the figure, ABCD is a square and BHGF is a rectangle. If BE = BH, prove that the square ABCD and the rectangle BHGF are equal in area.



17B. चित्रमा ABCD वर्ग हो र CMEF आयत हो । यदि CF = CP र ∠CBP = ∠BMP भए वर्ग ABCD र आयत CDEF का क्षेत्रफल बराबर हुन्छन् भनी प्रमाणित गर्नुहोस् ।
In the figure, ABCD is a square and CMEF is a rectangle. If CF = CP and ∠CBP = ∠BMP, prove that the square ABCD and the rectangle CMEF are equal in area.




puspas.com.np

www.drmathnp.com


17B. चित्रमा ABCD वर्ग हो र ΔBED र ΔDFC समबाहु त्रिभुजहरू भए ΔEBD का क्षेत्रफल बराबर ΔDFC को दोब्बर हुन्छ भनी प्रमाणित गर्नुहोस् ।

In the figure ABCD is a square and ΔBED and ΔDFC are the equilateral triangles then prove that area of ΔEBD is double the area of ΔDFC.




8A. चित्रमा E र D क्रमशः AB र AC का मध्यबिन्दुहरू भए Ar.(ΔBOF) = Ar.(ΔCOF) हुन्छ भनी प्रमाणित गर्नुहोस् ।

In the adjoining figure, E and D are the mid-points of AB and AC respectively. Prove that: Ar.(ΔBOF) = Ar.(ΔCOF)




18B. चित्रमा D र M क्रमशः AB र AC का मध्यबिन्दुहरू भए Ar.(ΔBOD) = Ar.(ΔAOM) हुन्छ भनी प्रमाणित गर्नुहोस् ।

In the adjoining figure, D and M are the mid-points of AB and AC respectively. Prove that: Ar.(ΔBOD) = Ar.(ΔAOM)



18C. चित्रमा D र M क्रमशः AB र AC का मध्यबिन्दुहरू भए Ar.(2ΔBOD) = Ar.(समानान्तर चर्तुभुज COME) हुन्छ भनी प्रमाणित गर्नुहोस् ।

In the adjoining figure, D and M are the mid-points of AB and AC respectively. Prove that: Ar.(2ΔBOD) = Ar.(Parallelogram COME)



ANSWERS

1A. 48 cm²	**1B.** 192 cm²	**2A.** 120 cm²	**2B.** 160 cm²	**3A.** 8 cm	**3B.** 72 cm²	**3C.** 48 cm²
3D. 900 cm²	**4A.** 128 cm²	**4B.** 80 cm²	**4C.** 36 cm	**4D.** 7.5cm, 9 cm	**4E.** 288 cm²	**5A.** 30 cm, 600 cm²
5B. 10 cm	**6A.** 6 cm	**6B.** 6 cm	**7A.** 10 cm	**7B.** 9 cm	**8A.** 24 cm²	**8B.** 54 cm²
9A. 40 cm²	**9B.** 252 cm²	**9C.** 29.39 cm²	**10A.** 48 cm²	**10B.** 168 cm²	**11A.**18 cm²	**11B.** 8 cm
11C. 10 cm²	**12A.** 30 cm²	**12B.** 120 cm²	**12C.** 200 cm²	**13A.** 45 cm²	**13B.** 30 cm²	**13C.** 6 cm²
13D. 48 cm²	**13E.** 64 cm²	**14A.** 60 cm²	**14B.** 40 cm²	**14C.** 60 cm²	**14D.**14 cm²	**15A.** 8 cm²
15B.16 cm²	**16A.** 6 cm²	**16B.** 55 cm², 110 cm²	**16C.** 12 cm²	**16D.** 96 cm²	**17A.** 12.8 cm	**17B.** 9.6 cm

एकाइ Unit 14 रचना CONSTRUCTION

KEY POINTS

- सर्वप्रथम रचना गर्नुपर्ने चित्रको नामाकरण के छ (जस्तै ΔABC वा ΔPQR वा ΔXYZ) यसमा पूरा ध्यान दिनुहोस् । यदि नामकरण फरक परेमा पूरा नम्बर पाउनुहुने छैन ।
  At first attention should be given to the name of figure. (eg. ΔABC or ΔPQR or ΔXYZ) If the naming of figure is different from questions then you will not get full marks.
- बनाउनुपर्ने चित्रको रफ डिजाइन गर्नु भएमा रचना गर्नुपर्ने चित्र बनाउन सरल हुन्छ ।
  If rough sketch of figure is drawn then it will be easy to construct the figure.
- स्पष्ट र सकेसम्म मसिनो रेखा खिच्नुहोस् । मोटो रेखा भएमा अङ्क घट्न सक्छ ।
  Draw a clear and thin line. If the line is thick then the mark may be reduced.
- चित्रको नामाकरण उचित स्थानमा पार्नुहोस् । (Label the name of figure in appropriate position.)
- आफूले रचना गरेको चित्रलाई प्रयोगात्मक र सैद्धान्तिक रूपमा जाँच्नुहोस् ।
  Test your construction experimentally and theoretically.
- तपाईंले तयार गरेको रचनामा सिसाकलमले नामकरण गर्नुहोस् । (Name the figure of the construction by using pencil.)
- रचनाका चरणहरू उल्लेख गर्नुपर्दैन । (It is not necessary to explain the steps of construction.)
- चित्र तयार भैसकेपछि अन्तिममा आवश्यक चित्र जस्तै ΔABC वा अन्य यो हो भनेर किटान गरी लेख्नुहोस् ।
  At the end of the construction the required triangle ABC or other should be mentioned clearly.

SEE / SLC REVIEW MESSAGE

[8 + 7 = 15]Models ↔ 7 Periods

Models	SEE Examination History (2065 to 2075)	n(Q)
Model 1	2065 M, B, C, D, 2066 A, D, E, S, 2067 A, B, D, 2068 A, S, 2069 B, C, E, S, 2071 A, B, C, D, E, S, 2072 W , SEE 2073 PU, 2073 MA, 2073 PA, 2073 MP, 2073 SP, 2074 M1, 2074 M2, 2074 M3, 2075 AP, BP, CP, DP, EP, FP, GP	39
Model 2	2065 E, 2066 C, 2070 A, 2072 S, SEE 2074 S-OC	5
Model 3	SEE 2074 AC, SEE 2074 BC, SEE 2074 CC, SEE 2074 DC, SEE 2074 S	5
Model 4	2065 S, 2068 E	2
Model 5	2067 E, 2069 A, 2069 D, 2070 B, 2070 C, 2070 D, 2070 E, 2070 S, 2072 C, MW, FW	11
Model 6	2065 A, 2066 B, 2067 C, 2068 B, 2068 C, 2072 E	6
Model 7	2067 S	1
Model 8	2068 D	1

puspas.com.np

www.drmathnp.com
puspas.com.np

SEE EXERCISE 14

LONG QUESTIONS [FOR GROUP C]

Model 1 ***Construction of Δ whose area is equal to the area of the given quadrilateral.***

1. तलका नापहरू भएको एउटा चतुर्भुजको रचना गर्नुहोस् । उक्त चतुर्भुजको क्षेत्रफल बराबर हुने गरी एउटा त्रिभुजको पनि रचना गर्नुहोस् ।
Construct a quadrilateral having following measures. Also construct a triangle equal in area to the quadrilateral.

A. NO = OP = 5.5 cm, PM = MN = 4.5 cm and ∠MNO = 75° [SEE 2075 AP, 2071 BP]

B. PQ = 5 cm, QR = 5.5 cm, RS = 5.5 cm, SP = 6.5 cm and ∠PQR = 75° [SEE 2075 BP]

C. NO = MN = 4.2 cm, OP = PM = 5.2 cm and ∠NOP = 75° [SEE 2075 CP, EP, FP, FB]

D. WX = XY = 5.5 cm, YZ = ZW = 4.5 cm and ∠WXY = 75° [SEE 2075 DP]

E. PQ = QR = 5 cm, RS = SP = 4 cm and ∠P = 60° [2067 B]

F. PQ = QR = 6 cm, RS = SP = 7 cm and ∠PQR = 60° : ΔPQT [2069 E]

G. AB = BC = 5 cm, CD = AD = 6 cm and ∠BAD = 60°: ΔADE [2068 A, 2065 M]

H. PQ = QR = 5.9 cm, RS = PS = 6.1 cm and ∠QPS = 75° : ΔPST [2067 D]

I. ∠PQR = 60°, PQ = QR = 4.5 cm & PS = RS = 6.1 cm : ΔPQT [2066 S]

J. AB = BC = 5.5 cm, CD = DA = 4.5 cm and ∠A = 60°; ΔADE [SEE 2074 M1]

K. PQ = 5 cm, QR = 5.5 cm, RS = 5.5 cm, RP = 7 cm and ∠PRS = 30°: ΔQRT [2069 C]

L. AB = 5.5 cm, BC = 5.7 cm, CD = 4.7 cm, DA = 4.3 cm and ∠DAB = 60°: ΔDAE [2071 A]

M. MN = 4 cm, NO = 5 cm, OP = 5.5 cm, PM = 3.5 cm and ∠PMN = 30° : ΔMPQ [2066 A]

N. AB = 5.2 cm, BC = 5 cm, CD = 4.2 cm, AD = 4 cm and ∠ABC = 60° : ΔADE [2066 D]

O. BC = CD = 5.5 cm, DA = AB = 4.5 cm and ∠ABC = 75°: ΔABE [2071 S]

P. PQ = 5 cm, QR = 5.6 cm, RS = 5.4 cm, SP = 6.8 cm, and ∠PQR = 75°. ΔPSM [SEE 2074 M2]

2. तलका नापहरू भएको एउटा चतुर्भुजको रचना गर्नुहोस् । उक्त चतुर्भुजको क्षेत्रफल बराबर हुने गरी एउटा त्रिभुजको पनि रचना गर्नुहोस् ।
Construct a quadrilateral having following measures. Also construct a triangle equal in area to the quadrilateral.

A. QR = 5.3 cm, RS = 5 cm, PS = 5.7 cm, PQ = 6.2 cm and PR = 5.6 cm; ΔRQT [2072 W]

B. AB = 5.4 cm, BC = 5.1 cm, CD = 4.9 cm, AD = 6.2 cm and the diagonal BD = 5.8 cm [2061 A1, 2065 C]

C. PQ = 2.8 cm, QR = 3.6 cm, PR = 3 cm, RS = 1.7 cm and PS = 2.3 cm [2068 S]

D. PQ = 5 cm, QR = 5.6 cm, RS = 4.5 cm, SP = 5.4 cm and QS = 6.5 cm : ΔQRT [2069 B]

E. PQ = 5 cm, QR = 5.6 cm, RS = 4.5 cm, SP = 5.4 cm and QS = 6.5 cm : ΔSPT [2067 A]

F. AB = 4 cm, BC = 5 cm, CD = 5.5 cm, DA = 4.5 cm and diagonal AC = 6 cm: ΔADE [2066 E]

G. QR = 5.3 cm, RS = 5 cm, PS = 5.7 cm, PQ = 6.2 cm and PR = 5.6 cm: ΔRQT [2065 D]

H. PQ = 4.4 cm, QR = 4.9 cm, RS = 4.2 cm, SP = 2.8 cm and SQ = 6.6 cm : ΔPST [2065 B]

I. AB = 6 cm, BC = 5.5 cm, AC = 6.5 cm, CD = 8 cm and AD = 7 cm : ΔABE [2069 S]

J. AB = 4.5 cm, BC = 5.5 cm, CD = 5.7 cm, DA = 4.9 cm and diagonal BD = 5.9 cm : ΔDAE [2071 C]

K. IJ = 4.5 cm, JK = 5.5 cm, KL = 5.7 cm, LI = 4.9 cm and विकर्ण (diagonal) JL = 5.9 cm: ΔLIE [2071 D]

L. AB = 4.5 cm, BC = 5.5 cm, CD = 5.7 cm, DA = 5 cm and BD = 6 cm [2071 E]

M. MN = 4.2 cm, NO = 5.1 cm, OP = 5.4 cm, PM = 3.8 cm and diagonal NP = 4.6 cm [SEE 2073 PU]

N. PQ = 5 cm, QR = 4.5 cm, RS = 6 cm, PS = 6 cm and PR = 6 cm; ΔQRT [SEE 2073 MA]

O. PQ = 6.2 cm, PR = 5.6 cm, QR = 5.4 cm, RS = 5.1 cm and PS = 5.8 cm; ΔRQT [SEE 2073 PA]

P. PQ = 6 cm, QR = 5.4 cm, RS = 5.2 cm, SP = 6.1 cm and PR = 5.8 cm; [SEE 2073 SP]

Q. AB = BC = CD = 5.2 cm, AD = 6.9 cm and विकर्ण (diagonal) BD = 7.1 cm; ΔADK [SEE 2073 S]

3A. आधार (BC) = 6 cm र उचाइ (AD) = 4 cm भएको एउटा समद्विबाहु त्रिभुजको रचना गर्नुहोस् र यो त्रिभुजको क्षेत्रफलसँग बराबर क्षेत्रफल हुने गरी एउटा कोण 45° भएको समानान्तर चतुर्भुजको रचना गर्नुहोस् ।
Construct an isosceles triangle ABC in which base (BC) = 6 cm and altitude (AD) = 4 cm and reduce it to a parallelogram of equal area having one angle equal to 45°. [SEE 2074 M3]

3B. 6 cm भुजा भएको एउटा समबाहु त्रिभुजको रचना गरी एउटा कोण 30° भई उक्त समबाहु त्रिभुजसँग बराबर क्षेत्रफल हुने समानान्तर चतुर्भुजको रचना गर्नुहोस् ।
Construct an equilateral triangle of side 6 cm and construct a parallelogram having an angle of 30° equal in area to the equilateral triangle.

www.drmathnp.com

puspas.com.np

Model 2 *Construction of rectangle whose area is equal to the given triangle.*

4. त्रिभुज ABC को रचना गर्नुहोस् र सो त्रिभुजको क्षेत्रफलसँग बराबर हुने गरी एउटा आयतको रचना पनि गर्नुहोस् ।
Construct a triangle ABC and also construct a rectangle equal in area to the triangle.

A. AB = 6 cm, BC = 7 cm & CA = 4 cm [2060 B1] **B.** a = 4 cm, b = 5.2 cm & c = 3.5 cm [2060 B2]

उन्नतांश कोण = अवनति कोण Angle of elevation = Angle of Depression $\measuredangle ACD = \measuredangle BAC = \theta$	(i) $ED = BC$ (ii) $AE = AB - EB$ (iii) $AE = AB - CD$	(i) $h = d \tan\theta$ (ii) $d = \frac{h}{\tan\theta}$	(i) $p = b \tan\theta$ (ii) $b = \frac{p}{\tan\theta}$ (iii) $h = \frac{p}{\sin\theta}$ (iv) $h = \frac{b}{\cos\theta}$ (v) $p = h \sin\theta$ and $b = h \cos\theta$

SEE / SLC REVIEW MESSAGE

[4 + 8 = 12]Models ↔ 6 Periods

B. LONG QUESTIONS


Models	SEE Examination History (2065 to 2075)	n(Q)
Model 1	2065 M, D, A, 2066 E, A, 2067 B, C, 2068 A, E, 2069 C, 2070 C, S, 2071 A, E, SEE 2074 M2, 2074 S-OC	16
Model 2	2066 S, 2068 D, 2070 E, 2075 BP, CP, EP, FP, GP	8
Model 3	2065 B, 2065 E, 2067 E, 2068 C, 2069 B, 2069 E, 2070 D, 2071 C	8
Model 4	2066 B, 2069 D, 2069 S, 2070 B, 2071 S, 2074 M_3, 2074 OC, SEE 2075 AP, 2075 DP	9
Model 5	2065 C, 2066 D, 2069 A, 2072 C, 2072 E, 2072 W, MW, FW	8
Model 6	2066 C, 2067 A, 2068 S, 2072 S, 2074 M_1	5
Model 7	2067 S, 2068 B, 2070A	3
Model 8	2067 D, 2071 B, 2071 D, 2074 AC, BC, CC, DC, 2074 S	8
Model 9	SEE 2073 PU, MA, PA, MP, SP, S	6


SEE EXERCISE 16B


A. SHORT QUESTIONS


Model 1 *Problems based on height of distance related to figures.*


तल दिइएका चित्रहरूबाट θ, x वा y का मानहरू पत्ता लगाउनुहोस् ।
From the following figures, find the values of θ, x or y.


A.



B.



C.



D.



E.



F.



G.


H.


I.


J.


K.


L.


www.drmathnp.com

puspas.com.np

B. LONG QUESTIONS

Model 1 *Problems on finding the distance based on angle of elevation.*

1A. नदीको एक किनारामा 20 m अग्लो टावर छ र नदीको अर्को किनाराबाट टावरको टुप्पोमा हेर्दा उन्नतांश कोण 30° रहेछ भने नदीको चौडाइ पत्ता लगाउनुहोस् ।
A tower on the bank of a river is of 20 m high and the angle of elevation of the top of the tower from the opposite bank is 30°. Find the breadth of the river. **[2066 E, 2057 C2]**

1B. जब सूर्यको किरणले जमिनसँग 30° कोण बनाउँछ, स्तम्भको छाया जमिनमा बन्दछ । यदि स्तम्भको उचाइ 50 मि. छ भने स्तम्भको छायाको लम्बाइ पत्ता लगाउनुहोस् ।
The shadow of a tower is formed on the ground when angle made by the sun's ray with the ground is 30°. If the height of a tower is 50 m, find the length of the shadow of the tower. **[2071 A]**

2A. घरको छतबाट केही मिटर टाढा रहेको रुखको टुप्पोमा हेर्दा 30° को उन्नतांश कोण बन्दछ । यदि उक्त घर र रुखको उचाइ क्रमशः 6 m र 18 m छ भने घर र रुखबीचको दुरी पत्ता लगाउनुहोस् ।
The angle of elevation from the roof of a house to the top of a tree is found to be 30°. If the heights of the house and the tree are 6 m and 18 m respectively, find the distance between the house and the tree. **[2065 M]**

2B. एक जना अवलोकनकर्ताले एउटा खम्बाको टुप्पाको उन्नतांश कोण 60° पाउँछ । यदि उक्त खम्बाको उचाइ र अवलोकन कर्ताको उचाइ क्रमशः 25.3 मि. र 1.3 मि. छन् भने अवलोकनकर्ता र खम्बा बीचको दुरी पत्ता लगाउनुहोस् । **[2065 D]**
An observer finds the angle of elevation of the top of a pole to be 60°. If the height of the pole and the observer are 25.3 m and 1.3 m respectively, find the distance between the observer and the pole.

3A. एक जना 1.73 m अग्लो मानिस एकै समतलमा पर्ने 91.8 m उचाइ भएको स्तम्भबाट केही मिटर पर उभिएको छ । यदि उसले स्तम्भको टुप्पोको उन्नतांश कोण 60° पाएछ भने उक्त मानिस स्तम्भदेखि कति पर उभिएको रहेछ ? **[2070 C]**
A man 1.73 m tall is standing few meters away from the tower of height 91.8 m on the same level of the ground. If he finds the angle of elevation of top of the tower to be 60°, how far is he from the foot of the tower?

3B. 1.7 मिटर अग्लो मानिसले आफ्नो अगाडि रहेको खम्बाको टुप्पोमा हेर्दा उन्नतांश कोण 60° पाउँछ । यदि उक्त खम्बाको उचाइ 61.7 मिटर भए खम्बा र मानिसबीचको दुरी पत्ता लगाउनुहोस् ।
A man of height 1.7 m observes the angle of elevation of the top of a pole situated in front of him and finds it to be 60°. If the height of the pole is 61.7 m, find the distance between pole and the man. **[2068 E]**

3C. 2 m अग्लो मानिसले आफ्नो ठीक अगाडि रहेको 62 m अग्लो एउटा खम्बाको टुप्पोमा हेर्दा 45° को उन्नतांश कोण पाएछ भने खम्बा र मानिसबीचको दुरी पत्ता लगाउनुहोस् ।
A 2 m tall person observes the angle of elevation of the top of a pole 62 m which is in front of him and finds it to be 45°. Find the distance between the person and the pole. **[2057 B2, 2065 A]**

3D. 1.7 मि. अग्लो मानिसले एउटा मन्दिरको टुप्पोमा अवलोकन गर्दा उन्नतांश कोण 60° पायो । यदि मन्दिर 45 मि. अग्लो रहेछ भने मन्दिर र मानिसबीचको दुरी पत्ता लगाउनुहोस् ।
A man 1.7 m. tall observes the top of a temple and found the angle of elevation 60°. If the temple is 45 m high, find the distance between the temple and the man. **[2074 S - OC]**

3E. 2 मिटर अग्लो मानिसले एउटा खम्बाको टुप्पो हेर्दा 30° को उन्नतांश कोण पाएछ । यदि खम्बाको उचाइ 21 मिटर छ भने सो मानिस र खम्बाबीचको दुरी पत्ता लगाउनुहोस् ।
A person who is 2 meter tall finds the angle of elevation of the top of the pole as 30°. If the height of the pole is 21 meter, find the distance between the person and the pole. **[2069 C]**

3F. 6 m अग्लो घरको छानाबाट 66 m अग्लो मन्दिरको टुप्पोमा हेर्दा उन्नतांश कोण 60° पाइयो भने घर र मन्दिरबिचको दुरी पत्ता लगाउनुहोस् ।
From the roof of a house 6 m high, the angle of elevation of the top of a temple 66 m high is observed to be 60°. Find the distance between the house and the temple. **[2066 A]**

3G. घरको छानाबाट एउटा रूखको टुप्पो अवलोकन गर्दा उन्नतांश कोण 60° पाइयो । घर र रूखको उचाइ क्रमशः 5 मि. र 17 मि. भए घर र रुखबीचको दुरी पत्ता लगाउनुहोस् । **[2067 C]**
The angle of elevation of the top of a tree as observed from the roof of a house is found to be 60°. The height of the house and the tree are 5 m and 17 m respectively. Find the distance between the house and the tree.

3H. एउटा घरको छतबाट केही मिटर टाढा रहेको रुखको टुप्पोमा हेर्दा 30° को उन्नतांश कोण बन्दछ । यदि उक्त घर र रुखको उचाइ क्रमशः 8 मि. र 20 मि. छन् भने घर र रुखबीचको दुरी पत्ता लगाउनुहोस् । **[2067 B]**
The angle of elevation from the roof of a house to the top of a tree is found to be 30°. If the height of the house and tree are 8 m and 20 m respectively, find the distance between the house and the tree.

3I. 1.6 मिटर अग्लो मानिस एकै समतलमा पर्ने 37.6 मिटर उचाइ भएको खम्बाबाट x मिटर पर उभिएको छ । यदि उसले खम्बाको उन्नतांश कोण 60° पाएछ भने x को मान पत्ता लगाउनुहोस् । **[2061 B1]**
A man 1.6 m tall is standing x m away from a pole of height 37.6 m on the same level of ground. He observes that the angle of elevation of the top of the pole and finds it to be 60°. Calculate the value of x.

www.drmathnp.com

pushpas.com.np

3J. 1.68 m उचाइ भएको मानिसले एउटा 51.68 m अग्लो स्तम्भको टुप्पो हेर्दा उन्नतांश कोण 60° पाउँछ भने सो मानिस स्तम्भको फेदबाट कति दूरीमा रहेछ ? पत्ता लगाउनुहोस् ।
A man of height 1.68 m observes a pillar of height 51.68 m and find the angle of elevation of the top of the pillar to be 60°. How far is the man from the base of the pillar ? Find it. **[2068 A]**

3K. 1.7 मि. अग्लो एउटा मानिसले आफू अगाडि रहेको रुखको टुप्पोमा रहेको चरालाई अवलोकन गर्दछ र उन्नतांश कोण 60° पाउँछ । यदि रुखको उचाइ 53.7 मि. छ भने रुख र मानिसबीचको दुरी निकाल्नुहोस् ।
A man 1.7 m tall observes a bird sitting on the top of a tree in front of him and finds the angle of elevation to be 60°. If the height of the tree is 53.7 m, find the distance between the man and the tree. **[2071 E]**

3L. एउटा 16 मिटर अग्लो घरको छतबाट 38 मिटर अग्लो रुखको टुप्पोमा हेर्दा 30° को उन्नतांश कोण बन्दछ भने उक्त घर र रुखबीचको दुरी पत्ता लगाउनुहोस् ।
The angle of elevation from the roof of the house 16 m high to the top of the tree 38 m high is found to be 30°. Find the distance between the house and tree. **[2070 S]**

3M. मिटर अग्लो मानिसले 41.5 मिटर अग्लो एउटा रुखको ठीक अगाडि उभिएर रुखको टुप्पोमा हेर्दा आँखामा 45° को कोण बनेछ भने, उक्त रुख र मानिसबीचको दूरी पत्ता लगाउनुहोस् ।
A 1.5 meter tall person is standing in front of 41.5 meter high tree. When observing the top of the tree an angle of 45° is formed with the eyes. Find the distance between the tree and the person. **[SEE 2074 M2]**

Model 2 *Problems on finding distance based on angle of depression.*

4A. एउटा घर र मन्दिरको उचाइ क्रमशः 10 मिटर र 22 मिटर छन् । यदि मन्दिरको छानाबाट एक व्यक्तिले घरको छतमा हेर्दा अवनति कोण 30° पाउँछ भने घर र मन्दिरबीचको दूरी पत्ता लगाउनुहोस् ।
The heights of a house and a temple are 10 metre and 22 metre respectively. If a man observes the roof of house from the roof of temple and gets the angle of depression to be 30°, find the distance between the house and temple. **[SEE 2075 BP]**

4B. एउटा घर र मन्दिरको उचाइहरू क्रमशः 13 मिटर र 25 मिटर छन् । यदि एक जना मानिसले मन्दिरको छानाबाट घरको छतमा अवलोकन गर्दा अवनति कोण 45° पाउँछ भने घर र मन्दिर बीचको दूरी पत्ता लगाउनुहोस् ।
The heights of a house and a temple are 13 m and 25 m respectively. If a man observes the roof of a house from the roof of a temple he finds the angle of depression 45°, find the distance between the house and temple. **[SEE 2075 CP]**

4C. एउटा घर र मन्दिरको उचाइ क्रमशः 10 मिटर र 20 मिटर छ । यदि एक जना मानिसले मन्दिरको छानाबाट घरको छतमा अवलोकन गर्दा अवनति कोण 45° पाउँछ भने घर र मन्दिरबीचको दूरी पत्ता लगाउनुहोस् ।
The heights of a house and a temple are 10 metre and 20 metre respectively. If a man observes the roof of house from the roof of the temple he finds the angle of depression to be 45°, find the distance between the house and temple. **[SEE 2075 EP]**

4D. एउटा घर र मन्दिरको उचाइ क्रमशः 10 मिटर र 30 मिटर छन् । यदि एक जना मानिसले मन्दिरको छानाबाट घरको छतमा हेर्दा अवनति कोण 60° पाएछ भने घर र मन्दिरबीचको दूरी पत्ता लगाउनुहोस् ।
The height of a house and a temple are 10 metre and 30 metre respectively. If a man observes the roof of the house from the roof of the temple and found the angle of depression to be 60°, find the distance between the house and the temple. **[SEE 2075 FP]**

4E. एउटा मन्दिर र रुखको उचाइ क्रमशः 15 मिटर र 5 मिटर छ । यदि एउटा मानिसले मन्दिरको छानाबाट रुखको टुप्पोमा हेर्दा अवनति कोण 60° पाइयो भने मन्दिर र रुखबीचको दूरी पत्ता लगाउनुहोस् ।
The height of a temple and a tree are 15 m and 5 m repectively. If a man observes the top of the tree from the roof of the temple and he found the angle of depression to be 60°, find the distance between the temple and the tree. **[SEE 2075 GP]**

5A. 91 मिटर अग्लो एउटा धरहराको टुप्पोबाट सोही समतलमा रहेको 12 मिटर अग्लो घरको छतमा हेर्दा 30° को अवनति कोण पाइयो भने धरहरा र घरबीचको दुरी पत्ता लगाउनुहोस् । **[2070 E]**
From the top of a tower 91 m high, the angle of depression of the top of a house 12 m high on the same level of the ground was observed and found to be 30°. Find the distance between the tower and house.


5B. 51.6 मिटर अग्लो पहाडको टुप्पोबाट ठीक अगाडी रहेको 6.6 मि. अग्लो रूखको टुप्पोमा अवलोकन गरियो र अवनति कोण 30° पाइयो भने पहाड र रूखको बीचको दुरी पत्ता लगाउनुहोस् ।
From the top of a hill 51.6 m high, the angle of depression of the top of a tree of height 6.6 m, situated in front of the hill, was observed and found to be 30°. Find the distance between the hill and the tree. **[2066 S]**

5C. 80 मिटर अग्लो एउटा स्तम्भको टुप्पोबाट त्यस स्तम्भको ठीक अगाडि रहेको 20 मिटर अग्लो खम्बाको टुप्पोमा अवलोकन गर्दा अवनति कोण 45° पाइयो भने स्तम्भ र खम्बाको बीचको दुरी पत्ता लगाउनुहोस् । **[2068 D]**
From the top of a tower of 80 m high, the angle of depression of the top of a pole of 20 m high lying in front of the tower is observed and found to be 45°. Find the distance between the tower and the pole.

www.drmathnp.com

puspas.com.np

Model 3 Problems on finding the height based on angle of elevation.



6A. संगैको चित्रमा, AB = 12 मि. BD = 36 मिटर र ∠CAE = 30° भए CD को मान पत्ता लगाउनुहोस् ।
In the adjoining diagram, AB = 12 m, BD = 36 m and ∠CAE = 30°. Find the value of CD. **[2061 S]**

6B. 1.6 मिटर अग्लो एउटा मानिस खम्बाको फेदबाट 30 मिटर पर उभिएको छ । उक्त मानिसले खम्बाको टुप्पोमा हेर्दा 45° को उन्नतांश कोण पाएछ भने उक्त खम्बाको उचाइ पत्ता लगाउनुहोस् ।
A man 1.6 m tall stands 30 m far from the foot of the pole. He finds the angle of elevation to be 45° while observing to the top of the pole. Find the height of the pole. **[2070 D]**

7A. 1.7 मिटर अग्लो मानिसले एउटा स्तम्भको टुप्पाको उन्नतांश कोण 60° पायो । यदि स्तम्भ र मानिसको बीचको दुरी 25 मिटर भए स्तम्भको उचाइ पत्ता लगाउनुहोस् ।
A man 1.7 m tall, observes the angle of elevation of the top of a column and finds to be 60°. If the distance between man and column be 25 m, find the height of the column. **[2069 E, 2060 B1, 2059 B2]**

7B. 6 मि. अग्लो घरको छानाबाट एउटा धरहराको टुप्पोको उन्नतांश कोण अवलोकन गर्दा 30° पाइयो । यदि घर र धरहराको दुरी $19\sqrt{3}$ मि. भए धरहराको उचाइ पत्ता लगाउनुहोस् । **[2065 B]**
From the roof of a house of 6 m tall, the angle of elevation of the top of a tower was observed and found to be 30°. If the distance between the house and the tower was $19\sqrt{3}$ m, determine the height of the tower.

7C. एउटा अवलोकन कर्ताले 8 मिटर अग्लो घरको टुप्पोबाट स्तम्भको टुप्पोमा अवलोकन गर्दा उन्नतांश कोण 60° पाउँछ । यदि स्तम्भ र घरको दुरी $20\sqrt{3}$ मिटर भए स्तम्भको उचाइ पत्ता लगाउनुहोस् ।
An observer from the top of a house of 8 m high finds the angle of elevation of the top of the tower to be 60°. If the distance between the tower and the house is $20\sqrt{3}$ m, find the height of the tower. **[2068 C]**

7D. 1.6 मिटर अग्लो मानिसले एउटा घरको टुप्पोमा हेर्दा उन्नतांश कोण 60° पाएछ । यदि मानिस घरको फेददेखि 100 मिटर टाढा छ भने घरको उचाइ निकाल्नुहोस् ।
A man 1.6 m tall, observes the angle of elevation of top of a house and found to be 60°. If the distance of the man from the foot of the house is 100 m, find the height of the house. **[2065 E]**

7E. 2 मिटर अग्लो मानिसले एउटा स्तम्भको टुप्पोमा हेर्दा उन्नतांश कोण 60° पाएछ । यदि स्तम्भ र मानिस बीचको दुरी 45 मिटर भए स्तम्भको उचाइ पत्ता लगाउनुहोस् । **[2069 B, 2061C2]**
A man of 2 meter height observes the angle of elevation of the top of the tower and finds to be 60°. If the distance between the man and the tower is 45 meter, find the height of the tower.

8A. एउटा मानिसले आफूभन्दा अगाडिको 52 मिटर अग्लो खम्बाको टुप्पोमा हेर्दा उन्नतांश कोण 30° पाएछ । यदि मानिस र खम्बाबीचको दुरी 86 मिटर छ भने त्यस मानिसको उचाइ पत्ता लगाउनुहोस् । **[2067 E]**
A man observes the top of a pole of 52 m height, situated in front of him and finds the angle of elevation to be 30°. If the distance between man and the pole is 86 m, find the height of that man.

8B. एक मानिसले आफू अगाडि रहेको रुखको टुप्पोमा रहेको चरा हेर्दा उन्नतांश कोण 60° पाउँछ । सो मानिस र रुख बीचको दुरी 30 मि. र रुखको उचाइ 53.6 मि. छ भने सो मानिसको उचाइ पत्ता लगाउनुहोस् । **[2071 C]**
A man observes a bird sitting on the top of a tree in front of him and finds the angle of elevation to be 60°. The distance between the man and the tree is 30 m and the height of tree is 53.6 m. Find the height of the man.

Model 4 Problems on height based on angle of depression.

9A. 30 फिट अग्लो एउटा घरको छतबाट एउटा रुखको टुप्पो हेर्दा अवनति कोण 30° पाइयो । यदि घर र रुख बीचको दूरी $10\sqrt{3}$ फिट छ भने रुखको उचाइ पत्ता लगाउनुहोस् ।
The angle of depression of the top of a tree as observed from the roof of a house 30 ft high is found to be 30°. If the distance between the house and tree is $10\sqrt{3}$ ft, find the height of the tree. **[SEE 2075 AP]**

9B. 60 फिट अग्लो एउटा घरको छतबाट एउटा रुखको टुप्पो हेर्दा अवनति कोण 30° पाइयो । यदि घर र रुखबीचको दूरी $20\sqrt{3}$ फिट छ भने रुखको उचाइ पत्ता लगाउनुहोस् ।
The angle of depression of the top of a tree as observed from the roof of a house 60 ft high is found to be 30°. If the distance between the house and tree is $20\sqrt{3}$ ft, find the height of the tree. **[SEE 2075 DP]**

9C. एउटा घरको छतबाट 20 फिट अग्लो एउटा रुखको टुप्पोको अवनति कोण 30° पाइयो । यदि घर र रुखबीचको दूरी $10\sqrt{3}$ फिट छ भने घरको उचाइ पत्ता लगाउनुहोस् ।
From the roof of a house the angle of depression of the top of a tree 20 ft. high was found to be 30°. If the distance between the house and the tree is $10\sqrt{3}$ ft, find the height of the house. **[SEE 2074 M3]**

9D. 75 फिट अग्लो एउटा घरको छतबाट एउटा रुखको टुप्पो अवलोकन गर्दा अवनति कोण 30° पाइयो । यदि घर र रुखबीचको दूरी $25\sqrt{3}$ फिट छ भने रुखको उचाइ पत्ता लगाउनुहोस् ।
The angle of depression of the top of a tree as observed from the roof of a house 75 ft. high was found to be 30°. If the distance between the house and tree is $25\sqrt{3}$ ft., find the height of the tree. **[SEE 2074 OC]**

www.drmathnp.com

pushas.com.np

10A. दुई सीधा खम्बाहरू 60 मिटरको दूरीमा छन् । पहिलो खम्बाको टुप्पोको अवनति कोण 150 मिटर उचाइ भएको दोस्रो खम्बाको टुप्पोबाट हेर्दा 30° पाएछ भने पहिलो खम्बाको उचाइ पत्ता लगाउनुहोस् ।
Two vertical poles are fixed 60 m apart. The angle of depression of the top of the first pole as seen from the top of the second which is 150 m high is 30°. Find the height of the first pole.

10B. एकजना मानिसले एउटा स्तम्भको टुप्पोबाट आफु अगाडि रहेको घरको छत हेर्दा अवनति कोण 45° पाउँछ । यदि घर र स्तम्भ बिचको दुरी 35 मि. र स्तम्भको उचाइ 60 मि. भए घरको उचाइ पत्ता लगाउनुहोस् ।
A man on the top of a tower observers the roof of a house in front of him and finds the angle of depression to be 45°. If the distance between the house and the tower is 35 m and the height of the tower is 60 m, find the height of the house. **[2071 S]**

11A. एउटा स्तम्भको टुप्पोबाट स्तम्भको फेददेखि $45\sqrt{3}$ मि. टाढा रहेको 6.6 मि. अग्लो रुखको टुप्पोमा हेर्दा 30° को अवनति कोण पाइयो भने सो स्तम्भको उचाइ पत्ता लगाउनुहोस् ।
From the top of a tower, the angle of depression to the top of the tree 6.6 m high and $45\sqrt{3}$ m away from the tower, was observed and found to be 30°. Find the height of the tower. **[2070 B]**

11B. एउटा स्तम्भको टुप्पोबाट स्तम्भदेखि 60 मिटर टाढा रहेको 20 मिटर अग्लो घरको छतमा हेर्दा 60° को अवनति कोण पाइयो भने स्तम्भको उचाइ पत्ता लगाउनुहोस् ।
From the top of a tower, the angle of depression to the roof of a house 20 m high and 60 m away from the tower was observed and found to be 60°. Find the height of the tower. **[2066 B, 2061 A2, 2069 S]**

Model 5 *Problems based on kite and string.*

12A. 1.5 मिटर उचाइ भएको एउटा केटाले चङ्गा उडाइराखेको छ । धागोको लम्बाइ 200 मिटर भएको बेला चङ्गाको धागोले क्षितिजसँग 30° को कोण बनाउँछ भने जमिनबाट चङ्गाको उचाइ निकाल्नुहोस् ।
A boy of height 1.5 m is flying a kite. When the length of string is 200 m, it makes an angle of 30° with the horizontal. Find the height of the kite from the ground. **[2065 C]**

12B. 1.8 मिटर उचाइ भएको एउटा केटाले चङ्गा उडाइ रहँदा चङ्गाको धागोले क्षितिजसँग 60° को कोण बनाउँछ । यदि धागोको लम्बाइ 300 मिटर भए जमिनबाट सो चङ्गा कति उचाइमा छ, पत्ता लगाउनुहोस् ।
The thread of a kite makes an angle of 60° with the horizon while a boy of height 1.8 m flying a kite. If the length of the thread is 300 m, find the height of the kite from the ground. **[2066 D]**

12C. 1.7 मिटर अग्लो एउटा केटाले उडाइरहेको चङ्गाको धागोको लम्बाइ 180 मिटर हुँदा क्षितिजसँग यसले 30° को कोण बनाउँदछ भने जमिनदेखि चङ्गासम्मको उचाइ कति हुन्छ ?
A boy who is 1.7 m tall, is flying a kite. When the length of the string of the kite is 180 m, it makes an angle of 30° with the horizon. What is the height of the kite from the ground? **[2069 A]**

13A. उचाइ 1.4 मि. भएको एउटा मानिसले 33 मि. अग्लो घरको छतबाट चङ्गा उडाइरहेको छ । यदि चङ्गाको धागोको लम्बाइ $90\sqrt{2}$ मि. छ र यसले क्षितिजसँग 45° को कोण बनाउँछ भने जमिनदेखि चङ्गासम्मको उचाइ पत्ता लगाउनुहोस् । **[2072 E]**
A man of height 1.4 m is flying a kite from the roof of a house 33 m high. If the length of the string of the kite is $90\sqrt{2}$ m and it makes an angle of 45° with the horizon, find the height of the kite from the ground.

13B. उचाइ 2 m भएको एउटा मानिसले 32 m अग्लो घरको छतबाट चङ्गा उडाइरहेको छ । यदि चङ्गाको धागोको लम्बाइ $120\sqrt{2}$ m छ र यसले क्षितिजसँग 45° को कोण बनाउँछ भने जमिनको सतहदेखि चङ्गासम्मको उचाइ पत्ता लगाउनुहोस् । **[2072 C]**
A man of height 2 m is flying a kite from the roof of a house 32 m high. If the length of the string of the kite is $120\sqrt{2}$ m and it makes an angle of 45° with the horizon, find the height of the kite from the ground level.

13C. उचाइ 1.7 मि. भएको एउटा मानिसले 28 मि. अग्लो घरको छतबाट चङ्गा उडाइरहेको छ । यदि चङ्गाको धागोको लम्बाइ $40\sqrt{3}$ मि. छ र यसले क्षितिजसँग 60° को कोण बनाउँछ भने जमिनको सतहदेखि चङ्गासम्मको उचाइ पत्ता लगाउनुहोस् । **[2072 W]**
A man of height 1.7 m is flying a kite from the roof of a house 28 m high. If the length of the string of the kite is $40\sqrt{3}$ m and its makes the angle of 60° with the horizon, find the height of the kite from the ground level.

13D. उचाइ 1.6 मि. भएको एउटा मानिसले 25 m अग्लो घरको छतबाट चङ्गा उडाइरहेको छ । यदि चङ्गाको धागोको लम्बाइ $80\sqrt{3}$ m छ र यसले क्षितिजसँग 60° को कोण बनाउँछ भने जमिनको सतहदेखि चङ्गासम्मको उचाइ पत्ता लगाउनुहोस् ।**[2072 MW]**
A man of height 1.6 m is flying a kite from the roof of a house 25 m high. If the length of the string of the kite is $80\sqrt{3}$ m and it makes the angle of 60° with the horizon, find the height of the kite from the ground.

13E. उचाइ 1.3 मि. भएको एउटा केटाले 27 मि. अग्लो घरको छतबाट चङ्गा उडाइरहेको छ । यदि चङ्गाको धागोको लम्बाइ $76\sqrt{3}$ मि. छ र यसले क्षितिजसँग 60° को कोण बनाउँछ भने जमिनको सतहदेखि चङ्गासम्मको उचाइ पत्ता लगाउनुहोस् ।
A boy of height 1.3 m is flying a kite from the roof of a house 27 m high. If the length of the string of the kite is $76\sqrt{3}$ m and it makes an angle of 60° with the horizon, find the height of the kite from the ground. **[2072 FW]**

Model 6 *Problems based on circular pond or meadow.*

14A. एउटा वृत्ताकार चउरको मध्यभागमा एउटा $60\sqrt{3}$ मिटर अग्लो खम्बा गाडिएको छ । सो चउरको परिधिको कुनै एउटा बिन्दुबाट सो खम्बाको टुप्पोमा हेर्दा 30° को उन्नतांश कोण बन्दछ भने सो चउरको व्यासको लम्बाइ पत्ता लगाउनुहोस् । **[2068 S, 2060 D2]**
A pillar of $60\sqrt{3}$ m height was fixed in the center of a circular meadow. The angle of elevation of its top was found to be 30°, when observed from a point of the circumference of the meadow. Find the diameter of the meadow.

www.drmathnp.com

pusnas.com.np

14B. वृत्ताकार पोखरीको केन्द्रमा पानीको सतहदेखि माथि 11.62 मि. अग्लो खम्बा छ । पोखरीको किनारको कुनै बिन्दुबाट 1.62 मि. अग्लो मानिसले खम्बाको टुप्पो अवलोकन गर्दा उन्नतांश कोण 30° पायो भने सो पोखरीको व्यास निकाल्नुहोस् ।
At the centre of a circular pond, there is a pole of 11.62 m height above the surface of the water. From a point on the edge of the pond, a man of 1.62 m height observed the angle of elevation of the top of the pole and found to be 30°. Find the diameter of the pond. **[SEE 2074 M1, 2061 E1]**

14C. एउटा वृत्ताकार पोखरीको केन्द्रमा एउटा खम्बा ठाडो उभ्याइएको छ । खम्बाको टुप्पो पानीको सतहबाट 30 m उचाइमा छ र पोखरीको परिधिको एक बिन्दुबाट यसको उन्नतांश कोण 60° भए उक्त पोखरीको अर्धव्यासको लम्बाइ निकाल्नुहोस् । **[2066 C]**
A circular pond has a pole standing vertically at its centre. The top of the pole is 30 m above the water surface and the angle of elevation of it from a point on the circumference is 60°. Find the length of radius of pond.

15A. एउटा वृत्ताकार पोखरीको परिधि 176 मि. छ र यसको बीचमा एउटा खम्बा गाडिएको छ । एउटा व्यक्तिले पोखरीको किनाराको कुनै पनि ठाउँबाट खम्बाको टुप्पोको उन्नतांश कोण 60° पाएछ भने सो खम्बाको पानीमाथिको उचाइ पत्ता लगाउनुहोस् ।
The circumference of a circular pond is 176 m and a pillar is fixed at the centre of the pond. If a person finds the angle of elevation of 60° of the top of the pillar from any point on the bank of the pond, find the height of the pillar above the water level. **[2067 A]**

15B. एउटा वृत्ताकार पोखरीको केन्द्रमा एउटा खम्बा ठाडो गरी गाडिएको छ । पोखरीको व्यास $120\sqrt{3}$ मिटर छ र पोखरीको परिधिको कुनै एक बिन्दुबाट सो खम्बाको टुप्पोको उन्नतांश कोण 30° छ भने पोखरीमा रहेको पानीको सतहबाट खम्बाको उचाइ कति होला ? पत्ता लगाउनुहोस् ।
A pole is standing vertically at the centre of a circular pond. The diameter of the pond is $120\sqrt{3}$ meter and the angle of elevation at the top of the pole from a point on the circumference of the pond is 30°. What will be the height of the pole from the water level surface of the pond ? Find it. **[2072 S]**

Model 7 *Problems based on broken tree.*

16A. एउटा 18 मि. अग्लो रुख हावाले भाँचिएर टुप्पोले जमिनमा छुँदा जमिनसँग 30° को कोण बनेको छ । उक्त रुखको भाँचिएको भागको लम्बाइ पत्ता लगाउनुहोस् ।
A tree 18 m high is broken by the wind so that its top touches the ground and makes an angle of 30° with the ground. Find the length of broken part of the tree. **[2070 A]**

16B. एउटा 14 m अग्लो रूख हावाले भाँचिएर टुप्पोले जमिनमा छुँदा जमिनसँग 60° को कोण बनेको छ । रूखको भाँचिएको भागको लम्बाइ पत्ता लगाउनुहोस् ।
A tree of 14 m height is broken by the wind so that its top touches the ground and makes an angle 60° with the ground. Find the length of the broken part of the tree. **[2057 D1, 2067 S]**

16C. हुरीले एउटा सीधा रुख भाँचिदा यसको टुप्पोले फेदबाट $4\sqrt{3}$ मि. टाढा जमिनमा छोएर 30° को कोण बनाउँछ भने भाँचिनुभन्दा पहिलेको रुखको उचाइ पत्ता लगाउनुहोस् ।
The top of a tree broken by the wind makes an angle of 30° with the ground at a distance $4\sqrt{3}$ m from the foot of the tree. Determine the height of the tree before it was broken. **[2060 E2]**

16D. यदि हावाले भाँचिएको एउटा रूखको टुप्पोले उक्त रूखको फेदबाट $15\sqrt{3}$ मिटर पर जमिनसँग 60° को कोण बनाउँदछ भने भाँचिनुभन्दा पहिले सो रूखको उचाइ पत्ता लगाउनुहोस् ।
If the top of a tree which is broken by the wind makes an angle of 60° with the ground at a distance of $15\sqrt{3}$ m from the foot of the tree, find the height of the tree before it was broken. **[2068 B]**

Model 8 *Problems based on finding angle.*

17A. एउटा मानिसले $80\sqrt{3}$ m अग्लो स्तम्भको टुप्पोलाई स्तम्भको फेदबाट 240 m परदेखि हेर्दा बन्ने उन्नतांश कोण पत्ता लगाउनुहोस् ।
A man observes the top of a tower of $80\sqrt{3}$ m height from 240 m far from the foot of the tower, find the angle of elevation. **[2067 D]**

17B. 1.7 मि. अग्लो एउटा मानिसले आफू अगाडि रहेको 53.6 मि. अग्लो रूखको टुप्पोमा रहेको चरा हेर्दछ । यदि रूख र मानिस बीचको दुरी 30 मि. छ भने सो मानिसले बनाएको उन्नतांश कोण पत्ता लगाउनुहोस् ।
A man 1.7 m tall, observes a bird sitting on the top of a tree of height 53.6 m in front of him. If the distance between the man and the tree is 30 m, find the angle of elevation made by the man. **[2071 D]**

17C. एक मानिस एक स्तम्भको टुप्पोबाट आफू अगाडि रहेको घरको छत हेर्दछ । स्तम्भ र घरको उचाइ क्रमशः 60 मि. र 25 मि. छ । यदि स्तम्भ र घरबीचको दुरी 35 मि. छ भने मानिसले बनाएको अवनति कोण पत्ता लगाउनुहोस् ।
A man on the top of a tower observes the roof of a house in front of him. The heights of the tower and the house are 60 m and 25 m respectively. If the distance between the house and the tower is 35 m, find the angle of depression made by the man. **[2071 B]**

17D. दुई सीधा खम्बाहरू 60 मिटरको दुरीमा छन् । उचाइ 115.36 m भएको पहिलो खम्बाको टुप्पोको अवनति कोण, उचाइ 150 m भएको दोस्रो खम्बाको टुप्पोबाट हेर्दा $\theta°$ पाएछ भने θ को मान पत्ता लगाउनुहोस् ।
Two vertical poles are fixed 60 m apart. The angle of depression of the top of the first pole having height 115.36 m as seen from the top of the second which is 150 m high is $\theta°$. Find the value of θ.

www.drmathnp.com

18A. एउटा वृत्ताकार पोखरीको व्यास 100 मिटर छ र यसको बीचमा एउटा खम्बा गाडिएको छ । एउटा व्यक्तिले पोखरीको किनाराबाट खम्बाको टुप्पोको उन्नतांश कोण $\theta°$ पाएछ । यदि पोखरीको गहिराइ 1.5 मिटर र खम्बाको जम्मा उचाइ 51.5 मिटर भए $\theta°$ को मान पत्ता लगाउनुहोस् ।

The diameter of a circular pond is 100 meter and a pillar is fixed at the centre of the pond. A person finds the angle of elevation of the top of the pillar is $\theta°$ from the bank of the pond. If the depth of the pond is 1.5 meter and total height of the pillar is 51.5 meter then find the value of $\theta°$. **[SEE 2074 AC]**

18B. एउटा वृत्ताकार पोखरीको व्यास 120 मिटर छ । उक्त पोखरीको ठीक बीचमा गाडिएको खम्बाको टुप्पोमा सो पोखरीको किनाराबाट हेर्दा $\theta°$ को उन्नतांश कोण बनेको पाइयो । यदि पोखरीको गहिराइ 2 मिटर र खम्बाको जम्मा उचाइ 62 मिटर भए $\theta°$ को मान पत्ता लगाउनुहोस् ।

The diameter of a circular pond is 120 meter. The angle of elevation of the top of pillar is fixed in the middle of the pond as observed from the edge of the pond is found to be $\theta°$. If the depth of the pond is 2 meter and height of the pillar is 62 m then find the value of $\theta°$. **[SEE 2074 BC]**

18C. एउटा वृत्ताकार पोखरीको व्यास 90 मिटर छ र यसको बीचमा एउटा खम्बा गाडिएको छ । उक्त खम्बाको उचाइ 48 मिटर छ र पोखरीको गहिराइ 3 मिटर छ भने परिधिको कुनै एक बिन्दुबाट उक्त खम्बाको टुप्पोको उन्नतांश कोण पत्ता लगाउनुहोस् ।

The diameter of a circular pond is 90 meter and a pillar is fixed at the centre of pond. The height of the pole is 48 meter and the pond is 3 meter deep. Find the angle of elevation of the top of pole from a point of the circumference. **[SEE 2074 CC]**

18D. एउटा वृत्ताकार पोखरीको व्यास 130 मिटर छ । उक्त पोखरीको ठीक बीचमा एउटा खम्बा गाडिएको छ । एउटा व्यक्तिले पोखरीको किनाराको कुनै बिन्दुबाट खम्बाको टुप्पोको उन्नतांश कोण $\theta°$ पाएछ । यदि पोखरीको गहिराइ 3 मिटर र खम्बाको उचाइ 68 मिटर भए $\theta°$ को मान पत्ता लगाउनुहोस् ।

The diameter of a circular pond is 130 and a pillar is fixed at the centre of pond. A person finds the angle of elevation $\theta°$ of the top of the pillar from a point of the bank of the pond. If the depth of the pond is 3 meter and height of the pillar is 68 m then find the value of $\theta°$. **[SEE 2074 DC, SEE 2074 S]**

Model 9 *Problems based on height of sun and length of shadow.*

19A. 20 मिटर अग्लो स्तम्भको छायाँको लम्बाइ $20\sqrt{3}$ मिटर भएको समयमा $25\sqrt{3}$ मिटर अग्लो स्तम्भको छायाको लम्बाइ पत्ता लगाउनुहोस् ।

The length of shadow of a pole having 20 m height is $20\sqrt{3}$ m. Find the length of the shadow of a pole of height $25\sqrt{3}$ m at the same time. **[SEE 2073 PU]**

19B. 30 मि. अग्लो एउटा घरको छायाको लम्बाइ $30\sqrt{3}$ मि. भएको समयमा $40\sqrt{3}$ मि. अग्लो घरको छायाको लम्बाइ पत्ता लगाउनुहोस् ।

The length of shadow of a house having 30 m height is $30\sqrt{3}$ m. Find the length of shadow of the house having the height $40\sqrt{3}$ m at the same time. **[SEE 2073 MA]**

19C. 25 फिट अग्लो एउटा खम्बाको छायाको लम्बाइ $25\sqrt{3}$ फिट भएको बेला $15\sqrt{3}$ फिट अग्लो रूखको छायाको लम्बाइ कति होला ?

The length of the shadow of a pole 25 feet high is $25\sqrt{3}$ feet. What will be the length of the shadow of a tree $15\sqrt{3}$ feet high at the same time? **[SEE 2073 PA]**

19D. 12 मिटर अग्लो एउटा खम्बाको छायाको लम्बाइ $12\sqrt{3}$ मिटर भएको बेला $8\sqrt{3}$ मिटर अग्लो रुखको छायाको लम्बाइ कति होला ? पत्ता लगाउनुहोस् ।

The length of the shadow of a pole 12 meter high is $12\sqrt{3}$ meter. What will be the length of the shadow of a tree $8\sqrt{3}$ meter high at the same time? Find it. **[SEE 2073 MP, SEE 2073 SP, SEE 2073 S]**

ANSWERS

A. SHORT QUESTIONS

A. 45° **B.** 30° **C.** 45° **D.** 60° **E.** 1.64 m, 60 m **F.** 2.18 m, 2.52 m **G.** 25 m
H. 123.56 m **I.** 53.96 m, 60 m **J.** 27 m, 35.35 m **K.** 80 m **L.** 84.74 m

B. LONG QUESTIONS

1A. 34.64 m **1B.** 86.60 m or $50\sqrt{3}$ m **2A.** 20.78 m **2B.** $8\sqrt{3}$ m **3A.** 52 m **3B.** 34.64 m
3C. 60 m **3D.** 24.99 m **3E.** 32.91 m **3F.** $20\sqrt{3}$ cm or 34.64m **3G.** $4\sqrt{3}$ m **3H.** $12\sqrt{3}$ m
3I. 20. 78 m **3J.** 28.87 m **3K.** 30.02 m **3L.** $22\sqrt{3}$ m **3M.** 40 m **4A.** $12\sqrt{3}$ m **4B.** 12 m
4C. 10 m **4D.** 11.55 m **4E.** 5.77 m **5A.** 136.83 m **5B.** $45\sqrt{3}$ m **5C.** 60 m **6A.** 32. 78 m
6B. 31.6 m **7A.** 45 m **7B.** 25 m **7C.** 68 m **7D.** 174.80 m **7E.** 79. 94 m **8A.** 2.34 m
8B. 1.64 m **9A.** 20 ft. **9B.** 40 ft. **9C.** 30 ft **9D.** 50 ft. **10A.** 115. 36 m **10B.** 25 m
11A. 51.6 m **11B.** 123. 92 m **12A.** 101.50 m **12B.** 261.6 m **12C.** 91.70 m **13A.** 124.4 m **13B.** 154 m
13C. 89.7 m **13D.** 146.6 m **13E.** 142.3 m **14A.** 360 m **14B.** $20\sqrt{3}$ m **14C.** 17.32 m **15A.** $28\sqrt{3}$ m
15B. 60 m **16A.** 12 m **16B.** 7.5 m **16C.** 12 m **16D.** 96.96 m **17A.** 30° **17B.** 60° or 59.97°
17C. 45° **17D.** 30° **18A.** $\theta = 45°$ **18B.** $\theta = 45°$ **18C.** 45° **18D.** 45°
19A. 75 m **19B.** 120 m **19C.** 45 feet **19D.** 24 m

www.drmathnp.com

puspas.com.np

GENERAL EXERCISE 16B

LONG QUESTIONS

Model 1 *Problems based on circular pond.*

1A. एउटा वृत्ताकार चउरको मध्यभागमा एउटा $60\sqrt{3}$ m अग्लो खम्बा गाडिएको छ । सो चउरको परिधिको कुनै एउटा बिन्दुबाट सो खम्बाको टुप्पोमा हेर्दा 30° को उन्नतांश कोण बन्दछ भने सो चउरको चौघेरा पत्ता लगाउनुहोस् ।

A pillar of $60\sqrt{3}$ m high was fixed in the centre of a circular meadow. The angle of elevation of its top was found to be 30° when observed from a point of the circumference of the meadow. Find the circumference of the medow.

1B. परिधि 60π m भएको एउटा वृत्ताकार चउरको मध्य भागमा एउटा स्तम्भ गाडिएको छ । सो चउरको परिधिको कुनै एउटा बिन्दुबाट सो स्तम्भको टुप्पोमा हेर्दा 60° को उन्नतांश कोण बन्दछ भने जमिनदेखि स्तम्भको टुप्पोसम्मको उचाइ पत्ता लगाउनुहोस् ।

A pillar is fixed in the centre of a circular meadow with circumference 60π m. The angle of elevation of its top was found to be 60°, when observed from a point of the circumference of circular meadow. Find the height of the pillar from the ground.


1C. एउटा वृत्ताकार पोखरीको क्षेत्रफल 900π m^2 छ । उक्त पोखरीको बीचमा गाडिएको खम्बाको टुप्पोमा सो पोखरीको किनाराबाट हेर्दा 30° को उन्नतांश कोण बन्दछ भने पानीको सतहदेखि खम्बाको टुप्पोसम्मको उचाइ पत्ता लगाउनुहोस् ।

The area of a circular pond is 900π m^2. The angle of elevation of the top of the pillar, situated in the middle of the pond, observed from the edge of the pond and found to be 30°. Find the height of the pillar above the surface of the water.

Model 2 *Problems based on square and rectangular garden/room.*

2A. एउटा 20 m भुजा भएको वर्गाकार कोठाको कुनामा एउटा झन्डा गाडिएको छ । झन्डा गाडिएको विपरीत कुनाबाट झन्डाको टुप्पोको उन्नतांश कोण 30° पाइयो भने झन्डाको उचाइ कति होला ?

A flagstaff is fixed at one corner of a square room of sides 20 m. The angle of elevation of the top of the flagstaff from the opposite corner of the room is found to be 30°. Find the height of the flagstaff.



Hint: From right angled ΔABC, $AC = \sqrt{(20)^2 + (20)^2} = 20\sqrt{2}$ m

Now, in right angled ΔEAC, $\tan 30° = \frac{EC}{AC}$

2B. एउटा 30 m भुजा भएको वर्गाकार कोठाको एउटा कुनामा झन्डा गाडिएको छ । झन्डा गाडिएको विपरीत कुनाबाट झन्डाको टुप्पोको उन्नतांश कोण 60° पाइयो भने झन्डाको उचाइ कति होला ?

A flagstaff is fixed at one corner of a square room of side 30 m. The angle of elevation to the top of the flagstaff from the opposite corner of the room is found to be 60°. Find the height of the flagstaff.

Model 3 *Problems based on kite and string or similar.*

3A. एउटा हवाइजहाजले विमानस्थलबाट उडान भर्दा जमिनसँग 60° को कोण बनाउँदछ । हवाइजहाजले 5 कि. मि. को दुरी पार गरिसक्दा जमिनदेखि कति उँचाइमा हवाइजहाज पुगेको हुन्छ होला ?

An aeroplane takes off from the airport making an angle of 60° with the ground. When it covers a distance of 5 km, find the vertical height of the aeroplane from the ground.

3B. सडकको किनारमा भएको एउटा बिजुलीको लट्ठालाई अड्याउन तारले जमिनसँग बाँधिएको छ । यदि बाँधिएको तारको लम्बाइ 30 मिटर र तारले जमिनसँग बनाउने कोण 60° छ भने जमिनबाट तार बाँधिएको बिन्दुसम्मको लट्ठाको उचाइ पत्ता लगाउनुहोस् ।

An electric pole on the side of a road is tied with a wire to the ground. If the wire having length 30 meter makes an angle 60° with the ground, find the height of the pole from the ground up to the point where the wire is tied.

Model 4 *Problems based on finding angle.*

4A. P m अग्लो मानिसले आफ्नो अगाडि रहेको एउटा खम्बाको टुप्पामा हेर्दा θ को उन्नतांश कोण पाएछ । यदि खम्बाको उचाइ 4P m र खम्बा र मानिसबीचको दुरी $3\sqrt{3}$ P m भए θ को मान पत्ता लगाउनुहोस् ।

A man of height P m observes the angle of elevation of the top of a pole situated in front of him and finds to be θ. If the height of the pole is 4P m and the distance between the pole and the man is $3\sqrt{3}$ P m, find the value of θ.

4B. एउटा नदीको चौडाइ $40\sqrt{3}$ m छ । सो नदिको किनारमा भएको 40 मिटर अग्लो रूखको टुप्पोमा उक्त नदीको अर्को किनारबाट अवलोकन गर्दा उन्नतांश कोण θ पाइयो भने θ को मान पत्ता लगाउनुहोस् ।

The breadth of a river is $40\sqrt{3}$ m. The angle of elevation of the top of a tree 40 m high, situated at the bank of a river when observed from the opposite bank of the river is found to be θ°. Find the value of θ.

4C. वृत्ताकार पोखरीको केन्द्रमा एउटा खम्बा ठाडो उभ्याइएको छ । खम्बाको टुप्पो पानीको सतहबाट $14\sqrt{2}$ m उचाइमा छ । यदि पोखरीको परिधिको एक बिन्दुबाट सो खम्बाको टुप्पोको उन्नतांश कोण θ र उक्त पोखरीको क्षेत्रफल 1232 m^2 भए θ को मान निकाल्नुहोस् । (A circular pond has a pole standing vertically at its centre. The top of the pole is $14\sqrt{2}$ m above the water surface and the angle of elevation of it from a point on the circumference is θ and the area of the pond is 1232 m^2, find the value of θ.)

www.drmathnp.com

4D. एउटा स्तम्भ 51.5 m अग्लो छ । 1.5 m अग्लो मानिसले सो स्तम्भको फेददेखि $50\sqrt{3}$ m टाँढाबाट स्तम्भको टुप्पोमा हेर्दा बन्ने उन्नतांश कोण पत्ता लगाउनुहोस् ।
A tower is 51.5 m high. Find the angle of elevation made by a man 1.5 m high, if he observes the top of the tower from $50\sqrt{3}$ m away from the foot of a tower.

5A. हुरीले एउटा 12 m अग्लो एउटा सीधा रुख भाँचिदा यसको टुप्पोले फेदबाट $4\sqrt{3}$ मि. टाढा जमिनमा छोएर कुनै उन्नतांश कोण बनाउँछ भने सो उन्नतांश कोण पत्ता लगाउनुहोस् ।
The top of a tree 12 m high is broken by the wind and makes an angle of elevation with the ground at a distance $4\sqrt{3}$ m from the foot of the tree. Determine the angle of elevation.

5B. एउटा 15 मि. अग्लो रुख हावाले भाँचिएर टुप्पो जमिनमा छुँदा जमिनसँग एउटा उन्नतांश कोण बनेछ । यदि रुखको भाँचिएको भागको लम्बाइ 10 m भए सो उन्नतांश कोण पत्ता लगाउनुहोस् ।
A tree of 15 m height is broken by the wind so that its top touches the ground and makes an angle of elevation with the ground. If the length of the broken part of the tree is 10 m, find the angle of elevation.

ANSWERS


1A.	360π m	**1B.**	51.96 m	**1C.**	17.32 m	**2A.**	16.33 m	**2B.**	73.48 m
3A.	4.33 km	**3B.**	25.98 m	**4A.**	30°	**4B.**	30°	**4C.**	45°
4D.	30°	**5A.**	30°	**5B.**	30°				

ASSIGNMENT ON TRIGONOMETRY


Time : 40 Minutes **FM = 24**

GROUP A **4 × 2 = 8**


1. दिइएको चित्रमा, यदि AD = DC, ∠DBC = 30°, BC = 10 cm र ΔABC को क्षेत्रफल 30 cm^2 छ भने BD को लम्बाइ पत्ता लगाउनुहोस् ।
In the figure, if AD = DC, ∠DBC = 30°, BC = 10 cm and area of ΔABC = 30 cm^2, find the length of BD.




2. दिइएको चित्रमा, यदि AE = BD, ∠CAE = 60°, AB = 2 m र CD = 62 m छ भने BD को लम्बाइ पत्ता लगाउनुहोस् ।
In the figure, if AE = BD, ∠CAE = 60°, AB = 2 m and CD = 62 m, find the length of BD.



3. दिइएको चित्रमा PQRS एउटा समबाहु चतुर्भुज हो । यदि सो समबाहु चतुर्भुज PQRS को क्षेत्रफल = 8 cm^2 र ∠PQR = 60° भए SR को नाप पत्ता लगाउनुहोस् ।
In the given figure, PQRS is a rhombus. If the area of the rhombus PQRS = 8 cm^2 and ∠PQR = 60°, find the measurement of SR.



4. दिइएको चित्रमा PQRS एउटा स.च. हो । यदि ∠SPT = 105°, ∠QRT = 45°, SR = 24 cm र TR = 18 cm, भए उक्त स.च. को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the given figure, PQRS is a parallelogram. If ∠SPT = 105°, ∠QRT = 45°, SR = 24 cm and TR = 18 cm, find the area of the parallelogram.




GROUP B **4 × 4 = 16**

5. एउटा 1.75 m अग्लो केटाले चङ्गा उडाइरहेको छ । चङ्गाको धागो 150 m हुँदा यसले क्षितिजसँग 30° को कोण बनाउँदछ भने जमिनको सतहबाट चङ्गा कति उचाइमा होला ?
A boy 1.75 m tall is flying a kite. When the length of the string of kite is 150 m, it makes an angle of 30° with the horizon. What is the height of the kite from the ground?

6. एकजना मानिसले आफ्नो अगाडि रहेको 43.4 m अग्लो एउटा खम्बाको टुप्पोलाई हेर्दा 30° को उन्नतांश कोण पाउँछ । यदि सो मानिस र खम्बाको बीचको दुरी 72 m भए मानिसको उचाइ पत्ता लगाउनुहोस् ।
A man observes the top of a pole of 43.4 m height situated in front of him and finds the angle of elevation to be 30°. If the distance between the man and the pole is 72 m, find the height of the man.

7. हावाले गर्दा 28 मिटर अग्लो रुख भाँचिएर रुखको टुप्पाले जमिनसँग 60° को कोण बनाउँदछ भने उक्त रुखको भाँचिएको भागको उचाइ पत्ता लगाउनुहोस् ।
A tree of 28 m height is broken by the wind so that its top touches the ground and makes an angle of 60° with the ground. Calculate the length of the broken part of the tree.

8. दिइएको चित्रमा ABCD एउटा चतुर्भुज हो । चित्रमा चतुर्भुज ABCD को क्षेत्रफल 24.75 cm^2 भए दिइएको नाप अनुसार θ को मान पत्ता लगाउनुहोस् ।
In the the adjoining figure, ABCD is a quadrilateral. If the area of quadrilateral ABCD is 24.75 cm^2 then from the measurement given in the figure, find the value of θ.



ANSWERS

1.	6 cm	**2.**	$20\sqrt{3}$ m	**3.**	4.29 cm	**4.**	$216\sqrt{3}$ cm^2	**5.**	76.75 m	**6.**	1.83 m	**7.**	15 m	**8.**	60°

pustas.com.np

www.drmathnp.com


puspas.com.np

एकाइ Unit 17 तथ्याङ्क शास्त्र STATISTICS

SYLLABUS ISSUED BY CDC *17 Period*

- कच्चा तथ्याङ्कलाई वर्गीकृत तथ्याङ्कमा रूपान्तरण
  Conversion of raw data into grouped data
- वर्गीकृत तथ्याङ्कका मध्यक, मध्यिका र चतुर्थांशहरू
  Mean, Median and Quartiles of grouped data
- मध्यमानहरूको प्रयोगबाट गरिने तथ्याङ्कको विश्लेषण र निष्कर्ष
  Analysis and conclusion of data by using the central values

KAUTILYA AND STATISTICS



'Statistics' is derived from the Latin word 'status' which means a political state. This suggest that statistics is as old as human civilization. In the year 3050 B.C., perhaps the first census was held in Egypt. In India administrative statistics, particularly, during the regime of Chandra Gupta Maurya (324-300 B.C.). The system of collecting data related to births and death is mentioned in Kautilya's Arthashastra (around 300 B.C.). A detailed account of administrative surveys conducted during Akbar's regime is given in Ain-I-Akbari written by Abdul Fazl.

SEE SPECIFICATION GRID *1 Very Short, 1 Short & 1 Long Questions will be asked in SEE.*

क्र.सं SN	संज्ञानात्मक क्षेत्र Cognitive Level	ज्ञान (K)	बोध (C)	प्रयोग (A)	उच्च दक्षता(HA)	जम्मा अङ्कभार	कैफियत Remarks
7. तथ्याङ्कशास्त्र (Statistics)	17. तथ्याङ्कशास्त्र (Statistics)	1 × 1	1 × 2	1 × 4	–	7	
जम्मा प्रश्नसङ्ख्या (Total no. of Questions)		1	1	1	–	7	
जम्मा अङ्कभार(Total Marks)		1	2	4	–	7	

QUESTIONS DESIGN

	GROUP A 1 *Mark each* Q. No. 2 (b)	GROUP B 2 *Marks each* Q. No. 9(b)	GROUP C 4 *Marks each* Q. No. 20	GROUP D 5 *Marks each* -	NQ	MARKS
तथ्याङ्कशास्त्र Statistics [7 marks]	17.1. वर्गीकृत तथ्याङ्कको मध्यक (Mean of the grouped data) 17.2. वर्गीकृत तथ्याङ्कको मध्यिका (Median of the grouped data) 17.3. वर्गीकृत तथ्याङ्कको चतुर्थांशहरू (Quartiles of the grouped data)				3	7

FORMULAE AND KEY POINTS

	व्यक्तिगत श्रेणी Individual Series	खण्डित श्रेणी Discrete Series	अविच्छिन्न श्रेणी Continuous Series
तथ्याङ्क Data	x:10, 15, 20, 25, 30	x: 2, 4, 6, 8, 9 f: 2, 3, 5, 2, 3	x: 10-20, 20-30, 40-50, 50-60 f: 2, 3, 5, 2

प्रत्यक्ष विधि (Direct method)

मध्यक Mean	$\bar{X} = \frac{\Sigma x}{N}$	$\bar{X} = \frac{\Sigma fx}{N}$	$\bar{X} = \frac{\Sigma fm}{N}$
	व्यक्तिगत श्रेणी Individual Series	खण्डित श्रेणी Discrete Series	अविच्छिन्न श्रेणी Continuous Series

छोटकरी विधि (Shortcut method): A = कल्पित मध्यक (Assumed mean) & d = x – A or m – A

मध्यक Mean	$\bar{X} = A + \frac{\Sigma d}{N}$	$\bar{X} = A + \frac{\Sigma fd}{N}$	$\bar{X} = A + \frac{\Sigma fd}{N}$

पद बिचलन विधि (Step deviation method) :

a = कल्पित मध्यक (Assumed mean), $d' = \frac{x - A}{h}$ or $\frac{m - A}{h}$ & h = वर्गान्तरको आकार (Class size)

मध्यक Mean	$\bar{X} = A + \frac{\Sigma d'}{N} \times h$	$\bar{X} = A + \frac{\Sigma fd'}{N} \times h$	$\bar{X} = A + \frac{\Sigma fd'}{N} \times h$


www.drmathnp.com

pustas.com.np

मध्यिका Median	$\text{Med.} = \left(\frac{N+1}{2}\right)^{th}$ item	$\text{Med.} = \left(\frac{N+1}{2}\right)^{th}$ item	$\text{Median class} = \left(\frac{N}{2}\right)^{th}$ item $\text{Med} = L + \frac{i}{f}\left(\frac{N}{2} - c.f.\right)$
चतुर्थांशहरू Quartiles	$Q_1 = \left(\frac{N+1}{4}\right)^{th}$ item $Q_3 = 3\left(\frac{N+1}{4}\right)^{th}$ item	$Q_1 = \left(\frac{N+1}{4}\right)^{th}$ item $Q_3 = 3\left(\frac{N+1}{4}\right)^{th}$ item	$Q_1 \text{ class} = \left(\frac{N}{4}\right)^{th}$ item $Q_3 \text{ Class} = \left(\frac{3N}{4}\right)^{th}$ item $Q_t = L + \frac{i}{f}\left(\frac{tN}{4} - c.f.\right)$; t∈ {1, 2, 3}

बारम्बारता वक्रको सहायताबाट वर्गीकृत तथ्याङ्कको मध्यिका र चतुर्थांशहरू

Median and Quartiles of grouped data with the help of frequency curve.



17.1 अङ्कगणितीय मध्यक (Arithmetic Mean)

SEE / SLC REVIEW MESSAGE

[2 + 3 + 3= 8]Models ↔ 5 Periods

B. SHORT QUESTIONS

Models	SEE Examination History (2065 to 2075)	n(Q)
Model 1	2068 B, 2070 E, 2073 MA, PA, MP, SP, S	7
Model 2	2065 D, 2065 M, 2066 A, 2068 S, 2072 E, 2072 FW, 2074 M2, 2074 M3, 2075 OC, 2075 AP, BP, CP, DP, EP, FP, GP	16
Model 3	2065 A, 2065 B, 2074 OC	3
Model 4	2067 S, 2068 C	2
Model 5	2065 C, E, 2066 B, C, D, E, S, 2067 A – E, 2068 E, A, D, 2069 A – E, S, 2070 B, C, D, S, 2071 A – E, 2072 MW, 2072 S, SEE 2073 PU, SEE 2074 M1, SEE 2074 BC, 2074 OC, 2074 S	37

www.drmathnp.com

puspas.com.np

C. LONG QUESTIONS

Models	SEE Examination History (2065 to 2075)	n(Q)
Model 3	2072 C, SEE 2073 S	2

SEE EXERCISE 17A

A. VERY SHORT QUESTIONS

Model 1 *Definitions or formulae Recall*

1A. निरन्तर श्रेणीमा मध्यक भन्नाले के बुझिन्छ ? (What do you understand by mean in a continuous series?)

1B. कुनै तथ्याङ्कको पदहरूको योगफल (Σfm) र बारम्बारताको योगफल (N) भए प्रत्यक्ष विधिबाट मध्यक ($\overline{X}$) निकाल्ने सूत्र लेख्नुहोस् ।
In a data, sum of terms (Σfm) and the sum of frequencies (N) then write down the formula to calculate mean ($\overline{X}$) by direct method.

2A. कुनै तथ्याङ्कमा मध्य मानको नजिक पर्ने कल्पित मध्यक 'a' छ । यदि 'm' बाट 'a' घटाउँदा आउने विचलन $(d) = m - a$ भए छोटकरी विधिबाट मध्यक निकाल्ने सूत्र लेख्नुहोस् ।
In a data, the assumed mean close to mid-value is 'a'. If a deviation obtained by subtracting a from 'm' is $(d) = m - a$, write the formula to calculate mean by short-cut method.

2B. कुनै तथ्याङ्कमा मध्य मानको नजिक पर्ने कल्पित मध्यक 'a' छ । यदि 'm' बाट 'a' घटाइ श्रेणी अन्तर 'h' ले भाग गर्दा आउने विचलन $(d') = \frac{m-a}{h}$ भए पद विचलन विधिबाट मध्यक निकाल्ने सूत्र लेख्नुहोस् ।
In a data, the assumed mean close to mid-value is 'a'. If a deviation obtained by dividing the difference of 'm' and 'a' by 'h' is $(d') = \frac{m-a}{h}$, write the formula to calculate mean by step-deviation method.

2C. एउटा अविच्छिन्न श्रेणीमा कल्पित मध्यमान 'M' र बारम्बारता (f) हरूको योगफल 'N' छ । यदि सो तथ्याङ्कको विचलन (B) भए मध्यक $\overline{X}$ पत्ता लगाउनुहोस् ।
In a continuous series, the value of assumed mean is 'M' and the sum of frequencies (f) is 'N'. If the deviation is (B) then find the mean ($\overline{X}$) of the data.

3A. यदि $\overline{X} = a$ र $\Sigma fX = a^2$ भए पदहरूको सङ्ख्या (N) पत्ता लगाउनुहोस् । (If $\overline{X} = a$ & $\Sigma f X = a^2$, find the number of terms (N).)

3B. यदि $\Sigma fx = a^2$ र $\Sigma f = a$ भए मध्यक पत्ता लगाउनुहोस् । (If $\Sigma fx = a^2$ and $\Sigma f = a$, find the mean.)

3C. कुनै वर्गीकृत तथ्याङ्कको $\Sigma f =$ 'x^2' र मध्यक 'x' भए Σfm पत्ता लगाउनुहोस् ।
In a grouped data $\Sigma f =$ 'x^2' and the mean is 'x'. Find Σfm.

Model 2 *Concept Recall*

4A. यदि $\Sigma fx = 200$ र $\Sigma f = 40$ भए मध्यक निकाल्नुहोस् । (If $\Sigma fx = 200$ and $\Sigma f = 40$, find the mean.)

4B. यदि एउटा वर्गीकृत श्रेणीमा पदहरूको सङ्ख्या (N) = 20 र $\Sigma fx = 400$ भए मध्यक पत्ता लगाउनुहोस् ।
If the number of terms (N) = 20 and $\Sigma fx = 400$ in a continuous series, find the mean.

5A. मध्यक 10 भएको एउटा श्रेणीमा $\Sigma fx = a$ र $\Sigma f = 15$ भए a को मान निकाल्नुहोस् ।
In a series, the mean is 10, $\Sigma fx = a$ and $\Sigma f = 15$. Find the value of a.

5B. कुनै वर्गीकृत तथ्याङ्कको $\Sigma f = 15$ र मध्यक 50 भए Σfm पत्ता लगाउनुहोस् ।
In a grouped data, $\Sigma f = 15$ and the mean is 50. Find Σfm.

5C. 100 ओटा पदहरू भएको एउटा अविच्छिन्न श्रेणीको मध्यक 20 भए पदहरूको योगफल पत्ता लगाउनुहोस् ।
The mean of a continuous data having 100 terms is 20. Find the sum of the terms.

6A. एउटा निरन्तर श्रेणीमा मध्यक ($\overline{X}$) = 25 र $\Sigma fx = 625$ भए पदहरूको सङ्ख्या (N) पत्ता लगाउनुहोस् ।
In a continuous series, mean ($\overline{X}$) = 25 and $\Sigma fx = 625$. Find the number of terms (N).

6B. एउटा निरन्तर श्रेणीमा मध्यक ($\overline{X}$) = 50 र $\Sigma fx = 2000$ भए पदहरूको सङ्ख्या (N) पत्ता लगाउनुहोस् ।
In a continuous series, mean ($\overline{X}$) = 50 and $\Sigma fx = 2000$, find the number of terms (N).

7A. एउटा अविच्छिन्न श्रेणीमा मध्यक ($\overline{X}$) = 100, पदहरूको सङ्ख्या (N) = 10 र $\Sigma fx = 20A$ भए A को मान निकाल्नुहोस् ।
In a continuous series, if the mean ($\overline{X}$) = 100, the number of terms (N) = 10 and $\Sigma fx = 20A$ then calculate the value of A.

7B. एउटा अविच्छिन्न श्रेणीमा मध्यक ($\overline{X}$) = 50, पदहरूको सङ्ख्या (N) = 20 र $\Sigma fx = 40P$ भए P को मान निकाल्नुहोस् ।
In a continuous series, if the mean ($\overline{X}$) = 50, the number of terms (N) = 20 and $\Sigma fx = 40P$, calculate the value of P.

www.drmathnp.com
puspas.com.np

B. SHORT QUESTIONS

Model 1 *Problems based on finding the value of $\bar{x}$ in a grouped data.*

1A. एउटा वर्गीकृत तथ्याङ्कमा 50 जना विद्यार्थीहरूले गणितमा प्राप्त गरेका अङ्कहरूको योगफल 3000 छ भने औसत प्राप्ताङ्क निकालनुहोस् । **[2068 B]**
In a grouped data, the sum of the marks obtained by 50 students in mathematics is 3000. Find the average mark.

1B. यदि एउटा निरन्तर श्रेणीमा पदहरूको सङ्ख्या (N) = $12 + a$ र $\Sigma fx = 168 + 14a$ भए मध्यक पत्ता लगाउनुहोस् ।
If the number of terms (N) = $12 + a$ and $\Sigma fx = 168 + 14a$ in a continuous series, find the mean. **[2070 E]**

1C. यदि एउटा निरन्तर श्रेणीमा बारम्बारताहरूको योगफल $(7p + 2)$ र $\Sigma fm = 49p + 14$ छन् भने मध्यक पत्ता लगाउनुहोस् ।
In a continuous series, if the sum of the frequencies is $(7p + 2)$ and $\Sigma fm = 49p + 14$, find the mean. **[SEE 2073 MA]**

1D. एउटा वर्गीकृत तथ्याङ्कमा यदि पदहरूको सङ्ख्या (N) = $12k + 9$ र $\Sigma fm = 60k + 45$ भए मध्यक ($\bar{X}$) पत्ता लगाउनुहोस् ।
In a grouped data, if the number of terms (N) = $12k + 9$ and $\Sigma fm = 60k + 45$, find the mean ($\bar{X}$). **[2073 PA]**

1E. एउटा वर्गीकृत तथ्याङ्कमा यदि पदहरूको सङ्ख्या (N) = $7k + 2$ र $\Sigma fm = 49k + 14$ छन् भने मध्यक ($\bar{X}$) पत्ता लगाउनुहोस् ।
In a grouped data, if the number of terms (N) = $7k + 2$ and $\Sigma fm = 49k + 14$, find the mean ($\bar{X}$). **[2073 MP]**

1F. एउटा निरन्तर श्रेणीमा बारम्बारताहरूको योगफल $(\Sigma f) = 3a^2 + 2a$ र $\Sigma fm = 15a^2 + 10a$ छन् । मध्यक ($\bar{X}$) पत्ता लगाउनुहोस् ।
Q. रातो रानी अथवा कालो तास (A red queen or black card) [2071 E]

R. रातो एक्का वा अनुहार भएको रातो तास (A red ace or a red faced card) [2071 D, 2071 C]

S. सुरत वा इँट चित्र भएको (Spade or diamond) [2071 A]

T. बादशाह अथवा मिस्सी अथवा गुलाम (King or Queen or Jack)

U. एक्का अथवा अनुहार भएको तास अथवा दहर (Ace or Face card or Numbered 10)

V. एक्का अथवा राजा पर्ने (Ace or a king) [SEE 2074 AC]

Model 2 *Problems based on rolling dice or coin.*

2A. एउटा डाइसलाई एक पटक उफार्दा 1, 3 वा 5 पर्ने सम्भावना पत्ता लगाउनुहोस् ।
Find the probability of 1, 3 or 5 when a dice is rolled once. [2057 D1]

2B. एउटा डाइसलाई उफार्दा 3 ले भाग जाने सङ्ख्या अथवा वर्ग सङ्ख्या आउने सम्भाव्यता कति हुन्छ, पत्ता लगाउनुहोस् ।
Find the probability of getting a number divisible by 3 or a square number when a fair dice is thrown. [SEE 2074 M2]

2C. एउटा डाइसलाई दुईपटक फाल्दा पहिलो पटक 5 र दोस्रो पटक विजोर सङ्ख्या आउने सम्भाव्यता निकाल्नुहोस् ।
A cubical dice is thrown two times, find the probability that the outcomes is 5 in first time and an odd number in second time. [SEE 2074 M1[

2D. यदि एउटा डाइसलाई एकपटक फाल्दा विजोर सङ्ख्या वा 6 आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
If a dice is thrown once, find the probability of getting an odd number or 6. [SEE 2073 MA]

2E. एउटा सिक्कालाई दुईपटक उफार्दा दुवैपटक H आउने सम्भाव्यता कति होला ?
Find the probability of getting both time H when a coin is thrown twice. [2066 D]

www.drmathnp.com

puspas.com.np

Model 3 *Problems based on number card numbered from a to b.*

3. 1 देखि 30 सम्म लेखिएका सङ्ख्या पत्तीहरूबाट नहेरीकन एउटा पत्ती निकाल्दा तलका सङ्ख्याहरू पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
From the number cards numbered from 1 to 30, a card is drawn at random. Find the probability of getting the following numbers.

A. 5 वा 7 ले भाग जाने (divisible by 5 or 7) [2057 R, 2062C1, 2071 S, SEE 2074 CC]

B. 5 वा 9 ले भाग जाने (divisible by 5 or 9) [2057 A1]

4A. 8 देखि 27 सम्म अङ्कित सङ्ख्या पत्तीहरूको समूहबाट एउटा पत्ती थुत्दा सो पत्ती 6 अथवा 7 ले निःशेष भाग जाने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
A card is drawn from the set of number cards numbered from 8 to 27. Find the probability that the drawn card is divisible by 6 or 7 without remainder. [2070 B]

4B. 3 देखि 27 सम्म लेखिएको सङ्ख्या पत्तीहरूबाट एउटा पत्ती नहेरिकन थुत्दा सो पत्ती 4 अथवा 7 ले निःशेष भाग लाग्ने सङ्ख्या भएको पत्ती पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
Find the probability of getting a card having a number exactly divisible by 4 or 7 when the card is drawn randomly from the number cards numbered from 3 to 27. [2069 S]

4C. 2 देखि 25 सम्म लेखिएका सङ्ख्या पत्तीहरूबाट नहेरीकन एउटा पत्ती थुत्दा 4 अथवा 7 ले निःशेष भाग जाने सङ्ख्या पत्ती पर्ने सम्भाव्यता निकाल्नुहोस् ।
A card is drawn randomly from a pack of card numbered from 2 to 25. Find the probability of getting a card having the number exactly divisible by 4 or 7. [2065 D]

4D. 1 देखि 20 सम्म लेखिएका सङ्ख्या पत्तीहरूबाट एउटा पत्ती नहेरीकन थुत्दा सो पत्ती 3 वा 7 ले भाग जाने सङ्ख्याहरू पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
A card is drawn from the cards numbered from 1 to 20. Find the probability of getting a card having the number which is divisible by 3 or 7. [2057 B1, 2072 E]

4E. 5 देखि 31 सम्म अङ्कित गरिएका सङ्ख्या पत्तीहरूको समूहबाट एउटा पत्ती नहेरिकन थुत्दा 6 अथवा 7 ले निःशेष भाग जाने सङ्ख्या पत्ती पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
From a set of cards numbered from 5 to 31, a card is drawn randomly. Find the probability of getting a numbered card which is exactly divisible by 6 or 7. [2066 C]

4F. 31 देखि 50 सम्म अङ्कित सङ्ख्या पत्तीहरूबाट एउटा पत्ती थुत्दा उक्त पत्ती 6 अथवा 5 ले निःशेष भाग जाने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
A card is drawn from number cards numbered from 31 to 50. Find the probability that the drawn card is exactly divisible by 6 or 5. [2070 A]

4G. 32 देखि 51 सम्म अङ्कित सङ्ख्या पत्तीहरूबाट नहेरी एउटा पत्ती थुत्दा सो पत्ती 5 अथवा 6 ले निःशेष भाग लाग्ने सङ्ख्या भएको पत्ती पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
Find the probability of getting a card having a number exactly divisible by 5 or 6 when a card is drawn randomly from the number cards numbered from 32 to 51. [SEE 2073 MP]

5A. 4 देखि 40 सम्म अङ्कित गरिएको सङ्ख्या पत्तीबाट नहेरिकन एउटा पत्ती झिक्दा सो पत्ती 5 अथवा 8 को गुणाङ्क हुने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
A card is drawn from the number cards numbered from 4 to 40. Find the probability that the card is a multiple of 5 or 8. [2065 C]

5B. 1 देखि 10 सम्म अङ्कित सङ्ख्या पत्तीहरूको एक चाङबाट एउटा सङ्ख्या पत्ती नहेरिकन थुत्दा सो पत्ती 3 को गुणाङ्क वा 5 को गुणाङ्क हुने सम्भाव्यता कति हुन्छ ?
What is the probability of drawing a number card which is the multiple of 3 or multiple of 5 chosen randomly from a pile of number cards numbered 1 to 10 ? [2065 S]

5C. एउटा झोलामा 1 देखि 30 सम्म लेखिएका जम्मा 30 ओटा उस्तै र उत्रै बलहरू छन् । सो झोलाबाट एउटा बल नहेरिकन निकाल्दा 5 अथवा 8 को गुणाङ्क हुने सम्भाव्यता कति हुन्छ ? पत्ता लगाउनुहोस् । [2072 S]
A bag contains 30 balls of the same shape and size mentioning the number from 1 to 30. What is the probability of getting a ball of multiple of 5 or 8 when a ball is drawn randomly from the bag ? Find it.

5D. एउटा थैलीमा 1 देखि 20 सम्म लेखिएका जम्मा 20 ओटा उस्तै र उत्रै बलहरू छन् । कुनै एउटा बल स्वतन्त्र रूपले निकाल्दा (झिक्दा) त्यो बल 5 अथवा 7 को गुणाङ्क पर्ने सम्भाव्यता कति हुन्छ ?
There are 20 balls of same size and shape in a bag numbered from 1 to 20. A ball is taken out independently from the bag, what is the probability of getting a ball that is multiple of 5 or 7? [SEE 2074 BC]

6. वर्ग सङ्ख्या वा घन सङ्ख्या पर्ने सम्भाव्यता निकाल्नुहोस् । (Find the probability of getting squared or cubed number):

A. 10 देखि 29 सम्म लेखिएका सङ्ख्या पत्तीहरूबाट एउटा पत्ती थुत्दा ।
From the number cards numbered from 10 to 29, a card is drawn randomly. [2072 MW]

B. 3 देखि 32 सम्म लेखिएका सङ्ख्या पत्तीहरूबाट नहेरिकन एउटा सङ्ख्या पत्ती थुत्दा ।
While drawing randomly a flash card from the set of cards numbered from 3 to 32. [2063 C1]

C. 2 देखि 33 सम्म लेखिएका सङ्ख्या पत्तीहरूबाट नहेरिकन एउटा सङ्ख्या पत्ती थुत्दा ।
While drawing randomly a flash card from the set of cards numbered from 2 to 33. [2063 C2]

www.drmathnp.com
puspas.com.np

D. 5 देखि 30 सम्मका सङ्ख्या पत्तीहरूमा नहेरीकन एउटा पत्ती निकाल्दा ।
One card is drawn at random from the number cards numbered from 5 to 30. **[2060 C]**

E. 6 देखि 37 सम्म अङ्कित सङ्ख्या पत्तीहरूबाट नहेरी एउटा पत्ती थुत्दा ।
From the number cards numbered from 6 to 37, a card is drawn at random. **[2073 S]**

7A. 10 देखि 21 सम्मका सङ्ख्या पत्तीहरूमा नहेरीकन एउटा पत्ती निकाल्दा सो पत्ती रूढ सङ्ख्या वा जोर सङ्ख्या भएको पत्ती पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
One card is drawn at random from the number cards numbered from 10 to 21. Find the probability that the card may be prime number or even number card. **[2059 A2]**

7B. 7 देखि 27 सम्म अङ्कित गरिएका सङ्ख्या पत्तीहरूबाट नहेरीकन एउटा पत्ती थुत्दा सो पत्ती रूढ सङ्ख्या वा जोर सङ्ख्या पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
From the number cards numbered from 7 to 27, a card is drawn at random. Find the probability of getting the card of a prime or an even number. **[2066 B]**

7C. 3 देखि 32 सम्म लेखिएको सङ्ख्या पत्तीहरूबाट नहेरिकन एउटा पत्ती थुत्दा सो पत्ती रूढ सङ्ख्या वा वर्ग सङ्ख्या भएको पत्ती पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
Find the probability of getting a card having a prime number or a square number when the card is drawn randomly from the number cards, numbered from 3 to 32. **[2069 B]**

7D. 2 देखि 32 सम्म लेखिएका सङ्ख्या पत्तीहरूको चाङ्बाट नहेरिकन एउटा पत्ती थुत्दा सो पत्ती रुढ सङ्ख्या वा वर्ग सङ्ख्या भएको पत्ती पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
Find the probability of getting a card having a prime number or a square number, when the card is drawn randomly from the pack of number cards numbered from 2 to 32. **[2072 W]**

8A. 6 देखि 39 सम्मको सङ्ख्या पत्तीहरूको समूहबाट नहेरिकन एउटा पत्ती थुत्दा सो पत्ती रुढ सङ्ख्या वा घन सङ्ख्या हुने सम्भाव्यता निकाल्नुहोस् ।
A number card is drawn randomly from the set of numbered cards, numbered from 6 to 39. Find the probability that the card may be a prime number or a cube number. **[2065 B]**

8B. 8 देखि 28 सम्मका सङ्ख्याहरू लेखिएको सङ्ख्या पत्तीहरूबाट नहेरिकन एउटा पत्ती थुत्दा घन सङ्ख्या वा रुढ सङ्ख्या भएको पत्ती पर्ने सम्भाव्यता कति हुन्छ ? पत्ता लगाउनुहोस् ।
What is the probability of getting a card having cube number or a prime number when a card is drawn randomly from a number cards numbered from 8 to 28 ? Find it. **[2069 D]**

8C. 2 देखि 30 सम्मका सङ्ख्याहरू लेखिएको सङ्ख्या पत्तीहरूबाट नहेरी एउटा पत्ती थुत्दा घन सङ्ख्या वा रूढ सङ्ख्या भएको पत्ती पर्ने सम्भाव्यता कति हुन्छ ? (What is the probability of getting a card having cube number or a prime number when a card is drawn randomly from a number cards numbered from 2 to 30? **[SEE 2073 SP]**

Model 4 Problems based on drawing a ball from a bag.

9A. एउटा बाकसमा उत्रै र उस्तै प्रकारका 4 ओटा राता, 5 ओटा काला र 2 ओटा सेता बलहरू छन् । उक्त बाकसबाट नहेरीकन एउटा बल निकाल्दा कालो वा सेतो बल पर्ने सम्भाव्यता कति होला ? पत्ता लगाउनुहोस् ।
There are 4 red, 5 black and 2 white balls of the same size and shape in a box. A ball is drawn randomly. What is the probability of a ball being black or white? Find it. **[SEE 2073 PU]**

9B. एउटा टोकरीमा 3 ओटा राता, 4 ओटा काला र 5 ओटा सेता बलहरू छन् । नहेरीकन एउटा बल सो टोकरीबाट झिक्दा कालो बल नपर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
A basket contains 3 red, 4 black and 5 white balls. A ball is drawn randomly from the basket. Find the probability of not getting a black ball. **[2059 E2]**

9C. एउटा टोकरीमा 5 ओटा पहेंला, 3 ओटा नीला र 2 ओटा हरिया बलहरू छन् । उक्त टोकरीबाट नहेरीकन एउटा बल झिक्दा नीलो रङको बल नपर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
A basket contains 5 yellow, 3 blue and 2 green balls. A ball is drawn randomly from the basket. Find the probability of not getting a blue ball. **[2067 B]**

10A. एउटा झोलामा 7 ओटा नीला र 2 ओटा हरिया गुच्चाहरू छन् भने, (A bag contains 7 blue and 2 green marbles.),
(i) उक्त झोलाबाट एउटा गुच्चा झिक्दा नीलो अथवा हरियो गुच्चा आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
A marble is drawn from the bag. Find the probability of getting blue or green marble.
(ii) यदि पहिलो झिकेको गुच्चा नीलो पऱ्यो र उक्त झोलामा फिर्ता गरिएन भने अर्को गुच्चा झिक्दा नीलो नै आउने सम्भाव्यता कति हुन्छ ? (If the first marble drawn is blue and not replaced in the bag, what is the probability of drawing a blue marble next ?) **[2060 E1]**

10B. एउटा झोलामा 6 ओटा राता र 3 ओटा नीला गुच्चाहरू छन् भने, (A bag contains 6 red and 3 blue marbles),
(i) उक्त झोलाबाट एउटा गुच्चा झिक्दा रातो अथवा नीलो गुच्चा आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
A marble is drawn from the bag. Find the probability of getting red or blue marble.
(ii) यदि पहिलो झिकेको गुच्चा नीलो पऱ्यो र उक्त झोलामा फिर्ता गरिएन भने अर्को गुच्चा झिक्दा नीलो नै आउने सम्भाव्यता कति हुन्छ ?
If the first marble drawn is blue and not replaced in the bag, what is the probability of drawing a blue marble next ? **[2060 E2]**

www.drmathnp.com

puspas.com.np

Model 5 Problems based on two simultaneous experiments.

11A. यदि एउटा डाइसलाई उछ्यालियो र उही समयमा एउटा सिक्कालाई उफाऱ्यो भने डाइसमा रुढ सङ्ख्या र सिक्कामा अग्रभाग पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
If a dice is rolled and a coin is tossed at the same time, find the probability of occurring prime number on the dice and head on the coin. [SEE 2075 AP, DP, EP, 2074 M3]

11B. यदि एउटा डाइसलाई उछ्यालियो र त्यही समयमा एउटा सिक्कालाई उफाऱ्यो भने डाइसमा रुढ सङ्ख्या र सिक्कामा पछिल्लो भाग पर्ने सम्भाव्यता निकाल्नुहोस् ।
If a dice is rolled and a coin is tossed at the same time, find the probability of occurring prime number on dice and tail on the coin. [SEE 2075 BP]

11C. यदि एउटा डाइसलाई उछ्यालियो र त्यही समयमा एउटा सिक्कालाई उफाऱ्यो भने डाइसमा विजोर सङ्ख्या र सिक्कामा अग्रभाग आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
If a dice is rolled and a coin is tossed at the same time, find the probability of occurring odd number on dice and head on the coin. [SEE 2075 CP, GP]

11D. यदि एउटा डाइसलाई उछ्यालियो र उही समयमा एउटा सिक्कालाई उफाऱ्यो भने डाइसमा जोर सङ्ख्या र सिक्कामा पछिल्लो भाग आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
If a dice is rolled and a coin is tossed at the same time, find the probability of getting even number on dice and tail on the coin. [SEE 2075 FP]

11E. एउटा घनाकार डाइस र सिक्कालाई एकैपटक उफार्दा डाइसमा '5' र सिक्कामा टाउको पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् । [2068 E]
A cubical dice and a coin are thrown together at once. Find the probability of getting '5' on dice and 'head' on coin.

11F. एउटा डाइस र एउटा सिक्का एकैचोटि उफार्दा डाइसमा 3 र सिक्कामा टाउको पर्ने सम्भाव्यता कति हुन्छ ?
What is the probability of getting 3 on the dice and head on the coin when a dice is rolled and a coin is tossed simultaneously? [2057 D1 , 2057 A2, 2065 A]

11G. एउटा तासको प्याकेटबाट एउटा पत्ती नहेरीकन झिक्दा बादशाह नपर्ने र एउटा डाइसलाई एक पटक उफार्दा 6 नपर्ने सम्भाव्यता निकाल्नुहोस् ।
A card is drawn randomly from a pack of cards and a dice is thrown once. Determine the probability of not getting a card of king as well as 6 on the dice. [2058 C1]

11H. 52 पत्ती भएको एक गड्डी तासबाट एउटा पत्ती थुत्दा र त्यसै 2 ओटा राता र 3 ओटा नीला गुच्चा भएको एउटा बाकसबाट एउटा गुच्चा एकैसाथ निकाल्दा नीलो गुच्चा र बादशाह आउने सम्भाव्यता पत्ता लगाउनुहोस् । [2058 B1]
A card is drawn at random from a pack of 52 cards and at the same time a marble is drawn at random from a bag containing 2 red marbles and 3 blue marbles. Find the probability of getting a blue marble and a king.

11I. दुई ओटा डाइसलाई सँगै गुडाउँदा एउटामा 5 र अर्कोमा जोर सङ्ख्या आउन सक्ने सम्भाव्यता पत्ता लगाउनुहोस् । [2067 S]
When two dice are rolled simultaneously, find the probability of getting 5 in one and even number in the other.

Model 6 Problems based on finding the probability of $P(A \cap B)$, $P(A \cup B)$ etc.

12A. X र Y दुई पारस्परिक निषेधित घटनाहरू हुन् । यदि $P(X) = \frac{1}{8}$ र $P(Y) = \frac{5}{24}$ भए पत्ता लगाउनुहोस् ।

(i) $P(X \cup Y)$ र (ii) $P(\overline{X \cup Y})$

X and Y are two mutually exclusive events. If $P(X) = \frac{1}{8}$ and $P(Y) = \frac{5}{24}$, find:

(i) $P(X \cup Y)$ and (ii) $P(\overline{X \cup Y})$ [2072 C]

12B. B र C दुई पारस्परिक निषेधित घटनाहरू हुन् । यदि $3P(B) = 12P(C) = 0.6$ भए पत्ता लगाउनुहोस्:

(i) $P(B \cup C)$ र (ii) $P(\overline{B \cup C})$

B and C are two mutually exclusive events. If $3P(B) = 12P(C) = 0.6$ then find:

(i) $P(B \cup C)$ and (ii) $P(\overline{B \cup C})$ [2072 FW]

12C. M र N दुई पारस्परिक निषेधित घटनाहरू हुन् । यदि $P(M) = \frac{5}{8}$ र $P(N) = \frac{1}{8}$ भए ,

M and N are two mutually exclusive events. If $P(M) = \frac{5}{8}$ and $P(N) = \frac{1}{8}$,

(i) $P(M \cup N)$ (ii) $P(\overline{M \cup N})$ पत्ता लगाउनुहोस् । (Find (i) $P(M \cup N)$ (ii) $P(\overline{M \cup N})$.) [2070 E]

12D. Q र R दुई पारस्परिक निषेधित घटनाहरू हुन् जसमा $P(Q) = 0.6$ र $P(R) = 0.2$ छ । तल दिइएका घटनाहरूको सम्भाव्यता पत्ता लगाउनुहोस्: (i) $P(Q \cup R)$ (ii) $P(\overline{Q \cup R})$

Two events Q and R are mutually exclusive with $P(Q) = 0.6$ and $P(R) = 0.2$. Find the probability of the following events: (i) $P(Q \cup R)$ (ii) $P(\overline{Q \cup R})$ [2061 C1]

www.drmathnp.com

12E. M र N दुई पारस्परिक निषेधित घटनाहरू हुन् जसमा P(M) = 0.125 र P(N) = 0.625 छ । तल दिइएको घटनाहरूको सम्भाव्यता पत्ता लगाउनुहोस्: (i) $P(M \cup N)$ (ii) $P(\overline{M \cup N})$
Two events M and N are mutually exclusive where P(M) = 0.125 and P(N) = 0.625. Find the probability of the following events: (i) $P(M \cup N)$ (ii) $P(\overline{M \cup N})$ **[2061 C2]**

12F. A र B दुई पारस्परिक निषेधित घटनाहरू हुन् । यदि $P(A) = \frac{1}{4}$ र $P(B) = \frac{1}{2}$ छ भने,
A and B are two mutually exclusive events. $P(A) = \frac{1}{4}$ and $P(B) = \frac{1}{2}$,
(i) $P(A \cup B)$ र $P(\overline{A \cup B})$ पत्ता लगाउनुहोस् । (Find (i) $P(A \cup B)$ and $P(\overline{A \cup B})$.) **[2071 B]**

12G. यदि $P(A) = \frac{2}{3}$ र $P(\bar{B}) = \frac{1}{6}$ भए $P(A \cap B)$ पत्ता लगाउनुहोस् जहाँ A र B अनाश्रित घटनाहरु हुन् ।
If $P(A) = \frac{2}{3}$ and $P(\bar{B}) = \frac{1}{6}$ then find $P(A \cap B)$, where A and B are independent events. **[SEE 2074 S]**

Model 7 Problems based on choosing a letter from a word.

13A. "ASSOCIATIVE" शब्दको अक्षर पत्तीहरूबाट नहेरिकन एउटा अक्षर थुत्दा A वा I पर्ने सम्भाव्यता निकाल्नुहोस् ।
Find the probability of occurring the letter A or I while drawing a letter card from the cards of the words "ASSOCIATIVE". **[2064 S]**

13B. 'MISSISSIPPI' शब्दको 11 ओटा अक्षर अङ्कित पत्तीहरूबाट नहेरिकन एउटा पत्ती थुत्दा M वा P पर्ने सम्भाव्यता निकाल्नुहोस् ।
Find the probability of occurring the letter M or P while drawing a letter card from the eleven cards of the word 'MISSISSIPPI'.

13C. 'PROBABILITY' शब्दको 11 ओटा अक्षर अङ्कित पत्तीहरूबाट नहेरिकन एउटा पत्ती थुत्दा B वा I पर्ने सम्भाव्यता निकाल्नुहोस् ।
Find the probability of occurring the letter B or I while drawing a letter card from the eleven cards of the word 'PROBABILITY.

14A. 'CONSONANT' यो शब्दको 9 ओटा अक्षर अङ्कित पत्तीहरूबाट नहेरिकन दुईओटा पत्तीहरू थुत्दा व्यञ्जन (Consonant) वर्ण र स्वर (Vowel) वर्ण पर्ने सम्भाव्यता निकाल्नुहोस् ।
Find the probability of occurring the consonant letter and vowel letter while drawing two letter cards from the 9 cards of the word 'CONSONANT'.

14B. 'REPRESENTATIVENESSES' शब्दको 20 ओटा अक्षर अङ्कित पत्तीहरूबाट नहेरिकन दुईओटा पत्तीहरू थुत्दा S र E पर्ने सम्भाव्यता निकाल्नुहोस् । Find the probability of occurring the letters S and E while drawing two letter cards from the twenty cards of the word 'REPRESENTATIVENESSES'.

15A. सम्भाव्यताको अङ्ग्रेजी शब्द "PROBABILITY" को एक-एक अक्षर लेखिएका एघार ओटा पत्तीहरूबाट नहेरी एउटा पत्ती निकाल्दा B अथवा A अथवा T अङ्कित पत्ती पर्ने सम्भाव्यता कति हुन्छ ? पत्ता लगाउनुहोस् । Find the robability of occurring the letters B or A or T while drawing a letter card from 11 cards of the word "PROBABILITY".

15B. गणितको अङ्ग्रेजी शब्द "MATHEMATICS" को 11 ओटा अक्षरहरू अङ्कित पत्तीहरूबाट नहेरिकन एउटा पत्ती निकाल्दा M अथवा A अथवा T अङ्कित पत्ती पर्ने सम्भाव्यता कति हुन्छ, निकाल्नुहोस् । Find the probability of occurring the letters M or A or T while drawing a letter card from 11 cards of the word "MATHEMATICS".

15C. तथ्याङ्क शास्त्रको अङ्ग्रेजी शब्द "STATISTICS" मा रहेका 10 ओटा अक्षरहरूको सङ्केतबाट अङ्कित पत्तीहरूबाट नहेरिकन एउटा पत्ती निकाल्दा S अथवा T अथवा I अङ्कित पत्ती आउने सम्भाव्यता कति हुन्छ, निकाल्नुहोस ।
Find the probability of occurring the letters S or T or I while drawing a letter card from 10 cards in the word "STATISTICS".

ANSWERS

1A. $\frac{3}{26}$ **1B.** $\frac{2}{13}$ **1C.** $\frac{4}{13}$ **1D.** $\frac{11}{13}$ **1E.** $\frac{11}{13}$ **1F.** $\frac{7}{13}$ **1G.** $\frac{3}{4}$ **1H.** $\frac{15}{52}$ **1I.** $\frac{1}{26}$
1J. $\frac{2}{13}$ **1K.** $\frac{2}{13}$ **1L.** $\frac{23}{26}$ **1M.** $\frac{8}{13}$ **1N.** $\frac{3}{26}$ **1O.** $\frac{7}{13}$ **1P.** $\frac{15}{52}$ **1Q.** $\frac{7}{13}$ **1R.** $\frac{2}{13}$
1S. $\frac{1}{2}$ **1T.** $\frac{3}{13}$ **1U.** $\frac{5}{13}$ **1V.** $\frac{2}{13}$ **2A.** $\frac{1}{2}$ **2B.** $\frac{2}{3}$ **2C.** $\frac{1}{12}$ **2D.** $\frac{2}{3}$ **2E.** $\frac{1}{4}$
3A. $\frac{1}{3}$ **3B.** $\frac{3}{10}$ **4A.** $\frac{1}{4}$ **4B.** $\frac{9}{25}$ **4C.** $\frac{3}{8}$ **4D.** $\frac{2}{5}$ **4E.** $\frac{1}{3}$ **4F.** $\frac{7}{20}$ **4G.** $\frac{7}{20}$
5A. $\frac{12}{37}$ **5B.** $\frac{1}{2}$ **5C.** $\frac{3}{10}$ **5D.** $\frac{3}{10}$ **6A.** $\frac{3}{20}$ **6B.** $\frac{1}{5}$ **6C.** $\frac{3}{16}$ **6D.** $\frac{5}{26}$ **6E.** $\frac{3}{16}$
7A. $\frac{5}{6}$ **7B.** $\frac{16}{21}$ **7C.** $\frac{7}{15}$ **7D.** $\frac{15}{31}$ **8A.** $\frac{11}{34}$ **8B.** $\frac{1}{3}$ **8C.** $\frac{12}{29}$ **9A.** $\frac{7}{11}$ **9B.** $\frac{2}{3}$
9C. $\frac{7}{10}$ **10A.** $1, \frac{3}{4}$ **10B.** $1, \frac{1}{4}$ **11A.** $\frac{1}{4}$ **11B.** $\frac{1}{4}$ **11C.** 0.25 **11D.** 0.25 **11E.** $\frac{1}{12}$ **11F.** $\frac{1}{12}$
11G. $\frac{10}{13}$ **11H.** $\frac{3}{65}$ **11I.** $\frac{1}{12}$ **12A.** (i) $\frac{1}{3}$ (ii) $\frac{2}{3}$ **12B.** (i) 0.25 (ii) 0.75 **12C.** $\frac{3}{4}, \frac{1}{4}$ **12D.** $\frac{4}{5}, \frac{1}{5}$
12E. $\frac{3}{4}, \frac{1}{4}$ **12F.** (i) $\frac{3}{4}$ (ii) $\frac{1}{4}$ **12G.** $\frac{5}{9}$ **13A.** $\frac{4}{11}$ **13B.** $\frac{8}{11}$ **13C.** $\frac{4}{11}$ **14A.** $\frac{2}{9}$ **14B.** $\frac{3}{50}$ **15A.** $\frac{4}{11}$
15B. $\frac{6}{11}$ **15C.** $\frac{4}{5}$

pushpas.com.np

www.drmathnp.com

puspas.com.np

GENERAL EXERCISE 18A

SHORT QUESTIONS

Model 1 *Problems based on playing cards. (Addition law and Multipication law)*

1A. 52 पत्ती भएको एक प्याकमा पानको रानी हरायो र एउटा तास नहेरिकन झिकिएको छ भने रातो तास वा चिडी आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
A queen of heart is lost from a deck of 52 cards and a card is drawn at random. Find the probability of getting red coloured card or club.

1B. चिडीको पञ्जाको सट्टा इट्टाको चौका परेको 52 पत्ती तासको गड्डीबाट एउटा तास झिक्दा चौका वा अनुहार भएका तासहरू आउने सम्भाव्यता कति हुन्छ ?
A deck of 52 cards in which a card of diamond numbered 4 is replaced instead of a card of club numbered 5. What is the probability of getting the numbered 4 or face cards?

2A. राम्रोसँग फिटिएको 52 पत्ती भएको एक सेट तासबाट पालै-पालो दुईओटा तास (झिकिएको तास पुनः राखी) झिक्दा दुवै मिस्सी आउन सक्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
Two cards are drawn one after another (with replacement) from a well shuffled pack of 52 playing cards. Find the probability of getting both queens.

2B. राम्रोसँग फिटिएको 52 पत्ती भएको एक सेट तासबाट पालै-पालो दुईओटा तास (झिकिएको तास पुनः राखी) झिक्दा मिस्सी र बादशाह आउन सक्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
Two cards are drawn one after another (with replacement) from a well shuffled pack of 52 playing cards. Find the probability of getting a queen and a king.

Model 2 *Problems based on rolling dice or coin.(Addition law and Multipication law)*

3. एउटा घनाकार पासा 100 पटक उफार्दा पाएका परिणामहरू तालिकामा दिइएको छ ।
A cubical dice is thrown 100 times and the result is given in the following table.

परिणाम (Result)	1	2	3	4	5	6
बारम्बारता (Frequency)	20	15	18	18	14	15

निम्न परिणामहरूको प्रयोगाश्रित सम्भाव्यता निकाल्नुहोस् । (Find the empirical probability of the following results.)
A. 3 वा 5 आउने (getting 3 or 5) **B.** 6 वा 4 भन्दा कम आउने (6 or getting less than 4)

4. एउटा घनाकार पासा 20 पटक उफार्दा पाएका परिणामहरू तालिकामा दिइएको छ ।
A cubical dice is thrown 20 times and the result is given in the following table.

परिणाम (Result)	1	2	3	4	5	6
बारम्बारता (Frequency)	3	5	4	2	3	3

निम्न परिणामहरूको प्रयोगाश्रित सम्भाव्यता निकाल्नुहोस् । (Find the empirical probability of the following result.)
A. 2 वा 4 आउने (getting 2 or 4) **B.** 5 वा 3 भन्दा कम आउने (5 or getting less than 3)

5. एस.ई.ई. परीक्षामा एउटा विद्यालयको गणित विषयको नतिजा विवरण निम्न अनुसार छ :
The result of mathematics subject of a school in SEE Examination is given below:

ग्रेड (Grade)	A+	A	B	C	जम्मा (Total)
विद्यार्थी सङ्ख्या (No. of student)	3	13	12	2	30

निम्न परिणामहरूको प्रयोगाश्रित सम्भाव्यता निकाल्नुहोस् । (Find the empirical probability of the following results.)
A. A+ वा B आउने (getting A+ or B) **B.** A वा C आउने (getting A or C)

6. दुईओटा डाइसलाई सँगै गुडाउँदा, निम्नलिखित घटनाहरू हुने सम्भाव्यता पत्ता लगाउनुहोस्:
When two dice are rolled simultaneously, find the probabilities of getting following events:
A. एउटामा 3 र अर्कोमा जोर सङ्ख्या (3 in one and even number in other)
B. एउटामा 4 र अर्कोमा विजोर सङ्ख्या (4 in one and odd number in other)
C. एउटामा रुढ सङ्ख्या र अर्कोमा 6 (Prime number in one and 6 in other)
D. एउटामा संयुक्त सङ्ख्या र अर्कोमा 2 (Composite number in one and 2 in other)
E. दुवैमा जोर सङ्ख्याहरू (Both are even numbers) **F.** दुवैमा विजोर सङ्ख्याहरू (Both are odd numbers)
G. एउटामा 2 को अपवर्त्य र अर्कोमा 3 (Multiple of 2 in one and 3 in other)
H. एउटामा 3 को अपवर्त्य र अर्कोमा 4 को गुणनखण्ड (Multiple of 3 in one and factor of 4 in other.)

Model 3 *Problems based on drawing a ball / marble from a bag (Addition law).*

7A. एउटा झोलामा नीला, काला र राता गुच्चाहरू 2 : 3 : 4 को अनुपातमा छन् । यदि सो झोलामा 16 ओटा राता गुच्चाहरू भए उक्त झोलाबाट एउटा गुच्चा छान्दा रातो वा नीलो गुच्चा पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
In a bag, the blue, black and red marbles are in the ratio of 2 : 3 : 4. If there are 16 red marbles and a marble is chosen, find the probability of getting the marble red or blue.

www.drmathnp.com

pushpas.com.np


7B. एउटा झोलामा नीला, काला र राता गुच्चाहरू 2 : 3 : 4 को अनुपातमा छन् । यदि सो झोलामा 9 ओटा काला गुच्चाहरू भए उक्त झोलाबाट एउटा गुच्चा छान्दा रातो वा कालो गुच्चा पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
In a bag, the blue, black and red marbles are in the ratio of 2 : 3 : 4. If there are 9 black marbles and a marble is chosen, find the probability of getting the marble red or black.

8A. एउटा झोलामा 5 ओटा राता, 8 ओटा हरिया र केही सेता बलहरू छन् । एउटा बल सो झोलाबाट झिक्दा हरियो वा सेतो बल आउने सम्भाव्यता 0.75 भए सेता बलहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
A bag contains 5 red, 8 green and some white balls. A ball is drawn from the bag so that the probability of green or white ball is 0.75. Find the number of white balls.


8B. एउटा झोलामा केही राता, 8 ओटा हरिया र 7 ओटा सेता बलहरू छन् । एउटा बल सो झोलाबाट झिक्दा रातो वा सेतो बल आउने सम्भाव्यता 0.6 भए राता बलहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
A bag contains some red, 8 green and 7 white balls. A ball is drawn from the bag so that the probability of red or white ball is 0.6. Find the number of red balls.

Model 4 Problems based on spinner or circular sector (Addition or Multiplication Law).

9A. बराबर आकारका 5 ओटा कोठाहरू भएको एउटा वृत्तको केन्द्र बिन्दुको माथिबाट दुई गेडा मकै खसाल्दा निम्न अनुसार सम्भाव्यता निकाल्नुहोस् ।
(i) दुवै जोर सङ्ख्याका कोठाहरूमा पर्ने (ii) जोडफल बिजोर हुने कोठाहरूमा पर्ने
A circle has five equal parts and two grains of maize are dropped from vertically above the center. Find the following probabilities.
(i) Lying both grains on the even numbered room.
(ii) The sum of the numbers lying the grains is an odd.



9B. बराबर आकारका 3 ओटा कोठाहरू भएको एउटा फिरफिरेको माथिबाट दुई गेडा मकै खसाल्दा निम्नअनुसार सम्भाव्यता निकाल्नुहोस् ।
(i) दुवै जोर सङ्ख्याका कोठाहरूमा पर्ने (ii) जोडफल बिजोर हुने कोठाहरूमा पर्ने
A spinner has 3 equal parts and two grains of maize are dropped from vertically above the center. Find the following probabilities.
(i) Lying both grains on the even numbered room.
(ii) The sum of the numbers lying the grains is an odd.



9C. सँगैको चित्रमा एउटा अष्टभुजाकार फिरफिरे देखाईएको छ । फिरफिरे घुमाउँदा फिरफिरेको तीर *a* वा *c* मा अडिने सम्भाव्यता कति हुन्छ ?
In the adjoining figure, the octagonal spinner is shown. If the spinner is spun, find the probability that the tip of the spinner stops at *a* or *c*.



Model 5 Problems based on the probability of Addition law and Multiplication law.

10A. A र B दुई पारस्परिक निषेधित घटनाहरू हुन्, जसमा P(A नहुने) = 0.65, P(B) = p र P(A ∪ B) = 0.65 छ । p को मान पत्ता लगाउनुहोस् ।
Two events A and B are mutually exclusive events with P(not A) = 0.65, P(B) = p and P(A ∪ B) = 0.65 . Find the value of p.

10B. A र B दुई पारस्परिक निषेधित घटनाहरू हुन्, जसमा P(A) = 0.4 र P(B) = 0.5 भए मान पत्ता लगाउनुहोस् :
Two events A and B are mutually exclusive events with P(A) = 0.4 and P(B) = 0.5 then find the value of:
(i) P(A ∪ B) (ii) P(A ∪ $\bar{B}$) (iii) P($\overline{A \cup B}$)

11A. A र B दुई अनाश्रित घटनाहरू हुन्, जसमा P(A नहुने) = 0.25, P(B) = x र P(A ∩ B) = 5% छ । x को मान पत्ता लगाउनुहोस् ।
Two events A and B are independent events with P(not A) = 0.25, P(B) = x and P(A ∩ B) = 5% . Find the value of x.

11B. A र B दुई अनाश्रित घटनाहरू हुन्, जसमा P(A) = 0.4 र P(B) = 0.5 भए मान पत्ता लगाउनुहोस् :
Two events A and B are independent events with P(A) = 0.4 and P(B) = 0.5 then find the value of :
(i) P(A ∩ B) (ii) P(B ∩ $\bar{A}$) (iii) P($\bar{B}$ ∩ A) (iv) P($\bar{A}$ ∩ $\bar{B}$)

Model 6 Problems based on multiplication law of probability.

12A. म विद्यालय जाँदा बाटोमा ट्राफिक सूचक बत्ती कुर्नुपर्ने सम्भाव्यता 0.25 छ । लगातार दुई दिन बिहान विद्यालय जाँदा कम्तिमा एक पटक ट्राफिक सूचक बत्ती कुर्नुपर्ने सम्भाव्यता निकाल्नुहोस् ।
The probability that I have to wait at the traffic lights on my way to school is 0.25. Find the probability that, on two consecutive mornings, I have to wait on at least one morning.

12B. झिल्के दाई एउटा पार्टीमा जाँदा बाटोमा ट्राफिक जाँच (मा.प.से.) मा पर्ने सम्भाव्यता 0.4 छ । लगातार दुई दिन बेलुका पार्टीमा जाँदा ऊ कम्तिमा एक पटक ट्राफिक जाँच (मा.प.से.) मा पर्ने सम्भाव्यता निकाल्नुहोस् ।
The probability that *Jhilke dai* will have a traffic checking (*Mapase*) is 0.4. Find the probability that, on two consecutive evening, he will have traffic checking (*Mapase*) on at least one evening.

www.drmathnp.com

13A. एक जना मानिस बाँच्ने सम्भाव्यता 0.6 छ र उसको प्रेमीका बाँच्ने सम्भाव्यता 0.4 छ भने दुवै जना बाच्ने सम्भाव्यता कति होला ?
The probability of a man alive is 0.6 and the probability of his girl friend alive is 0.4. Find the probability of both will be alive.

13B. एक जना केटा बाँच्ने सम्भाव्यता 0.25 छ र अर्को एक जना केटी बाँच्ने सम्भाव्यता 0.75 छ भने दुवै जना बाच्ने सम्भाव्यता कति होला ?
The probability of a boy alive is 0.25 and the probability of a girl alive is 0.75. Find the probability of both will be alive.

14A. एउटा कक्षामा 40 जना विद्यार्थीहरू छन् । तिनीहरूमध्ये 15 जना केटाहरू र बाँकी केटीहरू छन् । यदि 15 जनाले अतिरीक्त गणित पढेका भए एक जना विद्यार्थी छान्दा अतिरीक्त गणित पढेकी केटी पर्ने सम्भाव्यता कति होला ?
There are 40 students in a class. Among them 15 are boys and remaining are girls. If 15 of them study Optional Maths, find the probability of selecting a girl studying Optional Maths.

14B. एउटा कक्षामा 80 जना विद्यार्थीहरू छन् । तिनीहरूमध्ये 25 जना केटीहरू र बाँकी केटाहरू छन् । 10 जना बिदेशी र बाँकी नेपालीहरू छन् । यदि 20 जना गोरा रङ्गका छन् भने एक जना विद्यार्थी छान्दा बिदेशी गोरी केटी छानिने सम्भाव्यता कति होला ?
There are 80 students in a class. Among them 25 are girls and remaining are boys, 10 foreigners and remaining Nepalese. If 20 of them are fair-complexioned, what is the probability of selecting a fair-complexioned foreign girl?

15A. एउटा 30 जनाको कक्षामा 15 जना फुटबल, 10 जना भलिबल र 5 जना क्रिकेट खेल्दा रहेछन् । यदि एक विद्यार्थी छानेर पुन: समूहमा फिर्ता गरी स्वतन्त्रपूर्वक अर्को विद्यार्थी छानियो भने यसरी छानिने विद्यार्थीहरूमा दुवै फुटबल खेलाडी हुने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
In a class of 30 students, 15 play football, 10 play volleyball and 5 play cricket. If one student is chosen and the student is returned back to choose another student at random, find the probability of selecting both football players.

15B. एउटा 30 जनाको कक्षामा 15 जना फुटबल, 10 जना भलिबल र 5 जना क्रिकेट खेल्दा रहेछन् । यदि एक विद्यार्थी छानेर पुन: समूहमा फिर्ता गरी स्वतन्त्रपूर्वक अर्को विद्यार्थी छानियो भने यसरी छानिने विद्यार्थीहरूमा पहिलो विद्यार्थी फुटबल खेलाडी र दोस्रो क्रिकेट खेलाडी हुने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
In a class of 30 students, 15 play football, 10 play volleyball and 5 play cricket. If one student is chosen and the student is returned back to choose another student at random, find the probability of selecting first football player and second cricket player.

16A. एउटा मानिसको देब्रे हात चल्ने सम्भाव्यता $\frac{1}{18}$ छ र एउटा मानिसले चस्मा लगाउने सम्भाव्यता $\frac{1}{4}$ छ भने छानिएको मानिस देब्रेहात चल्ने र चस्मा नलगाउने हुन सक्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
The probability of a man being left handed is $\frac{1}{18}$ and probability of a man wearing spectacles is $\frac{1}{4}$. Find the probability of selecting the man with left handed and not wearing spectacles.

16B. एउटा मानिसको देब्रे हात चल्ने सम्भाव्यता 10% छ र एउटा मानिसले चस्मा लगाउने सम्भाव्यता $\frac{1}{9}$ छ भने छानिएको मानिस दाहिने हात चल्ने र चस्मा लगाउने हुन सक्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
The probability of a man being left handed is 10% and probability of a man wearing spectacles is $\frac{1}{9}$. Find the probability of selecting the man with right handed and wearing spectacles.

17A. विद्यार्थीहरूको बिचमा गरीएको एउटा सर्वेक्षणमा 60% ले साइकल चढ्ने र 70% सी.डी. प्लेयर बजाउने रहेछन् । स्वतन्त्रतापूर्वक छानेको एउटा विद्यार्थी साइकल चढ्ने तर सी.डी. प्लयेर नबजाउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
In a survey of student, it is found that 60% ride cycle and 70% play CD player. Find the probability of selecting a student riding cycle but not playing the CD player.

17B. विद्यार्थीहरूको बिचमा गरीएको एउटा सर्वेक्षणमा 60% ले साइकल चढ्ने र 30% सी.डी. प्लेयर नबजाउने रहेछन् । स्वतन्त्रतापूर्वक छानेको एउटा विद्यार्थी साइकल चढ्ने र सी.डी. प्लयेर बजाउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
In a survey of student, it is found that 60% ride cycle and 30% do not play CD player. Find the probability of selecting a student riding cycle but playing the CD player.

ANSWERS

1A. $\frac{38}{51}$ **1B.** $\frac{17}{52}$ **2A.** $\frac{1}{169}$ **2B.** $\frac{1}{169}$ **3A.** $\frac{8}{25}$ **3B.** $\frac{17}{25}$ **4A.** $\frac{7}{20}$ **4B.** $\frac{11}{20}$ **5A.** $\frac{1}{2}$

5B. $\frac{1}{2}$ **6A.** $\frac{1}{12}$ **6B.** $\frac{1}{12}$ **6C.** $\frac{1}{12}$ **6D.** $\frac{1}{18}$ **6E.** $\frac{1}{4}$ **6F.** $\frac{1}{4}$ **6G.** $\frac{1}{6}$ **6H.** $\frac{1}{6}$

7A. $\frac{2}{3}$ **7B.** $\frac{5}{9}$ **8A.** 7 **8B.** 5 **9A.** $\frac{4}{25}, \frac{12}{25}$ **9B.** $\frac{1}{9}, \frac{4}{9}$ **9C.** $\frac{1}{2}$ **10A.** 0.30

10B. (i) 0.9 (ii) 0.9 (iii) 0.1 **11A.** 0.3 or 30% **11B.** (i) $\frac{1}{5}$ (ii) $\frac{3}{10}$ (iii) $\frac{1}{5}$ (iv) $\frac{3}{10}$

12A. $\frac{7}{16}$ **12B.** $\frac{16}{25}$ **13A.** 0.24 **13B.** 0.1875 **14A.** $\frac{15}{64}$ **14B.** $\frac{5}{512}$ **15A.** $\frac{1}{4}$ **15B.** $\frac{1}{12}$ **16A.** $\frac{1}{24}$

16B. $\frac{1}{10}$ **17A.** $\frac{9}{50}$ **17B.** $\frac{21}{50}$

pustaks.com.np

www.drmathnp.com

puspas.com.np

18.2 वृक्षचित्र (Tree Diagram)

SEE / SLC REVIEW MESSAGE

[8 Models ↔ 6 Periods]

SHORT QUESTIONS

Models	SEE Examination History (2065 to 2075)	n(Q)
Model 1	2065 M, A, D, E, S, 2066 A – E, 2067 A – D, 2068 A - D, S, 2069 A, B, C, E, 2070 A - E, S, 2071 B, 2072 ALL, SEE 2073 PU, MA, PA, MP, SP, SEE 2074 M1, SEE 2073 S, 2074 AC, CC, DC, SEE 2074 S, 2074 S - OC	48
Model 2	2065 B, 2065 C, 2066 S, 2071 S	4
Model 4	2069 C, SEE 2074 BC	2
Model 5	2067 S, 2071 C, SEE 2074 M3, SEE 2075 AP, ... GP	10
Model 6	2068 E, 2071 A	2
Model 7	SEE 2074 OC	1
Model 8	2071 D, 2071 E	2

SEE EXERCISE 18B

Model 1 *On drawing a tree diagram to show all the probabilities (without replacement).*

2. दुईओटा वस्तुहरू नहेरीकन, एकपछि अर्को झिक्दा (पुनः नराखी) हुने सबै सम्भाव्यताहरूलाई वृक्ष चित्रमा देखाउनुहोस् ।
Two objects are drawn randomly one after the other without replacement. Show all the probabilities so formed on a tree diagram.

A. एउटा झोलामा 11 ओटा राता र 13 ओटा निला उत्रै र उस्तै बलहरू राखिएका छन् ।
A bag contains 11 Red and 13 blue balls of same shape and size. **[SEE 2073 S, 2065 S, 2068 B]**

B. एउटा झोलामा उस्तै र उत्रै 5 ओटा राता र 3 ओटा सेता बलहरू छन् ।
There are 5 red and 3 white balls of same shape and size in a bag. **[SEE 2074 AC, 2065D, 2068 A, 2072 S, 2073 PU]**

C. एउटा बाकसमा 20 ओटा उस्तै र उत्रै खेलौनाहरू छन् । तिनीहरूमध्ये 12 ओटा रातो रङ्का र बाँकी निलो रङ्का छन् ।
There are 20 toys of same shape and size in a box. Out of them, 12 are red coloured and remaining blue coloured. **[SEE 2074 CC, 2072 FW, SEE 2073 MP]**

D. एउटा झोलामा 12 ओटा हरिया र 10 ओटा पहेँला उस्तै र उत्रै अम्बाहरू छन् ।
A bag contains 12 green and 10 yellow guavas of same shape and size. **[SEE 2074 S, 2072 MW]**

E. एउटा झोलामा 8 ओटा हरिया र 10 ओटा पहेँला उत्रै र उस्तै कागतीहरू छन् ।
A bag contains 8 green and 10 yellow lemons of same size and shape. **[SEE 2074 DC]**

F. एउटा झोलामा 7 ओटा राता र 6 ओटा सेता उस्तै र उत्रै गुच्चाहरू छन्
A bag contains 7 red and 6 white marbles of the same shape and size. **[2074 S - OC]**

G. एउटा बाकसमा 6 ओटा काला र 7 ओटा सेता रङ्गका एउटै आकार र प्रकारका गुच्चाहरू राखिएका छन् ।
There are 6 black and 7 white marbles of same size and shape are kept in a box. **[2070 S, 2071 B, SEE 2073 PA]**

H. एउटा झोलामा 15 ओटा असल र 5 ओटा खराब स्याउहरू छन् ।
A bag contains 15 good apples and 5 bad apples. **[2070 A, 2070 B, 2067 B, 2072 E]**

I. तीन ओटा राता र दुई ओटा सेता बलहरू राखिएका छन् । **[2069 A, 2070 D, SEE 2073 SP, SEE 2074 M1]**
Three red and two white balls of the same size.

J. एउटा झोलामा 5 ओटा पहेँला र 6 ओटा निला उत्रै र उस्तै बलहरू छन् ।
A bag contains 5 yellow and 6 blue balls of same shape and size. **[2069 B, 2069 D, 2072 C]**

K. एउटा झोलामा 9 ओटा सेता र 8 ओटा काला उस्तै र उत्रै बलहरू छन् ।
A bag contains 9 white and 8 black balls of the same shape and size. **[2069E, 2068S]**

L. एउटा झोलामा उस्तै आकारका 3 ओटा राता र 4 ओटा नीला बलहरू राखिएका छन् ।
A bag contains 3 red and 4 blue balls of same size. **[2067 D, 2067 A]**

M. एउटा झोलामा 7 ओटा सेता र 4 ओटा काला उत्रै र उस्तै गुच्चाहरू छन् ।
A bag contains 7 white and 4 black marbles of same size and shape. **[2070 E, 2067 C]**

N. 5 ओटा सेता र 7 ओटा राता उस्तै उत्रै बलहरू भएको एउटा झोलाबाट बलहरू निकाल्दा
From a bag containing 5 white and 7 red balls of the same shape and size. **[2065 M, 2065 A, 2073 MA]**

O. एउटा झोलामा उस्तै र उत्रै किसिमका 20 ओटा बलहरू छन् जसमा 15 ओटा राता बलहरू र बाँकी काला बलहरू राखिएका छन् ।
A bag contains 20 identical balls in which 15 balls are red and rest black balls. **[2065 E, 2066 A,2072 W]**

P. एउटा भाँडोमा 15 ओटा राता र 24 ओटा सेता उस्तै र उत्रै बलहरू छन् ।
A vessel contains 15 red and 24 white balls of the same shape and size. **[2066 B, 2066 C, 2070 C]**

Q. झोलामा 5 ओटा नीला र 3 ओटा सेता बलहरू छन् । (A bag containing 5 blue and 3 white balls.) **[2066 D, 2066 E]**

R. झोलामा 7 ओटा राता र 5 ओटा काला उस्तै र उत्रै बलहरू छन् ।
A bag contains 7 red and 5 black balls of the same shape and size. **[2068 C, 2068 D]**

www.drmathnp.com

puspas.com.np

Model 2 *Problems based on drawing tree diagram and finding probability.*

3A. एउटा भाँडोमा 7 ओटा हरिया र 9 ओटा काला उत्रै र उस्तै बलहरू छन् । सो भाँडोबाट नहेरिकन दुईओटा बलहरू एकपछि अर्को पुनः नराखि झिक्दा हुन सक्ने सबै सम्भाव्यतालाई वृक्षचित्रमा प्रस्तुत गर्नुहोस् र दुवै काला बलहरू पर्ने सम्भाव्यता पनि निकाल्नुहोस् ।
An urn contains 7 green and 9 black balls of the same shape and size. Two balls are drawn at random one after the other without replacement. Draw a tree diagram showing all the probabilities and also find the probability of getting both black balls. [2065 B]

3B. एउटा भाँडोमा 5 ओटा हरिया र 7 ओटा काला उत्रै र उस्तै बलहरू छन् । सो भाँडोबाट नहेरिकन दुईओटा बलहरू एकपछि अर्को पुनः नराखि झिक्दा हुन सक्ने सबै सम्भाव्यतालाई वृक्षचित्रमा प्रस्तुत गर्नुहोस् र दुवै हरिया बलहरू पर्ने सम्भाव्यता पनि निकाल्नुहोस् ।
An urn contains 5 green and 7 black balls of the same shape and size. Two balls are drawn at random one after the other without replacement. Draw a tree diagram showing all the probabilities and also find the probability of getting both green balls.

4A. एउटा परिवारमा 4 जना पुरुष र 3 जना महिला छन् । दुई दिन लगातार एक जनालाई नदोहोरिने गरी निश्चित काममा लगाइयो । दुवै दिन पुरुष पर्ने सम्भाव्यतालाई वृक्षचित्रमा देखाउनुहोस् ।
There are 4 male and 3 female members in a family. A member is sent for 2 days continuously in certain work without repetition. Represent the probability for getting both days male in a tree diagram. [2071 S]

4B. 24 जना केटा र 15 जना केटीहरू भएको एउटा कक्षाबाट दुई जना विद्यार्थीहरू गोला प्रथाबाट छान्दा केटा र केटी पर्ने सबै सम्भाव्यताहरूलाई एउटा वृक्ष चित्रमा प्रस्तुत गर्नुहोस् ।
From a class having 24 boys and 15 girls, two students are selected randomly. Show all the probabilities of being a boy and a girl on a tree diagram. [2066 S]

4C. 20 जना केटा र 30 जना केटीहरू भएको एउटा कक्षाबाट गोला प्रथाबाट 2 जना विद्यार्थी छान्दा केटा अथवा केटी पर्ने सम्भाव्यतालाई वृक्षचित्र तयार पारी देखाउनुहोस् ।
A class contains 20 boys and 30 girls. If two students are selected at random, show the probability of selecting a boy and a girl on a tree diagram. [2065 C]

Model 3 *Problems based on finding probability using tree diagram (with replacement).*

5. एउटा झोलामा निम्नानुसारका बलहरू छन् । एउटा बल नहेरीकन सो झोलाबाट झिकी त्यहीं राखियो । त्यसपछि अर्को बल झिकियो भने तलका बलहरू आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
A bag contains the following balls. A ball is drawn at random and replaced. After that another ball is drawn. Find the probability of the following balls.

	झोलामा भएका बलहरूको विवरण The description of balls in the bag	पत्ता लगाउनुपर्ने सम्भाव्यता The probability to be found
A.	5 ओटा काला र 7 ओटा सेता (5 black balls and 7 white)	दुवै बल सेता (both white balls) **[2059 C2]**
B.	3 ओटा राता र 5 ओटा सेता (3 red and 5 white)	दुवै बल सेता (both white balls) **[2059 D1]**
C.	4 ओटा काला र 3 ओटा सेता (4 black balls and 3 white)	दुवै बल काला (both black balls) **[2059 D2]**
D.	4 ओटा सेता र 6 ओटा पहेंला (4 white balls and 6 yellow balls)	दुवै बल पहेंला (both yellow balls) **[2060 S]**
E.	4 ओटा नीला र 3 ओटा राता (4 blue and 3 red)	दुवै एउटै रङ्गका (both are of the same colour) **[2060 A1]**
F.	3 ओटा नीला र 5 ओटा सेता (3 blue and 5 white)	दुवै एउटै रङ्गका (both are of the same colour) **[2060 A2]**
G.	5 ओटा सेता र 4 ओटा काला (5 white balls and 4 black)	दुवै सेता पर्ने (both white balls) **[2060 C]**
H.	3 ओटा राता र 5 ओटा सेता (3 red and 5 white balls)	दुवै बल रातो रङ्गका आउने (both are red) **[2057 B2]**

Model 4 *Problems based on finding sample space using tree diagram (without replacement).*

6A. एउटा रातो, एउटा हरियो र एउटा पहेंलो उत्रै र उस्तै बलहरू भएको एउटा झोलाबाट एक पछि अर्को गरी पुनः नराखी दुईओटा बलहरू निकाल्दा आउने सबै परिणामहरूको सम्भाव्यतालाई वृक्षचित्रमा देखाउनुहोस् ।
From a bag containing one red, one green and one yellow ball of the same shape and size, two balls are drawn randomly in succession without replacement. Show the probabilities of all outcomes in a tree diagram. [2069 C]

6B. एउटा झोलामा एउटा पहेंलो, एउटा रातो र एउटा कालो गरी 3 ओटा उस्तै र उत्रै मिठाइहरू राखिएका छन् । उक्त झोलाबाट नहेरिकन एउटा मिठाइ तान्ने र उक्त मिठाई झोलामा पुनः नराखी अर्को मिठाई तान्ने परीक्षणको सबै परिणामहरूको वृक्षचित्र प्रयोग गरी नमुना क्षेत्र लेख्नुहोस् ।
There is one yellow, one red and one black sweet in a bag. A sweet is taken out randomly and not replaced. Then after, another sweet is drawn. Write a sample space using a tree diagram. [2064 D1]

6C. एउटा झोलामा एउटा पहेंलो, एउटा रातो र एउटा सेतो गरी तीनओटा उस्तै र उत्रै मिठाइहरू राखिएका छन् । उक्त झोलाबाट नहेरिकन एउटा मिठाई तान्ने र उक्त मिठाई पुनः झोलामा नराखी अर्को मिठाई तान्दा आउन सक्ने परिणामहरूका सम्भाव्यताहरूलाई वृक्षचित्रमा देखाउनुहोस् ।
There are one yellow, one red and one white sweet in a bag. A sweet is drawn randomly and without replacing the sweet, another sweet is drawn from the bag. Show all the possible outcomes of the probabilities in a tree diagram. [SEE 2074 BC]

www.drmathnp.com

puspas.com.np

Model 5 *Tree diagram based on playing cards (without replacement).*

7A. राम्रो फिटिएको 52 ओटा तासको गड्डीबाट दुईओटा तासहरू नहेरीकन एकपछि अर्को गरी पुनः नराखीकन झिक्दा रानी तास पर्ने र नपर्ने सम्भावित परिणामहरूका सम्भाव्यताहरूलाई एउटा वृक्षचित्रमा देखाउनुहोस् ।
Two cards are drawn randomly from a well shuffled deck of 52 cards in succession without replacement. Show the probabilities of possible outcomes of getting and not getting a queen card in a tree diagram.
[SEE 2075 AP]

7B. राम्रो फिटिएको 52 ओटा तासको गड्डीबाट दुईओटा तासहरू नहेरीकन एकपछि अर्को गरी पुनः नराखीकन झिक्दा एक्का पर्ने र नपर्ने सम्भावित परिणामहरूका सम्भाव्यताहरूलाई एउटा वृक्षचित्रमा देखाउनुहोस् ।
Two cards are drawn randomly from a well shuffled deck of 52 cards in succession without replacement. Show the probabilities of possible outcomes of getting Ace and not getting Ace card in a tree diagram.
[SEE 2075 CP, FP]

7C. राम्रो फिटिएको 52 ओटा तासको गड्डीबाट दुईओटा तासहरू नहेरीकन एकपछि अर्को गरी पुनः नराखीकन झिक्दा एउटा गुलामको तास पर्ने र नपर्ने सम्भावित परिणामहरूका सम्भाव्यताहरूलाई एउटा वृक्षचित्रमा देखाउनुहोस् ।
Two cards are drawn randomly in succession without replacement from a well shuffled deck of 52 cards. Present the probabilities of all possible outcomes of getting and not getting a jack card in a tree diagram.
[SEE 2075 GP]

7D. राम्रोसँग फिटिएको 52 पत्ती भएको एक सेट तासबाट पालै-पालो दुई ओटा तास (झिकिएको तास पुनः नराखी) झिक्दा राजा (बादशाह) आउन सक्ने वा नसक्ने सम्भाव्यतालाई वृक्ष चित्र बनाई देखाउनुहोस् ।
Two cards are drawn one after the another (without replacement) from a well shuffled pack of 52 playing cards. Show the probability of getting or not getting a king by drawing a tree diagram.
[2067 S, 2071 C, SEE 2075 BP, DP]

7E. राम्रो फिटेको 52 पत्ती तासको पाकेटबाट दुई ओटा तास एकपछि अर्को (फिर्ता नराख्ने गरी) थुत्दा दुवै तास राजा नै पर्ने सम्भाव्यता कति हुन्छ वृक्षचित्र बनाई पत्ता लगाउनुहोस् ।
Two cards are drawn from a well-shuffled deck of 52 cards. Find the probability that both cards are king (the first card is not replaced) by drawing a tree diagram. **[2059 E1, 2059 E2]**

7F. राम्रो फिटिएको 52 पत्तीको एक प्याकेट तासबाट नहेरीकन एकपछि अर्को पुनः नराखीकन दुईओटा तास झिकिएका छन् । वृक्षचित्र खिची अनुहार भएको तास पर्ने र नपर्ने सबै सम्भावित परिणामहरूको सम्भाव्यताहरूलाई देखाउनुहोस् ।
Two cards are drawn randomly in succession without replacement from a well shuffled pack of 52 cards. By drawing a tree diagram show the probabilities of all the possible outcomes of getting and not getting a faced card. **[SEE 2075 EP, SEE 2074 M3]**

Model 6 *Problems on finding the probability of son/daughter using tree diagram.*

8. एउटा विवाहित दम्पतिबाट दुई बच्चाहरू जन्मिएका थिए । (Two children were born from a married couple.)

A. कमसेकम एउटा छोरा हुन सक्ने सम्भाव्यता वृक्षचित्रमा प्रस्तुत गरी निकाल्नुहोस् ।
Find the probability of having at least one son by drawing a tree diagram. **[2060 B1]**

B. कमसेकम एक जना छोरी हुन सक्ने सम्भाव्यता वृक्षचित्रमा प्रस्तुत गरी निकाल्नुहोस् ।
Find the probability of having a daughter by drawing a tree diagram. **[2071 A]**

C. एउटा पनि छोरी हुन नसक्ने सम्भाव्यता वृक्षचित्र प्रस्तुत गरी निकाल्नुहोस् ।
By drawing a tree diagram, find the probability of having no daughter. **[2060 B2]**

D. दुवै बच्चाहरू छोरी नै हुने सम्भाव्यता समेत निकाल्नुहोस् । (Calculate the probability of both are girls.) **[2060 A1]**

E. दुवै बच्चाहरू छोरा नै हुने सम्भाव्यता समेत निकाल्नुहोस् । (Calculate the probability of both are sons.) **[2060 A2]**

F. एक दम्पतिका तिनजना छोरा-छोरी छन् । सम्भाव्य परिणामहरूलाई वृक्षचित्र (Tree diagram) मा देखाउनुहोस् ।
A couple has three children. Show all the possible outcomes in tree diagram. **[2068 E]**

G. एक दम्पतिका दुई जना छोरा-छोरी छन् । सम्भाव्य परिणामहरूलाई वृक्षचित्र (Tree diagram) मा देखाउनुहोस् ।
A couple has two children. Show all the possible outcomes in a tree diagram.

Model 7 *Tree diagram based on tossing two coins in succession.*

9. एउटा सिक्कालाई दुईपटक सम्म क्रमशः उफार्दा आउने । (A coin is tossed two times in succession.)

A. सबै परिणामको वृक्षचित्र बनाई नमुना क्षेत्र लेख्नुहोस् । (Draw a tree diagram and write the sample space.) **[2057 E2, SEE 2074 OC]**

B. सबै परिणामको वृक्षचित्र बनाई दुवै पटक त्रिशूल (पुच्छर) आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
Calculate the probability that both are tails by drawing a tree diagram. **[2060 C1, 2059 B2]**

C. सबै परिणामको वृक्षचित्र बनाई दुवै पटक गाई (टाउको) आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
Calculate the probability that both are heads by drawing a tree diagram. **[2060 C2, 2059 B1]**

www.drmathnp.com

puspas.com.np

Model 8 *Tree diagram based on rolling the cubical dice.*

10A. एउटा घनाकार डाइसलाई दुईपटक गुडाउँदा पाँच आउने वा नआउने सबै परिणामहरूको सम्भाव्यतालाई एउटा वृक्षचित्रमा देखाउनुहोस् ।
A cubical dice is rolled two times. Show the probabilities of all the possible outcomes of getting or not getting 5 in a tree diagram. [2071 E, 2071 D]

10B. एउटा घनाकार डाइसलाई दुईपटक गुडाउँदा तिन आउने वा नआउने सबै परिणामहरूको सम्भाव्यतालाई एउटा वृक्षचित्रमा देखाउनुहोस् ।
A cubical dice is rolled two times. Show the probabilities of all the possible outcomes of getting or not getting 3 in a tree diagram.

ANSWERS

3A. $\frac{3}{10}$ **3B.** $\frac{5}{33}$ **5A.** $\frac{49}{144}$ **5B.** $\frac{25}{64}$ **5C.** $\frac{16}{49}$ **5D.** $\frac{9}{25}$ **5E.** $\frac{25}{49}$ **5F.** $\frac{17}{32}$ **5G.** $\frac{25}{81}$
5H. $\frac{9}{64}$ **6A.** {(R, B), (R, Y), (B, R), (B, Y), (Y, R), (Y, B)} **6B.** {(B, G), (B, R), (G, B), (G, R), (R, B), (R, G)}
8A. $\frac{3}{4}$ **8B.** $\frac{3}{4}$ **8C.** $\frac{1}{4}$ **8D.** $\frac{1}{4}$ **8E.** $\frac{1}{4}$ **9A.** {HH, HT, TH, TT} **9B.** $\frac{1}{4}$ **9C.** $\frac{1}{4}$

GENERAL EXERCISE 18B

SHORT QUESTIONS

Model 1 *Tree diagram based on numbered cards or playing cards (without replacement).*

1. राम्री फिटेको 52 पत्ती तासको एक प्याकेटबाट दुई ओटा तास झिक्दा (निकालिएको पत्ती पुन: नराखी) दुवै निम्नानुसारका तासहरू पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
From a well shuffled pack of 52 cards, two cards are drawn at random. Find the probability of the following cards.(first drawn card is not replaced.)

A. दुवै रानी (Both Queen)
B. दुवै गुलाम (Both Jack)
C. दुवै एक्का (Both Ace)
D. दुवै अनुहार भएको तास (Both face cards)
E. दुवै रातो तास (Both red coloured cards)
F. दुवै कालो तास (Both black coloured cards)

2. 1 देखि 20 सम्म लेखिएको सङ्ख्या पत्तीहरूबाट 2 ओटा सङ्ख्या पत्तीहरू झिक्दा तलका सङ्ख्या पत्तीहरू पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् । (निकालिएको पत्ती पुन: नराखी)
2 cards are drawn from a set of cards numbered from 1 to 20. Find the probability of getting the following number cards (first drawn card is not replaced.)

A. दुवै रुढ सङ्ख्याहरू (Both are prime numbers)
B. दुवै 5 का गुणाङ्कहरू (Both are multiples of 5)
C. दुवै 8 का गुणाङ्कहरू (Both are multiples of 8)
D. दुवै 15 का गुणाङ्कहरू (Both are multiples of 15)
E. दुवै वर्ग सङ्ख्याहरू (Both are square numbers)
F. दुवै घन सङ्ख्याहरू (Both are cube numbers)

Model 2 *On finding probability using tree diagram (without replacement).*

3A. एउटा टोकरीमा 7 ओटा राता र 5 ओटा हरिया उस्तै- उत्रै बलहरू राखिएका छन् । नहेरीकन पालैपालो दुईओटा बलहरू निकाल्दा (पुन: नराखी) बन्ने सम्भाव्यतालाई वृक्षचित्रमा प्रस्तुत गर्नुहोस् । साथै दुई पटक एउटै रङ्का बलहरू पर्ने सम्भावना कति हुन्छ, निकाल्नुहोस् ।
There are 7 red and 5 green balls of the same shape and size in a basket. If two balls are drawn randomly in succession without replacement from the basket, show the probability of all possible outcomes in tree diagram. Find the probability of getting both balls of the same colour.

3B. एउटा झोलामा 1 रातो, 1 निलो र 2 ओटा हरिया बलहरू छन् । एकपछि अर्को गरी पुन: नराखी दुई ओटा बलहरू झिकिएका छन् । सबै सम्भाव्य परिणामहरू सम्भाव्यता वृक्षचित्रमा देखाइ एउटै रङ्गका बल आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
A bag contains 1 red, 1 blue and 2 green balls. Two balls are drawn one after another without replacement, show all the possible outcomes in tree diagram and hence find the probability of getting the ball of same colour.

Model 3 *On finding probability using tree diagram when two are selected from a group.*

4A. एउटा विद्यालयको 400 विद्यार्थीहरूमध्ये 150 जना केटीहरू छन् । नृत्य प्रतियोगिताको लागि दुई जना विद्यार्थी छान्दा कम्तीमा एउटा केटी पर्ने सम्भावना कति हुन्छ ?
Among 400 students of a school, 150 are girls. For a dance competition, two students are chosen. Find the probability of at least one girl.

4B. एउटा विद्यालयको 600 विद्यार्थीहरूमध्ये 150 जनाले चस्मा लगाएका छन् । नृत्य प्रतियोगिताको लागि दुई जना विद्यार्थी छान्दा कम्तीमा एउटा चस्मा लगाएको विद्यार्थी छानिने सम्भावना कति हुन्छ ?
Among 600 students of a school, 150 are wearing spectacles. For dance competition, two students are chosen. Find the probability of choosing at least one student, wearing spectacles.

www.drmathnp.com

pustaks.com.np

5A. एउटा गोदाममा 17 ओटा बल्बहरू छन् जसमध्ये 5 ओटा बिग्रिएका छन् । नहेरिकन पालैपालो दुई ओटा बल्बहरू निकाल्दा (पहिला निकालिएको बल्ब पुन: नराखी) बन्ने सम्भाव्यतालाई वृक्षचित्रमा प्रस्तुत गर्नुहोस् । साथै दुवैपटक एकै गुणका बल्बहरू पर्ने सम्भाव्यता कति हुन्छ, निकाल्नुहोस् ।
There are 17 bulbs in a store of which 5 are defective. If two bulbs are drawn randomly in succession without replacement, show the probability of all possible outcomes in a tree diagram. Also, find the probability of getting both bulbs of the same quality.


5B. एउटा गोदाममा 25 ओटा बल्बहरू छन् जसमध्ये 6 ओटा बल्बहरू बिग्रिएका छन् । नहेरिकन पालैपालो दुई ओटा बल्बहरू निकाल्दा (पहिला निकालिएको बल्ब पुन: नराखी) बन्ने सम्भाव्यतालाई वृक्षचित्रमा प्रस्तुत गर्नुहोस् । साथै दुवैपटक एकै गुणका बल्बहरू पर्ने सम्भाव्यता कति हुन्छ, निकाल्नुहोस् ।
There are 25 bulbs in a store of which 6 are defective. If two bulbs are drawn randomly in succession without replacement, show the probability of all possible outcomes in a tree diagram. Also, find the probability of getting both bulbs of the same quality.

6A. एउटा झोलामा राता, सेता र हरिया गुच्चाहरू 2 : 3 : 5 को अनुपातमा छन् । सो झोलाबाट पालैपालो नहेरीकन दुई ओटा गुच्चा झिक्दा रातो र हरियो गुच्चा पर्ने सम्भाव्यता कति हुन्छ ?
A bag contains red, white and green marbles in the ratio of 2 : 3 : 5. Two marbles are drawn in succession without replacement. What is the probability of getting the marbles red and green?

6B. एउटा झोलामा राता, सेता र हरिया गुच्चाहरू 4 : 5 : 6 को अनुपातमा छन् । सो झोलाबाट पालैपालो नहेरीकन दुई ओटा गुच्चा झिक्दा दुवै रातो पर्ने सम्भाव्यता कति हुन्छ ?
A bag contains red, white and green marbles in the ratio of 4 : 5 : 6. Two marbles are drawn in succession without replacement. What is the probability of getting both the red marbles?

Model 4 *Problems based on finding the probability from the given tree diagram.*

7. एउटा सिक्कालाई दुई पटकसम्म उफार्दा आउनसक्ने सबै परिणामलाई सँगैको वृक्षचित्रमा देखाइएको छ । निम्नानुसारका सम्भाव्यता पत्ता लगाउनुहोस् ।
The outcomes of a coin when it is tossed two times is shown in the adjoining tree diagram. Find the following probabilities:




A. P(HH) **B.** P(TT) **C.** P(TH)

D. P(एकै किसिमका घटनाहरू (similar events))

E. P(फरक-फरक घटनाहरू (different events))

8. दुई पटकसम्म गरिएको प्रयोगलाई सँगैको वृक्षचित्रमा देखाइएको छ । R र W ले क्रमश: राता र सेता बलहरू जनाउँदछन् । वृक्षचित्रको आधारमा निम्नानुसारका सम्भाव्यता पत्ता लगाउनुहोस् ।
The adjoining tree diagram represents an experiment consisting of two stages. R and W represents the red and white balls. Use the tree diagram to find :



A. P(RR) **B.** P(WW)

C. P(एउटै रङ (same colour)) **D.** P(फरक रङ (different colour))

E. P(कम्तीमा एउटा रातो (atleast one red))

9. एउटा परिवारमा तिनजना केटाकेटीहरू जन्मेका थिए । वृक्षचित्रको आधारमा निम्नानुसारका सम्भाव्यता पत्ता लगाउनुहोस् ।
Three children were born in a family. Use the tree diagram to find:

A. दुईजना छोरा हुने (two sons) **B.** कम्तीमा 2 जना छोरी (at least two daughters)

C. तिनैजना केटी (all children are girls) **D.** कमसेकम एउटा छोरा (at least a son)

10. एउटा परिवारमा दुईओटा बच्चाहरू जन्मिएका छन् । (Two children are born in a family.)

A. सबै परिणामहरू देखाउने एउटा वृक्षचित्र खिच्नुहोस् ।
Draw a tree diagram to show the probabilities of all possible outcomes.

B. विपरीत लिङ्गी दुईओटा बच्चाहरू जन्मिने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
Find the probability of getting two children of opposite sex.

ANSWERS

1A. $\frac{1}{221}$	1B. $\frac{1}{221}$	1C. $\frac{1}{221}$	1D. $\frac{11}{221}$	1E. $\frac{25}{102}$	1F. $\frac{25}{102}$	2A. $\frac{28}{95}$	2B. $\frac{3}{95}$	2C. $\frac{1}{190}$
2D. $\frac{3}{95}$	2E. $\frac{3}{95}$	2F. $\frac{1}{190}$	3A. $\frac{31}{66}$	3B. $\frac{1}{6}$	4A. $\frac{649}{1064}$	4B. $\frac{1049}{2396}$	5A. $\frac{19}{34}$	5B. $\frac{31}{50}$
6A. $\frac{1}{9}$	6B. $\frac{2}{35}$	7A. $\frac{1}{4}$	7B. $\frac{1}{4}$	7C. $\frac{1}{4}$	7D. $\frac{1}{2}$	7E. $\frac{1}{2}$	8A. $\frac{7}{22}$	8B. $\frac{5}{33}$
8C. $\frac{31}{66}$	8D. $\frac{35}{66}$	8E. $\frac{28}{33}$	9A. $\frac{3}{8}$	9B. $\frac{1}{2}$	9C. $\frac{1}{8}$	9D. $\frac{7}{8}$	10B. $\frac{1}{2}$	

www.drmathnp.com

puspas.com.np

ASSIGNMENT ON PROBABILITY

Time : 40 Minutes **FM = [12 × 2 = 24]**

1. 52 पत्ती भएको राम्ररी फिटिएको तासको एक गड्डीबाट नहेरीकन एउटा पत्ती थुत्दा अनुहार भएको वा चौका पर्ने सम्भाव्यता कति हुन्छ ?
Find the probability of getting a face card or 4 card from a well-shuffled deck of 52 cards drawn at random.

2. यो हप्ता हरेक दिन नेपाल बन्द हुने सम्भाव्यता 0.2 छ । भोली र पर्सि दुई दिन कम्तिमा एक दिन नेपाल बन्द हुने सम्भाव्यता निकाल्नुहोस् ।
The probability of Nepal strike in each day of this week is 0.2. Find the probability that, on tomorrow and the day after tomorrow there will be Nepal strike on at least one day.

3. तासको एउटा प्याकेटबाट एक पत्ती तास भिकिएको छ र एउटा डाइस फ्याकिएको छ । तासमा राजा नपर्ने र डाइसमा 6 पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
A card is drawn randomly from a pack of card and a dice is thrown once. Determine the probability of not getting a card of king and getting 6 on the dice.

4. राम्ररी फिटेको 52 पत्ती तासको पाकेटबाट दुईओटा तास एकपछि अर्को (फिर्ता नराख्ने गरी) थुत्दा दुवै तास राजा नै पर्ने सम्भाव्यता कति हुन्छ, वृक्षचित्र बनाई पत्ता लगाउनुहोस् ।
Two cards are drawn from a well-shuffled deck of 52 cards. Find the probability that both cards are king (the first card is not replaced) by drawing a tree diagram.

5. 1 देखि 15 सम्म लेखिएको सङ्ख्या पत्तीहरूको समूहबाट एउटा सङ्ख्या पत्ती नहेरीकन भिकिएको छ । विजोर अथवा संयुक्त सङ्ख्या पत्ती पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
A number card is drawn at random from a group of a number card numbered from 1 to 15. Find the probability of getting odd numbered or composite numbered card.

6. एउटा डाइसलाई तिनपटक उफार्दा एक पटक मात्र 2 आउने सम्भावित नतिजाहरूलाई वृक्षचित्रमा प्रस्तुत गर्नुहोस् र सो सम्भाव्यता निकाल्नुहोस् ।
A die is thrown three times. Show the probability of scoring a 2 on just one occasion in the probability tree diagram and find the probability.

7. एउटा झोलामा उस्तै र उत्रै 15 ओटा राता र 20 ओटा नीला बलहरू छन् । 2 ओटा बलहरू नहेरीकन, एकपछि अर्को झिक्दा (पुनः नराखी) हुने सबै सम्भाव्यताहरूलाई वृक्षचित्रमा देखाउनुहोस् ।
A bag contains 15 red and 20 blue balls of same shape and size. 2 balls are drawn randomly one after the other without replacement. Show all the probabilities so formed in a tree diagram.

8. एउटा भाँडोमा 10 ओटा राता र 15 ओटा काला उस्तै र उत्रै बलहरू छन् । दुईओटा बलहरू एकपछि अर्को गरी (पुनः नराखी) अनायसी भिकिएको छ । सबै सम्भाव्य घटनाहरूलाई देखाउने एउटा वृक्षचित्र खिच्नुहोस् र दुवै राता बलहरू आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
An urn contains 10 red and 15 black balls of the same shape and size. Two balls are drawn at random one after another without replacement. Draw a tree diagram showing all the possible outcomes and find probability of getting both red balls.

9. एउटा झोलामा एउटा हरियो बल, एउटा खैरो बल एउटा पहेंलो बल छन् । सो झोलाबाट एउटा बल झिकियो । र पुनः राखिएन । फेरि सो झोलाबाट अर्को बल झिकियो । सबै सम्भाव्यता परिणामहरूलाई देखाउने एउटा वृक्षचित्र खिच्नुहोस् ।
There is one green ball, one brown ball and one yellow ball in a bag. One ball is drawn from the bag and not replaced. Again another ball is drawn from the bag. Draw a tree diagram to show all the possible outcome.

10. एउटा परिवारमा दुईओटा बच्चाहरू जन्मिए । एउटा सम्भाव्यता वृक्ष चित्र खिची हुन सक्ने सबै सम्भाव्यताहरू देखाउनुहोस् ।
Two children are born in a family. Draw a probability tree diagram showing all the possible outcomes.

11. एउटा सिक्कालाई दुईपटक सम्म क्रमशः उफार्दा आउने सबै परिणामको वृक्षचित्र बनाई दुवै पटक गाई (टाउको) आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
A coin is tossed two times in succession. Calculate the probability that both are heads by drawing a tree diagram.

12. राम्रोसँग फिटिएको 52 पत्ती भएको एक सेट तासबाट पालै-पालो दुईओटा तास (झिकिएको तास पुनः नराखी) झिक्दा अनुहार भएको तास आउन सक्ने वा नसक्ने सम्भाव्यतालाई वृक्ष चित्र बनाई देखाउनुहोस् ।
Two cards are drawn one after the another (without replacement) from a well shuffled pack of 52 playing cards. Show the probability of getting or not getting a face card by drawing a tree diagram.

Probability

ANSWERS

1. $\frac{4}{13}$ 2. $\frac{9}{25}$ 3. $\frac{2}{13}$ 4. $\frac{1}{221}$ 5. $\frac{14}{15}$ 6. $\frac{1}{8}$ 8. $\frac{6}{40}$ 11. $\frac{1}{4}$

www.drmathnp.com

puspas.com.np

CHALLENGING EXERCISE ON PROBABILITY

1. एउटा झोलामा 6 ओटा काला र 4 ओटा सेता गुच्चाहरू छन् । त्यस झोलाबाट एउटा गुच्चा नहेरी निकालेर त्यसैभित्र नराखी दोस्रो गुच्चा निकालियो भने वृक्षचित्र प्रयोग गरी गुच्चाहरूको निम्न सम्भाव्यता पत्ता लगाउनुहोस् :
A bag contains 6 black and 4 white marbles. A marble is drawn at random from the bag and the marble is not replaced then a second marble is drawn. By using a tree diagram, find the probability of getting the marbles of : **[2064 B1]**

(i) दुवै एउटै रङ्गका हुने र (both are of the same colour and)
(ii) दुवै फरक रङ्गका हुने । (both are of different colour.)

2. एउटा बाकसमा भएका बलहरूमा रातो बल आउने सम्भावना $\frac{2}{3}$ र सेतो बल आउने सम्भावना $\frac{1}{3}$ छ । यदि जम्मा बल 12 ओटा भए दुईओटा बल तान्दा पहिलो रातो र दोस्रो सेतो पर्ने सम्भावना पत्ता लगाउनुहोस् ।
A box contains 12 balls. The probability of getting a red ball is $\frac{2}{3}$ and white balls is $\frac{1}{3}$. Find the probability of getting first red and second white ball when drawing two balls.

3. एउटा झोलामा 5 ओटा राता र केही नीला बलहरू छन् । यदि सो झोलाबाट दुई ओटा बलहरू एकपछि अर्को नराखीकन झिक्दा दुवै राता आउने सम्भाव्यता $\frac{5}{18}$ भए नीला बलहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
A bag contains 5 red and some blue balls. If two balls are drawn one after another without replacement and the probability of getting both red is $\frac{5}{18}$, find the number of blue balls.

4. एउटा झोलामा 5 ओटा राता र n ओटा नीला कलमहरू छन् । यसबाट हचुवामा एउटा कलम निकालियो र उक्त कलम झोलामा नराखी अर्को कलम निकालियो । यसबाट हुन सक्ने सम्भाव्यताहरू जनाउने गरी एउटा वृक्षचित्र खिच्नुहोस् । यदि P(रातो, नीलो) $= \frac{5}{18}$ भए n को मान पत्ता लगाउनुहोस् ।
A bag contains 5 red and n blue pens. A pen is drawn at random and another draw is made without replacement. Draw a tree-diagram to show the probabilities. If the P(Red, Blue) $= \frac{5}{18}$, find the value of n.

5. एउटा गणितीय समस्यालाई दुईजना विद्यार्थीहरू A र B ले समाधान गर्ने सम्भाव्यता क्रमशः $\frac{2}{3}$ र $\frac{3}{4}$ छन् । यदि दुवैले समस्या हल गर्न कोशिस गरे भने निम्नलिखित सम्भाव्यता पत्ता लगाउनुहोस्:
The chance that A can solve a certain problem is $\frac{2}{3}$ and the chance that B can solve it is $\frac{3}{4}$. If both of them try, find probability that:

(i) दुवैले समस्या समाधान गर्ने (Both of them solve the problem.)
(ii) A ले समाधान गर्ने तर B ले समाधान नगर्ने (A solves it but B cannot.)
(iii) कम्तीमा एक जनाले समाधान गर्ने (At least one of them solves it.)

Hint: Let X and Y be two events that A and B solve a certain problem respectively then, $P(X) = \frac{2}{3}$, $P(Y) = \frac{3}{4}$

(i) Probability that both of them solve the problem = $P(X \text{ and } Y) = P(X) \times P(Y) = \frac{2}{3} \times \frac{3}{4} = \frac{1}{2}$

(ii) Probability that B cannot solve the problem = $P(\bar{Y}) = 1 - P(Y) = 1 - \frac{3}{4} = \frac{1}{4}$

Probability that A solves the problem but B cannot = $P(X \text{ and } \bar{Y}) = P(X).\ P(\bar{Y}) = \frac{2}{3} \times \frac{1}{4} = \frac{1}{6}$

(iii) Here X and Y are not mutually exclusive events so probability that at least one of them solves the problem = $P(X \text{ or } Y) = P(X) + P(Y) - P(X \text{ and } Y) = \frac{2}{3} + \frac{3}{4} - \frac{1}{2} = \frac{8+9-6}{12} = \frac{11}{12}$

6. एउटा गणितीय समस्यालाई दुईजना विद्यार्थीहरू A र B ले समाधान गर्ने सम्भाव्यता क्रमशः $\frac{1}{3}$ र $\frac{1}{4}$ छन् भने त्यो समस्या दुवै विद्यार्थीहरूलाई दिँदा समाधान हुने सम्भाव्यता निकाल्नुहोस् ।
The probability of solving a mathematical problem by two students A and B are $\frac{1}{3}$ and $\frac{1}{4}$ respectively. If the problem is given to both the students, find the probability of solving. **[2060 E1]**

ANSWERS

1. $\frac{7}{15}, \frac{8}{15}$ 2. $\frac{1}{5}$ 3. $\frac{8}{33}$ 4. 4 5. 4 6. $\frac{1}{2}$

www.drmathnp.com

pusmas.com.np

SEE MODEL QUESTIONS - SET 1

ISSUED BY CDC

विषय : अनिवार्य गणित पुर्णाङ्क : १००

समय : ३ घन्टा

GROUP A 6 × 1 = 6

1A. वास्तविक छुट र अङ्कित मूल्य दिइएको अवस्थामा छुट प्रतिशत पत्ता लगाउने सूत्र लेख्नुहोस् ।
Write the formula for finding rate of discount when discounted amount and marked price are given.

1B. भुजाको नाप 'a' एकाइ भएको समबाहु त्रिभुजको क्षेत्रफल कति हुन्छ ?
What is the area of equilateral triangle whose side is 'a' unit?


2A. यदि $\sqrt{x} = 9$ भए x को मान पत्ता लगाउनुहोस् ।
Find out the value of x if $\sqrt{x} = 9$.

2B. तल दिइएको तथ्याङ्कमा मध्यिका कुन श्रेणीमा पर्दछ ? लेख्नुहोस् ।
In the following data in which series does median lie? Write it.

X	20 – 30	30 – 40	40 – 50	50 – 60	60 – 70
c.f.	16	36	61	77	80

3A. एउटै आधार र उही समानान्तर रेखाबिच रहेका समानान्तर चतुर्भुज र त्रिभुजको क्षेत्रफलको सम्बन्ध के हुन्छ ? लेख्नुहोस् ।
What is the relation between area of parallelogram and triangle standing on same base and between the same parallels? Write it.

3B. दिइएको चित्रमा O वृत्तको केन्द्र छ । x को मान कति हुन्छ ?
In the given figure, O is the centre of the circle. What is the value of x?



GROUP B 17 × 2 = 34

4A. रु. 2700 मा 13% मूल्य अभिवृद्धि कर जोड्दा आउने मूल्य रु. 3060 भन्दा कतिले कम छ ?
How much more is Rs. 3060 than the value including 13% VAT in Rs. 2700?

4B. एकजना किसानले रु 400000 मा किनेको एउटा ट्याक्टरलाई 2 वर्ष पछि 10% प्रतिवर्ष मिश्रह्रासका दरले बेचेछ । उक्त ट्याक्टरको 2 वर्ष पछिको मूल्य कति हुन्छ ? पत्ता लगाउनुहोस् ।
A farmer bought a tractor for Rs 400000 and sold it after 2 years at 10% depreciation rate per year. What is the cost of tractor after 2 years? Find.

5A. एउटा बेलनाकार बन्द भाँडोको उचाइ 1 मि. र आयतन 1500 लीटर छ । उक्त ट्याङ्कीको आधार बनाउन कति वर्ग मिटर धातु आवश्यक पर्छ ?
The capacity of a closed cylindrical pot of height 1 m. is 1500 liters. How many square metres of metal sheet would be needed to make its base?

5B. 27 ओटा प्रत्येक 'x cm' अर्धव्यास भएका गोलाहरू पगालेर 'y cm' अर्धव्यास भएको गोला बनाइयो । x : y पत्ता लगाउनुहोस् ।
27 solid iron spheres, each of radius 'x cm' are melted to form a sphere with radius 'y cm', find the ratio x : y.

5C. एउटा सोली आकारको टेन्टको छड्के उचाइ 10 मि. र आधारको अर्धव्यास 7 मि. छ । उक्त टेन्ट बनाउन रु. 300 प्रति वर्ग मि. का दरले जम्मा कति खर्च लाग्छ ?
A conical tent has 10 m slant height and the radius of its base is 7 m. What is the cost of cloth required to make the tent at the rate of Rs. 300 per square meters?

6A. म.स. पत्ता लगाउनुहोस् (Find the HCF of) :
$(x^3 - xy^2), (x - y)$


6B. सरल गनुहोस् (Simplify): $\sqrt{125} - \sqrt{45} + \sqrt{5}$

7A. सरल गर्नुहोस् (Simplify): $\frac{14^6 \times 15^5}{35^6 \times 6^5}$


7B. ल.स. पत्ता लगाउनुहोस् (Find the LCM of):
$p^2 + 2pq + q^2$, $pq^2 + p^2q$

7C. दुईओटा सङ्ख्याहरूको योगफल 128 र तिनिहरूको फरक 16 छ । ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
The sum of two numbers is 128 and their difference is 16. Find the numbers.


8A. चित्रमा AE // DF र AE को मध्यबिन्दु B छ । यदि ΔAEF को क्षेत्रफल 20 वर्ग से.मि. भए समानान्तर चतुर्भुज ABCD को क्षेत्रफल कति हुन्छ ? पत्ता लगाउनुहोस् ।
In the given figure, AE // DF and B is mid-point of AE. If area of ΔAEF is 20 square centimeters, what is the area of parallelogram ABCD? Find.




8B. दिइएको चित्रमा ABCD एउटा चक्रीय चतुर्भुज हो । यदि ∡ADE = 75° भए ∡ADC र ∡ABC को मान पत्ता लगाउनुहोस् ।
In the given figure, ABCD is a cyclic quadrilateral. If ∡ADE = 75° then find the value of ∡ADC and ∡ABC.



8C. दिइएको वृतमा AB स्पर्श रेखा, BC व्यास र ∡BAO = 32° भए ∡AOB को मान पत्ता लगाउनुहोस् ।
In the given circle, AB is a tangent BC is diameter and ∡BAO = 32°. Find the value of ∡AOB.



9A. दिइएको चित्रमा AB = 8 cm, BC = 6 cm र ΔABC को क्षेत्रफल 12 cm² भए ∡ABC को मान पत्ता लगाउनुहोस् ।
In the given figure, AB = 8 cm, BC = 6 cm and area of ΔABC is 12 cm². Find the value of ∡ABC.



9B. एउटा निरन्तर श्रेणीमा मध्यकमान = 25, बारम्बारता योगफल (N) = 55 + a र बारम्बारता र मध्यमूल्यको गुणनफलको योगफल $\Sigma fm = 1345 + 26a$ भए a को मान निकाल्नुहोस् ।
In a continuous series, mean value = 25, sum of frequency (N) = 55 + a and sum of product of frequency and mid-value (Σfm) = 1345 + 26a. Find the value of a.

10A. एउटा डाइस लाई दुईपटक फाल्दा पहिलो पटक 5 र दोस्रो पटक बिजोर सङ्ख्या आउने सम्भाव्यता निकाल्नुहोस् ।
A cubical dice is thrown two times, find the probability that the outcomes is 5 in first throw and odd number in second throw.

www.drmathnp.com

SEE QUESTIONS / 407

10B. एउटा बाकसमा उहि आकारका तीनओटा राता र दुईओटा सेतावलहरू राखिएका छन् । एकपछि अर्को गरेर दुईओटा बलहरू (पुन: नराखी) निकाल्दा रातो र सेतो बलहरू आउने सम्भाव्यतालाई बृक्षचित्रमा देखाउनुहोस् ।
Three red and two white balls of the same size and kept in a box. Two drowns are made one after the other (without replacement). Show the probability of getting red and white balls in the tree diagram.

GROUP C 10×4 = 40

11. 150 जना मानिसहरूको समूहमा 120 जनालाई भलिबल खेल्न र 85 जनालाई फुटबल खेल्न मन पर्दो रहेछ । यदि 25 जनालाई कुनै खेल मन पर्दो रहेनछ भने :
In a group of 150 people, 120 like to play volleyball, 85 football and 25 like to play none of the game
i) माथिको तथ्याङ्कलाई भेन चित्रमा देखाउनुहोस् ।
Show the above information in a Venn-diagram.
ii) कति जनालाई दुवै खेल मन पर्दो रहेछ ?
How many people like to play both the games?
iii) कति जनालाई भलिबल मात्र मन पर्दो रहेछ ?
How many people like to play volleyball only?

12. एउटा घडीको अङ्कित मूल्यमा 20% छुट दिई 13% मूल्य अभिवृद्धि कर जोड्दा घडीको मूल्य रु 904 भयो भने सो घडीको अङ्कित मूल्य निकाल्नुहोस् ।
After allowing 20% discount and then levying 13% Value Added Tax (VAT), the value of the watch will be Rs. 904. Find the marked price of the watch.

13. एउटा छाता 10 ओटा दुई फरक रङका त्रिभुजाकार कपडाका टुक्राहरू जोडेर बनाइएको छ । प्रत्येक टुक्राको नाप 15 cm, 41 cm र 28 cm भए उक्त छाता बनाउन कति कपडा चाहिन्छ ? यदि 1 cm^2 कपडाको मूल्य रु. 0.50 पर्छ भने जम्मा कपडाको मूल्य कति पर्छ ? पत्ता लगाउनुहोस् ।
An umbrella is made by stitching 10 triangular pieces of cloth of two different colours, each piece measuring 15 cm, 41 cm and 28 cm. How much cloth is required for the umbrella? If the cost of 1 cm^2 is Rs. 0.50, find the total cost of cloth.

14. सरल गर्नुहोस् (Simplify):

$$\frac{1}{a^2-3a+2}+\frac{1}{a^2-5a+6}+\frac{2}{a^2-8a+15}$$

15. एउटा आयाताकार खेत 16 m लामो र 10 m चौडा छ । उक्त खेतको चारैतिर 120 m^2 क्षेत्रफल र एकसमान चौडाइ भएको बाटो छ । बाटोको चौडाइ पत्ता लगाउनुहोस् ।
A rectangular field is 16 m. long and 10 m. wide. There is a path of uniform width all around it having an area of 120 m^2. Find the width of the path.

16. एउटै आधार र उही समानान्तर रेखाहरूबिच बनेका समानान्तर चतुर्भुजहरू PQRS र PQMN को क्षेत्रफल बराबर हुन्छ भनि प्रमाणित गर्नुहोस् ।
Prove that the area of parallelogram PQRS and PQMN standing on same base and the same parallels are equal in area.

17. AB = BC = 5.5 cm, CD = DA = 4.5 cm र $\angle A = 60°$ हुने चतुर्भुज ABCD को रचना गर्नुहोस् । चतुर्भुज ABCD को क्षेत्रफलसँग बराबर हुने गरी ΔADE को रचना गर्नुहोस् ।
Construct a triangle ADE equal in area to the quadrilateral ABCD in which AB = BC = 5.5 cm, CD = DA = 4.5 cm and $\angle A = 60°$.

18. वृत्तको एउटै चाप AB मा आधारीत केन्द्रियकोण AKB परिधिकोण ACB को दोब्बर हुन्छ भनि प्रयोगात्मक रूपमा सिद्ध गर्नुहोस् । (कम्तिमा 3 से.मि. अर्धव्यास भएका दुईओटा वृत्तहरू आवश्यक छन् ।)
Verify experimentally that angle AKB at the centre is twice the inscribed angle ACB subtended by the same arc AB. (Two figures with at least 3 cm radii are necessary.)

19. वृत्ताकार पोखरीको केन्द्रमा पानीको सतहदेखि माथि 11.62 m अग्लो खम्बा छ । पोखरीको किनाराको कुनै बिन्दुबाट 1.62 m अग्लो मानिसले खम्बाको टुप्पो अवलोकन गर्दा उनतांश कोण 60° पायो भने सो पोखरीको व्यास पत्ता लगाउनुहोस् ।
At the centre of a circular pond, there is a pole of 11.62 m high above the surface of water. From a point on the edge of a pond, a man of 1.62 m high observed the angle of elevation of the top of the pole and found to be 60°. Find the diameter of the pond.

20. कुनै परीक्षामा विद्यार्थीहरूले गणित विषयमा निम्न अनुसारको अङ्क प्राप्त गरेका छन् ।
The following are the marks obtained by students in mathematics in an examination.
15, 12, 23, 35, 46, 57, 18, 12, 39, 51, 32, 43, 25, 59, 18, 38, 45, 40, 32, 33
(i) 10 को श्रेणी अन्तरमा हुने बारम्बारता तलिका बनाउनुहोस् ।
Make a frequency table of class interval 10.
(ii) तेस्रो चतुर्थांश पत्ता लगाउनुहोस् (Find the third quartile.)

GROUP D 4×5 = 20


21. रु. 2000 को तीन वर्षको 10% प्रतिवर्षका दरले हुन आउने वार्षिक चक्रीय ब्याज रु. 3000 को 2 वर्षमा वार्षिक 8 प्रतिशतको दरले हुन आउने साधारण ब्याजभन्दा कति प्रतिशतले बढि हुन्छ ? पत्ता लगाउनुहोस् ।
By what percent more is the yearly compound interest on Rs. 2000 for 3 years at 10% p.a. than simple interest on Rs. 3000 for 2 years at 8% p.a.? Find it.

22. पेम्वाले छोरी डोल्माको विवाह भोजका लागी 150 जनालाई व्यवस्था गरेछन् । पेम्वाले उक्त कार्यका लागी उनले सोली आकारको टेन्टमा बस्ने व्यवस्था मिलाएछन् । टेन्टमा बस्ने प्रत्येक व्यक्तिका लागी 4 वर्ग मी. ठाउँ र सास फेर्न 20 घन मी. हावा चाहिन्छ । सोली आकारको टेन्टको उचाइ कती हुन्छ ? पत्ता लगाउनुहोस् ।
In a marriage ceremony of Pemba's daughter, he has to make arrangement for accommodation of 150 persons. For this purpose he plans to build a conical tent in such a way that each person has 4 sq.m. of the space on ground and 20 cu.m. of air to breadth. What should be the height of the tent? Find it.

23. यदि a + b + c = 0 भए प्रमाणित गर्नुहोस्:
If a + b + c = 0, prove that:

$$\frac{1}{1+x^a+x^{-b}}+\frac{1}{1+x^b+x^{-c}}+\frac{1}{1+x^c+x^{-a}}=1$$

24. दिइएको चित्रमा वृत्तको केन्द्रबिन्दु, O, व्यास AB, र DO ⊥ AB भए $\angle AEC = \angle ODA$ हुन्छ भनी सिद्ध गर्नुहोस् ।
In the given figure, O is the centre of the circle. AB the diameter and DO ⊥ AB. Prove that $\angle AEC = \angle ODA$.



ANSWERS

1-3. Show to your teacher **4A.** Rs. 9 **4B.** Rs. 324000
5A. 1.5 m^2 **5B.** 1 : 3 **5C.** Rs. 66000 **6A.** (x − y)
6B. $3\sqrt{5}$ **7A.** $\frac{2}{5}$ **7B.** $pq(p+q)^2$ **7C.** 72, 56
8A. 20 cm^2 **8B.** 105°, 75° **8C.** 58° **9A.** 30° **9B.** 30
10A. $\frac{1}{12}$ **11.** **(ii)** 80 **(iii)** 40 **12.** Rs. 1000
13. 1260 cm^2, Rs. 630 **14.** $\frac{4}{(a-1)(a-5)}$ **15.** 2 m
19. 11.54 m **20.** **(ii)** 45 **21.** 37.92% **22.** 15 m

MODEL QUESTIONS

www.drmathnp.com

SEE MODEL QUESTIONS - SET 2

ISSUED BY OCE

GROUP A 6 × 1 = 6


1A. मूल्यअभिवृद्धि करको परिभाषा लेख्नुहोस् ।
Write down the definition of Value Added Tax (VAT).

1B. कुनै त्रिभुजका तीन ओटा भुजाहरू क्रमश : a, b र c छन् भने सो त्रिभुजको अर्धपरिमिति कति हुन्छ ? लेख्नुहोस् ।
If three sides of a triangle are a,b and c respectively, what is the semi perimeter of the triangle? Write it.

2A. सरल गर्नुहोस् (Simplify): $x^{a-b} \times x^{b-a}$

2B. वर्गीकृत तथ्याङ्कमा तल्लो चतुर्थांशको मान (Q_1) पत्ता लगाउने सूत्र लेख्नुहोस् ।
Write the formula to find the value of lower quartile (Q_1) of a continuous data.

3A. दिइएको चित्रमा समानान्तर चतुर्भुज PQRS र ΔQTR को क्षेत्रफल बिच के सम्बन्ध हुन्छ ? लेख्नुहोस् ।
In the given figure, what is the relation between the area of the parallelogram PQRS and the ΔQTR? Write it.



3B. सँगैको चित्रमा O वृत्तको केन्द्रबिन्दु हो । यदि ∡NMP = x° भए ∡NOP को मान पत्ता लगाउनुहोस् ।
In the adjoining figure, O is the center of a circle. If ∡NMP = x°, find the value of ∡NOP.



GROUP B 17 × 2 = 34


4A. एउटा वस्तुको 13% मूल्यअभिवृद्धि करसहितको मूल्य रु. 5763 छ भने मूल्यअभिवृद्धि कर रकम कति होला ? पत्ता लगाउनुहोस् ।
The price of an object with 13%value added tax is Rs. 5763. What will be the value added tax amount? Find it.

4B. एउटा मोटरसाइकलको हालको मूल्य रु. 2,25,000 छ । यदि सो मूल्यमा प्रतिवर्ष 8% का दरले वार्षिक ह्रास हुन्छ भने, कति वर्षपछि मोटरसाइकलको मूल्य रु. 1,75,204.80 होला ? पत्ता लगाउनुहोस् ।
The present price of a motorcycle is Rs. 2,25,000. If its price is depreciated per year by 8%, after how many years will the price of the motorcycle be Rs. 1,75,204.80? Find it.

5A. आधार भुजाको लम्बाइ 10 मिटर भएको एउटा समद्विबाहु त्रिभुजाकार जग्गाको क्षेत्रफल 60 वर्ग मिटर भए सो जग्गाको बाँकी भुजाहरूको नाप पत्ता लगाउनुहोस् ।
The area of an isosceles triangular land whose base side length 10 meter is 60 square meter. Find the measure of its remaining sides.

5B. आधारको व्यास 14 cm भएको एउटा बेलनाको आयतन 2156 cm^3 छ भने सो बेलनाको उचाइ पत्ता लगाउनुहोस् ।
The volume of a cylinder with diameter of its base 14 cm is 2156 cm^3. Find the height of the cylinder.

5C. दिइएको ठोस त्रिभुजाकार प्रिज्ममा यदि PQ⊥QR, PQ = 8 से.मि., QR = 6 से.मि. र RR' = 15 से.मि. छन् भने सो प्रिज्मको छड्के सतहको क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the given solid triangular prism, if PQ⊥QR, PQ = 8 cm, QR = 6 cm and RR' = 15 cm, find the lateral surface area of the prism.



6A. सरल गर्नुहोस (Simplify): $2\sqrt{98} - 8\sqrt{32} + 3\sqrt{72}$


6B. हल गर्नुहोस् (Solve): $9 - \sqrt{x-4} = 5$

7A. मान निकाल्नुहोस् (Evaluate): $\frac{3 \times 4^x + 4^{x-1}}{13 \times 4^x}$


7B. कुनै धनात्मक सङ्ख्याको वर्गमा 5 जोड्दा योगफल 69 हुन्छ भने उक्त सङ्ख्या पत्ता लगाउनुहोस् ।
If 5 is added to the square of a positive number, the sum is 69. Find the number.

7C. सरल गर्नुहोस् (Simplify): $\frac{1}{(x-y)} - \frac{1}{(x+y)} + \frac{2x}{x^2-y^2}$


8A. दिइएको चित्रमा BC// AE, BA//CD, BF// CE र AX⊥CD छन् । यदि AB = 12 से.मि. र चतुर्भुज BCEF को क्षेत्रफल 84 वर्ग से.मि. छ भने AX को लम्बाइ पत्ता लगाउनुहोस् ।
In the given figure, BC// AE, BA//CD, BF// CE and AX⊥CD. If AB= 12 cm and area of the quadrilateral BCEF = 84 sq. cm., find the length of AX.




8B. चित्रमा O वृत्तको केन्द्रबिन्दु र MNPQ एउटा चक्रीय चतुर्भुज हो । यदि NR = NP र ∡PNR = 50° भए ∡NMQ को नाप पत्ता लगाउनुहोस् ।
In the given figure, O is the centre of the circle and MNPQ is a cyclic quadrilateral. If NR = NP and ∡PNR = 50°, find the size of ∡NMQ.



8C. दिइएको चित्रमा O वृत्तको केन्द्रबिन्दु र AB स्पर्श रेखा हो । यदि OC = 5 से.मि. र BC = 12 से.मि. भए BE को नाप पत्ता लगाउनुहोस् ।
In the given figure, O is the center of the circle and AB is a tangent line. If OC = 5 cm and BC = 12 cm, find the measure of BE.



9A. दिइएको त्रिभुज XYZ मा XY = 8 से.मि., YZ = 12 से.मि. र ΔXYZ को क्षेत्रफल 24 वर्ग से.मि. छन् भने ∡XYZ को नाप पत्ता लगाउनुहोस् ।
In the given triangle XYZ, XY = 8 cm, YZ = 12 cm and area of ΔXYZ is 24 sq. cm. Find the size of ∡XYZ.



9B. एउटा वर्गीकृत तथ्याङ्कमा, यदि पदहरूको सङ्ख्या (N) = 9b + 5, Σfm = 350 र मध्यक ($\bar{X}$) = 7 भए N को मान पत्ता लगाउनुहोस् ।
In a grouped data, if the number of terms (N) = 9b + 5, Σfm = 350 and Mean ($\bar{X}$) = 7, find the value of N.

10A. एउटा डाइसलाई उफार्दा 3 ले भाग जाने सङ्ख्या अथवा वर्ग सङ्ख्या आउने सम्भाव्यता कति हुन्छ, पत्ता लगाउनुहोस् ।
Find the probability of getting a number divisible by 3 or a square number when a fair dice is thrown.

10B. 10 ओटा राता र 6 ओटा काला उत्रै र उस्तै बलहरू भएको एउटा झोलाबाट एकपछि अर्को गरी पुन: नराखी 2 ओटा बलहरू क्रमश: झिक्दा आउने सबै परिणामका सम्भाव्यतालाई वृक्षचित्रमा देखाउनुहोस् ।
From a bag containing 10 red and 6 black balls of the same shape and size, two balls are taken randomly in succession without replacement. Show the probabilities of all outcomes in a tree diagram.

MODEL QUESTIONS

pustas.com.np

www.drmathnp.com

SEE QUESTIONS / 409

GROUP C 10×4=40

11. 180 जना विद्यार्थीहरूको समूहमा सर्वेक्षण गर्दा 50 जनाले क्रिकेट खेलमात्र मन पराउँछु भने, 30 जनाले बास्केट बल खेलमात्र मन पराउँछु भने र 50 जनाले दुवै खेल मन पराउँदैनौं भन्यो भने,
In a survey of a group of 180 students, 50 students say to like cricket game only, 30 students say to like basketball game only and 50 students say do not like both games.
i) माथिको भनाइलाई भेन चित्रमा प्रस्तुत गर्नुहोस् ।
Represent the above information in a Venn diagram.
ii) क्रिकेट खेल मन पराउने र बास्केट बल खेल मन पराउने विद्यार्थीहरूको अनुपात पत्ता लगाउनुहोस् ।
Find the ratio of the students who like cricket game and basketball game.

12. मनिषले रु. 2,00,000 मा केही अमेरिकी डलर किने । तर चार दिनपछि अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा 5% ले अवमूल्यन भयो । नेपाली मुद्रा अवमूल्यन भएको दिन मनिषले फेरि नेपाली रुपियाँ साट्दा उसलाई कति नाफा वा नोक्सान हुन्छ ? पत्ता लगाउनुहोस् । ($1 = NRs. 104.28)
Manish bought some American dollar for Rs. 2,00,000. But after four days, the Nepalese currency was devaluated in the comparison of American dollar by 5%. Again Manish exchanged the Nepali currency by giving American dollar in the day of devaluation of Nepalese currency. How much does he gain or loss? Find it. ($1 = NRs.104.28)

13. छड्के उचाइ 10 से.मि. र ठाडो उचाइ 8 से.मि. भएको एउटा वर्गाकार आधार भएको पिरामिडको पूरा सतहको क्षेत्रफल पत्ता लगाउनुहोस् ।
Find the total surface area of a square based pyramid having the slant height 10 cm and vertical height 8 cm.

14. ल.स.निकाल्नुहोस् (Find the LCM of):
$a^3 + 1 + 2a^2 + 2a$, $a^3 - 1$ and $a^4 + a^2 + 1$

15. सरल गर्नुहोस् (Simplify):
$$\frac{x}{(x-y)(x-z)} + \frac{y}{(y-z)(y-x)} + \frac{z}{(z-x)(z-y)}$$

16. एउटै आधार MN र उही समानान्तर रेखाहरू MN र PQ बिचमा बनेका त्रिभुज PMN र समानान्तर चतुर्भुज RMNQ हुन् भने सिद्ध गर्नुहोस् :
ΔPMN को क्षेत्रफल $= \frac{1}{2}$ ▱RMNQ को क्षेत्रफल ।
A triangle PMN and a parallelogram RMNQ are constructed on the same base MN and between the same parallel lines MN and PQ. Prove that: area of ΔPMN $= \frac{1}{2}$ area of RMNQ.

17. PQ = 5 से.मी, QR = 5.6 से.मी, RS = 5.4 से.मि. SP = 6.8 से.मी र ∡PQR = 75° भएको एउटा चतुर्भुज PQRS को रचना गरी उक्त चतुर्भुजको क्षेत्रफलसँग बराबर हुने गरी एउटा त्रिभुज PSM को रचना गर्नुहोस् ।
Construct a quadrilateral PQRS in which PQ = 5 cm, QR = 5.6 cm, RS = 5.4 cm, SP = 6.8 cm and ∡PQR = 75°. Then construct a triangle PSM equal in area to the quadrilateral PQRS.

18. वृत्त ABC को एउटै चाप AC मा आधारित केन्द्रीयकोण APC र परिधिकोण ABC बीचको सम्बन्ध प्रयोगद्वारा परीक्षण गरी पत्ता लगाउनुहोस् । कम्तीमा 3 से.मि. अर्धव्यास भएका दुईओटा वृत्तहरू आवश्यक छन् ।)
Explore experimentally the relation between the central angle APC and the circumference angle ABC standing on the same arc AC of a circle ABC. (Two circles of radii not less than 3 cm are necessary.)

19. 1.5 मिटर अग्लो मानिसले 41.5 मिटर अग्लो एउटा रुखको ठीक अगाडि उभिएर रुखको टुप्पोमा हेर्दा आँखामा 45° को कोण बनेछ भने, उक्त रुख र मानिसबीचको दूरी पत्ता लगाउनुहोस् ।
A 1.5 meter tall person is standing in front of 41.5 meters high tree. When observing the top of the tree an angle of 45° is formed with the eyes. Find the distance between the tree and the person.

20. यदि तल दिएको आँकडाको मध्यिका 19 भए P को मान पत्ता लगाउनुहोस् ।
If the median of the following given data is 19, find the value of P.

Age in year	6-12	12-18	18-24	24-30	30-36	36-42
No. of students	4	10	P	4	3	3


GROUP D 4×5=20

21. एउटा बैङ्कले खाता A मा 10% प्रति वर्ष अर्धवार्षिक चक्रीय व्याजदर र खाता B मा 12% प्रति वर्ष वार्षिक चक्रीय व्याजदर कायम गरेको छ । यदि तपाईं 2 वर्षका लागि रु. 25,000 सो बैङ्कमा जम्मा गर्दै हुनुहुन्छ भने कुन खातामा जम्मा गर्नुहुन्छ र किन ? गणना गरी कारणसहित उल्लेख गर्नुहोस् ।
A bank has fixed the rate of interest 10% per annum semiannually compound interest in account A and 12% per annum annually compound interest in account B. If you are going to deposit Rs. 25,000 for 2 years in the same bank, in which account will you deposit and why? Give your reason with calculation.

22. एकजना मानिसले आफ्नो घरको प्रयोजनको लागि 1.05 मिटर अर्धव्यास र 3.5 मिटर उचाइ भएको एउटा वृत्ताकार आधार भएको पानी ट्याङ्की पसलबाट किनेर ल्याउनु भयो । यदि उक्त ट्याङ्कीको माथिल्लो भाग अर्धगोलाकार छ भने सो ट्याङ्कीमा कति लिटर पानी अटाउँछ होला ? पत्ता लगाउनुहोस् ।
A person bought a water tank of circular base having the radius 1.05 meter and height 3.5 meter for the use of own house from the shop. If the upper part of the tank is semi spherical, how many liters of water will be contained in the tank? Find it.

23. यदि तीन वर्ष अघि बाबु र छोराको उमेरको योगफल 48 वर्ष थियो । अबको 3 वर्ष पछि बाबु र छोराको उमेरको अनुपात 3: 1 हुन्छ भने छोराभन्दा बाबु कति वर्षले जेठो हुनुहुन्छ ? पत्ता लगाउनुहोस् ।
Three years ago, the sum of the ages of the father and son was 48 years. After three years the ratio of the ages of the father and son will be 3: 1, then how much old is the father than his son? Find it.

24. दिइएको चित्रमा ABCD एउटा चक्रीय चतुर्भुज हो । भुजा CD लाई लम्ब्याएर E सम्म पुऱ्याइएको छ । यदि AD ले ∡BDE लाई आधा गरेको छ भने ΔABC एउटा समद्विबाहु त्रिभुज हो भनी प्रमाणित गर्नुहोस् ।



In the given figure, ABCD is a cyclic quadrilateral. The side CD is produced to E. If AD bisects ∡BDE, prove that ΔABC is an isosceles triangle.

ANSWERS

1-3. Show to your teacher **4A.** Rs. 663 **4B.** 3 years
5A. 13 m, 13 m **5B.** 14 cm **5C.** 360 cm² **6A.** 0
6B. 20 **7A.** $\frac{1}{4}$ **7B.** 8 **7C.** $\frac{2}{x-y}$ **8A.** 7 cm
8B. 65° **8C.** 8 cm **9A.** 30° **9B.** 50 **10A.** $\frac{2}{3}$
11. (ii) 5 : 4 **12.** Rs. 9999.63 **13.** 384 cm²
14. $(a+1)(a-1)(a^2+a+1)(a^2-a+1)$ **15.** 0 **19.** 40 m
20. 6 **21.** Best to deposit in account B. Because it gives Rs. 972.35 more interest. **22.** 10914.75ℓ **23.** 30 years

MODEL QUESTIONS

pustakalaya.com.np

www.drmathnp.com

puspas.com.np

SEE MODEL QUESTIONS - SET 3

ISSUED BY OCE

GROUP A 6 × 1 = 6

1A. यदि कुनै सामानको शुरुको मूल्य रु. P र वार्षिक ह्रासदर R% छ भने T वर्ष पछिको मूल्य पत्ता लगाउने सूत्र लेख्नुहोस् ।
If the initial price of an article is Rs. P and annual rate of depreciation is R%, then write the formula to find the price after T years.


1B. एउटा समद्विबाहु त्रिभुजको आधार भुजा b से.मि. र बराबर दुई भुजाहरू a से.मि. छन् भने उक्त त्रिभुजको क्षेत्रफल कति हुन्छ ?
The base of an isosceles triangle is b cm and equal sides are a cm. What is the area of the triangle?

2A. ल.स. को परिभाषा लेख्नुहोस् । (Define LCM.)

2B. यदि कुनै तथ्याङ्कको मध्यिका श्रेणीको तल्लो सीमा L, सो श्रेणीको बारम्बारता f, श्रेणी अन्तर i, बारम्बारताहरूको जोड N र मध्यिका श्रेणीभन्दा अघिल्लो श्रेणीको सञ्चित बारम्बारता cf छन् भने मध्यिका (Md) पत्ता लगाउने सूत्र लेख्नुहोस् ।
If the lower limit of the median class of any data is L, frequency of that class is f, class interval i, sum of the frequencies N and the cumulative frequency of pre-median class is cf then write the formula for finding the median (Md).

3A. एउटै आधार र उही समानान्तर रेखाहरूबिच रहेका आयत र त्रिभुजका क्षेत्रफलहरूबिचको सम्बन्ध लेख्नुहोस् ।
Write the relationship between the areas of a rectangle and a triangle standing on the same base and between the same parallel lines.

3B. चित्रमा O वृत्तको केन्द्र हो । यदि ∠ABC = 120° भए वृहत ∠AOC को नाप कति हुन्छ ? लेख्नुहोस् ।
In the given figure, O is the centre of the circle. If ∠ABC = 120°, what is the size of the reflex ∠AOC? Write it.



GROUP B 17 × 2 = 34

4A. नेपाल राष्ट्र बैङ्कको मुद्रा विनिमय दर अनुसार अमेरिकन डलर 1 को खरीद दर र बिक्रीदर क्रमशः नेपाली रु. 103.72 र रु. 104.32 छन् भने :
According to the money exchange rate of Nepal Rastra Bank, the purchasing and selling rates of 1 American dollar are NRs.103.72 and NRs. 104.32 respectively, then


i) नेपाली रु. 57,376 सँग कति अमेरिकन डलर साट्न सकिन्छ ?
How many American dollars can be exchanged with NRs. 57,376?

ii) तपाईंले $500 सँग कति नेपाली रूपैयाँ साट्न सक्नुहुन्छ ? पत्ता लगाउनुहोस् ।
How much Nepali rupees can you exchange with $500? Find it.

4B. वि.सं. 2072 को शुरुमा एउटा शहरको जनसङ्ख्या 50,000 थियो । यदि वार्षिक जनसङ्ख्या वृद्धिदर 10% छ भने वि.सं. 2074 को अन्तमा त्यो शहरको जनसङ्ख्या कति होला ? पत्ता लगाउनुहोस् ।
In the beginning of 2072 B.S., the population of a town was 50,000. If the annual population growth rate is 10%, what will be the population of the town at the end of 2074 B.S.? Find it.

5A. भुजाहरू 3 से.मि., 4 से.मि. र 5 से.मि. भएको एउटा त्रिभुजको क्षेत्रफल निकाल्नुहोस् ।
Find the area of a triangle with sides 3 cm, 4 cm and 5 cm.

5B. दिइएको समबाहु त्रिभुजाकार प्रिज्ममा B'C' = 6 से.मि.र CC' = $15\sqrt{3}$ से.मि. छन् भने सो प्रिज्मको आयतन पत्ता लगाउनुहोस् ।
In the given equilateral triangular prism, B'C' = 6cm and CC' = $15\sqrt{3}$ cm. Find the volume of the prism.



5C. यदि एउटा गोलाको आयतन 4851 घन से.मि. छ भने यसको व्यास निकाल्नुहोस् ।
If the volume of a sphere is 4851 cubic cm, find its diameter.

6A. $x^4 - x$ र $x^2 + x + 1$ को म.स. पत्ता लगाउनुहोस् ।
Find the HCF of $x^4 - x$ and $x^2 + x + 1$.


6B. सरल गर्नुहोस् (Simplify) : $\sqrt[3]{16} + \sqrt[3]{54} - \sqrt[3]{250}$

7A. के समीकरण $\sqrt{2x-1} = -1$ को एकल समाधान हुन्छ कि हुँदैन ? जाँच गर्नुहोस् ।
Whether the equation $\sqrt{2x-1} = -1$ has a unique solution or not? Check it.


7B. सरल गर्नुहोस् (Simplify) : $\frac{1}{1-x^{b-a}} + \frac{1}{1-x^{a-b}}$

7C. यदि तीनवटा क्रमागत: जोर सङ्ख्याहरूको योगफल 36 छ भने ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If the sum of three consecutive even numbers is 36, find the numbers.


8A. चित्रमा BC को मध्यबिन्दु D हो र DE ⊥ AC छ । यदि AC = 12 से.मि. र DE = 5 से.मि. छन् भने ΔABC को क्षेत्रफल निकाल्नुहोस् ।
In the figure D is the mid-point of BC and DE⊥AC. If AC = 12 cm and DE = 5 cm, find the area of ΔABC.




8B. दिइएको चित्रमा O वृत्तको केन्द्रबिन्दु हो । यदि ∠QRS = 105° भए ∠PQS को मान कति हुन्छ ? पत्ता लगाउनुहोस् ।
In the given diagram, O is the centre of the circle. If ∠QRS = 105°, what is the value of ∠PQS? Find it.



8C. दिइएको चित्रमा O वृत्तको केन्द्र, TN स्पर्शरेखा र A स्पर्शबिन्दु हुन् । यदि ∠AOB = 80° भए ∠BAT को नाप पत्ता लगाउनुहोस् ।
In the given figure O is the centre of the circle, TN is the tangent and A is the point of contact. If ∠AOB = 80°, find the measurement of ∠BAT.



9A. ΔXYZ मा ∠X = 80°, ∠Z = 40°, XY = 6 से.मि. र YZ = 12 से.मि. छन् भने ΔXYZ को क्षेत्रफल निकाल्नुहोस् ।
In ΔXYZ, ∠X = 80°, ∠Z = 40°, XY = 6 cm and YZ = 12 cm. Find the area of ΔXYZ.



9B. एउटा निरन्तर श्रेणीमा यदि मध्यक ($\bar{x}$) = 6, $\Sigma fm = 72 + 8k$ र $\Sigma f = 16 + k$ भए जम्मा पदहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a continuous series, if the mean ($\bar{x}$) = 6, $\Sigma fm = 72 + 8k$ and $\Sigma f = 16 + k$, find the total number of terms.

10A. एउटा डाइस र एउटा सिक्का एकैसाथ उफार्दा डाइसमा रुढ सङ्ख्या र सिक्कामा शीर आउने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
Find the probability of getting a prime number on the dice and head on the coin when a dice is rolled and a coin is tossed simultaneously.

MODEL QUESTIONS

www.drmathnp.com

SEE QUESTIONS / 411


10B. रामरी फिटिएको 52 पत्तीको एक प्याकेट तासबाट नहेरीकन एकपछि अर्को पुनः नराखीकन दुईओटा तास झिकिएका छन् । वृक्षचित्र खिची अनुहार भएको तास पर्ने र नपर्ने सबै सम्भावित परिणामहरूको सम्भाव्यताहरूलाई देखाउनुहोस् ।
Two cards are drawn randomly in succession without replacement from a well shuffled pack of 52 cards. By drawing a tree diagram show the probabilities of all the possible outcomes of getting and not getting a faced card.

GROUP C 10×4=40

11. 50 जना विद्यार्थीहरूको एक समूहमा 20 जनाले गणित मात्र र 15 जनाले विज्ञान मात्र मन पराउँछन् । यदि यी दुई विषयहरू मध्ये कुनै पनि विषय मन नपराउने विद्यार्थीहरूको सङ्ख्या दुवै विषय मन पराउने विद्यार्थीहरूको सङ्ख्याभन्दा दोब्बर छन् भने भेन चित्र प्रयोग गरेर बढीमा एउटा विषय मन पराउने विद्यार्थीहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
In a group of 50 students 20 like only Maths and 15 like only Science. If the number of students who do not like any of the two subjects is double of the number of students who like both subjects, find the number of students who like at most one subject by using a Venn-diagram.

12. एकजना पर्यटकले 20% छुट र 13% मूल्य अभिवृद्धिकरसहित एउटा नेपाली टोपी किनेछन् । आफ्नो देश फर्कदा उनलाई विमानस्थलमा मूल्यअभिवृद्धिकर रकम रु.83.20 फिर्ता दिईयो भने सो टोपीको अङ्कित मूल्य कति रहेछ ? पत्ता लगाउनुहोस् ।
A tourist bought a Nepali cap with 20% discount and 13% value added tax. When returning to his country the VAT amount Rs. 83.20 was given back to him at the airport. What was the marked price of the cap? Find it.

13. दिइएको चित्र एउटा वर्गाकार आधार भएको ठोस पिरामिडको हो । यदि आधार भुजाको लम्बाइ (BC) 16 से.मि. र छड्के किनाराको लम्बाइ (PD) $2\sqrt{41}$ से.मि.भए सो पिरामिडको आयतन पत्ता लगाउनुहोस् ।




The given figure is of a solid square based pyramid. If the length of side of the base (BC) is 16 cm and the length of the lateral edge (PD) is $2\sqrt{41}$ cm, find the volume of the pyramid.

14. सरल गर्नुहोस् (Simplify):

$$\frac{x+2}{x^2+2x+4}+\frac{x-2}{x^2-2x+4}+\frac{16}{x^4+4x^2+16}$$

15. रु.1000 केही मानिसहरूलाई बराबरी हुनेगरी बाँडियो । यदि 5 जना मानिसहरू बढी भएको भए प्रत्येकले रु.10 कम पाउने थिए भने कतिजना मानिसहरूलाई सो रकम बाँडिएको थियो ? पत्ता लगाउनुहोस् ।
Rs. 1000 was distributed equally among a certain number of people. If there were 5 people more, each would have received Rs. 10 less. Among how many people was the amount distributed? Find it.

16. दिइएको चित्रमा AE // BC, AB // DC र BF // CE छन् भने, प्रमाणित गर्नुहोस् :



In the given figure, AE // BC, AB // DC and BF // CE, then prove that :
i) $\Delta ABF \cong \Delta DCE$ ii) $\square ABCD = \square FBCE$

17. आधार BC = 6 से.मि. र उचाइ AD = 4 से.मि. भएको एउटा समद्विबाहु त्रिभुज ABC रचना गर्नुहोस् । त्रिभुज ABC को क्षेत्रफलसँग बराबर हुनेगरी एउटा कोण CDE = 45° भएको एउटा समानान्तर चतुर्भुज CDEF को रचना पनि गर्नुहोस् ।
Construct an isosceles triangle ABC having base BC = 6 cm and the altitude AD = 4 cm. Also construct a parallelogram CDEF equal in area to ΔABC and having one angle CDE = 45°.

18. एउटै वृत्तखण्डका कोणहरू बराबर हुन्छन् भनी प्रयोगद्वारा परीक्षण गर्नुहोस् । (कम्तीमा 3 से.मि. अर्धव्यास भएका दुईओटा वृत्तहरू आवश्यक छन् ।)
Verify experimentally that the angles in the same segment of a circle are equal. (Two circles having radii at least 3cm are necessary.)

19. एउटा घरको छतबाट 20 फीट अग्लो एउटा रुखको टुप्पोको अवनति कोण 30° पाइयो । यदि घर र रुखबीचको दूरी $10\sqrt{3}$ फीट छ भने घरको उचाइ पत्ता लगाउनुहोस् ।
From the roof of a house the angle of depression of the top of a tree 20 ft. high was found to be 30°. If the distance between the house and the tree is $10\sqrt{3}$ ft, find the height of the house.

20. दिइएको तथ्याङ्कको पहिलो चतुर्थांश 35 भए x को मान पत्ता लगाउनुहोस् । The first quartile of the given data is 35, find the value of x.

Marks Obtained	0-20	20-40	40-60	60-80	80-100
No of Students	2	x	8	5	1

GROUP D 4×5=20

21. कुनै धन 3 वर्षसम्म वार्षिक 10% ले साधारण ब्याजमा राखियो र त्यसपछिको मिश्रधनलाई सोही दरमा 2 वर्षसम्म चक्रीय ब्याजमा लगानी गरियो । यदि 5 वर्षमा जम्मा मिश्रधन रु. 471,900 भयो भने मूलधन कति थियो ? पत्ता लगाउनुहोस् ।
A sum of money is placed at simple interest for 3 years at 10% per annum and then the amount is invested for 2 years at the same rate at compound interest. If the total amount of 5 years became Rs. 471,900, what was the sum? Find it.


22. दिइएको चित्र एउटा सोली र बेलना मिली बनेको ठोस वस्तुको हो । यदि बेलना र सोलीको उचाइहरू क्रमशः 20 से.मि. र 24 से.मि. छन् र आधारको व्यास 14 से.मि. छ भने उक्त वस्तुको पूरा सतहको क्षेत्रफल निकाल्नुहोस् ।



The given figure is of a solid object made up of a cone and a cylinder. If the heights of the cylinder and cone are 20 cm and 24 cm respectively and the diameter of the base is 14 cm, find the total surface area of the object.

23. यदि $x^2-2=2^{\frac{2}{3}}+2^{\frac{-2}{3}}$ भए, प्रमाणित गर्नुहोस् :
If $x^2-2=2^{\frac{2}{3}}+2^{\frac{-2}{3}}$, then prove that:
(i) $x=2^{\frac{1}{3}}+2^{\frac{-1}{3}}$ (ii) $2x^3-6x=5$

24. दिइएको चित्रमा AP⊥BC, BR⊥AC र CQ⊥AB छन् भने, प्रमाणित गर्नुहोस् : ∠OPQ = ∠OPR
In the given figure, AP⊥BC, BR⊥AC and CQ⊥AB. Prove that: ∠OPQ = ∠OPR.



ANSWERS

1-3. Show to your teacher **4A.** (i) $ 550 (ii) Rs. 51860 **4B.** 66550 **5A.** 6 cm² **5B.** 405 cm³ **5C.** 21 cm **6A.** x^2+x+1 **6B.** 0 **7A.** No unique solution **7B.** 1 **7C.** 10, 12, 14 **8A.** 60 cm² **8B.** 15° **8C.** 40° **9A.** $18\sqrt{3}$ cm² **9B.** 28 **10A.** $\frac{1}{4}$ **11.** 45 **12.** Rs. 800 **13.** 512 cm³ **14.** $\frac{2(x+2)}{x^2+2x+4}$ **15.** 20 **19.** 30 ft **20.** 4 **21.** Rs. 300000 **22.** 1584 cm²

MODEL QUESTIONS

pustaks.com.np

www.drmathnp.com

SET 4 : SEE -2075 PROVINCE 1-AP

समय: ३ घण्टा | पूर्णाङ्कः १००

GROUP A 6 × 1 = 6

1. (a) यदि कुनै ठाउँको शुरुको जनसङ्ख्या P_o, T वर्षपछिको जनसङ्ख्या P_T र वार्षिक जनसङ्ख्या वृद्धिदर Q% प्रति वर्ष भए P_T लाई P_O, T र Q को रूपमा व्यक्त गर्नुहोस् ।
If initial population of any place is P_o, population after T years is P_T and annual rate of population growth is Q% per annum then express P_T in terms of P_o, T and Q.

(b) बराबर भुजाहरूको नाप x cm र तेस्रो भुजाको नाप y cm भएको समद्विबाहु त्रिभुजको क्षेत्रफल लेख्नुहोस् ।
Write the area of an isosceles triangle having length of equal sides x cm and third side y cm.

2. (a) $(7x)^0$ को मान कति हुन्छ ?
What is the value of $(7x)^0$?

(b) अविच्छिन्न श्रेणीको तथ्याङ्कलाई तल्लो 25% मा विभाजन गर्ने चतुर्थांशको नाम लेख्नुहोस् ।
Write the name of the quartile which divides the continuous data below 25%.

3. (a) एउटै आधार XY र उही समानान्तर रेखाहरू XY र MN बीच रहेका वर्ग र त्रिभुजको क्षेत्रफल बीचको सम्बन्ध लेख्नुहोस् ।
Write down the relation between the area of a square and a triangle standing on the same base XY and between the same parallel lines XY and MN.


(b) चक्रीय चतुर्भुजका सम्मुख कोणहरू बीचको सम्बन्ध लेख्नुहोस् ।
Write the relation between the opposite angles of a cyclic quadrilateral.

GROUP B 17 × 2 = 34

4. (a) रु. 2000 पर्ने एउटा सामानको मूल्यमा 13% मूल्य अभिवृद्धिकर लगाउँदा सो सामानको मूल्य कति पर्छ ? पत्ता लगाउनुहोस् ।
What is the price of an article costing Rs 2000 after levying 13% Value Added Tax? Find it.


(b) एउटा टेलिभिजनको हालको मूल्य रु. 40,000 छ । यदि यसको मूल्य प्रतिवर्ष 10% ले घट्दै जान्छ भने कति वर्ष पछि यसको मूल्य रु. 29,160 हुन्छ ?
The present price of a Television is Rs 40,000. If its price reduces every year by 10%, after how many years it's price will be Rs 29,160?

5. (a) दिइएको चित्रमा ΔXYZ को क्षेत्रफल पत्ता लगाउनुहोस् ।
In the given figure, find the area of ΔXYZ.



(b) यदि एउटा अर्धगोलाको आयतन 9216π cm^3 भए यसको अर्धव्यास पत्ता लगाउनुहोस् ।
If the volume of a hemisphere is 9216π cubic cm then find its radius.

(c) चित्रमा AB = 10 cm, AA' = 20 cm, AC = 8 cm र प्रिज्मको आयताकार सतहहरूको क्षेत्रफल 480 cm^2 भए, BC को नाप पत्ता लगाउनुहोस् ।
In the figure, AB = 10 cm, AA' = 20 cm, AC = 8 cm and the area of rectangular surfaces of prism is 480 square cm, find the length of BC.



6. (a) प्रमाणित गर्नुहोस् (Prove that): $\frac{7^{x+2}+7^x}{50\times 7^x} = 1$


(b) हरको आनुपातिकरण गर्नुहोस् :
Rationalize the denominator of : $\frac{\sqrt{2}+1}{\sqrt{2}-1}$

7. (a) ल.स. पत्ता लगाउनुहोस् (Find the LCM of):
$x^2-y^2, (x+y)^2$

(b) हल गर्नुहोस् (Solve): $\sqrt{x-2} = \sqrt[3]{125}$

(c) यदि दुईओटा क्रमागत जोर सङ्ख्याहरूको योगफल 42 भए ती सङ्ख्याहरू पत्ता लगाउनुहोस् ।
If the sum of two consecutive even numbers is 42, find the numbers.

8. (a) चित्रमा WXYZ एउटा समानान्तर चतुर्भुज हो । यदि ∠XAY = 90°, AY = 12 cm र □WXYZ को क्षेत्रफल 120 cm^2 छन् भने AX को लम्बाइ पत्ता लगाउनुहोस् ।
In the figure, WXYZ is a parallelogram. If ∠XAY = 90°, AY = 12 cm and the area of □WXYZ is 120 sq. cm, find the length of AX.



(b) चित्रमा O वृत्तको केन्द्रबिन्दु हो । यदि ∠MPN = 6x° र ∠PMN = 3x° छन् भने ∠PQN को नाप पत्ता लगाउनुहोस् ।
In the figure, O is the centre of the circle. If ∠MPN = 6x° and ∠PMN = 3x°, find the size of ∠PQN.



(c) चित्रमा O वृत्तको केन्द्रबिन्दु हो । PQ र PR दुई स्पर्शरेखाहरू हुन् । यदि ∠QOR = 120° भए ∠QPR को मान निकाल्नुहोस् ।
In the given figure O is centre of the circle, PQ and PR are two tangents. If ∠QOR = 120°, find the value of ∠QPR.



9. (a) ΔPQR मा PQ = 9 cm र PR = 12 cm छन् । यदि ΔPQR को क्षेत्रफल $27\sqrt{3}$ cm^2 भए ∠RPQ को मान निकाल्नुहोस् ।
In ΔPQR, PQ = 9 cm and PR = 12 cm. If the area of ΔPQR is $27\sqrt{3}$ sq. cm, find the value of ∠RPQ.

(b) एउटा निरन्तर श्रेणीमा केही विद्यार्थीहरूको औसत तौल 45 kg र तिनीहरूको तौलको योगफल (Σfm) 540 kg छन् भने विद्यार्थीहरूको सङ्ख्या निकाल्नुहोस् ।
In a continuous series, the average weight of some students is 45 kg and the sum of their weights (Σfm) is 540 kg. Find the number of students.

10. (a) यदि एउटा डाइसलाई उछालियो र उही समयमा एउटा सिक्कालाई उफाऱ्यो भने डाइसमा रुढ सङ्ख्या र सिक्कामा अग्रभाग पर्ने सम्भाव्यता पत्ता लगाउनुहोस् ।
If a dice is rolled and a coin is tossed at the same time, find the probability of occurring prime number on the dice and head on the coin.

(b) राम्ररी फिटिएको 52 ओटा तासको गड्डीबाट दुईओटा तासहरू नहेरीकन एकपछि अर्को गरी पुनः नराखीकन झिक्दा रानी तास पर्ने र नपर्ने सम्भावित परिणामहरूका सम्भाव्यताहरूलाई एउटा वृक्षचित्रमा देखाउनुहोस् ।
Two cards are drawn randomly from a well shuffled deck of 52 cards in succession without replacement. Show the probabilities of possible outcomes of getting and not getting a queen card in a tree diagram.

MODEL QUESTIONS

puspas.com.np


www.drmathnp.com

SEE QUESTIONS / 413

GROUP C 10 × 4 = 40

11. मानिसहरूको एउटा समूहमा गरिएको सर्वेक्षणमा 70% मानिसले लोकगीत मन पराएको पाइयो, 60% मानिसले आधुनिक गीत मन पराएको र 4000 ले दुवै मन पराएको पाइयो । यदि 10% ले कुनै पनि गीतमा रूचि नभएको पाइयो भने,
